नेपालको स्थानीय शासन
र
राजनीतिक अर्थतन्त्र

शर्मा एन्ड शर्मा

नेपालको स्थानीय शासन
र
राजनीतिक अर्थतन्त्र

शर्मा एण्ड शर्मा

न्यू हिरा बुक्स इन्टरप्राइजेज
कीर्तिपुर, काठमाण्डौं

नेपालको स्थानीय शासन र राजनीतिक अर्थतन्त्र

प्रकाशक तथा वितरक : न्यू हिरा बुक्स इन्टरप्राइजेज
कीर्तिपुर, काठमाण्डौं, नेपाल
जी.पी.ओ. बक्सः २६८०
फोन नं.: ४–३३०६५३, ४–३३३९२०

प्रथम संस्करण : भाद्र १, २०६७
सर्वाधिकार : लेखकहरूमा

टाइप सेटिङ : उज्ज्वल महर्जन, ९८४१–६३९२२१

CONTENT

1. Define government. Describe the role of government in rural development. 1
2. Explain the concept of good governance and point out its elements. 4
3. Define civil society and explain the role of it in rural development process. 7
4. Explain the concept, meaning and necessity of local self governance act 2055. 10
5. Describe the functions, duties and rights of Village Development Committee. 13
6. Explain the formation mechanism of district development committee and point out the functions, duties and rights. 16
7. Explain briefly the concept, type and necessity of decentralization in rural development process. 20
8. Point out the similarities and differences between delegation of power and devolution of authority. 23
9. Differences between delegation of power and devolution of authority. 26
10. Explain the role of non-governmental organizations in rural development process. 27
11. What do you mean by public policy? Mention the stages of public policy formulation. 29
12. Describe the policy making process of village development committee. 31
13. What do you mean by social justice? Explain its concept and need. 35
14. What do you mean by social mobilization? Point out its benefits in development process. 37
15. What do you understand by entrepreneurship? Mention the role of entrepreneurship in economic development? 38
16. Discuss the issues and challenges of good governance in Nepal. 40

17. Discuss the role of member of legislature in rural development.

18. How has the liberalization affected the rural development process in Nepal? What might be its long term results? Explain.

19. "In the country like Nepal rural development is possible only through agricultural transformation." Justify this statement.

20. Discuss Marxian concept of surplus value.

21. Explain the characteristics of good governance.

22. "Economics has become a complex blackboard science political science has become an outdated bookish science" (Rajni Kothari). Do you agree with this observation? If yes, how do you think that political economy can implement the weakness of the conventional disciplines of economics and political science? 5

23. Examine the major challenges faced by co-operative in Nepal. 5

24. What do you mean by the term 'political economy'? What are the main characteristics and possible uses of this new discipline? 5

25. What are the problems of good governance in Nepal? How can good governance contribute in improving the quality of development the country? 58

26. Discuss the significance of agricultural modernization for rural development in Nepal. 61

27. Explain the role of NGOs in development. 63

28. Highlight the significance of cottage industries for rural development in Nepal. 64

29. Critically examine the importance of privatization and economic liberalization measure undertaken by the government in the context of rural development in Nepal. 66

30. Comment on the various sources of rural finance in Nepal. 70

31. What are socio-economic consequences of the market? Do you think the government intervention is necessary to ensure equitable distribution of the benefits of market in the society? 72

32. What are some of the major issues in the 21st century that illustrate a close relationship between politics and economics

at the national, regional and global levels? How can the study of political economy help us to understand this relationship better? 74

33. Critically evaluate the contributions made by Nepali women in agriculture. Can you suggest the measures and reforms which will enable women to play more active role in agriculture development? 76

34. Explain main features of the economic liberalization policices in Nepal. 79

35. Explain the concept of globalization? Critically examine the role of globalization in the context of Nepal? 80

36. Explain the problems of good governance in Nepal? And how can it manage? 83

37. What might be the significance of economic reforms in the context of rural development? 85

38. What are the components of political economy? Explain those briefly. 86

39. What might by the consequences of rural political economy in rural development? 88

40. Explain the policies about privatization adopted by government of Nepal? 89

41. Explain the concept of conflict? What might be the sources of conflict? 92

42. Critically examine the role of conflict in development processes of Nepal. 94

43. What are the major challenges of Nepalese political economy explain it? 97

44. What are the common issues between economics and politics? How can the study of political economy help both economists and politicians to understand problems of development better? (2064) 100

45. Assess the role of micro credit in rural development. (2064) 102

46. Critically evaluate the role of world trade organization for the Nepal (WTO) in the context of globalization? 104

47. What do you understand by the term 'ideology'? Do you think any of the ideological perspectives like nationalism, liberalism

and Marxism can adequately address the problems of Nepal's political economy in the present context? 10

48. Critically evaluate the role of nationalist ideology in development. 11

49. Explain the significance of privatization and its need in the context of Nepal? 11

50. Explain those commitments by the government of Nepal about the issues of women's right? 11

51. What are the characteristics of Nepalese economy? Explain it. 11

52. Critically evaluate the condition of good governance in Nepal. 11

53. What are those present challanges facing by Nepalese women in present context? And how can we mitigate such challanges? 121

54. What kind of policy is needed for the promotion of economic development by keeping the mutual relationship between localization and globalization and why? Analyse it. 125

55. How is it possible to participate optimumly the local people in the context of rural development? 127

56. Critically point out the negative factor of Marxian perspective? 129

57. Explain the role of millennium development goals in the rural development process of Nepal? 131

58. What are those health related goals according to MDG and explain its challanges too? 134

59. What kind of challenges should be face if the government will try to reform the land of Nepal in present context? 136

60. Explain the agriculture pattern and problem in Nepal. 138

61. Explain the land tenure system of Nepal. 140

62. What are those challenges in gender equity in the context of Nepal? 142

63. What do you mean the term conflict management? How can it manage? Explain. 144

64. How decentralization become the key factor to establish the good governance in the context to Nepal. 146

65. Explain the bases of good governance briefly? 149

66. Explain the role of civil society for socio-economic and political development? 149

67. As being the basic component of political economy what is the role of political parties in social mobilization and rural development? Explain it. 151

68. What might be the role of gender equality in the context rural development process of Nepal? 153

69. Describe about the relationship between good governance and development process. 155

70. Discuss about the efforts of government of Nepal for agriculture development. 156

71. Explain the concept of participation in development? What might be the problems arising by development and how it mitigate? 158

72. Critically evaluate the role of foreign aid in the context of Nepal? 160

1. Define government. Describe the role of government in rural development.

सङ्कुचित दृष्टिकोणबाट सरकार भन्नाले कार्यपालिकामात्र हो भने बृहत् दृष्टिकोणअनुसार सरकारले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र यी अङ्गहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने अन्य निकायहरू जस्तैः संवैधानिक निकाय, सेना, प्रहरी, निजामती सेवा, सार्वजनिक सेवा प्रदायक संस्थानहरू, सार्वजनिक सञ्चार वितरण, नियन्त्रण, समन्वय आदि कायम गर्ने सबै निकायहरूलाई जनाउँदछ। सरकार राष्ट्रको उच्च कार्यकारी अधिकार सम्पन्न निकाय भएकाले सरकारको कार्यशैली र आचरणले समग्र राष्ट्रको कार्यशैली र आचरणमा नै प्रभाव पार्ने गर्दछ। सरकार राष्ट्रको विकासको गति अगाडि बढाउने निकाय पनि हो। त्यसकारण सरकारलाई जनताको समर्थन र जनतालाई सरकारको संरक्षण एवम् अभिभावकत्व अपरिहार्य हुन्छ। देशको विकास प्रक्रियालाई अगाडि बढाउनका लागि सरकारले ल्याउने वा अख्तियार गर्ने नीतिमा नै राष्ट्रको विकास र जनताको कल्याण एवम् जीवनस्तरको सुधार निर्भर रहने गर्दछ।

सरकारलाई परिभाषित गर्दै **प्रा. गार्नर** भन्छन्, "सरकार त्यो यन्त्र हो, जसद्वारा राज्यका सामान्य नीतिहरू निर्धारित गरिन्छ, सामान्य मामिलाहरूलाई नियमित तथा सामान्य हितहरूको उन्नति गरिन्छ। सरकारको अभावमा जनसङ्ख्या असम्बद्ध, असङ्गठित, अराजकीय जनसमूह हुनेछ र कुनै पनि कार्य गर्न सम्भव हुँदैन।"

त्यसैगरी **रवर्ट दाल**का अनुसार, "सरकार भनेको कानुन बनाउने, व्याख्या गर्ने, कार्यान्वयन गर्ने, विभिन्न व्यक्ति तथा संस्थानहरू र कानुनले अपेक्षा गरेअनुसारको व्यवहार गर्ने जनसमुदायको सामूहिक नाम हो।"

माथिका परिभाषाहरूबाट पनि स्पष्ट हुन्छ कि सरकार राज्यको उद्देश्य पूरा गर्ने एक माध्यम वा संयन्त्र हो त्यसैले सरकारविना राज्यको कल्पना गर्न सकिँदैन। राज्यलाई चाहिने अन्य तत्त्वहरू जस्तै भूमि, जनसङ्ख्या, संप्रभूता भए पनि सरकारविना ती तत्त्वहरू निरर्थक बन्न जान्छन्। त्यसकारण सरकार राज्यको उद्देश्य पूरा गर्ने एक वैधानिक र सशक्त संयन्त्र हो र यसैमा राष्ट्र एवम् जनता दुवैको कल्याण निर्भर रहने गर्दछ। सरकार कमजोर भएमा राष्ट्र पनि कमजोर बन्दछ भने जनताहरूको पनि जीवनस्तरमा सुधार हुन सक्दैन।

सरकारको ग्रामीण विकास प्रक्रियामा अत्यन्तै ठूलो भूमिका रहने गर्दछ। सरकार नै राष्ट्रको कार्यकारी प्रमुख हुने भएकाले सरकारले अख्तियार गर्ने नीति एवम् रणनीतिले समग्र राष्ट्रको विकास एवम् कल्याणलाई प्रतिनिधित्व गर्ने गर्दछ। सरकारको ग्रामीण विकासमा रहने भूमिका वा जिम्मेवारीलाई सरकारका मुख्य तीन अङ्गका भूमिकाका रूपमा यसरी उल्लेख गर्न सकिन्छः

कार्यपालिका र यसको ग्रामीण विकास भूमिका
(Executive and its Role in Rural Development)

कार्यपालिका सरकारका तीन अङ्गहरूमध्येको एक महत्त्वपूर्ण वा मुख्य अङ्ग हो। यसले मुख्य रूपमा व्यवस्थापिकाद्वारा निर्माण गरिएका कानुनहरूको कार्यान्वयन गर्ने गर्दछ । व्यापक अर्थमा कार्यपालिकाले सरकार प्रमुखदेखि कार्यालयका न्यून दर्जाका कर्मचारीसम्मलाई जनाउने गर्दछ। यसै सन्दर्भमा गार्नर भन्दछन्, "कार्यपालिका भनेको ती सबै एजेन्सी र कार्यकर्ताहरूको योग हो, जसले कानुनको रूपमा अभिव्यक्ति र राज्यको इच्छालाई कार्यान्वयन गर्दछ ।" यस परिभाषाबाट के स्पष्ट हुन्छ भने कार्यपालिका सरकारको एक प्रमुख अङ्ग हो र यसले कानुनद्वारा निर्दिष्ट कार्यहरूलाई कार्यान्वयन गर्ने र जनताको सर्वोपरी हितका लागि कार्य गर्ने गर्दछ । कार्यपालिकाले ग्रामीण विकासमा खेल्ने भूमिकाहरूलाई बुँदागत रूपमा यसप्रकारले प्रस्तुत गर्न सकिन्छः

क) स्थानीय निकायहरूको प्रभावकारी कार्य सञ्चालन,
ख) आर्थिक स्रोत वितरण एवम् व्यवस्थापन,
ग) स्थानीय विकासका गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन,
घ) स्थानीय स्तरमा भौतिक पूर्वाधारहरूको निर्माण एवम् संरक्षण,
ङ) शान्तिसुरक्षा तथा सार्वजनिक सम्पत्तीहरूको संरक्षण,
च) सार्वजनिक निजी क्षेत्रको साझेदारी कायम,
छ) स्थानीय निकायहरूसँग समन्वय एवम् विकास प्रक्रियाको अनुगमन र मूल्याङ्कन,
ज) स्थानीय स्रोत साधन परिचालनका लागि समन्वय,
झ) दक्ष जनशक्ति उत्पादन र परिचालन।

माथि उल्लेख गरेझैँ कार्यपालिकाले ग्रामीणका विकासप्रक्रियामा एउटा असल अभिभावकको रूपमा भूमिका खेल्न सक्दछ र खेल्नुपर्दछ। राष्ट्रको समग्र अभिभावक अङ्गको रूपमा कार्यपालिका रहने भएकाले ग्रामीण विकासमा पनि यस अङ्गको अभिभावककै जस्तो भूमिका रहने गर्दछ। राष्ट्रको समग्र स्रोतसाधनको बाँडफाँडमा ग्रामीण क्षेत्रमा बढी महत्त्वका साथ स्रोतसाधन बाँडफाँड गरिदिए ग्रामीण विकासप्रक्रिया अत्यन्त द्रुत गतिमा अगाडि बढ्ने निश्चित छ।

व्यवस्थापिका र यसको ग्रामीण विकासमा भूमिका
(Legislature and its Role in Rural Development)

सरकारका तीन अङ्गमध्ये व्यवस्थापिका जनताको सार्वभौमसत्ता प्रयोग गर्ने अङ्ग हो। बहुदलीय प्रणालीमा आफ्नै प्रतिनिधिहरूद्वारा आफू शासित हुने पद्धति कायम रहन्छ। आफूले भोट मार्फत छनोट गरेका प्रतिनिधिले भोट प्रदान गर्नेलाई शासन गर्ने प्रणाली अर्को अर्थमा बहुदलीय लोकतान्त्रिक प्रणाली हो । त्यसकारण छनोट गर्ने जनताहरू प्रति उत्तरदायी रहनु जनप्रतिनिधिहरूको दायित्व हुन आउँछ । प्रतिनिधिहरू आफ्ना क्षेत्रका जनताहरूको जीवनस्तर सुधार्ने, सेवासुविधाहरू पुऱ्याउन, प्राकृतिक एवम् मानवीय

प्रकोपहरूबाट पीडित हुन नदिनेजस्ता कार्यहरूमा लाग्नु र आफ्नो क्षेत्रको समग्र विकास गर्नु उनीहरूको प्रमुख दायित्व हुन आउँछ। व्यवस्थापिका कानुन बनाउने अङ्ग भएकाले ग्रामीण विकासप्रक्रियाको लागि आवश्यक कानुन बनाउने, जनकल्याणका कार्यक्रमहरूका लागि सम्बन्धित निकायहरूमा पहल गर्ने, जनताहरूको पिर मर्का र असजिलो जस्ता समस्याहरूको समाधानमा लाग्ने जस्ता कार्यहरू प्रतिनिधिहरूका मुख्य र निरन्तर चलिरहने कार्यहरूमा पर्दछन् । व्यवस्थापिकाले ग्रामीण विकास प्रक्रियामा पुऱ्याउने योगदान वा यसका भूमिकाहरूलाई बुँदागत रूपमा यस प्रकारले उल्लेख गर्न सकिन्छः

क) ग्रामीण विकासका लागि स्थानीय स्रोत साधन परिचालनका लागि आवश्यक नीति निर्माण,

ख) विकास सम्बन्धी ऐन तथा नियमहरूको व्यवस्था,

ग) स्थानीय जनताहरूका समस्या समाधान गर्नका लागि कार्यपालिका एवम् अन्य निकायमा पहल,

घ) स्थानीय पूर्वाधारहरू निर्माणका लागि आवश्यक पहल एवम् कानुनको निर्माण,

ङ) स्थानीय स्रोत परिचालन एवम् आर्थिक स्रोत विनियोजनका लागि विशेष पहल,

माथि उल्लेखित बुँदाहरूबाट पनि स्पष्ट हुन्छ कि व्यवस्थापिकाले ग्रामीण विकास प्रक्रियामा मुख्य त ऐन कानुनको तर्जुमा गर्ने काम गर्दछ भने अर्कोतिर विकासका लागि विशेष पहल पनि गर्ने गर्दछ। जनप्रतिनिधि सम्बन्धित क्षेत्रकै हुने भएकाले क्षेत्र विकासका लागि विशेष पहल गर्नु जनप्रतिनिधिको दायित्व नै हो।

न्यायपालिका र यसको ग्रामीण विकासमा भूमिका
(Judiciary and its Role in Rural Development)

न्यायपालिका सरकारको एक अभिन्न अङ्गका साथै नागरिक स्वतन्त्रताको रक्षा, देशमा शान्ति सुरक्षा, कानुनको रक्षा एवम् पालना जस्ता अत्यावश्यक पक्षहरूको रक्षाका लागि काम गर्ने भएकाले यसको ग्रामीण विकासमा निकै ठूलो भूमिका रहन्छ । न्यायपालिकाको ग्रामीण विकास प्रक्रियामा रहने भूमिकालाई बुँदागत रूपमा यस प्रकारले उल्लेख गर्न सकिन्छः

क) ग्रामीण जनताहरूको नैसर्गिक अधिकार एवम् संविधान प्रदत्त अधिकारहरूको रक्षा,

ख) ग्रामीण क्षेत्रमा हुन सक्ने अपराध, चोरी, लुटपाट, कुटपिट जस्ता नकारात्मक पक्षहरूको आवश्यक छानविन र न्याय,

ग) विकास निर्माणका कार्यहरूमा कायम रहन सक्ने ढिलासुस्ती एवम् अनियमितताहरूको निराकरण,

घ) ग्रामीण स्रोत साधन परिचालन र स्रोत साधनको उपयोगका लागि स्थानीयहरूको अधिकारको रक्षा,

माथि उल्लेख गरेका बुँदाहरूबाट स्पष्ट हुन्छ कि न्यायपालिकाले ग्रामीण विकास प्रक्रियामा मुख्यगरी अनियमितताहरूको निराकरण गर्न र स्थानीय स्तरमा शान्ति एवम्

सुरक्षा कायम गर्न विशेष भूमिका खेल्दछ । कानुनले तोकेभन्दा बढी स्रोत तथा साधनहरूको परिचालन र उपयोगमा रोक लगाउनुका साथै विकासका नाममा अनियमित कार्य गर्नेलाई कानुनी कारवाही समेत गरी विकास प्रक्रियामा सहयोग पुऱ्याउन सक्दछ। कानुनी राज्यमा कानुन पालना नगर्ने र कानुनले तोकेभन्दा बढी वा भनौं अनियमित कार्य गर्नेलाई दण्ड जरिवाना गरेर यस अङ्गले विकास प्रक्रियामा सहयोग पुऱ्याउँछ। नेपालमा विकास प्रक्रियामा हुने अनियमितता प्रशस्त पाउन सकिन्छ, त्यसैले यस अङ्गको भूमिका पनि प्रशस्त छ।

2. Explain the concept of good governance and point out its elements.

सुशासन राज्य सञ्चालन गर्ने प्रक्रियासँग सम्बन्धित अवधारणा हो । शब्द निर्माणका हिसाबले सुशासन 'सु' र 'शासन' बाट भएको पाइन्छ। जसमा 'सु' को अर्थ राम्रो वा असल भन्ने हुन्छ भने 'शासन' को अर्थ नागरिक समाज समेतको संलग्नतामा सञ्चालन गरिने शासनलाई बुझिन्छ । आजको राज्य जसमा आन्तरिक शान्ति, आक्रमणबाट रक्षा, राजस्व सङ्कलन, दैनिक कार्य सञ्चालन मात्र नभएर जनताको हित, सेवा, कल्याण, विकास जस्ता प्रक्रियामा समेत संलग्न रहनुपर्ने भएकोले विकेन्द्रीकरण स्थानीय सरकार, जनसहभागिता, स्वायत्तता, निजीकरण, उदारीकरण, विश्वव्यापीकरण, सुशासन जस्ता प्रक्रियाहरूको सुरुवात भएको छ। तर आजभोली सरकारले सबै काम भन्दा अत्यावश्यक कार्यहरू उदाहरणीय रूपमा गर्नुपर्दछ भन्ने मान्यताका साथ यो सुशासनको अवधारणा आएको पाइन्छ।

सुशासनको अवधारणा खासगरी सन् १९९६ मा टर्कीमा भएको संयुक्त राष्ट्रसङ्घको मानव बसोबास सम्बन्धी सम्मेलनमा जवाफदेही, दुरगामी, जिम्मेवारीपूर्ण सरकारको प्रक्रियालाई clean state को आवश्यकता पर्दछ र यो सुशासनलाई महत्वका साथ लिन थालियो। सुशासनको यो अवधारणा आएपछि सरकारले सबै काम गर्नुपर्दछ भन्ने अवधारणालाई बदलेर सरकारले कम शासन गर्नुपर्दछ भन्ने अवधारणा अगाडि आयो। यसको फलस्वरूप सरकारले नगर्ने र नगरेको काम कसले गर्ने भन्ने प्रश्नको उत्तर स्वरूप सुशासनलाई अगाडि सारियो । त्यस पश्चात् सुशासनले सबैको सहयोगमा सबै काम गर्ने भन्ने कुरामा जोड दिइयो। सुशासनमा सबैको सहयोग भन्नाले सरकारी निकाय वा संयन्त्रका साथै स्थानीय निकाय, संवैधानिक अङ्गहरू, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ग्रैह सरकारी संस्था, सार्वजनिक क्षेत्र र नागरिक समाजलाई समेत संलग्न गर्ने गरिन्छ। त्यसैले सबैको समन्वयमा सञ्चालन गरिने कार्यलाई नै सुशासनका रूपमा लिने गरिन्छ । सबै काम समन्वयात्मक अलगअलग भूमिकामा शासन व्यवस्थालाई सक्षम, सुदृढ, उत्तरदायी एवम् जनमुखी बनाउन सजिलो बन्ने गर्दछ। यसरी समन्वयात्मक रूपमा अलगअलग भूमिका प्रभावकारी र उत्तरदायी तरिकाले सञ्चालन गर्ने पद्धति नै सुशासन हुन आउँछ। जन उत्तरदायी, पारदर्शी, सहभागितामा आधारित र सर्वसम्पत्तिबाट कानुनी शासन गर्ने र सबैलाई समान अवसर तथा कर्तव्यको बोध गराउने शासन संयन्त्र नै

वास्तवमा सुशासन हो । सुशासनले शासन प्रणालीलाई प्रभावकारी बनाउनुका साथै जनकल्याणको समेत वकालत गर्ने गर्दछ।

सुशासनका सम्बन्धमा विभिन्न विद्वान्हरूले फरकफरक तरिकाले परिभाषाहरू प्रस्तुत गरेका छन्। ती मध्ये केही परिभाषाहरू यस प्रकारका रहेका छन्ः

देवराज दाहालका अनुसार, "सुशासन एउटा जनता र जनताका इच्छा तथा प्राथमिकताका आधारमा राष्ट्रिय रूपमा सञ्चालन गर्ने मितव्ययी शासनको योजनाको प्रक्रिया हो । यसले समावेशी, स्वतन्त्रता, समानता र सहकार्यमा आधारित न्यायोचित समाजको निर्माण गर्ने उद्देश्य राख्दछ।"

World Bank, 1997 अनुसार, "सुशासन एउटा विलासिता जस्तो होइन कि यो त विकासका लागि अति आवश्यक छ।"

मधुरमण आचार्यका अनुसार, "सुशासन एउटा यस्तो पद्धति हो जहाँ सरकारले आफ्ना क्रियाकलापहरू समझदारीपूर्ण ढङ्गले, न्यायिक एवम् नैतिक तरिकाले सम्पादन गर्दछ।"

माथि उल्लेखित परिभाषाहरूबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि सुशासन एउटा कानुनमा आधारित समावेशी, समानता, सहकार्य, उत्तरदायी, पारदर्शिता, जवाफदेहिता जस्ता जनचासोका विषयहरू समावेश भएको शासन प्रणाली हो।

सुशासनका तत्त्व तथा विशेषताहरूलाई बुँदागत रूपमा यस प्रकारले प्रस्तुत गर्न सकिन्छः

क) कानुनी शासन (Rule of law)

ख) सहभागिता (Participation)

ग) पारदर्शिता (Transparency)

घ) बैद्यता (Legitimacy)

ङ) जवाफदेहिता र उत्तरदायित्व (Accountability and responsibility)

च) सशक्तिकरण (Empowerment)

छ) मानव अधिकार (Human right)

ज) समता र सक्षमता (Equity and effectiveness)

झ) पर्यावरणीय स्थिरता (Ecological soundness)

ञ) राजनीतिक स्थिरता (Political stability)

ट) नयाँ प्रविधिको अवलम्बन (Adoption of new technology)

माथि उल्लेख गरिएका सुशासनका तत्त्वहरूलाई छोटकरीमा यस प्रकारले व्याख्या एवम् विश्लेषण गर्न सकिन्छः

क) कानुनी शासन (Rule of Law)

सुशासनले शासन व्यक्तिको होइक कि विधिको हुनुपर्दछ भन्ने मान्यता राख्दछ, त्यसकारण कानुनी शासन पनि सुशासनको एक तत्त्व तथा विशेषता हो। कानुनी शासन

भएन भने देशभर अराजकता, अनैतिकता, अनियमितता, अपराध आदि नकारात्मक क्रियाकलापहरू सञ्चालन हुन सक्दछन् । यस प्रकारका क्रियाकलापहरू सञ्चालन भएको सुशासनको कुनै अर्थ रहँदैन, त्यसैले सुशासनमा कानुनी शासन अपरिहार्य छ।

ख) सहभागिता (Participation)

सहभागिता सुशासनको एक महत्त्वपूर्ण तत्त्व हो । विकास प्रक्रिया होस् वा शासन प्रणाली दुवैमा सहभागिता अति आवश्यक हुन्छ । सुशासनको अवधारणा नै सबैको समन्वयमा कार्य गर्ने भन्ने भएकाले सुशासनमा सहभागिता अति आवश्यक हुन्छ । जनताहरू विकास निर्माणका क्रियाकलापहरूमा मात्र नभएर शासन प्रणालीमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुन आवश्यक छ।

ग) पारदर्शिता (Transparency)

पारदर्शिता सुशासनको एक महत्त्वपूर्ण तत्त्व हो। शासन प्रणालीमा पारदर्शिता भएन भने असल शासन वा सुशासन मान्न सकिँदैन। विकास निर्माणका क्रियाकलापहरू हुन् वा शासन प्रणाली सञ्चालनका विधिहरू दुवैमा पारदर्शिता अति आवश्यक हुन्छ। जनताले शासन प्रणालीका क्रियाकलापहरू, खर्च वा लागत, विधि, विधान आदिका आधारमा शासन प्रणाली वा विकासको प्रक्रिया पारदर्शी बनाउन सचेत गराउनुपर्दछ।

घ) वैद्यता (Legitimacy)

वैद्यता सुशासनको अर्को महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि कार्य विधि, कानुन र विधानले तोके अनुसार हुनुपर्दछ यदि यसो भएन भने त्यस कार्यको वैद्यता रहँदैन वा भनौँ अवैधानिक हुने गर्दछ। त्यसैले सुशासनमा सबै कार्यहरू वैधानिक हुनु आवश्यक छ।

ङ) जवाफदेहिता र उत्तरदायित्व (Accountability and Responsibility)

जवाफदेहिता र उत्तरदायित्वलाई कुनै व्यक्ति वा संस्थालाई सम्पादन गर्न सुम्पिएको कार्य उचित तरिकाले समयमै पूरा गर्ने र नगरेमा त्यसको अपजस वा कारवाही खान बाध्य रहने अवस्थासँग सम्बन्धित पाउन सकिन्छ । काम गरेमा पाउने प्रशंसा र नगरेमा पाउने कारवाही दुवै जवाफदेहिता र उत्तरदायित्वसँग सम्बन्धित छन् । कुनै पनि शासक वा कर्मचारीले आफूलाई सम्पादन गर्न दिइएको कार्य निश्चित समयमा निश्चित मापदण्डका आधारमा पूरा गरेमा मात्र जवाफदेहिता र उत्तरदायित्व बहन हुन सक्दछ र सुशासन पनि कायम हुन सक्दछ।

च) सशक्तिकरण (Empowerment)

सशक्तिकरण सुशासनको अर्को महत्त्वपूर्ण तत्त्व मानिन्छ । त्यो शासक होस् वा कर्मचारी, जनता होस् वा जनप्रतिनिधि जो कसैलाई पनि कार्य सम्पदानका लागि वा सरल जीवनयापनका लागि सशक्तिकरण आवश्यक हुन्छ। सुशासनमा सशक्तिकरणको प्रक्रिया अगाडि बढाइएन भने सुशासन वास्तविक रूपमा कायम नहुन सक्दछ।

छ) मानव अधिकार (Human Right)

सुशासन मानवको हितको लागि मानवले नै सञ्चालन गर्ने शासन प्रणाली भएकाले त्यस शासन प्रणालीमा मानव अधिकारको रक्षा वा मानवको कल्याण अति आवश्यक

हुन्छ। मानवलाई उसको नैसर्गिक अधिकार नै प्रदान गरिएन भने त्यस शासन प्रणालीलाई सुशासन मान्न सकिँदैन।

ज) समता र सक्षमता (Equity and Effectiveness)

समता बराबर नभएर आवश्यकता अनुसार वितरण गर्ने वा भनौं बराबर आगत भन्दा बराबर निगत निकाल्ने प्रक्रिया हो। आवश्यकता अनुसार सक्षम रूपमा राज्यको शासन सञ्चालन गर्ने प्रक्रियाले मात्र सुशासनको प्रतिनिधित्व गर्न सक्दछ।

झ) पर्यावरणीय स्थिरता (Ecological Soundness)

सुशासनले मानवको दीर्घकालीन कल्याणका लागि पर्यावरणीय सन्तुलन वा स्थिरतालाई पनि ध्यान दिन सक्नुपर्दछ। विकास निर्माण वा अन्य शासन प्रणाली सञ्चालनका क्रियाकलापले वातावरणलाई विनास गर्ने भएमा सुशासन मान्न सकिँदैन।

ञ) राजनीतिक स्थिरता (Political Stability)

राज्यमा राजनीतिक स्थिरता भएन भने सुशासन कायम हुन सक्दैन। सुशासन कायम नभएमा राजनीतिक स्थिरता कायम रहन सक्दैन। राजनीतिक स्थिरताका लागि शासक वा प्रशासक सबैले विधिसम्मत् रूपमा जनकल्याणका कार्यमा उचित ध्यान दिनु अति आवश्यक हुन्छ।

ट) नयाँ प्रविधिको अवलम्बन (Adoption of New Techonology)

सुशासनको नव प्रवेशी तत्त्वको रूपमा नयाँ प्रविधिको अवलम्बनलाई लिन सकिन्छ। सुशासन कायम गर्न वा शासनलाई सुशासनमा बदल्न नयाँ प्रविधिको अवलम्बन सहित सेवा सुविधा प्रदान गर्नु अति आवश्यक हुन्छ।

3. Define civil society and explain the role of it in rural development process.

नागरिक समाजलाई समाजका सचेत तथा बौद्धिक व्यक्तिहरूको स्वैच्छिक सङ्गठन वा दवाव समूहका रूपमा बुझ्न सकिन्छ। यस प्रकारको सङ्गठन वा समूहले राज्यमा सुशासन कायम गर्न वा भनौं शासन प्रणालीलाई पारदर्शी, जवाफदेही, उत्तरदायी, विधिसम्मत्, नियमीत, प्रभावकारी आदि बनाउन एक दवाव समूहका रूपमा कार्य गर्ने गर्दछ। यस प्रकारको समाजले मुख्यगरी कानुनको अधिनमा रही कानुन अनुसार कार्य नगर्ने शासक वा प्रशासक वा अन्य सार्वजनिक संस्थाका पदाधिकारीहरूलाई सचेत गराई जनताको अधिक कल्याण गर्ने प्रयत्न गर्दछ। नागरिक समाज एउटा आधुनिक र नयाँ अवधारणा भएकाले यसमा चेतनशील विवेकी, पारस्परिक सहयोग र सहिष्णुतामा आधारित व्यक्तित्व भएका मानिसहरूको संलग्नता हुने गर्दछ वा भनौं हुनुपर्दछ। मानव अधिकारको रक्षा, मौलिक हक अधिकारका साथै शासन प्रणालीमा प्रभावकारिता स्थापना गर्दै जनकल्याणको पक्षमा वकालत गर्नु नागरिक समाजको प्रमुख कार्यमा पर्ने गर्दछ। नागरिक समाजले नागरिकहरूका जायज आवाजहरूलाई सरकार वा अन्य सम्बन्धित निकायहरू सम्म पुऱ्याउने र जनअपेक्षा अनुसारको कार्य सम्पादन गर्न सहयोग पुऱ्याउनुका

साथै दवाव सृजना गर्ने गर्दछ। नागरिक समाजका सम्बन्धमा डायमण्ड भन्छन्, "नागरिक समाज भनेको स्वैच्छिक, स्वपरिचालित, स्वसमर्थित, राज्यबाट स्वायत्त र कानुनी आदर्श वा साझा नियमहरू बाँधिएको एक प्रकारको सङ्गठित सामाजिक जीवन हो । यो सामान्यतया समाज भन्दा के अर्थमा फरक छ भने यसले आफ्ना चाहना, भावना र विचार अभिव्यक्त गर्न, सूचना आदान प्रदान गर्न, पारस्परिक लक्ष्य प्राप्त गर्न, राज्यसँग माग गर्न र राजकीय कर्मचारीहरूलाई जिम्मेवार बनाउन सार्वजनिक क्षेत्रमा क्रियाशील नागरिकहरूलाई सामेल गराउँछ।"

नागरिक समाज राजनीतिक आर्थिक, सामाजिक असमानताहरूका साथै समाजमा रहने अन्याय, विभेद, हस्तक्षेप जस्ता नकारात्मक पक्षहरूलाई निराकरण गर्नका लागि र राष्ट्रिय स्वाभिमानलाई उच्च बनाउनका लागि सक्रिय रहने समाज वा सङ्गठन भएकाले यस समाजका प्रमुख कार्यहरूलाई निम्न अनुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छः

- नागरिक समाजले समाजमा रहेका विभिन्न विभेद तथा अन्यायहरूको अन्त्य र समानतामा आधारित न्यायपूर्ण समाजको निर्माणका लागि कार्य गर्दछ।
- नागरिक समाजले शासकलाई निरङ्कुश, स्वेच्छाचारी, भ्रष्टाचारी र अनियमितता गर्नबाट रोक्ने कार्य गर्दछ।
- शासकहरूलाई जनताका कामहरू प्रति उत्तरदायी र जवाफदेही बनाउने कार्य गर्दछ।
- लोकतान्त्रिक शासन प्रणालीमा जनताहरू नै सर्वोच्च रहने भएकाले जनताहरूलाई राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक जस्ता क्रियाकलापहरूमा सहभागी गराउन र सेवादायी निकायहरूमा सेवा प्राप्तिका लागि सचेत गराउँदछ।
- नागरिक समाजले नागरिकहरूका बीचमा चेतनाको सञ्चार गराउँदछ र नागरिकहरूलाई आफ्ना अधिकार र कर्तव्यप्रति प्रतिबद्ध पनि गराउने गर्दछ।
- नागरिक समाजले स्थानीय कला, संस्कृति, जात्रा, पर्व जस्ता विशेषताहरूको संरक्षणका लागि सक्रिय कार्य गर्ने गर्दछ।
- नागरिक समाजले समाजमा रहने गरिबी, बेरोजगारी, अपराध, अन्याय, अत्याचार, लुटपाट, चोरी, डकैती जस्ता नकारात्मक क्रियाकलापहरूको निराकरणका लागि कार्य गर्ने गर्दछ।
- नागरिक समाजले नागरिकका बीचमा रहने आपसी मतभेद, व्यक्तिगत स्वार्थ, एक अर्काप्रतिको भेदभाव जस्ता पक्षहरूको अन्त्य गरी सामूहिक कार्य तथा राष्ट्रनिर्माणमा लाग्न उत्प्रेरित गर्दछ।
- नागरिक समाजले समाज तथा राष्ट्रमा विकास तथा सामाजिक सचेतनाका लागि कार्य गर्ने सङ्घसंस्था, समूह, क्लब जस्ता निकायहरूलाई जनता प्रति उत्तरदायी र कुशल कार्य सम्पादनका लागि सहजीकरण गर्ने कार्य गर्दछ।

- नागरिक समाज सामाजिक जीवनको सामूहिक प्रतिनिधि भएकाले समाजका आवश्यकता तथा इच्छाहरूलाई सम्बन्धित निकायहरूसम्म पुऱ्याउने एक मध्यस्थकर्ताको कार्य गर्दछ।
- नागरिक समाजले सामाजिक मूल्य मान्यता, सद्भाव, सहिष्णुता जस्ता सकारात्मक प्रक्रिया अवलम्बन गर्नका लागि समाजमा एक सामाजिक परिचालक तथा सामाजिक सञ्चारको भूमिका निर्वाह गर्दछ।
- नागरिक समाजले शासकलाई गलत कार्यमा विरोध र राम्रो कार्यमा सहयोग र समर्थन गर्ने कार्य गर्दछ।
- यस समाजले शासकलाई बढी भन्दा बढी जनता केन्द्रित र उपयोगी बनाउन एक पहरेदार निकाय वा समूहको भूमिका निर्वाह गर्ने गर्दछ।
- नागरिक समाजको ध्येय सवल र सक्षम राष्ट्रनिर्माण गर्ने भएकाले यस समाजले राम्रो शासक तथा प्रशासकलाई प्रशंसा र नराम्रो गर्नेलाई समुदाय तथा समाजबाट तिरस्कृत गर्ने कार्य गर्दछ।

नागरिक समाजले ग्रामीण विकास प्रक्रियामा पुऱ्याउन सक्ने योगदान वा भूमिकाहरूलाई बुँदागत रूपमा यस प्रकारले प्रस्तुत गर्न सकिन्छ:

- नागरिक समाजले ग्रामीण स्रोत साधन परिचालनका लागि आवश्यक पहल एवम् दवाव सृजना गर्दछ।
- नागरिक समाजले स्थानीय भौतिक पूर्वाधारहरूको निर्माणका लागि सम्बन्धित निकायहरूमा दवाव सृजना गर्नुका साथै भौतिक पूर्वाधार निर्माणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछ।
- नागरिक समाजले स्थानीय कला, संस्कृति, परम्परा आदिको संरक्षण गर्दै तिनीहरूको पहिचानबाट ग्रामीण पर्यटनको प्रवर्द्धन गर्न सक्दछ।
- नागरिक समाजले स्थानीय स्तरका स्रोतहरूमा आधारित घरेलु तथा साना उद्योग स्थापना गर्न आवश्यक पहलका साथै नेतृत्व लिन सक्दछ।
- नागरिक समाजले सामाजिक सद्भाव, सहिष्णुता, पारस्परिक मेलमिलापका साथै सामाजिक विभेद, अन्याय, थिचोमिचो आदिको निराकरणका लागि नेतृत्व बहन गर्न सक्दछ।
- नागरिक समाजले स्थानीय स्तरका विकासका गतिविधिमा हुन सक्ने ढिलासुस्ती, अनियमितता, कमजोर प्रशासनिक व्यवस्थापन आदिको निराकरणका लागि आवश्यक पहलका साथै नेतृत्व बहन गर्न सक्दछ।
- नागरिक समाजले समाजका न्यून आय भएका, कमजोर र बञ्चित घर परिवारका लागि विशेष कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायमा पहल गर्ने कार्य गर्न सक्दछ।

- नागरिक समाजमा समाजका सचेत, बौद्धिक, विशिष्ट व्यक्तिहरूको संलग्नता हुने भएकाले यस समाजले स्रोत परिचालन र विकास निर्माणका प्रक्रियामा सल्लाहकारहरूको भूमिका निर्वाह गर्न सक्दछ।
- नागरिक समाजले सामाजिक कल्याण र सुविधाका लागि सार्वजनिक सेवा सुविधाका वस्तुहरूमा पालो वा नियम वा उपयोग तालिका बनाई सुलभ सेवा प्राप्त गर्ने अवसर प्रदान गर्न सक्दछ।
- नागरिक समाजले विकासका पूर्वाधारहरू र सेवा सुविधाका वस्तु तथा सामानहरूको रेखदेख, संरक्षण, परिचालन र उपयोगको न्यायपूर्ण वितरणको व्यवस्था गर्न सक्दछ।
- नागरिक समाजले जनकल्याणका लागि सार्वजनिक सेवाहरूको स्थापना गर्नुका साथै स्थापना गर्न आवश्यक पहल गर्न सक्दछ।
- नागरिक समाजले राज्यबाट प्राप्त स्रोतहरूको वितरणमा समाजका अति कमजोर विपन्न वर्गलाई प्राथमिकता दिने र उनीहरूको बढी भन्दा बढी कल्याण गर्ने व्यवस्था मिलाउन सक्दछ।
- नागरिक समाजले सामाजिक सचेतनाका लागि विभिन्न शिविरहरू तथा प्रशिक्षण कार्यक्रमहरूको व्यवस्था गर्नुका साथै आफैँ सञ्चालन गर्न पनि सक्दछ।

4. Explain the concept, meaning and necessity of local self governance act 2055.

स्थानीय स्वायत्त शासन विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय स्वायत्त सरकारहरूको गठन प्रक्रियाका रूपमा आएको पाइन्छ। विकेन्द्रीकरणलाई संस्थागत गर्न र विकेन्द्रीकरणका लागि भए गरेका उपलब्धीहरूलाई स्थानीय स्तरसम्म संस्थागत तवरले पुऱ्याई स्थानीय जनतालाई प्रभावकारी सेवा तथा सुविधाहरू उपलब्ध गराउन स्थानीय स्वायत्त शासन ऐन र स्थानीय स्वायत्त शासनलाई कार्यान्वयन गर्ने अङ्गका रूपमा स्थानीय स्वायत्त सरकारहरूको गठन भएको पाइन्छ।

सामान्य अर्थमा स्थानीय शासन भन्नाले राज्यद्वारा सम्पादित राजनीतिक, आर्थिक र प्रशासनिक अधिकारहरूलाई स्थानीय स्तरमा व्यवस्थापन गर्ने प्रक्रियालाई जनाउँछ। त्यसैगरी स्थानीय स्वायत्त शासन भन्नाले आफ्नो क्षेत्रको शासन सञ्चालन र व्यवस्थापन आफैँले गर्नका लागि पूर्ण अधिकार सम्पन्न भन्ने जनाउँदछ । त्यसैगरी विकेन्द्रीकरण मार्फत स्थानीय स्तरका जनतालाई शासन व्यवस्थामा अधिक मात्रामा संलग्न गराउने प्रयासका साथ राज्यका नीति तथा निर्देशक सिद्धान्तहरू, निर्दिष्ट गरी स्थानीय स्तरमै जनतताले छनोट गरी पठाएका व्यक्तिहरू मार्फत शासन व्यवस्था सञ्चालन गर्ने परिपाटीको थालनी गर्दै लोकतन्त्रका लाभहरूको उपयोग गर्न सक्ने वातावरण स्वरूप स्थानीय स्वायत्त शासन ऐन २०५५ जारी गरिएको पाइन्छ।

यस ऐनले स्थानीय स्तरको विकासका लागि स्रोत तथा साधनको परिचालन, विनियोज, प्रतिफल समानुपातिक बाँडफाँड गरी समाजमा समानजस्यता कायम गर्ने र स्थानीय जनतालाई शासन व्यवस्थामा अधिक मात्रामा संलग्न गर्ने उद्देश्य राखेको छ। यस ऐनले समाजमा रहेका पिछडिएका वर्ग, जनजाति, दलित, कमजोर र आवाजविहीनहरूलाई शासन व्यवस्थाको मूल धारमा ल्याउने प्रयास पनि गरेको छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ का विशेषताहरूलाई यस प्रकारले प्रस्तुत गर्न सकिन्छः

- यस ऐनले सार्वभौमसत्ता सम्पन्न जनताहरूलाई शासन प्रक्रियामा अधिकतम संलग्न गराई लोकतन्त्रका प्रतिफल तथा उपलब्धिहरूको न्यायोचित बाँडफाँडमा विशेष जोड दिएको छ।
- यस ऐनले स्थानीय स्तरको विकासका लागि योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा प्रतिफलको न्यायोचित वितरण गर्ने अधिकार स्थानीय निकायहरूलाई नै प्रदान गरेको छ।
- यस ऐनले विकास तथा स्थानीय स्वायत्त शासनको व्यवस्थालाई बैधानिकीकरण तथा जनताका दैनिक समस्याहरूलाई प्रभावकारी रूपमा समाधान गर्नका लागि स्थानीय नेतृत्व विकासको लक्ष्य राखेको छ।
- यस ऐनले विकास प्रक्रिया अगाडि बढाउन स्थानीय समुदाय, जनजाति, पिछडिएका वर्ग, गरिब तथा आवाजविहीनहरूलाई शासनको मूल धारमा ल्याउने तथा उनीहरूको क्षमता अभिवृद्धिमा जोड दिएको छ।
- यस ऐनले स्थानीय स्रोत तथा साधनको परिचालन, उपयोग र प्रतिफलको बाँडफाँडमा स्थानीय जनतालाई नै पूर्ण अधिकार प्रदान गरेको छ।
- यस ऐनले स्थानीय निकायहरूलाई न्यायीकरण, प्रशासनिक, आर्थिक तथा राजनीतिक अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ।
- यस ऐनले स्थानीय निकायहरूको क्षमता अभिवृद्धि गर्दै स्थानीय जनताका समस्याहरूलाई प्रभावकारी रूपमा समाधान गर्नका लागि स्थानीय नेतृत्व विकासको लक्ष्य राखेको छ।
- यस ऐनले वास्तविक रूपमा शक्तिको निक्षेपीरकण गरी स्थानीय रूपमा निर्वाचित निकायहरूलाई, जनताको सहभागिता र सुशासनलाई अवलम्बन गरेको छ।
- यस ऐनले विकेन्द्रीकरण सम्बन्धी नीति, उद्देश्य एवम् प्रावधानहरूको पालना भए नभएको अनुगमन गर्ने तथा पालना समेत गराउने अङ्गको रूपमा विकेन्द्रकीकरण कार्यान्वयन एवम् अनुगमन समितिको व्यवस्था गरेको छ।
- यस ऐनले विकेन्द्रीकरणको सिद्धान्तलाई अवलम्बन गर्दै स्थानीय निकायहरूलाई सक्षम, समृद्ध तथा जनताप्रति उत्तरदायी र जवाफदेही बनाउने उद्देश्य राखेको छ।
- यस ऐनले स्थानीय निकायका २० प्रतिशत महिलाहरू सहित सेवा सुविधाबाट बञ्चित एवम् उपेक्षित समूहहरूको प्रतिनिधित्वको व्यवस्था गरेको छ।

- यस ऐनले स्थानीय शासन प्रणालीमा महिला, दलित, पिछडिएका वर्ग तथा समुदायका साथै नीति क्षेत्रलाई समेत संलग्न गर्ने व्यवस्था गरेको छ।
- यस ऐनले स्थानीय विकास प्रक्रियामा टेवा पुऱ्याउने गैह्र सरकारी संस्था, समुदायमा आधारित संस्थाहरू तथा अन्य समूहहरूको भूमिकालाई प्रभावकारी बनाउन स्थानीय निकायहरूलाई अधिकार सम्पन्न बनाएको छ।
- यस ऐनले व्यावहारिक रूपमै मानव अधिकार, सामाजिक न्यायको अवधारणा र समानताको अवधारणालाई अवलम्बन गर्ने व्यवस्था गरेको छ।
- यस ऐनले गाउँ/नगर/जिल्ला परिषद्, विषयगत समिति तथा लेखा परीक्षण समितिहरूका माध्यमबाट स्थानीय निकायहरूको कर लगाउने तथा शुल्क लिने अधिकारलाई सुनिश्चित गरेको छ।
- यस ऐनले स्थानीय निकायहरूलाई वित्तीय स्रोत जुटाइ दिनुपर्ने कामलाई नेपाल सरकारको अनिवार्य जिम्मेवारी बनाइ दिएको छ।
- यस ऐनले जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिहरूलाई आफ्नै पेसागत कर्मचारी भर्ना गर्न सक्ने अधिकारको व्यवस्था गरेको छ।

यस स्थानीय स्वायत्त शासन ऐन २०५५ का आवश्यकताहरूलाई यस प्रकारले प्रस्तुत गर्न सकिन्छः

- स्थानीय स्तरमा स्रोत साधनको परिचालन तथा स्थानीय विकास प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउनका लागि स्थानीय स्तरकै शासन संरचनाको व्यवस्था गर्न,
- स्थानीय आवश्यकता तथा इच्छा अपेक्षा अनुसार स्थानीय स्तरमा शासन सञ्चालन गर्न,
- स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न र स्थानीय जनतालाई विकासका पूर्वाधारहरू छोटो समयमै उपलब्ध गराउन,
- राज्यको केन्द्रमा कायम रहने शासनको भारलाई कम गर्न र सरकारका क्रियाकलापहरूलाई प्रभावकारी बनाउन,
- शासन प्रणालीमा जन सहभागितात्मक क्रियाकलापहरू सञ्चालन गर्न र सञ्चालित क्रियाकलापहरू तथा विकास निर्माणका कार्यहरूलाई दीगो बनाउन,
- सरकारका सेवा तथा सुविधाहरूमा स्थानीय जनताहरूको पहुँच स्थापित गर्न,
- लोकतन्त्रको सिद्धान्त तथा मूल्यमान्यता अनुरूप शासन प्रणालीको सञ्चालन गर्न,
- सरकारी संयन्त्रमा रहेको ढिलासुस्ती, अनियमितता तथा भ्रष्ट्याचारलाई कम गर्न, शक्तिको निक्षेपीकरणको अवधारणालाई कार्यान्वयन गर्न र स्थानीय जनताको सचेतना तथा क्षमता अभिवृद्धि गर्न,
- स्थानीय विकासका कार्यहरूमा जनचाहनाहरूको कदर गर्न र सहभागितात्मक योजना निर्माण गर्न र प्रभावकारी कार्यान्वयन गर्न,

- समाजमा रहेका गरिब, शक्तिविहीन, आवाजविहीन तथा कमजोर वर्गलाई शासन तथा विकास प्रक्रियाको मूल धारमा ल्याउन,
- शासन व्यवस्था सञ्चालन गर्ने शासक तथा जनप्रतिनिधिहरूलाई जनताप्रति जवाफदेही तथा कर्तव्यनिष्ठ बनाउन,
- स्थानीय जनतालाई अधिकार, शक्ति, स्रोत र साधन सम्पन्न बनाउन,
- स्थानीय ज्ञान, सीप, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न,
- स्थानीय आवश्यकता, उपलब्ध स्रोत साधन तथा सम्भावना अनुसारका योजना तथा गतिविधिहरूको प्रवर्द्धन गर्न।

मुख्य रूपमा शासन व्यवस्थालाई प्रभावकारी र स्थानीय विकासको गतिलाई तीव्र बनाउन साथै स्थानीय लोकतन्त्रको अभ्यासलाई जीवन्त तुल्याउन ल्याइएको यस ऐनले नेपालको स्थानीय स्तरमा लोकतन्त्रको अभ्यास त सुरु गऱ्यो तर राजनीतिक अस्थिरता र विगतमा विद्यमान द्वन्द्वको अवस्थाका कारण यो प्रक्रिया अहिलेसम्म जीवन्त र अनवरत रूपमा सञ्चालन हुन सकेको छैन। स्थानीय जनतालाई अधिकार र शक्ति सम्पन्न बनाउने स्थानीय लोकतन्त्रको अभ्यासलाई जति सक्दो छिटो जीवन्त बनाउन सकियो त्यति नै छिटो विकास प्रक्रियाको गति अगाडि बढ्ने निश्चित छ।

5. Describe the functions, duties and rights of Village Development Committee.

स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरे अनुरूप स्थानीय अङ्गहरू मध्ये सबैभन्दा महत्त्वपूर्ण र ग्रामीण विकाससँग प्रत्यक्ष सम्बन्ध राख्ने अङ्गको रूपम गाउँ विकास समितिलाई लिन सकिन्छ। यस समितिमा गाउँ विकास क्षेत्र भित्रका प्रचलित कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूको वालिग मताधिकारको आधारमा निर्वाचनद्वारा छानेका एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, हरेक वार्डबाट एकएक जनाका दरले निर्वाचित ९ जना वटा अध्यक्ष र गाउँ विकास क्षेत्र भित्रका एक जना महिला सहित समाजसेवी, आर्थिक, सामाजिक दृष्टिले पिछडिएका जाति, जनजाति, दलित तथा आदिबासी मध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका योग्य व्यक्तिहरू मध्येबाट दुई जना मनोनित सदस्य गरी १३ जना रहने व्यवस्था छ।

Functions, Duties and Rights of Village Development Committee

क) कृषि सम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र कृषि विकास कार्यक्रम सञ्चालन गर्ने/गराउने,
- गाउँ विकास क्षेत्रभित्र कृषि हाट, बजार, मेला लगाउने र मेला लगाउन सहयोग गर्ने,
- गाउँ विकास क्षेत्रभित्र पशु रोगको रोकथामको निमित्त आवश्यकता अनुसार पशु चिकित्सालयको सञ्चालन गर्ने, गराउने तथा पशु चरणको लागि आवश्यक गौचरको व्यवस्था गर्ने गराउने।

ख) ग्रामीण खानेपानी सम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने खानेपानीको आपूर्तिको लागि खानेपानी आयोजना तयार गरी कार्यान्वयन र सञ्चालन गर्ने तथा मर्मत सम्भारको व्यवस्था गर्ने गराउने,
- गाउँ विकास क्षेत्रभित्र इनार, कुवा, पोखरी, धारा आदि भित्रको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने,
- गाउँ विकास क्षेत्रभित्र पानीका मुहानहरूको संरक्षण गर्ने गराउने।

ग) शिक्षा तथा खेलकुद सम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने,
- आफ्नो स्रोतबाट पूर्व प्राथमिक शिक्षाको लागि विद्यालयको स्थापना गर्न अनुमती दिने तथा सञ्चालन र व्यवस्थापन गर्ने,
- गाउँ विकास क्षेत्रभित्र मातृ भाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने,
- प्रौढ शिक्षा तथा औपचारिक शिक्षा सम्बन्धी कार्यक्रम बनाई सञ्चालन गर्ने, गराउने,
- पुस्तकालयको स्थापना र सञ्चालन गर्ने, गराउने,
- खेलकुदको विकास सम्बन्धी योजना बनाई कार्यान्वयन गर्ने र गाउँ स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदको विकासमा सहयोग पुऱ्याउने,
- आर्थिक दृष्टिले अत्यन्तै पिछडिएका उत्पीडित जनजातिहरूका छात्रछात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने।

घ) निर्माण तथा यातायात सम्बन्धी

- गाउँ विकास क्षेत्र भित्र आवश्यक पर्ने घोडेटो, गोरेटो तथा ग्रामीण सडक सम्बन्धी आयोजना तयार गरी कार्यान्वयन गर्ने तथा तिनीहरूको मर्मत सम्भारको व्यवस्था गर्ने,
- विभिन्न निकायबाट हस्तान्तरण भई आएका पुल, तुइन, घाट तथा कलभर्टहरूको मर्मत सम्भार गर्ने।

ङ) सिँचाइ र भूक्षय तथा नदी नियन्त्रण सम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने सिँचाइ, बाँध, कुलो, पैनी, पानीघाट आदिको आयोजना तयार गरी कार्यान्वयन गर्ने गराउने,
- गाउँ विकास क्षेत्रलाई प्रभाव पार्ने भूक्षय र नदी नियन्त्रण सम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने,
- विद्युत् उत्पादन तथा वितरण गर्ने गराउने।

च) **भौतिक विकास सम्बन्धी**

- सामुदायिक भवन, विश्राम गृह तथा सार्वजनिक शौचालय बनाउने,
- गाउँ विकास क्षेत्रभित्र निर्माण हुने घर, भवन, सडक तथा अन्य भौतिक पूर्वाधार आदिको लागि मापदण्ड तयार गरी सो निर्माण गर्न तोकिए बमोजिम स्विकृति दिने,
- गाउँको भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,
- बसोबास क्षेत्रमा आवश्यक ढल निकासको व्यवस्था गर्ने, गराउने।

छ) **स्वास्थ्य सम्बन्धी**

- गाउँ स्तरीय स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरू सञ्चालन र व्यवस्थापन गर्ने,
- गाउँ विकास क्षेत्रमा प्राथमिक स्वास्थ्य शिक्षा र सरसफाइ तथा फोहर मैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने,
- जडीबुटीको विकास तथा विस्तारमा सहयोग पुऱ्याउने,
- परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ज) **वन तथा वातावरण सम्बन्धी**

- पर्ती, जग्गा, डाँडा, भीर, पाखा एवम् सार्वजनिक जग्गामा वृक्षा रोपण गर्ने, गराउने,
- गाउँ विकास क्षेत्रका वन, वनस्पति, जैविक विविधता, भूसंरक्षण सम्बन्धमा कार्यक्रम तयार गरी सञ्चालन गर्ने गराउने,
- वातावरण संरक्षण सम्बन्धी विभिन्न कार्यक्रम बनाई सञ्चालन गर्ने, गराउने।

झ) **भाषा र संस्कृति सम्बन्धी**

- गाउँ विकास क्षेत्र भित्रका धर्मस्थल तथा धर्मशाला, पाटी, पौवा आदिको लगत राखी रेखदेख र संरक्षण गर्ने गराउने र तिनीहरूको विकासमा सहयोग गर्ने।

ञ) **पर्यटन तथा घरेलु उद्योग सम्बन्धी**

- पर्यटकीय क्षेत्रको संरक्षण, विकास र विस्तार गर्ने तथा त्यस्ता ठाउँमा प्रदुषण हुन नदिने व्यवस्था गर्ने, गराउने,
- गाउँ विकास क्षेत्रमा घरेलु उद्योग सञ्चालन गर्नको निमित्त उत्प्रेरकको काम गर्ने तथा गराउने।

ट) **अन्य कार्यहरू**

- कानुन बमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटनाहरू दर्ता गर्ने,
- मानवीय स्रोत साधनको विकास गर्ने, रोजगार तथा स्वरोजगारको अवसर प्रदान गर्ने खालका क्रियाकलापहरू सञ्चालन गर्ने,
- गाउँ विकास क्षेत्र भित्रका महिलाहरूको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने,

- गाउँ विकास समितिको स्वामित्वमा रहेको चल अचल सम्पत्तिको संरक्षण गर्ने,
- राष्ट्रिय नीति अनुरूप अनाथ बालबालिका, असहाय, महिला, बृद्ध, अपाङ्ग तथा अशक्तहरूको संरक्षण सम्बन्धी कार्य गर्ने र सामाजिक कुरीति हटाउने तथा चेलीबेटी एवम् नारी संरक्षण सम्बन्धी काम गर्ने, गराउने,
- दैवी प्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने, गराउने,
- गाउँ विकास क्षेत्र भित्रका महिलाहरूको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने,
- सहकारीताको लागि आवश्यक सहयोग पुऱ्याउने,
- गाउँ विकास समितिलाई आय आर्जन हुने सहकारी, औद्यौगिक तथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत संलग्नतामा सञ्चालन गर्न प्रोत्साहन गर्ने,
- गाउँ विकास क्षेत्रभित्र मादक पदार्थको बिक्री वितरण तथा जुवा तास जस्ता अनैतिक कार्यहरूको नियन्त्रण गर्ने,
- गाउँ विकास समितिमा कार्यरत सचिवको कार्यको मूल्याङ्कन गरी सिफारिस सहित अख्तियारवाला समक्ष पुऱ्याउने,
- गाउँ विकास समितिको विनिमय तर्जुमा गरी गाउँ परिषद्मा पेश गर्ने,
- प्रचलित कानुन बमोजिम तोकिएका अन्य कार्यहरू सञ्चालन गर्ने, गराउने।

गाउँ विकास समितिले आफ्ना काम, कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रत्येक महिनामा कम्तिमा एकपटक नियमित बैठक बस्ने र विविध विषयमा छलफल र निर्णय गरी जनसरोकारका कार्यहरूलाई सरल तथा सहज रूपमा सञ्चालन गर्नुपर्ने उल्लेख छ। नियमित बैठक तथा जनसरोकारका विषयमा समयमै निर्णय भएन भने कार्य सञ्चालनमा बाधाका साथै अपेक्षा अनुसार उद्देश्य हाँसिल गर्न नसक्ने अवस्था आउने निश्चित हुन्छ।

6. Explain the formation mechanism of district development committee and point out the functions, duties and rights.

जिल्ला विकास समितिमा जिल्लाका प्रत्येक इलाका भित्रका गाउँ परिषद् र नगरपरिषद्का निर्वाचित सदस्यहरूको आफू मध्येबाट प्रत्येक इलाकाबाट १/१ जनाका दरले ९ देखि १७ जनासम्म सदस्यहरू, सभापति र उपसभापति, जिल्ला भित्रका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरू पदेन सदस्य र जिल्ला भित्रका १ जना महिला सहित मनोनित २ जना सदस्यहरू रहने गरी जिल्ला विकास समितिको गठन हुन्छ। जिल्ला विकास समिति स्थानीय स्वायत्त शासनको एक अभिन्न अङ्ग र जिल्लाको सम्पूर्ण विकासको मेरुदण्डको रूपमा रहने गर्दछ। जिल्ला विकास समिति जिल्ला परिषद्द्वारा पारित तथा निर्देशित कार्यक्रमहरू सञ्चालन वा कार्यान्वयन गर्ने एक कार्यकारी अङ्गको रूपमा रहन्छ।

क) कृषि सम्बन्धी

- कृषि तथा पशु विकास सम्बन्धी जिल्ला स्तरीय नीति बनाई सो अनुरूपका कार्यक्रमहरू तर्जुमा एवम् सञ्चालन गर्ने र सञ्चालित कार्यक्रमहरूको निरीक्षण अनुगमन गर्ने, गराउने।
- जिल्लामा आवश्यक पर्ने बीऊ, मल तथा अन्य कृषि सामग्रीहरूको व्यवस्था गर्ने, गराउने।
- जिल्ला विकास क्षेत्रभित्र कृषि प्रसार सम्बन्धी सेवा उपलब्ध गर्ने, गराउने।
- कृषि हाट, बजार, मेला प्रदर्शन जस्ता कार्यहरूको प्रबर्द्धन गर्ने, गराउने।
- कृषि उपजको बजार व्यवस्थापन गर्ने, गराउने।

ख) ग्रामीण खानेपानी तथा बस्ती विकास सम्बन्धी

- जिल्ला विकास क्षेत्रको ग्रामीण इलाकामा एकभन्दा बढी गाउँ विकास क्षेत्रका जनतालाई लाभ हुने खानेपानी योजनाहरूको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने।
- जिल्ला विकास क्षेत्रको ग्रामीण इलाकामा बस्ती तथा बजारहरूको विकास सम्बन्धी योजना बनाई कार्यान्वयन गर्ने, गराउने।

ग) जलविद्युत सम्बन्धी

- ससाना ग्रामीण जलविद्युत् तथा अन्य उर्जा सम्बन्धी आयोजनाहरूको तर्जुमा, कार्यान्वयन, सञ्चालन, वितरण तथा मर्मत सम्भार गर्ने, गराउने।

घ) निर्माण तथा यातायात सम्बन्धी

- जिल्ला विकास क्षेत्र भित्रको जिल्ला स्तरीय सडकहरूको गुरु योजना तयार गरी जिल्ला परिष्दबाट स्विकृत गराउने।
- स्विकृत जिल्ला स्तरीय सडकहरूको निर्माण, सञ्चालन, अनुगमन, मूल्याङ्कन तथा मर्मत सम्भार गर्ने, गराउने।
- जिल्ला विकास क्षेत्रभित्र आवश्यक पर्ने झोलुङ्गे पुलहरूको योजना तर्जुमा निर्माण र मर्मत सम्भार गर्ने, गराउने।
- जिल्ला विकास क्षेत्रभित्र सञ्चालन हुने यातायातका साधनहरू सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।
- प्रचलित कानुन बमोजिम 'घ' श्रेणीका ठेकेदाहरूको इजाजतपत्र दिने, खारेज गर्ने र नवीकरण गर्ने कार्य सञ्चालन गर्ने।

ङ) भूमि सुधार तथा व्यवस्था सम्बन्धी

- जिल्ला विकास क्षेत्रभित्र रहेको ऐलानी तथा सरकारी पर्ती जगगाहरूको संरक्षण र सम्बर्द्धन गर्ने।

च) **महिला तथा असहाय सम्बन्धी**

- जिल्ला विकास क्षेत्रभित्रका महिलाहरूको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने ।
- राष्ट्रिय नीति अनुरूप अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपाङ्ग तथा अशक्तहरूको संरक्षण सम्बन्धी कार्य गर्ने र सामाजिक कुरीति हटाउने तथा चेलीबेटी तथा नारीको संरक्षण सम्बन्धी काम गर्ने, गराउने ।

छ) **वन तथा वातावरण सम्बन्धी**

- वन वनस्पति, जैविक विविधता र भू-संरक्षण सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने ।
- वातावरणको संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

ज) **शिक्षा तथा खेलकुद सम्बन्धी**

- जिल्ला विकास क्षेत्रभित्र विद्यालय स्थापना गर्न प्राथमिकता तोकी सिफारिस गर्ने ।
- जिल्ला विकास क्षेत्रभित्रका विद्यालयहरूको स्विकृति र खारेजीको लागि औचित्य र कारण खोली सिफारिस गर्ने ।
- जिल्ला विकास क्षेत्रभित्रका विद्यालयहरूको रेखदेख र अनुगमन गरी सञ्चालन र व्यवस्थापनमा सहयोग गर्ने ।
- जिल्ला स्तरीय प्रौढ शिक्षा एवम् अनौपचारिक शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने ।
- खेलकुद र शारीरिक विकास सम्बन्धी कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने ।
- जिल्ला स्तरीय खेलकुद विकास समिति गठन गर्ने ।

झ) **श्रमको ज्याला सम्बन्धी**

- जिल्ला स्तरमा श्रमको ज्यालादर एवम् मजदुरीको दररेट निर्धारण गर्ने ।
- बालश्रम निवारण तथा उद्धार सम्बन्धी कार्यक्रम बनाई सञ्चालन गर्ने ।

ञ) **सिँचाइ, भू-क्षय तथा नदी नियन्त्रण सम्बन्धी**

- जिल्ला विकास क्षेत्रभित्रको एक भन्दा बढी गाउँ विकास क्षेत्रमा सुविधा पुग्ने सिँचाइ, कुलो, बाँध र पैनी सम्बन्धी कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, सञ्चालन तथा मर्मत सम्भार गर्ने, गराउने ।
- भू-क्षय, नदीकटान आदिबाट प्रभावित क्षेत्रहरूमा त्यस्ता कार्यक्रमहरूको रोकथाम गर्ने सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

ट) **सूचना तथा सञ्चार सम्बन्धी**

- नगरपालिका क्षेत्र बाहेक जिल्ला विकास क्षेत्रभित्र चलचित्र भवन स्थापना गर्न स्विकृति दिने ।
- जिल्ला विकास क्षेत्रभित्रका नगरपालिका क्षेत्र बाहेक अन्य ग्रामीण क्षेत्रमा जिल्ला स्तरीय पुस्तकालय, वाचनालय र सूचना केन्द्र खोल्ने ।

ठ) **भाषा र संस्कृति सम्बन्धी**

जिल्ला विकास क्षेत्र भित्रका सांस्कृतिक एवम् धार्मिक महत्त्वका स्थानहरूको अभिलेख र मर्मत सम्भार गराई संरक्षण र सम्बर्द्धन गर्ने।

विभिन्न भाषा, धर्म र संस्कृतिहरूको सम्बर्द्धन गर्ने, गराउने।

जिल्ला विकास क्षेत्र भित्रका पुरातात्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवम् प्रयोग गर्ने, गराउने।

ड) **घरेलु उद्योग सम्बन्धी**

- जिल्ला विकास क्षेत्रभित्र स्थापना हुने घरेलु उद्योगहरूको अभिलेख राख्ने।
- जिल्लामा औद्योगिक क्षेत्रको पहिचान र विकास गर्ने।

ढ) **स्वास्थ्य सेवा सम्बन्धी**

- जिल्ला स्तरीय अस्पताल, स्वास्थ्य चौकी, आयुर्वेदिक औषधालय, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने।
- परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण तथा जनसङ्ख्या शिक्षा, जनस्वास्थ्य जस्ता कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने।
- जिल्ला विकास क्षेत्र अन्तर्गतका गाउँ विकास क्षेत्रहरूमा उपस्वास्थ्य चौकी खोल्न स्विकृति दिने र तिनको निरीक्षण तथा अनुगमन गर्ने।
- जिल्ला विकास क्षेत्रको लागि आवश्यक पर्ने औषधी र चिकित्सा सम्बन्धी औजार तथा उपकरणहरूको आपूर्ति व्यवस्था मिलाई त्यसको गुणस्तर समेतको निरीक्षण तथा अनुगमन गर्ने।
- जिल्ला विकास क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक वस्तु तथा चिजको सार्वजनिक प्रयोगमा रोक लगाउने र हटाउने।
- जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका वस्तुहरूको वेचविखन र उपयोगमा रोक लगाउने।

ण) **पर्यटन सम्बन्धी**

- जिल्ला विकास क्षेत्रभित्रको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन विस्तार र सदुपयोग गर्ने, गराउने।

त) **विविध**

- जिल्ला विकास समितिको विनिमय तर्जुमा गरी जिल्ला परिषद्मा पेश गर्ने।
- जिल्ला विकास क्षेत्रभित्रको तथ्याङ्क अद्यावधिक गर्ने।
- दैवी प्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने।
- जिल्ला विकास समितिले यस ऐनको अधिनमा रही व्यक्ति, सरकारी र गैह्र सरकारी संस्था वा व्यक्तिसँग तोकिए बमोजिम सम्झौताको जानकारी सरकारलाई दिने।

- जिल्ला विकास समितिले स्विकृत बजेटको परिधिभित्र रही कुनै सङ्घ, संस्था वा निकायलाई कार्यक्रम स्विकृत गरी अनुदान दिन सक्नेछ।
- जिल्ला विकास क्षेत्रभित्र सञ्चालित केन्द्रीय स्तरको कुनै आयोजना वा कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन नभएको वा त्यसमा कुनै किसिमको अनियमितता भएको जानकारी हुन आएमा जिल्ला विकास समितिले सो सम्बन्धमा आवश्यक सुझाव दिन वा कारवाहीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्नेछ।
- यस नियममा लेखिएका बाहेक जिल्ला विकास समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ तथा प्रचलित कानुनको अधिनमा रही जिल्लामा आवश्यक अन्य धेरै कार्यहरू नगर परिषद्को निर्देशनमा गर्न सक्नेछ।

---

7. Explain briefly the concept, type and necessity of decentralization in rural development process.

सामान्य अर्थमा विकेन्द्रीकरण अधिकार, जिम्मेवारी, दायित्व, शक्ति, स्रोत र साधनको उपयोग प्रक्रियालाई केन्द्रीय स्तरबाट स्थानीय स्तरमा पुऱ्याउने प्रक्रिया हो । यसलाई केन्द्रीकरणको ठीक विपरित प्रक्रियाका रूपमा लिन सकिन्छ । केन्द्रीकरणमा राज्यका सम्पूर्ण अधिकार, जिम्मेवारी, दायित्व, शक्ति, स्रोत र साधनहरूको उपयोग तथा परिचालन केन्द्रले वा भनौँ केन्द्रीय सरकारले गर्ने गर्दछ तर विकेन्द्रीकरणमा सीमित अधिकारहरू र दायित्व बाहेक अरू सबै स्थानीय निकायहरू वा भनौँ सरकारहरूलाई प्रदान गरिन्छ। स्थानीय निकायहरू सरकारी संयन्त्रहरू बाहेक निजी क्षेत्र, सङ्घ संस्था, नागरिक समाज जस्ता समाजका प्रचलित निकायहरूलाई पनि मान्न सकिन्छ र तिनीहरूलाई पनि अधिकार प्रदान गरी कार्य सञ्चालंन गर्ने जिम्मेवारी दिन सकिन्छ।

नेपालमा विकेन्द्रीकरण मार्फत् स्थानीय सरकारहरूलाई सवल, सक्षम र प्रभावकारी बनाई जन अपेक्षा अनुसारका क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहन गरिएको छ । विकेन्द्रीकरण विना स्थानीय सरकारहरूले कुनै काम गर्न सक्दैनन् भने स्थानीय निकाय वा सरकारहरू विना पनि विकेन्द्रीकरणको सार्थक अर्थ रहन सक्दैन । विकेन्द्रीकरणले केन्द्रको अधिकार स्थानीय स्तरसम्म पुऱ्याउने भएकाले लोकतन्त्रमा विकेन्द्रीकरण अति आवश्यक हुन्छ । विकेन्द्रीकरणका सम्बन्धमा उल्लेख गरिएका केही परिभाषाहरू यस प्रकार छन्:

विश्व बैङ्कका अनुसार, "विकेन्द्रीकरण भनेको केन्द्रीय सरकारबाट मध्यवर्ती र स्थानीय सरकार वा अर्थ स्वायत्त सरकारी सङ्गठन वा निजी क्षेत्रलाई सार्वजनिक क्रियाकलापहरू सञ्चालन गर्नका लागि अधिकार र जिम्मेवारी हस्तान्तरण गर्ने प्रक्रिया हो।"

According to **Louis Allen,** "Decentralization refers to the systematic effort delegate to the lower levels to all authority except that which can only be exercised at central point."

विकेन्द्रीकरणका प्रकारहरू (Types of Decentralization)

क) प्रशासनिक विकेन्द्रीकरण (Administrative Decentralization)

स्थानीय स्तरमा रहेका प्रशासनिक निकायहरू वा एकाइहरूलाई प्रशासनिक शक्ति तथा अधिकार प्रदान गरी सम्पन्न र सक्षम बनाउने प्रक्रियालाई प्रशासनिक विकेन्द्रीकरण भनिन्छ । प्रशासनिक विकेन्द्रीकरणले स्थानीय स्तरका जनताहरूलाई पुऱ्याउनुपर्ने सेवा तथा सुविधाहरू अख्तियार गर्नुपर्ने निर्णय, सञ्चालन गर्नुपर्ने प्रक्रिया, जुटाउनुपर्ने सहभागिता जस्ता कार्यहरू गर्न स्थानीय एकाइहरूलाई स्वतन्त्र र अधिकार सम्पन्न बनाउने कार्य गर्दछ।

ख) राजनीतिक विकेन्द्रीकरण (Political Decentralization)

राजनीतिक विकेन्द्रीकरणले सरकारका नयाँ तहहरूको संरचनागत विस्तारलाई जनाउँछ जसमा स्वायत्त क्षेत्रको संरचनात्मक विकास वा विकास क्षेत्रको निर्माण, अञ्चल, जिल्ला, नगरपालिका/गाउँ विकास समिति जस्ता स्थानीय एकाइहरूको निर्माणलाई जनाउँछ । यी निकायहरूमा अधिकार तथा शक्ति केन्द्रीय स्तरबाट स्थानान्तरण गरिने भएकाले राजनीतिक रूपमा स्थानीय एकाइहरू स्वायत्त र अधिकार सम्पन्न हुने गर्दछन्।

ग) आर्थिक विकेन्द्रीकरण (Economic Decentralization)

आर्थिक विकेन्द्रीकरणले स्थानीय निकायहरूलाई दिएको आर्थिक अधिकार तथा स्वतन्त्रतालाई जनाउने गर्दछ । आर्थिक विकेन्द्रीकरणमा स्थानीय निकायहरू आर्थिक क्रियाकलापहरू जस्तै स्रोत तथा साधनको परिचालन, उत्पादन, उपयोग, वितरण, व्यापार, उद्योगहरूको स्थापना जस्ता प्रक्रियाहरूमा स्वतन्त्र र अधिकार सम्पन्न हुने गर्दछन्।

घ) बजार विकेन्द्रीकरण (Market Decentralization)

बजार विकेन्द्रीकरणले वस्तु तथा सेवाहरूको उत्पादन तथा वितरण बजारलाई सञ्चालन् गर्न दिने भन्ने कुरालाई सङ्केत गर्ने गर्दछ। सरकारले केही कार्यहरूलाई निजी क्षेत्र एवम् गैह्र सरकारी निकायहरू मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्दछ। यस प्रक्रिया अन्तर्गत सरकारले नागरिक समाज, निजी क्षेत्र र सङ्घ संस्थाहरूलाई साधन र स्रोतको सङ्कलन, बाँडफाँड एवम् परिचालन गर्न लगाई स्थानीय उत्पादनलाई प्रबर्द्धन एवम् बजारीकरण गर्न सक्दछ।

Necessity of Decentralization in Rural Development

विकेन्द्रीकरणले नागरिकहरूका सेवा र सन्तुष्टि वृद्धि गर्नका लागि नागरिकहरूको सहभागिता वृद्धि, योजनाहरूको निर्माण कार्यान्वयन, प्रतिफलको समानुपातिक वितरण तथा स्थानीय निकायहरूलाई आर्थिक प्रशासनिक, व्यावसायिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक जस्ता क्षेत्रहरूमा अधिकार सम्पन्न बनाउने कार्य गर्दछ। विकेन्द्रीकरण स्थानीय जनताका आवश्यकता, इच्छा र अपेक्षाहरूलाई स्थानीय स्तरमै सरल र सहज ढङ्गले पूरा गर्ने एक महत्त्वपूर्ण प्रक्रियाका रूपमा आएकोले यसको महत्त्व र आवश्यकता अति धेरै रहेको पाइन्छ। यस विकेन्द्रीकरणले ग्रामीण विकास प्रक्रियामा पुऱ्याउने योगदान वा यसको आवश्यकतालाई यस प्रकारले बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छः

- विकेन्द्रीकरणले समाजमा रहने उत्पीडित जाति, वर्ग, समुदाय जस्ता कमजोर पक्षहरूलाई प्राथमिकताका साथ विकास प्रक्रियामा सहभागी गराई उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक जस्ता पक्षहरूमा सुधार ल्याउन सहयोग पुऱ्याउँछ।
- विकेन्द्रीकरणले विकेन्द्रीत योजना र कार्यान्वयन जस्ता प्रक्रियाहरूलाई अवलम्बन गर्ने भएकाले स्थानीय स्तरका स्रोतहरू परिचालन र उपयोगबाट स्थानीय स्तरको अवस्थामा सुधार ल्याउन निकै सहयोग गर्दछ।
- विकेन्द्रीकरणले स्थानीय निकायहरूलाई शक्ति, अधिकार, साधन, स्रोत, उत्तरदायित्व, जिम्मेवारी अनि आवश्यक तत्त्वहरू केन्द्रबाट प्रवाह गर्ने भएकाले स्थानीय हित तथा आवश्यकताहरूलाई प्रभावकारी रूपमा पूरा गर्न यसको अति नै आवश्यकता छ।
- विकेन्द्रीकरणले ग्रामीण विकासका लागि अति आवश्यक तत्त्वहरू जस्तै आर्थिक स्रोत, प्रशासनिक स्वायत्तता, राजनीतिक स्वायत्तता, साधन स्रोतको परिचालनमा अधिकार सम्पन्न बनाउने भएकाले यसको निकै महत्त्व तथा आवश्यकता छ।
- विकेन्द्रीकरणले आर्थिक समुन्नतिका लागि स्थानीय र केन्द्रीय स्तरको संयुक्त संलग्नतालाई आत्मसाथ गर्ने भएकाले स्थानीय हित तथा आवश्यकताहरूलाई प्रभावकारी रूपमा पूरा गर्न सहयोग पुऱ्याउने गर्दछ।
- विकेन्द्रीकरणले शासन प्रणालीलाई शासन मात्र नभएर सुशासन पनि कायम गर्न सहयोग गर्ने भएकाले ग्रामीण विकास प्रक्रियालाई निकै सहयोग पुऱ्याउने गर्दछ।
- विकेन्द्रीकरणमा स्थानीय आवश्यकता, इच्छा र अपेक्षाहरूलाई महत्त्वका साथ सुनुवाई गरी तिनै आवश्यकताहरूमा आधारित योजना, स्रोतको बाँडफाँड र परिचालन गर्ने भएकाले यसबाट ग्रामीण विकासको प्रक्रियालाई निकै सहयोग पुग्दछ।
- नेपाल जस्तो बुहभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातिय, आर्थिक विविधता तथा भौगोलिक विविधता भएको देशका लागि विकेन्द्रीकरणले सबै क्षेत्र र समुदायहरूको समान विकासका लागि आवश्यक अधिकार र शक्तिको प्रवाह गर्ने भएकाले यसले ग्रामीण विकास प्रक्रियामा निकै सहयोग पुऱ्याउँछ।
- विकेन्द्रीकरणले केन्द्रको प्रशासनिक भारलाई कम गर्ने र स्थानीय निकायहरूलाई अधिकार सम्पन्न बनाउने भएकाले विकास प्रक्रियामा रहन सक्ने ढिलासुस्ती र अनियमिततालाई पनि कम गरी काममा पारदर्शिता र द्रुतता प्रदान गर्ने गर्दछ।
- ग्रामीण विकासका लागि आवश्यक अधिकार, आर्थिक स्रोत, राजनीतिक प्रतिबद्धता, जनसहभागिता, स्थानीय साधन तथा स्रोतहरूमा स्थानीय जनताको अधिकार र संलग्नता जस्ता कार्यहरू विकेन्द्रीकरणले प्रदान गर्ने भएकाले यसको महत्त्व ग्रामीण विकासका लागि निकै धेरै मान्न सकिन्छ।

- विकेन्द्रीकरणले स्थानीय विकासका लागि स्थानीय जनताहरूलाई नै सक्षम र सबल गराउने प्रक्रिया अवलम्बन गर्ने भएकाले विकास प्रक्रिया द्रुत हुनुका साथै दीगो पनि हुन सक्दछ।
- विकेन्द्रीकरणले स्थानीय स्तरमा उपलब्ध स्रोत तथा साधनको उपयोगमा निकै महत्त्व दिने भएकाले स्थानीय स्रोतहरूको अधिक उपयोगबाट ग्रामीण विकास प्रक्रिया अगाडि बढ्न सक्दछ।
- ग्रामीण विकास प्रक्रियाको मेरुदण्डका रूपमा लिन सकिने स्थानीय मानव स्रोतको विकास, आर्थिक, स्रोतको उपलब्धता, स्रोत परिचालनमा स्वायत्तता, प्रशासनिक कुशलता जस्ता तत्त्वहरू विकेन्द्रीकरणले प्रदान गर्ने भएकाले विकेन्द्रीकरणलाई ग्रामीण विकास प्रक्रियाको एक अभिन्न अङ्ग मान्न सकिन्छ।

---

8. Point out the similarities and differences between delegation of power and devolution of authority.

शक्तिको प्रत्यायोजन (Delegation of Power)

केन्द्रीय निकाय वा सरकार वा सङ्गठन वा अधिकारीमा रहेको शक्ति तथा अधिकार स्थानीय निकाय वा सङ्गठन वा अधिकारीलाई प्रदान गर्ने प्रक्रियालाई शक्ति वा अधिकारको प्रत्यायोजन भनिन्छ। यस प्रक्रियालाई शुद्ध प्रशासनिक प्रक्रियाका रूपमा पनि लिन सकिन्छ। केन्द्रदेखि विभिन्न तह र स्तर गर्दै अधिकार तलतिर आउने र तल्लो निकाय वा अधिकारीले माथिल्लो निकाय वा अधिकारीले जस्तै शक्ति वा अधिकार प्रयोग गर्ने क्रम प्रशासनमा चलिरहन्छ। कुनै अधिकारीलाई मात्र प्रयोग गर्न दिइने खालका खास अधिकार वा शक्ति बाहेक अरू सबै तल्लो निकायमा प्रत्यायोजन गर्न सकिने खालका हुन्छन्, शक्तिको प्रत्यायोजन कुनै खास परिस्थिती वा सङ्कटका बेला गरिएको छ भने सम्बन्धित अधिकारीले फिर्ता लिन सक्दछ तर प्रत्यायोजन गर्न नसक्ने वा खास खालका अधिकार अधिकारहरू बाहेक अरू प्रत्यायोजनकै रूपमा छाडिदिन सकिन्छ। शक्तिको प्रत्यायोजन सम्बन्धमा केही विद्वान्हरूका परिभाषाहरू यस प्रकार छन्:

जे.डि. मुनीका अनुसार, “माथिल्लो अधिकारीबाट तल्लो सहायक पदाधिकारीलाई अधिकार सुम्पनुलाई अधिकार वा शक्तिको प्रत्यायोजन भनिन्छ।”

MC Lean का अनुसार, "The delegation of administrative power and authorities refers to the handing over of higher administrative powers and authorities to the lower administrative units by the higher authorities for the time being and it can taken back by the higher authorities in times of need."

उल्लेखित परिभाषाहरूबाट स्पष्ट हुन्छ कि शक्ति वा अधिकारको प्रत्यायोजन माथिल्लो निकाय वा अधिकारीसँग रहेको शक्ति वा अधिकार तल्लो निकाय वा अधिकारीलाई प्रयोग गर्न दिने कार्य हो र यो आवश्यक परेको बेला दिने वा लिने गर्न सकिन्छ र यस अधिकार प्रत्यायोजनलाई प्रशासनिक विकेन्द्रीकरण पारस्परिक विश्वास,

समन्वय र सहयोगको आदानप्रदानको रूपमा पनि लिन सकिन्छ। अधिकार प्रत्यायोजनका प्रमुख विशेषताहरूलाई यस प्रकारले प्रयोग गर्न सकिन्छः

- अधिकार प्रत्यायोजन एउटा शुद्ध साङ्गठनिक प्रक्रिया हो।
- अधिकार प्रत्यायोजन विकेन्द्रीकरणको एउटा स्वरूप हो।
- अधिकार प्रत्यायोजनले प्रशासनिक सरलता, सहजता र प्रभावकारिता ल्याउने गर्दछ।
- सक्षम व्यक्ति वा निकाय वा पदाधिकारीलाई मात्र अधिकारको प्रत्यायोजन हुने गर्दछ।
- पद, स्तर वा तहगत रूपमा अधिकारको प्रत्यायोजन हुने गर्दछ।
- अधिकार प्रत्यायोजनमा अधिकार प्रत्यायोजन भएपनि उत्तरदायित्व र जवाफदेहिता माथिल्लो निकाय वा तहमा नै रहने गर्दछ।

अधिकारको निक्षेपण (Devolution of Authority)

अधिकार निक्षेपण पनि अधिकार प्रत्यायोजन जस्तै केन्द्रीय तहमा रहेको अधिकार तल्लो तहमा पुऱ्याउने प्रक्रिया हो तर अधिकारको निक्षेपणमा साधन, स्रोत, राजस्व सङ्कलन, निर्णय गर्ने अधिकार एवम् जिम्मेवारीलाई स्थानीय स्तरका स्वायत्त निकायहरूलाई निक्षेपण गरिएको हुन्छ। अधिकार निक्षेपण कानुन बनाएर वा निश्चित सिद्धान्तका आधारमा दिइने भएकाले यो स्थायी हुन्छ तर अधिकार प्रत्यायोजन स्थायी रूपमा नरहने हुन्छ। नेपालमा स्थानीय निकायहरूले ऐनको आधारमा प्रयोग गर्ने अधिकार निक्षेपण गरिएको अधिकार हो र यस अन्तर्गत स्थानीय निकायहरू कर सङ्कलन, निर्णय लिने, सानातिना मुद्दाहरूको फैसला गर्ने, नीति, नियम, उपनियम बनाउने जस्ता कार्यहरू स्वतन्त्र र प्रभावकारी रूपमा गर्न सक्दछन्। अधिकारको निक्षेपण सम्बन्धमा उल्लेखित विभिन्न परिभाषाहरू यस प्रकारका छन्:

Mclean का अनुसार, "Devolution of power is the grant of power an upper level of government to a lower one. On contrast to federalism where each tier has protected areas of power a develop government remains constitutionally subordinate to the government which gave it its power and which could in principle revoke it."

इन्द्र कार्कीका अनुसार, "कानुनद्वारा अर्थात् कानुन बनाएर स्थापित सक्षम स्थानीय निकायलाई अधिकार, जिम्मेवारी, स्रोत साधन र राजस्व उपार्जनका अधिकार प्रदान गर्नुलाई अधिकार निक्षेपण भनिन्छ। यस्ता निकायलाई दिएका अधिकार सामान्य प्रशासनिक प्रक्रियाद्वारा फिर्ता गर्न सकिँदैन। यो केन्द्र र स्थानीय निकाय माझको अधिकार, जिम्मेवारी र स्रोत, साधनको बाँडफाँड गर्ने प्रक्रिया हो र यो शासन पद्धतिको पुनर्संरचना हो। यो अधिकार प्रयोग गर्नेले सम्बन्धित मतदाता प्रति नै उत्तरदायित्व बेहोर्नुपर्दछ। संविधानमा नै केन्द्र र स्थानीय निकाय बीच अधिकार र जिम्मेवारीको बाँडफाँड गरेमा निक्षेपण पूर्ण हुने देखिन्छ।

माथि उल्लेख गरिएका परिभाषाहरूको निष्कर्ष यो हुन्छ कि अधिकारको निक्षेपण राजनीतिक रूपमा विकेन्द्रीकरणको प्रक्रिया हो, यसमा अधिकारको निक्षेपण कानुनद्वारा नै गरिएको हुन्छ। कानुनी रूपमै अधिकारको निक्षेपण गरिने भएकाले अधिकार प्रत्याहरणको लागि पनि कानुन नै बनाउनुपर्ने हुन्छ। अधिकार निक्षेपणले केन्द्र वा स्थानीय निकायहरू सबैलाई फाइदा पुग्दछ भने अर्कोतिर प्रशासनिक झण्झट पनि कम भएर जान्छ। अधिकार निक्षेपणका मुख्य विशेषताहरूलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छः

- स्थानीय र केन्द्रीय स्तरका कार्यहरूको विभाजन कानुनले गर्ने भएकाले केन्द्र र स्थानीय निकाय बीच काममा स्पष्टता रहन्छ।
- अधिकार निक्षेपण कानुनद्वारा नै गरिने भएकाले स्थानीय निकायहरूमा केन्द्रको प्रत्यक्ष वा ठाँडो नियन्त्रण रहँदैन।
- अधिकार निक्षेपणले स्थानीय निकायहरूलाई निर्णय, नीति, नियम, उपनियम बनाउन कर तथा दस्तुर सङ्कलन, साधन स्रोतको परिचालन गर्न स्वतन्त्रता वा स्वायत्तता प्रदान गर्दछ।
- स्थानीय स्तरमा जन प्रतिनिधि मार्फत प्रशासनिक, आर्थिक, सामाजिक, राजनीतिक जस्ता क्रियाकलापहरू सञ्चालन गरिने भएकाले जन अपेक्षाको कदर हुने गर्दछ।
- अधिकारको निक्षेपणले स्थानीय जनतालाई प्रशासनिक, न्यायिक तथा आर्थिक क्रियाकलापमा सरलता र सहजता प्रदान गर्दछ।
- अधिकार निक्षेपाणले केन्द्र र स्थानीय निकायहरू बीच समन्वय र सहकार्य तथा सहयोगी वातावरणको सृजना गर्दछ।

Similarities between Delegation of Power & Devolution of Authority

- प्रत्यायोजन र निक्षेपण दुवै प्रक्रियाले शक्ति, अधिकार, स्रोत साधन, उत्तरदायित्व केन्द्रबाट तल्लो निकायमा पठाउने मान्यता राख्दछन्।
- प्रत्यायोजन र निक्षेपण दुवै विकेन्द्रीकरणका माध्यमद्वारा शक्ति, अधिकार, उत्तरदायित्व, जवाफदेहिता जस्ता क्रियाकलापहरू स्थानान्तरण गर्ने प्रक्रिया हुन्।
- अधिकारको प्रयोग गर्ने र गराउने व्यक्तिहरू यी दुवै प्रक्रियामा कानुनद्वारा निर्मित हुन्छन्।
- यी दुवै प्रक्रियामा स्थानीय स्तरको दायित्व तथा कार्य विवरण र प्रतिवेदन बुझाउनुपर्ने हुन्छ।
- राष्ट्रिय लक्ष्य र उद्देश्यलाई यी दुवै प्रक्रियाले आत्मसाथ गर्नै पर्दछ।
- केन्द्रीय स्तरबाट निगरानी, अनुगमन तथा मूल्याङ्कन यी दुवै प्रक्रियालाई लागू हुन्छ।
- यी दुवै प्रक्रिया अधिकारको प्रशारण तथा रूपान्तरण जनताको सहजता, सरलता र कल्याणका लागि हुने गर्दछ।
- यी दुवै प्रक्रियामा जनसहभागिता र जनचाहनालाई पूरा गर्नका लागि कार्य सञ्चालन हुने गर्दछन्।

- यी दुवै प्रक्रियाले राष्ट्रिय मुद्दाहरूमा स्वतन्त्र निर्णय लिन सक्दैनन्।
- अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय सुरक्षा, अखण्डता र राष्ट्रिय हितको लागि केन्द्रलाई स्विकार्नु पर्दछ।

9. Differences between delegation of power and devolution of authority

अधिकार प्रत्यायोजन	अधिकार निक्षेपण
यो तत्काल फिर्ता लिन सकिने वा स्थायी प्रकृतिकै दुवै हुन सक्दछ।	यो तत्काल फिर्ता लिन नसकिने कानुनद्वारा निर्दिष्ट गरेको स्थायी हुन्छ।
अधिकार प्रत्यायोजन भए पनि उत्तरदायित्व अधिकार दिने प्रति रहन्छ।	यसमा उत्तरदात्यिव निर्वाचित गर्ने वा कानुन प्रति रहन्छ।
यसमा अधिकार प्रदान गर्नेले कार्य निर्देशिका, सीमा आदि तोकेको हुन्छ र अधिकार प्राप्त गर्ने निकाय र व्यक्ति निर्देशित रहन्छ।	यसमा नियम र कानुनको अधिनमा रही कार्य सञ्चालन गर्ने भएकाले कानुनद्वारा निर्देशित रहन्छ।
यस प्रक्रियामा मातहतका समान तहका तथा सरकारी/गैह्र सरकारी स्वायत्त संस्थाहरूलाई वा स्थानीय निकायलाई अधिकार तथा शक्ति स्थानान्तरण गर्ने प्रक्रिया हो।	यो राज्यको प्रचलित कानुनद्वारा निर्वाचित निकायहरूलाई शक्ति, अधिकार, स्रोत, साधन, उत्तरदायित्व जस्ता तत्त्वहरू निक्षेपण गर्ने प्रक्रिया हो।
प्रत्यायोजनमा केन्द्रले तोके अनुसार गर्नु पर्ने हुन्छ।	निक्षेपणमा कानुनको अधिनमा रही जनताका इच्छा, अपेक्षा तथा आवश्यकताहरूको परिपूर्ति गर्नुपर्ने हुन्छ।
यसमा अधिकार लिने दिने प्रक्रिया चलिरहन्छ र यो बाध्यात्मक हुँदैन।	यसमा कानुन अनुसार दिने भएकाले फिर्ता गर्न पनि फेरी कानुन नै निर्माण गर्नुपर्ने हुन्छ।
यसमा शक्तिको प्रयोग तथा प्रशासनलाई प्रक्रियागत सञ्चालनमा ध्यान दिने गरिन्छ।	यसमा समाजमा पिछडिएका वर्ग, जाति, समुदाय जस्ता विषयमा ध्यान दिने गरिन्छ।
यसमा केन्द्रको प्रत्यक्ष प्रभाव तथा निगरानी रहन्छ।	यसमा केन्द्रको प्रत्यक्ष निगरानी रहँदैन। कानुन अनुसारको स्वतन्त्रता रहन्छ।
यसमा सङ्गठन र संरचना केन्द्रले तोके अनुसारको हुन्छ।	यसमा स्थानीय सङ्गठन र संरचना केन्द्रले तोके बाहेक पनि कानुनको अधिनमा रही हुन सक्दछन्।

10. Explain the role of non-governmental organizations in rural development process.

गैह्र सरकारी संस्थाको अर्थ र परिभाषा
(Meaning and Definition of Non-governmental Organization)

सामान्य अर्थमा गैह्र सरकारी संस्था भन्नाले सरकार भन्दा भिन्दै संयन्त्र निर्माण गरी कार्य सञ्चालन गर्ने संस्थाहरू भन्ने बुझिन्छ । सरकारको प्रत्यक्ष नियन्त्रण भन्दा बाहिर रहने यस प्रकारका गैह्र सरकारी संस्थाहरू समाजका विभिन्न वर्ग र व्यवसायसँग सम्बन्धित व्यक्तिहरू आपसमा सङ्गठित भई कुनै साझा उद्देश्य र लक्ष्य प्राप्तिका लागि सामूहिक कार्य सञ्चालन गरिएको सङ्गठित संयन्त्रलाई गैह्र सरकारी संस्था भनिन्छ । यस प्रकारका गैह्र सरकारी संस्थाहरू निश्चित साझा उद्देश्यहरू परिपूर्तिका लागि सिद्धान्तः नाफा रहित, राजनीति रहित, जन आकाङ्क्षाहरूलाई पूरा गर्नका लागि स्थापना हुने गर्दछन् । समाजमा रहेर सामाजिक कल्याण, चेतना अभिवृद्धि, जनपरिचालन, सेवा तथा सुविधाहरूको पर्याप्तताका लागि नागरिकहरू नै सङ्गठित भएर साझा उद्देश्यहरू पूरा गर्नका लागि पर्ने एक सङ्गठित संयन्त्रलाई अर्को अर्थमा गैह्र सरकारी संस्था भनिन्छ।

गैह्र सरकारी संस्थाका सम्बन्धमा **गोविन्द न्यौपाने** भन्दछन्, "गैह्र सरकारी संस्थाहरू मुख्यतया एक वा एकभन्दा बढी उद्देश्यहरू राखिएका र सङ्गठित भएका सामाजिक कार्यकर्ताहरू, विकास व्यवसायीहरू, परोपकार कार्यकर्ताहरू, मानव अधिकारवादी कार्यकर्ताहरू, वातावरण संरक्षण सम्बन्धी कार्यकर्ता आदिका कार्यकर्ता हुन्, जुन आम रूपमा अरूका लागि काम गर्दछन् । यिनीहरू सामाजिक सेवा लगायतका विकास र कल्याणकारी कामलाई व्यवस्थित गर्ने कानुन अन्तर्गत दर्ता भएका र प्राथमिक उद्देश्यको रूपमा नाफाको लागि काम नगर्ने प्रतिबद्धता व्यक्त गर्ने सामाजिक संस्थाहरू हुन् ।"

कोर्टनका अनुसार, "NGO/INGOs are the developmental organization which may play catalytic role in fostering people's participation and empowering them with the motives and non-profitable and non-loss basis."

सङ्घ संस्था दर्ता ऐन, २०३४ का अनुसार, "संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरूको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएका सङ्घ, संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र सम्झनुपर्दछ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउँछ।"

Role of NGO in Rural Development

गैह्र सरकारी संस्थाहरूलाई मुख्यगरी सन् १९९० को दशक र त्यसपछि निरन्तर रूपमा विकासका क्रियाकलापहरू सञ्चालन गर्नका लागि निकै महत्त्व दिने गरिएको छ। मुख्य रूपमा निजीकरण उदारीकरण र विश्वव्यापीकरणको तरंग विश्वभरी फैलिएपछि विश्व अर्थ व्यवस्थामा राज्यको प्रभाव घट्दै जानु र निजी क्षेत्रको संलग्नता बढ्दै जानुले

गैह्र सरकारी संस्थाहरूको प्रभाव बढ्दै गएको पाइन्छ। सकेसम्म न्यून शासन र सकेसम्म बढी स्वतन्त्रता प्रदान गर्ने उदारीकरणको मान्यताले गैह्र सरकारी संस्थालाई/क्षेत्रलाई नि प्रभाव पार्‍यो र यस प्रकारका गैह्र सरकारी संस्थाहरू निकै फैलिन पुगे। समाजमा व्या गरिबी, बेरोजगारी, कुपोषण, रोग, वातावरण विनास जस्ता नकारात्मक प्रभावहरू बढ् गएपछि राज्यलेमात्र समाधान गर्न नसक्ने अवस्थाको सृजना भयो जसको फलस्वरूप गै सरकारी संस्थाहरू यस प्रकारका कार्यहरूमा लाग्न थाले। यसरी नै गैह्र सरका संस्थाहरूले सामाजिक समस्याहरूलाई समाजमै गएर समाधान गर्ने प्रयास गर्दा उनीहरूको प्रयास सार्वजनिक क्षेत्रको भन्दा सफल र प्रभावकारी देखिएपछि गैह्र सरका संस्थाहरूको प्रभाव र गतिशीलता बढ्न पुग्यो। गैह्र सरकारी संस्थाहरूले ग्रामी विकासमा खेल्ने भूमिकाहरूलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छः

क) ग्रामीण स्रोत साधनको परिचालन (Mobilization of Rural Resources)

गैह्र सरकारी संस्थाहरूको ग्रामीण विकास प्रक्रियामा रहने भूमिकाहरू मध्ये ग्रामी स्रोत साधनको परिचालन एक हो। गैह्र सरकरी संस्थाहरू स्थानीय स्रोत परिचालन स्थानीय स्तरमा सञ्चालित साना तथा घरेलु उद्योगहरू प्रवर्द्धनका जननी मानिन्छन् स्थानीय स्रोतहरूबाट उत्पादित समानहरूबाट आय आर्जन वृद्धि गर्नका लागि गैह्र सरका संस्थाहरूले विशेष भूमिका खेल्ने गर्दछन्। स्थानीय स्तरमा अल्लो, नेपाली काग विभिन्न फलफूलका जुसहरूको उत्पादन, नगदेबालीहरूको प्रशोधन आदि जस्ता स्थानी उत्पादन र स्रोतबाट बनेका उत्पादनहरू गैह्र सरकारी संस्थाहरूको सक्रियतामा बजार स पुग्ने गरेको पाइन्छ। नेपालमा अहिले २५,५०० भन्दा बढी गैह्र सरकारी संस्थाहरू भए तथ्याङ्कले देखाउँछ। जसमध्ये २० प्रतिशत युवा विकासका लागि १० प्रतिशत महि विकासका लागि २ प्रतिशत बालबालिकाको हित तथा संरक्षणका लागि २ प्रति स्वास्थ्य तथा सरसफाइका लागि र १ प्रतिशत शिक्षा क्षेत्रको विकासका लागि कार्य छन्।

ख) सहभागितामा आधारित विकासको प्रवर्द्धन (Promotion of Participatory Development)

गैह्र सरकारी संस्थाहरूले ग्रामीण समाजमा रहेका विभिन्न पिछडिएका जात, जा वर्ग र समुदायलाई सचेत गराई उनीहरूकै आवश्यकताका आधारमा विकास क्रियाकलाप सञ्चालन गर्न सहयोग पुर्‍याउँदै आइरहेका छन्। गरिबी न्यूनिकर सामाजिक, सांस्कृतिक बन्धनहरूको निराकरण, पिछडिएका वर्ग तथा जातिहरूलाई प्रवाहीकरण जस्ता प्रक्रियाहरू गैह्र सरकारी संस्थाहरूका विशेष महत्त्वका कार्यक्रममा गर्दछन्। सामाजिक रूपमा सचेत गराई विकास प्रक्रियामा संलग्न गराउन र विक प्रक्रियालाई सरल र दीगो बनाउन गैह्र सरकारी संस्थाहरूले भूमिका खेल्दै आइरहेका छ यस प्रकारको भूमिकालाई गैह्र सरकारी संस्थाहरूको सामाजिक भूमिकाका रूपमा लिन सकिन्छ।

ग) ग्रामीण मानवीय स्रोतको परिचालन
(Mobilization of Rural Human Resource)

गैह्र सरकारी संस्थाहरूले ग्रामीण विकासको प्रक्रियामा पुऱ्याउने वा खेल्ने अर्को भूमिका भनेको मानवीय स्रोतको परिचालन पनि हो । ग्रामीण समाजमा सीप भएर वा नभएर दिनभर बेकाम बस्नुपर्ने मानवीय स्रोतलाई आवश्यक सीप प्रदान गरी स्थानीय स्रोतहरूबाटै उत्पादन गर्न सकिने विभिन्न सामानहरू उत्पादन गर्न लगाई रोजगार तथा स्वरोजगार बनाउने कार्य पनि गैह्र सरकारी संस्थाहरूले गर्दै आइरहेका छन् । समाजमा गएर सामाजिक समूहहरू निर्माण गरी सामूहिक कार्य गर्न लगाउने वा व्यक्तिगत रूपमा पनि व्यवसाय गर्नका लागि उत्प्रेरकको भूमिका खेल्ने कार्य गर्दै आइरहेका छन् ।

घ) गरिबी न्यूनिकरण (Poverty Reduction)

गैह्र सरकारी संस्थाहरूले ग्रामीण विकास प्रक्रियामा खेल्ने अर्को भूमिका गरिबी न्यूनिकरण गर्न पनि हो । गैह्र सरकारी संस्थाहरूले विभिन्न सहुलियतहरू तथा सहुलियत कर्जा प्रवाह गरी आय आर्जन गर्न लगाई गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउँदै आइरहेका छन् । गैह्र सरकारी संस्थाहरूले मुख्य रूपमा आय आर्जनका लागि तरकारी खेती, बंगुर पालन, कुखुरा पालन, बाखा पालन, हाँस पालन, फलफूल खेती जस्ता साना लगानीबाट सञ्चालित कार्यक्रमहरूबाट आय आर्जन गर्न लगाई गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउँदै आइरहेको पाइन्छ ।

ङ) आर्थिक विकासका लागि सहयोगी
(Helpful to Economic Development)

गैह्र सरकारी संस्थाहरूले ग्रामीण समाजमा खेल्ने अर्को भूमिकाको रूपमा आर्थिक विकास पनि हो । विभिन्न आयमूलक कार्यक्रमहरू ग्रामीण समाजमा सञ्चालन गर्दा यसले अन्ततः राष्ट्रिय रूपमा आर्थिक विकासमा पनि टेवा पुऱ्याइरहेको हुन्छ । ग्रामीण समाजका स्रोत तथा साधनहरूलाई आर्थिक उपार्जनमा लगाउने कार्य गैह्र सरकारी संस्थाहरूले गर्ने भएकाले यस प्रकारका संस्थाहरूले आर्थिक विकासमा पनि टेवा पुऱ्याइरहेका छन् ।

च) दीगो विकासका लागि उत्प्रेरक (Catalyst to Sustainable Development)

गैह्र सरकारी संस्थाहरूले ग्रामीण समाजमा विकास मात्र नभएर दीगो विकासका लागि पनि उत्प्रेरकको भूमिका खेल्दै आइरहेका छन् । सरकारी निकायबाट सम्पन्न विकासका कार्यहरूलाई लामो समयसम्म जोगाइ राख्न र उपयोगमा ल्याइरहन सक्ने अवस्था सृजना गर्दै गैह्र सरकारी संस्थाहरूले दीगो विकासमा ध्यान दिंदै आएको पाइन्छ ।

---

1. What do you mean by public policy? Mention the stages of public policy formulation.

सामान्य अर्थमा सार्वजनिक नीति भन्नाले सरकारले अवलम्बन गर्ने नीतिलाई बनाउने गर्दछ । सार्वजनिक नीतिहरू सरकार तथा सरकारका कर्मचारीहरूले बनाउने र

कार्यान्वयन गर्ने गर्दछन् र समाजमा सरकारका नियम, कानुन, नीति तथा स्रोतहरू वितरण गर्ने गरिन्छ। यस सन्दर्भबाट बुझ्नुपर्दा सार्वजनिक नीतिलाई कानुन तथा नियम प्रणाली, कार्य सञ्चालनका तरिकाहरू, कार्य विधि, प्राथमिकताहरूको निर्धार सरकारका तथा सरकारी संयन्त्रका प्रतिनिधिहरूको सम्बन्धित विषयमा रहेको दक्षता आधारमा तयार गरिने कार्य प्रणालीको रूपमा लिन सकिन्छ। यस प्रकारका नीतिहरू रा सञ्चालनसँग वा भनौँ राज्यमा सुव्यवस्था कायम गर्ने प्रक्रियासँग सम्बन्धित हुन्छन सार्वजनिक नीति के हो र कसरी यसलाई बुझ्न सकिन्छ भन्ने सम्बन्धमा विज्ञहरू फरकफरक मत जाहेर भएको देखिन्छ। यस सम्बन्धमा केही विज्ञहरूका परिभाषा प्रकारका छन्:

रोवर्ट लाइनवेरीका अनुसार, "सार्वजनिक नीति नागरिकहरूका लागि सरकारले गर्दछ र के गर्न सक्दैन भन्ने हो।"

थोमस आर. डाइका अनुसार, "सार्वजनिक नीति सरकारले के गर्न खोज्दछ र के खोज्दैन भन्ने हो।"

Y. Dror का अनुसार, "Public policy is the feneral directive on t main lines of action to be followed." अर्थात् जनताले पालन गर्नुपर्ने क सम्बन्धी राज्यले जारी गरेको निर्देशन नै सार्वजनिक नीति हो।

माथिका परिभाषाहरूबाट स्पष्ट हुन्छ कि सार्वजनिक नीति राज्यको कानु निर्देशन गरे अनुरूप राज्य सञ्चालन गर्नका लागि र सुव्यवस्था कायम गर्नका ल सरकारले अख्तियार गर्ने जिम्मेवारी र उत्तरदायित्वको दस्तावेज हो।

Characteristics of Public Policy

- सार्वजनिक नीति लक्ष्य र उद्देश्यतर्फ उन्मुख हुने गर्दछ।
- यो कार्य विधि वा कार्यसँग सम्बन्धित हुने गर्दछ।
- यो सकारात्मकका साथै नकारात्मक प्रतिफल दिने पनि हुन सक्दछ।
- यसले सरकारको वास्तविक कार्यको प्रतिविम्व प्रस्तुत गर्दछ।
- यो व्यावहारिक र सरल हुने गर्दछ।
- यसले सरकारको धारणा र प्राथमिकतालाई समेत समेट्ने गर्दछ।

Stages of Public Policy Formulation

सार्वजनिक नीति निर्माणका निम्न अनुसारका चरणहरू हुने गर्दछन्:

क) विषयको निर्धारण/समस्याको पहिचान

सार्वजनिक नीति निर्माणको प्रथम चरणका रूपमा विषयको निर्धारण पर्द विषयको निर्धारण गर्नका लागि समस्याको पहिचान गर्न सक्नुपर्दछ। समस्याको पहि गर्दा समस्याको प्रकृति, प्रभाव, कारण, स्वरूप जस्ता तत्त्वहरूमा ध्यान दिनु आवश्यक हुन्छ। समस्या पहिचान गर्न अन्य बृहत् तत्त्वहरूलाई पनि ध्यान दिनु आवश हुन्छ त्यस प्रकारका बृहत् तत्त्वहरूमा विचारधारा, राजनीति, अर्थतन्त्र, सङ्कटहरू, द विषय निर्धारणको प्रचुरता आदि पर्दछन्।

ख) विकल्पहरूको छनोट

समस्याको समाधान स्वरूप नीति निर्माण गरिने भएकाले समस्या बुझेर विभिन्न विकल्पहरू मध्ये उचित विकल्पहरूको छनोट यस चरणमा गर्ने गरिन्छ। विकल्पहरूको छनोट गर्दा उचित ध्यान पुऱ्याउनुपर्ने तत्त्वहरूमा उपलब्ध सामग्रीहरू, प्रविधिको सम्भावना वा छनोट, प्राप्त गर्न सकिने सहयोग, उत्तरदायित्व बहन गर्ने निकायहरू र उनीहरूबाट प्राप्त गर्न सकिने समर्थन र सहयोग जस्ता तत्त्वहरूमा विशेष ख्याल गर्नुपर्ने हुन्छ।

ग) परिणामहरूको परिकल्पना/आंकलन

नीति निर्माणको अर्को महत्त्वपूर्ण चरणका रूपमा परिणामहरूको परिकल्पनालाई लिन सकिन्छ। समस्या पहिचान पछि विकल्पहरू वा जवाफहरूको निर्धारण पश्चात् परिणामहरूको आंकलन वा परिकल्पना गर्ने गरिन्छ। नीति निर्माण र कार्यान्वयन पश्चात् त्यस नीतिले ल्याउन सक्ने परिणामहरूलाई यस चरणमा आंकलन गरिन्छ। यदि परिणाम राम्रो नआउने भएमा पुनः समस्याको पहिचान र विकल्पहरूको निर्धारण गरी परिणामहरूको आंकलन गर्नुपर्ने हुन्छ।

घ) निर्णय निर्माण/नीति निर्माण

निर्णय निर्माण प्रक्रिया नीति निर्माणको अन्तिम चरणका रूपमा लिन सकिन्छ। निर्णय निर्माण पछि नीति तयार भई कार्यान्वयनमा जाने गर्दछ। यस चरणमा विभिन्न सरोकारवाला पक्षहरूसँग छलफल गरी अन्तिम निर्णय लिने गरिन्छ।

ङ) निर्णयको कार्यान्वयन/नीतिको कार्यान्वयन

निर्णयको कार्यान्वयनलाई नीतिको कार्यान्वयनकै रूपमा पनि बुझ्न सकिन्छ। नीतिको अति महत्त्वपूर्ण चरणका प्राप्त निर्देशनहरूका आधारमा नीतिलाई कार्यान्वयन गर्ने गरिन्छ। नीतिको अति महत्त्वपूर्ण चरणका रूपमा निर्णयको कार्यान्वयनलाई लिने गरिन्छ। नीति सफल वा असफल के हुने भन्ने यसै चरणले निर्धारण गर्ने गर्दछ।

च) मूल्याङ्कन

नीति निर्माणका चरणकै रूपमा नीतिको मूल्याङ्कनलाई समावेश गर्नु आवश्यक मानिन्छ। किनभने नीतिले पार्ने प्रभावलाई प्रत्यक्ष रूपमा मूल्याङ्कनले प्रभाव पार्ने गर्दछ। मूल्याङ्कनका विभिन्न निर्धारकहरू नीति निर्माणसँगै तयार गर्नुपर्ने हुन्छ। नीतिले जेलाई लक्षित गर्दछ त्यसैलाई प्राप्त गर्न सकियो कि सकिएन भन्ने तथ्य मूल्याङ्कनले स्पष्ट गर्दछ।

12. Describe the policy making process of village development committee.

स्थानीय स्तरका स्रोत तथा साधनको परिचालन, प्राकृतिक सम्पदाहरूको संरक्षण र स्थानीय स्तरको विकासका लागि निश्चित प्रक्रिया पुऱ्याएर योजना, नीति तथा निर्णय गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ ले व्यवस्था गरेको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाउँ विकास समितिले आफ्नो क्षेत्रमा गर्नुपर्ने

योजना, नीति तथा निर्णय प्रक्रिया सामान्यतः बहुमतका आधारमा गर्ने व्यवस्था गरेको छ। गाउँ विकास समितिले निर्माण गर्ने नीतिका बारेमा स्थानीय स्वायत्त शासन ऐन २०५५ ले उल्लेख नगरे पनि गाउँ विकास समितिले निर्माण गर्ने योजना तथा निर्णयहरूको बारेमा यस प्रकारको व्यवस्था गरेको छ।

१. आयोजनाको निर्माण

गाउँ विकास समितिले प्रभावकारी योजना बनाउन तथा सीमित स्रोत साधनबाट अधिकतम फाइदा लिनका लागि निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छः

क) उत्पादनमूलक र छिटो लाभ प्राप्त गर्न सकिने,

ख) जीवनस्तर, आम्दानी बढाउने, रोजगारी सृजना गर्ने र समग्रमा गरिबी न्यूनिकरण गर्न सहयोग पुऱ्याउने,

ग) कम लागत र बढी जनसहभागिता जुटाउन सकिने,

घ) स्थानीय स्रोत, साधन र सीपबाट सञ्चालन गर्न सकिने,

ङ) पिछडिएका वर्ग तथा समुदायलाई प्रत्यक्ष फाइदा पुऱ्याउने,

च) वातावरण मैत्री हुने,

छ) तुलनात्मक रूपमा धेरै लाभ लिन सकिने,

ज) महिला तथा बालबालिकाहरूलाई प्रत्यक्ष लाभ प्रदान गर्न सकिने,

झ) गा.वि.स.का स्रोत साधनहरूको भरपुर उपयोग हुने।

२. स्रोत नक्साको तयारी

गा.वि.स.ले योजना बनाउँदा गा.वि.स. भित्र रहेका विभिन्न स्रोतहरूको नक्सा तयार गर्नुपर्ने हुन्छ। नक्सामा स्पष्ट रूपमा सीमाना, क्षेत्रफल, धरातल, नदीनाला, कुवा, अस्पताल, शैक्षिक संस्था जस्ता अन्तरवस्तुहरू देखिनु आवश्यक हुन्छ।

३. योजनाको सम्भाव्यता अध्ययन

कुनै पनि योजना वा नीति निर्माण गर्दा त्यसको सम्भाव्यता अध्ययन अति महत्त्वपूर्ण हुने गर्दछ। गा.वि.स.ले आयोजना निर्माणको प्रक्रियामा सम्भाव्यता अध्ययन गर्दा निम्न कुराहरूलाई स्पष्ट पार्नु जरुरी हुन्छः

क) आयोजनाको लक्ष्य,

ख) आयोजनाबाट फाइदा पाउने जनताको सङ्ख्या र फाइदाको किसिम,

ग) छनोट गर्न लागिएको आयोजना नयाँ वा अपूरो पूरा गर्नुपर्ने कुन खालको हो त्यसबारे स्पष्ट,

घ) उक्त आयोजना सञ्चालन नगर्दा अन्य उपायबाट त्यसले पूरा गर्ने आवश्यकता पूरा गर्न सकिन्छ वा सकिँदैन त्यसबारे जानकारी,

ङ) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च तथा सामग्रीको मूल्य एवम् समयको अनुमान,

च) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम तथा त्यस्तै अन्य योगदान,

छ) उपभोक्ताहरूबाट उठ्न सक्ने शुल्क तथा मर्मत संभार खर्च वा सञ्चालन व्यवस्था,

ज) आयोजनाका बारेमा अन्य आवश्यक विवरणहरू ।

४. आयोजनाको छनोट

सम्भाव्यता अध्ययन, स्रोतहरूको उपलब्धताको अध्ययन गरिसकेपछि गा.वि.स.ले आफ्नो क्षेत्रमा सञ्चालन गर्ने योजनाको छनोट गर्न सक्दछ तर आयोजनाको छनोट गर्दा निम्न कुराहरूमा ध्यान दिनु जरुरी हुन्छः

क) गा.वि.स.को स्रोत नक्सा अनुसार उपयुक्त छ वा छैन,

ख) सम्भाव्यता अध्ययन प्रतिवेदनले आयोजनाको बारेमा दिएको औचित्य र आवश्यकता अनुरूप छ वा छैन,

ग) आयोजनाको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको आंकलन,

घ) स्थानीय बासिन्दाको सहभागिता जुटाउन सकिने वा नसकिने,

ङ) आयोजना सञ्चालनका लागि गा.वि.स.लाई प्राप्त हुने सहयोगको बारेमा अध्ययन,

च) छनोट गरिएका आयोजनाका बारेमा सम्बन्धित क्षेत्रका बासिन्दालाई जानकारी ।

५. गाउँ विकास समिति र सरकारी, गैह्र सरकारी निकायहरू बीच समन्वय

गा.वि.स.ले सरकारी तथा गैह्र सरकारी संस्थाहरूबाट विभिन्न आयोजनाहरू बनाई कार्यान्वयन गर्नका लागि उनीहरूसँग आवश्यक समन्वय गर्नुपर्ने हुन्छ । गा.वि.स.ले आयोजना बनाउँदा सरकारी, गैह्र सरकारी तथा दातृ संस्थाहरूसँग देहायका विषयमा समन्वय कायम गर्नुपर्दछः

क) कुनै पनि सेवाका क्षेत्रमा गरिने लगानीमा गाउँ विकास समिति र सम्बन्धित निकायहरू बीच रहन सक्ने दोहोरोपना हटाउने,

ख) लगानीकर्ताहरू बीच आपसमा परिपूरक समन्वय कायम गर्ने,

ग) दुवैको कार्यविधिमा उपभोक्ताहरूको भूमिका मुख्य रूपले कायम गर्ने,

घ) लगानीबाट गाउँ बासीले अधिकतम लाभ हाँसिल गर्न सक्ने तरिका अपनाउने,

ङ) विभिन्न कार्यक्रम कार्यान्वयनको समयतालिका निर्धारण गर्ने ।

६. योजनाको सञ्चालन

गा.वि.स.मा आफ्नै स्रोत व्यवस्थापन तथा अन्य विकास र संस्थाको सहायताबाट आयोजनाहरू सञ्चालन हुन्छन् । समग्रमा हेर्दा गा.वि.स.मा देहाय बमोजिम योजनाहरू सञ्चालन हुन्छन्:

क) गा.वि.स.को आफ्नै स्रोतबाट,

ख) जिल्ला विकास समितिको अनुदानबाट,

ग) सरकारको अनुदानबाट,

घ) विभिन्न गैह्र सरकारी सङ्घ संस्थाहरूबाट ।

गा.वि.स.मा विभिन्न सङ्घ संस्था तथा निकायका मातहतका योजनाहरू सञ्चालनमा रहेका हुन्छन् । तिनीहरूको सञ्चालन प्रक्रिया निम्न अनुसार हुने कुरा उल्लेखित छः

क) गा.वि.स. आफूले बनाएका योजना छनोट गरेपछि सञ्चालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

ख) गैह्र सरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रम गा.वि.स.सँग सम्झौता गरी सञ्चालन गराउनु पर्नेछ।

ग) जिल्ला योजनामा समावेश गर्ने आयोजनाहरू गाउँ परिषद्बाट पारित जिल्ला विकास समितिमा पठाउनु पर्दछ।

घ) गा.वि.स.ले सञ्चालन गर्ने कार्यक्रम गैह्र सरकारी संस्थाहरूको लगानी समेत हुने अवस्थामा दुई संस्था बीच भएको सम्झौता अनुसार आयोजना सञ्चालन हुन्छ।

ङ) गा.वि.स. भित्र सरकारको अनुदानबाट सञ्चालन हुने विशेष आयोजना सरकारद्वारा तोकिएको प्रक्रिया बमोजिम सञ्चालन हुन्छ।

च) गाउँ विकास क्षेत्रमा रहेको नगर विकास समितिले योजना तर्जुमा गर्दा गा.वि.स.को परामर्शमा गर्नेछ।

७. आयोजनाको व्यवस्थापन र कार्यान्वयन

गाउँ स्तरका आयोजनाको सञ्चालन तथा व्यवस्थापन तल उल्लेख गरे अनुसार हुने व्यवस्था छः

क) गा.वि.स.मा आयोजनाको सञ्चालन उपभोक्ता समिति मार्फत गरिने,

ख) उपभोक्ता समितिका सदस्यलाई आवश्यक परेमा तालिमको व्यवस्था,

ग) उपभोक्ता समितिले आयोजनाबाट फाइदा लिने उपभोक्ताबाट सेवा शुल्क लिन सक्ने,

घ) यसरी उठेको रकम उपभोक्ता समितिले मर्मत सम्भारमा खर्च गर्ने,

ङ) उपभोक्ता समितिले आयोजनाको सेवाबाट प्राप्त आम्दानी तथा मर्मत सम्भारमा भएको खर्चको विवरण गा.वि.स.मा पेश गर्नुपर्दछ।

८. आयोजनाको जाँचपास

आयोजना सम्पन्न भएपछि सम्बन्धित व्यक्ति, संस्था वा निकायले जाँचपासको लागि सम्बन्धित गा.वि.स.मा प्रतिवेदन दिनुपर्दछ । गा.वि.स.मा प्राप्त उक्त जाँचपास सम्बन्धी आयोजनाको सम्बन्धमा गा.वि.स.ले निम्न कदम चाल्नुपर्दछः

क) सडक, भवन, सिँचाइ, खानेपानी, जस्ता निर्माण प्रकृतिका आयोजनाको प्रतिवेदन प्राप्त भएपछि १ महिना भित्र गा.वि.स.ले पास गरिसक्नुपर्दछ।

ख) निर्माण प्रकृतिका बाहेक अन्य सचेतनामूलक कार्यक्रमहरूका उद्देश्य, भौतिक र वित्तीय लगायतका कुरा खोल्ने प्रतिवेदन सम्बन्धित गा.वि.स.मा पेश गर्नुपर्दछ।

ग) निर्माण जन्य तथा अन्य प्रकारका आयोजनाको जाँचपासको अनुमोदन गा.वि.स.बाट गराउनुपर्दछ।

९. आयोजनाको सुपरिवेक्षण तथा अनुगमन

गा.वि.स.ले आफ्नो क्षेत्रमा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्न गाउँ विकास समितिले देहाय बमोजिमको एक सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्ने व्यवस्था छः

क) गा.वि.स.ले तोकेको गाउँ विकास समितिको सदस्य – संयोजक

ख) गा.वि.स.ले तोकेको गा.वि.स.का कुनै दुईजना सदस्य – सदस्य

ग) गा.वि.स.को सचिव तथा प्राविधिक सहायक।

उक्त गठित समितिले आयोजनाका कार्य तालिका अनुसार सञ्चालन भए नभएको, प्राविधिकले सुपरिवेक्षण गर्नुपर्ने आयोजना भए उसले गरे नगरेको, गुणस्तरीय काम भए नभएको, खर्चको अनुपातमा कार्यक्रम नियमित भए नभएको, खर्चको बिल भर्पाइ रीतपूर्वक राखे वा नराखेको, सम्झौता रीतपूर्वक भई कार्य सञ्चालन भए वा नभएको आदि जस्ता कार्य गर्नुपर्दछ।

---

13. What do you mean by social justice? Explain its concept and need.

समाजमा रहन सक्ने असमानताहरू जस्तैः जात, जाति, भाषा, धर्म, लिङ्ग, धनी, गरिब आदिको भेदभाव विना सबैलाई स्वतन्त्रता, सेवा तथा सुविधाको वितरण, सम्पत्तिको अवसर, सहभागिता, शक्तिको वितरण, स्रोत तथा साधनको वितरण जस्ता पक्षहरूमा न्यायोचित व्यवहार गर्नु सामाजिक न्यायमा पर्दछ। मानिसले आफ्नो जीवन यापनका लागि गर्ने विभिन्न क्रियाकलापहरू एक–आपसमा विरोधभाषपूर्ण नभएमा र सबैलाई कल्याण नै गने खालका भएमा मात्र सामाजिक रूपमा न्याय कायम रहन सक्दछ।

न्याय अर्थात् Justice अङ्ग्रेजी शब्दको 'Just' बाट आएको हो। **Webster Collegiate Dictionary** का अनुसार, "इन्साफमा न्यायको अर्थ कसैमाथि कुनै भेदभाव विना सही व्यवहार गर्नु, जुन कुरा सही छ, त्यसको रक्षा गर्नु, विशेषतः द्वन्द्वपूर्ण अवस्थामा निष्पक्षतापूर्वक व्यक्तिलाई समायोजित गर्नु हो।"

न्याय शब्दलाई सरल रूपमा सत्य, तथ्य, उचित, सही, पक्षपात रहित, तर्कपूर्ण सन्दर्भमा प्रयोग गर्न सकिन्छ भने न्यायको विपरीत असत्य, तथ्यहीन, अनुचित, गलत, पक्षपात, कुतर्क र अविवेक शब्दहरू आउने गर्दछन्। न्यायलाई प्राकृतिक, आर्थिक र सांस्कृतिक सन्दर्भमा पनि प्रयोग गर्ने गरिन्छ। प्राकृतिक न्यायको आफ्नै सिद्धान्त हुन्छ, भनिन्छ प्रकृतिले कसैलाई अन्याय गर्दैन सबैलाई कुनै न कुनै क्षमता प्रदान गरेकै हुन्छ।

समाजलाई समग्र न्यायको गारेटोमा अग्रसर गराउनका लागि सामाजिक न्यायको आवश्यकता पर्दछ। सामाजिक न्यायको अनुशरण गर्नु भनेको व्यक्तिको समाजप्रति र

समाजको व्यक्ति प्रतिको नैतिक दायित्व पूरा गर्ने वातावरणको सृजना गर्नु हो। सामाजिक न्यायको लक्ष्य भनेको समाजमा आवद्ध सबै सदस्यहरूको भेदभाव विना कल्याण गर्नु हो। प्रत्येक व्यक्तिले आफ्नो समाज प्रतिको दायित्व पूरा गरेमा मात्र सामाजिक न्याय र सामाजिक समुन्नती कायम रहन सक्दछ भने व्यक्तिले सामाजिक दायित्व पूरा गरेमा मात्र समाजले पनि व्यक्ति प्रतिको दायित्व पूरा गर्न सक्दछ। समजमा सबै मानिसहरू समान रहेको पाउन सकिँदैन। समाजमा कोही अति सम्पन्न हुने गर्दछन् भने कोही अति विपन्न पनि हुने गर्दछन्। समाजका मानिसहरू वा सदस्यहरूको समान क्षमता तथा दक्षता पनि पाउन सकिँदैन भने अर्कोतिर समाजसमाजबीच पनि भिन्नताहरू पाइन्छ। कुनै समाज विकसित हुन्छ भने कुनै अविकसित, कुनै समाज सुविधा सम्पन्न हुन्छ भने कुनै सुविधा विहीन जस्तै विविधतायुक्त समाजमा कुनै भेदभाव विना समानताका साथ मानिसले व्यवहार प्रस्तुत गर्नु नै सामाजिक न्याय हो भने अर्कोतिर मानिसको नैतिक उत्तरदायित्व पनि हो।

सामाजिक न्याय एक सामाजिक प्रक्रिया भएकाले व्यक्तिले समाजमा नै त्यस प्रकारका मान्यताहरूलाई कायम गर्न आवश्यक तालिम समाजबाटै लिने गर्दछ। यस बाहेक मानिसले सामाजिक रूपमा अन्याय, अत्यातार, थिचोमिचो, शोषण जस्ता नकारात्मक कार्यहरू नगरोस् भनेर कानुनले समेत दण्डित गर्ने व्यवस्था गरेको हुन्छ। सामाजिक सम्मानका साथ जीवनयापन गर्नका लागि र समाजमा सद्भाव, एकता, सहकार्य, सामूहिक भावना आदि जस्ता मानवीय मूल्य र मान्यताहरू कायम गरी सुखी जीवन बिताउनका लागि सामाजिक न्याय अति आवश्यक हुन्छ।

सामाजिक न्यायको आवश्यकतालाई पुष्टि गर्न निम्नानुसारका बुँदाहरू प्रस्तुत गर्न सकिन्छः

क) सामाजिक न्याय विना समाजका समग्र जात, जाति, वर्ग, लिङ्ग तथा समुदायको कल्याण हुन सक्दैन। समाजमा थिचोमिचो, अन्याय, अत्याचार जस्ता नकारात्मक पक्षहरूको निराकरण गर्न र सभ्य एवम् सम्पन्न समाजको निर्माण गर्न यो अति आवश्यक छ।

ख) सामाजिक न्यायले मात्र मानिसलाई एउटा सम्भावित र सफल जीवनयापन गर्न र समाजमा सद्भाव, सहकार्य र सामूहिक भावना विकास गराई सामाजिक कल्याणको गोरेटोमा अग्रसर हुन उत्प्रेरित गर्दछ।

ग) समाजमा पिछडिएका वर्ग, जाति, लिङ्ग र सम्प्रदायलाई सकारात्मक विभेदको माध्यमबाट माथि उठाउन र सामाजिक समानता तथा न्याय कायम गर्न सामाजिक न्यायको आवश्यकता पर्ने गर्दछ।

घ) सामाजिक रूपमा सद्भाव, दया, माया, सम्मान र सरल सामाजिक जीवन जीउनका लागि र व्यक्ति तथा समाजको समग्र विकासका लागि सामाजिक समानता र न्याय अति आवश्यक हुन्छन्, समाजमा सामूहिक भावना र एकता कायम गर्ने, नकारात्मक क्रियाकलापहरू भएमा दण्डित गर्न सामाजिक समानता र न्याय अति आवश्यक हुन्छ।

ङ) समाजमा न्याय भएन भने द्वन्द्व तथा झैझगडा, कुटपिट, शोषण, अत्याचार, अन्याय आदि नकारात्मक तत्त्वहरूको जन्म हुन्छ। मानिस एक सामाजिक प्राणी भएकाले शोषण, थिचोमिचो, अन्याय, अत्याचार जस्ता तत्त्वहरूको बीचमा कुनै प्रगति गर्न सक्दैन भने अर्कोतिर सामाजिक संरक्षण पनि पाउन सक्दैन। सामाजिक संरक्षण विनाको जीवन एकल हुन जान्छ र एकल जीवन मानिसका लागि अप्ठ्यारो मात्र नभएर असम्भव प्राय नै छ।

यसरी समग्र समाज र व्यक्तिको व्यक्तिगत कल्याणका लागि सामाजिक न्याय अपरिहार्य छ भने अर्कोतिर सामाजिक न्याय राष्ट्र विकास र प्रगतिका लागि पनि उत्तिकै आवश्यक छ।

14. What do you mean by social mobilization? Point out its benefits in development process.

सामान्य बुझाइमा सामाजिक परिचालनले कुनै उद्देश्य वा लक्ष्य प्राप्त गर्नका लागि त्यस दिसातर्फ समाजलाई उन्मूख गराउने कार्यलाई बुझाउँदछ। समाजमा रहेका विभिन्न वर्ग तथा समुदायलाई त्यस समाजको विकास प्रक्रियाका लागि सक्रिय रूपमा लाग्नका लागि उत्प्रेरित गर्नु र त्यस कार्यमा लगाउनुलाई अर्को अर्थमा सामाजिक परिचालन भन्न सकिन्छ। शब्दका हिसाबले भन्ने हो भने सामाजिक र परिचालन दुई फरकफरक शब्दले सामाजिकले समाज र त्यसका प्रक्रियालाई जनाउँछ भने परिचालनले कुनै उद्देश्य वा कार्यका लागि त्यसतर्फ संलग्न गराउनु भन्ने जनाउँछ। यी दुवै शब्दको समायोजनको अर्थ हुन्छ समाज र यसका विभिन्न प्रक्रियालाई उद्देश्य वा कार्यतर्फ संलग्न गराउनु। सामाजिक परिचालनमा कुनै जात, जाति, भाषा, भाषी, लिङ्ग तथा वर्गलाई भेदभाव नगरिकन समावेश गर्नु र सबैको समान हितको लागि उत्प्रेरित गर्नु अति आवश्यक हुन्छ। सामाजिक परिचालन सम्बन्धी केही विद्वान्हरूका परिभाषाहरू यस प्रकारका रहेका छन्:

- कार्ल ड्यूचका अनुसार, "सामाजिक परिचालन एउटा यस्तो प्रक्रिया हो जसमा मानिसका पुराना सामाजिक, आर्थिक र मनोवैज्ञानिक प्रतिबद्धताहरू नष्ट हुन्छन् वा खिइएर जान्छन् र उनीहरू सामाजिकीकरण र आचरणका नयाँ संरचनाका लागि तयार हुने गर्दछन्।"
- कार्ल म्यान हमका अनुसार, "सामाजिक परिचालन एउटा यस्तो प्रक्रिया हो जसमा पृथकता, परम्परा र राजनीतिक उदासिनताको अवस्थालाई त्यागेर सामाजिक जीवनले जटिल परिस्थितिमा प्रवेश गर्दछ। यस बेला मानिस सामाजिक काम कारवाहीमा वास्तविक रूपमा सहभागी हुन्छ।"

उल्लेखित परिभाषाहरूबाट स्पष्ट हुन्छ कि सामाजिक परिचालन समाजका सदस्यहरूलाई सामाजिक जीवनका आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक जस्ता क्षेत्रमा परिवर्तनका लागि सक्रिय बनाउने एउटा जटिल प्रक्रिया हो। सामाजिक परिचालनले समाजलाई उसको पछौटेपन, अन्धविश्वास, कुरिती, कुसंस्कार, अव्यवस्थाबाट छुटकारा दिलाउने प्रयास गर्दछ। सामाजिक परिचालन जुनसुकै लक्ष्यका

लागि भएपनि अन्ततः सामाजिक परिचालनले समाजमा सकारात्मक प्रभाव प्राप्त गर्ने तर्फ उन्मुख हुन्छ।

सामाजिक परिचालनका फाइदाहरू

सामाजिक परिचालनका विभिन्न फाइदाहरूलाई बुँदागत रूपमा यस प्रकारले प्रस्तुत गर्न सकिन्छः

क) यस प्रक्रियाले समाजका सदस्यहरूलाई सवल र सक्षम समाज बनाउने दिसामा संलग्न हुन उत्प्रेरित गर्दछ।

ख) यसले समाजमा सामाजिक भावनाको विकास गराउँछ।

ग) सामाजिक परिचालनले समाजमा विद्यमान रहेको अन्धविश्वास, कुरिती र कुसंस्कारको अन्त्य गर्न र विज्ञानमा आधारित वैज्ञानिक सत्य तथ्यको अवलम्बन गर्न सहयोग पुऱ्याउँछ।

घ) यसले समाजमा विद्यमान अशिक्षा, बेरोजगार, अत्याचार, थिचोमिचो जस्ता नकारात्मक प्रभावहरूलाई हटाइ सरल र सभ्य समाज निर्माण गर्न सहयोग पुऱ्याउँछ।

ङ) यसले समुदायका स्रोत तथा साधनहरूको परिचालन गरी सामाजिक विकासमा टेवा पुऱ्याउँछ।

च) यसले समाजमा सहकार्य, सहयोग आदान-प्रदान, सामूहिक भावना र सामाजिक सद्भावको वातावरण निर्माण गर्न सहयोग पुऱ्याउँछ।

छ) यसले समाजका सामाजिक सांस्कृतिक, धार्मिक, पुरातात्विक जस्ता सम्पदाहरूको संरक्षण र परिचालन दुवैलाई सहयोग पुऱ्याउँछ।

ज) यस प्रक्रियाले समाजमा घट्न सक्ने विभिन्न नकारात्मक घटनाहरूको निराकरण गर्न र सामाजिक न्याय स्थापना गर्न सहयोग पुऱ्याउँछ।

झ) यसले समाजमा रहेका विकासका पूर्वाधारहरूको उपयोगमा समानता र निरन्तर उपयोग गर्न सक्ने वा भनौं दीगो बनाउन सहयोग पुऱ्याउँछ।

ञ) यसले समाजमा उत्तरदायित्व, दक्षता, जवाफदेहिता जस्ता तत्त्वहरूको उजागर गरी सामाजिक दायित्वबोध गराइ सभ्य र सम्पन्न समाज निर्माणमा सहयोग पुऱ्याउँछ।

ट) यसले विकेन्द्रीकरण तथा सुशासन जस्ता प्रक्रियालाई समेत प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ।

15. What do you understand by entrepreneurship? Mention the role of entrepreneurship in economic development?

सामान्य रूपमा भन्नुपर्दा उद्यमशीलता नवीन व्यवसाय सृजनाको प्रक्रिया हो। यसले प्रत्येक मानसिलाई उद्यमीका रूपमा लिने गर्दछ किनभने प्रत्येक मानिस आफ्नो ज्ञान, दक्षता, सीप र क्षमताको प्रयोग गर्दै आर्थिक अवस्थामा सुधार ल्याउन प्रयत्नशील

रहन्छ। उद्यमशीलताले उपलब्ध स्रोत तथा साधनको उचित परिचालन गर्न र आर्थिक लाभ लिन सहयोग पुऱ्याउने गर्दछ। त्यसैले उद्यमशीलतालाई कुनै पनि व्यक्तिले आफ्नो सीप, ज्ञान, क्षमता र दक्षताको उपयोग गर्दै स्वरोजगारीको स्थापनाका माध्यमबाट अरूहरूका लागि पनि रोजगारी सृजना गराउने प्रक्रियाका रूपमा बुझ्न सकिन्छ, उद्यमशीलतालाई प्रष्ट पार्न उल्लेखित केही विद्वान्हरूका परिभाषाहरू यस प्रकार छन्:

A. H. Cole का अनुसार, "Entrepreneurship is the purposeful activity of an individual or group of associated individuals, undertaken to initiate, maintain or organize profit by production or distribution of economic goods and services."

डेभिड होल्टका अनुसार, "उद्यमशीलता नव प्रवर्तकको प्रक्रिया हो, जसले नयाँ अवसरहरूका लागि स्रोतहरूको पुनः वितरण गर्दछ र यसमा अव्यावहारिक स्रोतहरूको ऐक्यबद्धता र जोखिम लिने सीप संलग्न रहन्छ।"

उल्लेखित परिभाषाहरूबाट स्पष्ट हुन्छ कि उद्यमशीलता उद्यमीले आफूसँग भएको ज्ञान, सीप, कला, दक्षता, कुशलता, क्षमता जस्ता तत्त्वहरूको माध्यमबाट व्यावसायिक कार्य सञ्चालन गरी आर्थिक उन्नति गर्ने प्रक्रिया हो र यसमा जोखिम र सफलता दुवै प्राप्त हुने सम्भावना बराबर रहन्छ। उद्यमशीलताले मानिसलाई मुख्य रूपमा बेरोजगारबाट रोजगार र आर्थिक अभावबाट आर्थिक सम्पन्नतातर्फ लैजाने गर्दछ।

Role of Entrepreneurship in Economic Development

उद्यमशीलताले मानिसलाई मुख्य रूपमा गरिबी, बेरोजगारी, अल्छीपना, कुलत, कुसंस्कार आदिबाट मुक्त गराउन र मानिससँग भएको सीप परिचालन गर्न सहयोग पुऱ्याउने गर्दछ। सीप, ज्ञान, कला, दक्षता आदिलाई आर्थिक आय–आर्जनमा लगाउने प्रक्रिया अर्को अर्थमा उद्यमशीलता हुन आउँछ, त्यसैले समाजमा कमविहीन अवस्थामा दिनहरू गुजार्ने मानिसहरूलाई उद्यमशील बनाउन सके राष्ट्रको विकास प्रक्रिया तीव्र रूपमा अगाडि बढ्न सक्दछ। आर्थिक विकासमा उद्यमशीलताको भूमिकालाई यसरी बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छः

क) उद्यमशीलता परिवर्तनको संवाहक

उद्यमशीलताले समाजका सदस्यहरूलाई स्वरोजगार बनाउन र उपलब्ध स्रोत साधनहरू परिचालन गरी आर्थिक तथा सामाजिक फाइदा प्राप्त गर्न सहयोग पुऱ्याउँछ। आर्थिक रूपमा सम्पन्न सामाजिक सदस्यहरूले नै विकास प्रक्रियालाई सबल र सक्षम रूपमा अगाडि बढाउन सक्दछन् त्यसैले उद्यमशीलतालाई परिवर्तनको संवाहक मान्न सकिन्छ।

ख) उद्यमशीलता लगानीको स्रोत

उद्यमशीलताले लगानीका लागि नयाँ अवसहरूको सृजना गर्ने गर्दछ। समाजमा विद्यमान स्रोतहरू विभिन्न उत्पादनहरू तयार गर्न लगानी आवश्यक पर्ने गर्दछ र लागनी विहीन अवस्थाको अन्त्य गर्दछ त्यसैले यसलाई लगानीको स्रोतकै रूपमा लिन सकिन्छ।

ग) रोजगारीको अवसरको सृजना

उद्यमशीलताले आर्थिक विकासको प्रक्रियामा खेल्ने अर्को भूमिकाका रूप रोजगारीको अवसरलाई लिन सकिन्छ । उद्यमशीलताले नयाँ व्यवसाय सञ्चालन ग सहयोग पुऱ्याउने र नयाँ व्यवसायले रोजगारीको अवसर प्रदान गर्दछ।

घ) स्रोतहरूको उचित परिचालन

उद्यमशील मानिसले मात्र स्रोतहरूको महत्त्व बुझ्न सक्दछ र परिचालनबाट फाइ पनि प्राप्त गर्न सक्दछ, त्यसैले उद्यमशीलताले समाजमा उपलब्ध स्रोत तथा साधनक उचित परिचालन गरी आर्थिक विकासमा सहयोग पुऱ्याउने गर्दछ।

ङ) आवश्यकताहरूको पूर्ति

उद्यमशीलताले नयाँ उद्योग सञ्चालन गर्दा समाजमा रहेका आवश्यकताहरूल सम्बोधन गर्न र उचित फाइदा प्राप्त गर्न उत्प्रेरित गर्दछ, त्यसैले उद्यमशीलताल सामाजिक आवश्यकताहरूको पूर्ति गर्न र आर्थिक लाभ लिन सहयोग पुऱ्याउँछ।

च) निर्यात प्रबर्द्धन

उद्यमशीलताले आफ्नो राष्ट्रमा आवश्यक पर्ने साथै विश्व बजारलाई समेत ख्या गरी उद्योगहरूको सञ्चालन र उत्पादन गरी निर्यात प्रबर्द्धन गर्न सहयोग पुऱ्याउँछ।

16. Discuss the issues and challenges of good governance in Nepa

सुशासनले मुख्य रूपमा सार्वजनिक प्रशासन, गैह्र सरकारी संस्थाहरू निजी क्षे समुदायहरू लगायत अन्य क्षेत्रहरूले समेत प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता त जन उत्तरदायी भावनाको प्रतिनिधित्व गर्ने गर्दछ। नेपालमा सुशासन कायम गर्नका ला समावेशी लोकतन्त्रको अभ्यास र स्थानीय स्तरमा जनताप्रति उत्तरदायी स्थानी निकायहरूको व्यवस्था गरिए पनि विद्यमान राजनीतिक अस्तव्यस्तताका कारण स्थानी स्तरमा प्रतिनिधीहरूको सुन्यता कायम रहन गएको छ । सार्वजनिक प्रशासनल उत्तरदायी, जवाफदेही, पारदर्शी, कानुनसम्मत, सक्षम, इमान्दार, कर्तव्यनिष्ठ, भ्रष्टाच मुक्त तथा मानव अधिकारको सम्मान गर्ने बनाउनु नै सुशासनका मुद्दा तथा चुनौतीमा प गर्दछन्। सुशासन कायम गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्नु अ जरुरी देखिन्छ। सुशासनका मुख्य मुद्दा तथा चुनौतीहरू यस प्रकारका रहेका छन्।

नेपालको तीन वर्षीय अन्तरिम योजनाले निम्न दुई प्रकारका सुशासनका मुद्दा त चुनौतीहरूलाई औँल्याएको छः

क) सरकारी क्रियाकलापहरू सहभागितात्मक तथा सर्वसाधरणतर्फ जवाफदेही बनाउ

ख) सुशासनका तत्त्वहरूलाई पूर्ण प्रतिबद्धताका साथ सम्बोधन गर्नु, अन्तरिम संविध तथा अन्तरिम सरकारका प्रतिबद्धताहरूलाई व्यवहारमा कार्यान्वयन गर्नु,

नेपालको विद्यमान राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक अवस्था, सरका संयन्त्र, कानुन, शासनको प्रभावकारिता, सहभागिताको स्तर तथा अन्य विकास निर्माणस

सम्बन्धित विषयहरूलाई विश्लेषण गर्दा नेपालमा सुशासनका निम्न अनुसारका मुद्दा तथा चुनौतीहरू रहेको निष्कर्ष निकाल्न सकिन्छः

क) राजनीतिक मुद्दा तथा चुनौतीहरू

नेपालको राजनीतिक प्रणालीमा रहेका खराबीहरूले गर्दा पनि सुशासन कायम हुन सकेको देखिँदैन, त्यसैले राजनीतिक नेताहरूलाई प्रथमतः जनताप्रति जवाफदेही, उत्तरदायी र आफ्नो कर्तव्य प्रति इमान्दार बनाउनु आवश्यक देखिन्छ। पैसा खर्च गरेर मत प्राप्त गर्ने र चुनाव जितेपछि आफ्नो निर्वाचन क्षेत्रमा फर्केर पनि नहेर्ने परिपाटी नेपालमा कायमै रहेको पाइन्छ। यस प्रकारको प्रचलनलाई अन्त्य गरी जनताप्रति उत्तरदायी नेता तथा जनप्रतिनिधिहरू बनाउनु चुनौतीको रूपमा रहेको छ र यसलाई परिवर्तन गर्न सकेमात्र सुशासनको राजनीतिक चुनौती समाधान हुन सक्दछ।

ख) आर्थिक मुद्दा तथा चुनौतीहरू

नेपाल गरिब मुलुक भएकाले कतिपय जनताका आधारभूत आवश्यकताहरू पनि परिपूर्ति हुन सकेका छैनन्। आर्थिक रूपमा राष्ट्र सवल र सक्षम भएमात्र भ्रष्ट्याचार गर्ने, अनियमितता गर्ने र जसरी पनि पैसा कमाउने शासक तथा प्रशासकहरूको प्रवृत्ति सुध्रिन सक्दछ। नेपालमा सुशासन कायम नहुनुमा अरू थुप्रै जिम्मेवार कारणहरू भए पनि गरिब भएकै कारण भ्रष्ट्याचार गर्ने र सुशासन कायम हुन नदिने परम्परा पनि विद्यमान छ, त्यसैले सुशासनको एउटा मुद्दा वा चुनौतीका रूपमा आर्थिक असक्षमतालाई लिन सकिन्छ।

ग) सामाजिक सांस्कृतिक मुद्दा वा चुनौतीहरू

नेपाल विविधताले भरिपूर्ण राष्ट्र हो। नेपालका समाजमा कसैले धेरै स्रोत तथा साधनको उपयोग त कसैले सीमित स्रोत तथा साधनको उपयोग गर्ने परिपाटीको अन्त्य र समाजमा रहेको सामाजिक सांस्कृतिक भेदभाव, वर्गीकरण, धनी, गरिब जस्ता सामाजिक सांस्कृतिक व्यवहारहरूको अन्त्य भएमा मात्र सुशासन पनि कायम रहन सक्दछ।

घ) संवैधानिक तथा कानुनी मुद्दा तथा चुनौतीहरू

नेपालमा संवैधानिक तथा कानुनी अप्ठ्याराहरूले गर्दा पनि सुशासन कायम हुन नसकेको देखिन्छ। सार्वजनिक क्षेत्रमा अनियमितता र भ्रष्टाचार गर्ने पदाधिकारीहरूलाई उचित कारवाही गर्ने स्पष्ट प्रवाधानको अझै आवश्यकता खड्किएको छ। संवैधानिक रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरेता पनि कतिपय अप्ठेरोले गर्दा कारवाही प्रक्रिया सम्पन्न हुन सकेको पाइँदैन, त्यसैले संवैधानिक र कानुनी रूपमा स्पष्ट प्रावधान तयार गर्नु पर्ने चुनौती तथा मुद्दा कायमै छ।

ङ) शैक्षिक मुद्दा तथा चुनौतीहरू

नेपालमा निरक्षरताको दर बढी भएका कारण सेवा सुविधाहरू लिने तथा दिने प्रक्रियामा पनि समस्याहरू आइपर्ने गरेका छन्। प्रक्रियागत रूपमा लिनुपर्ने सेवा तथा सुविधाहरू प्राप्त गर्न नजानेका कारण सेवाबाट बञ्चित हुने तथा प्रक्रिया पुऱ्याउन नसकेर घुस ख्वाउने परम्परा विद्यमान छ, त्यसैले आमजनताको शैक्षिक स्तर उकास्नु र सेवा

सुविधालाई प्रभावकारी बनाउनु साथै घुस ख्वाउने परम्पराको अन्त्य गर्नु पनि चुनौतीको रूपमा रहेको छ।

च) वातावरणीय मुद्दा तथा चुनौतीहरू

कुनै पनि शासन प्रणालीमा वातावरणीय स्थिरतालाई कायम राख्ने क्रियाकलापहरू संलग्न भएका छैनन् भने त्यस प्रकारको शासन प्रणालीलाई सुशासन भएको शासन प्रणाली मान्न सकिँदैन। हाल नेपालमा कायम रहेको वातावरणीय विनास तथा स्रोतहरूको विनासपूर्ण उपयोगले पनि सुशासनको चुनौतीको रूपमा काम गरिरहेको छ।

---

17. Discuss the role of member of legislature in rural development.

व्यवस्थापिका संसद सदस्य जनताबाट प्रत्यक्ष निर्वाचित हुने भएकाले उसलाई त्यस निर्वाचित क्षेत्रका जनताका समस्याहरू, आवश्यकताहरू र चाहनाहरू स्पष्ट रूपमा थाहा हुने गर्दछ। निर्वाचनका बेला उसले त्यस निर्वाचन क्षेत्रमा समस्याका आधारमा थुप्रै कार्यहरू सम्पन्न गर्ने प्रतिबद्धता पनि जाहेर गरेको हुन सक्दछ, त्यसैले व्यवस्थापिका संसद सदस्यको ग्रामीण विकास प्रक्रियामा निकै ठूलो भूमिका रहने गर्दछ। एक इमान्दार र कर्तव्यनिष्ठ संसद सदस्यले आफ्नो निर्वाचन क्षेत्रमा थुप्रै विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्न वा गराउन सक्दछ। उसले जनतालाई समस्या परेको बेला संसद बैठकमा समस्याको वकालत गर्ने र सरकारलाई आवश्यक सेवा तथा सुविधा प्रदान गर्न आग्रह गर्ने, जनताको घरदैलो मै समस्याहरू पहिचान गर्न पुग्ने वा समस्याको प्रकृतिको आधारमा सम्बन्धित निकाय समक्ष समस्या समाधानका लागि सेवा तथा सुविधाहरू प्रदान गर्न आग्रह गर्ने, सेवा तथा सुविधा सम्बन्धी कार्यहरू नियमित भए वा नभएको बारेमा आफैं अनुगमन गर्न जाने जनतालाई सक्रिय हुन आग्रह गर्ने र अपुग आर्थिक तथा अन्य स्रोतहरू जुटाइ दिने जस्ता प्रत्यक्ष कार्यहरू गर्न सक्दछ। यस बाहेक विभागबाटै अप्रत्यक्ष रूपमा विकासका क्रियाकलापहरू सञ्चालन गर्न निर्देशन तथा आग्रह गर्न सक्दछ। नेपालको हाल कायम व्यवस्था अन्तर्गत व्यवस्थापिका संसद सदस्य एउटा गाउँघर देखि सरकारको सर्वोच्च निकाय सम्मकै एउटा संयोजक वा पुलको रूपमा रहने अवस्था विद्यमान छ। यस्तो अवस्थामा एउटा व्यवस्थापिका संसद सदस्यले उसको निर्वाचन क्षेत्रसँगै समग्र देशकै विकास प्रक्रियामा कर्तव्यनिष्ठ भएर काम गर्दा निकै धेरै कामहरू हुन सक्दछन्।

नेपालको राजनीतिक प्रणाली अन्तर्गत एक संसद सदस्यले ग्रामीण विकासका लागि थुप्रै कार्य गर्न सक्ने अवस्था कायम रहेको छ। विकासका लागि सम्बन्धित जिल्ला परिषद्मा, संसद बैठकमा, विकाससँग सम्बन्धित सरकारी तथा गैह्र सरकारी निकायहरूमा र सरकारलाई समेत सचेत गराउन यस व्यवस्थापिका संसद सदस्यलाई मार्ग प्रसस्त गरिएको छ। एउटा निर्वाचन क्षेत्रक लागि राष्ट्रिय स्तरमा जनताका चाहना तथा आश्यकताहरूलाई प्रतिनिधित्व गर्दै आवश्यक सेवा तथा सुविधा प्रदान गर्न र विकास निर्माणका कार्यहरू सञ्चालन गर्नका लागि निर्मित एउटा संयन्त्रको रूपमा यस व्यवस्थापिका संसद सदस्यहरू रहने भएकाले ग्रामीण विकासका लागि आवश्यक धेरै

कार्यहरू गर्न सक्दछन् । मुख्य रूपमा ग्रामीण जनजीवनका अति आवश्यक पूर्वाधारहरूको निर्माणका लागि पहल, दैनिक आवश्यकताहरू परिपूर्तिका लागि आवश्यक संयन्त्रहरूको व्यवस्था, पिछडिएका वर्ग, जाति, समुदाय आदिका लागि विशेष कार्यक्रमहरू, राजनीतिक रूपमा सचेतनाका लागि राजनीतिक क्रियकलापहरूको सञ्चालन जस्ता कार्यहरू एउटा व्यवस्थापिका संसद सदस्यले पूरा गर्न सक्दछ। एउटा व्यवस्थापिका संसद सदस्यले ग्रामीण विकासका लागि खेल्न सक्ने भूमिकाहरूलाई बुँदागत रूपमा यस प्रकारले उल्लेख गर्न सकिन्छः

क) व्यवस्थापिका संसद कानुन बनाउने निकाय भएकाले ग्रामीण विकासका लागि आवश्यक कानुन निर्माण गर्न सक्दछ।

ख) हालको व्यवस्था अनुसार एउटा संसद सदस्य एउटा निर्वाचन क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले उसको सक्रियता र कुशलतामा त्यस निर्वाचन क्षेत्रमा विविध विकासका क्रियाकलापहरू सञ्चालन हुन सक्दछन्।

ग) व्यवस्थापिका संसद सदस्यबाटै सरकारको गठन हुने भएकाले व्यवस्थापिका संसद सदस्यले विकास निर्माणको प्रक्रियामा आवश्यक बजेट र मानवीय स्रोत साधनको व्यवस्था मिलाउन सरकारलाई नै आग्रह गर्न सक्दछ।

घ) व्यवस्थापिका संसद सदस्य विकास निर्माणका क्रियाकलापहरूमा प्रत्यक्ष रूपमा अनुगमन कर्ता र मूल्याङ्कन कर्ता कै रूपमा पनि कार्य गर्न सक्दछ।

ङ) व्यवस्थापिका संसद सदस्य जनताका प्रत्यक्ष समस्या र आवश्यकताहरूसँग अति परिचित हुने भएकाले उसले विकास सम्बन्धी निकायमा आफ्नो क्षेत्र वा समग्र पिछडिएका क्षेत्रहरूमा विकासका क्रियाकलाप सञ्चालन गर्न निर्देशन वा आग्रह गर्न सक्दछ।

च) व्यवस्थापिका संसद सदस्य राष्ट्रको समग्र बजेट विनियोजन गर्ने निकायमा समेत प्रत्यक्ष संलग्न हुने भएकाले आवश्यक कार्यक्रमका लागि बजेटको व्यवस्था मिलाई कार्य सञ्चालन गराउन सक्दछ।

छ) व्यवस्थापिका संसद सदस्य जिल्ला परिषद्मा पनि प्रत्यक्ष संलग्न हुने भएकाले ग्रामीण क्षेत्रको विकासका लागि आवश्यक व्यवस्था मिलाउन निर्देशन दिन सक्दछ।

---

18. How has the liberalization affected the rural development process in Nepal? What might be its long term results? Explain.

विश्वव्यापी रूपमा राज्यकेन्द्रित अवधारणाको प्रयोगको असफलता साथसाथै उदारीकरण (Liberalization) अवधारणाको प्रयोग, उपयोगिता र सान्दर्भिकता बढीरहेको पाइन्छ । विशेषतः सन् १९९० को दशक अर्थात् वि.सं.२०४६ सालको प्रजातान्त्रिक सफलता पश्चात् हाम्रो मुलुकमा समेत यसको प्रभाव र प्रयोग बढीरहेको पाइन्छ। यस्तो अवस्थामा सङ्क्षिप्त रूपमा उदारीकरण के हो ? भन्ने बारेमा सूचना गर्न जरुरी छ।

सरल अर्थमा उदारीरकण भन्नाले देशको अर्थव्यवस्था सञ्चालनमा राज्यको हस्तक्षेपकारी भूमिकालाई नियमनकारी भूमिकामा रूपान्तरित गर्ने या सीमित गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, आर्थिक नीति निर्माण, कार्यान्वयन र सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा वस्तु तथा सेवाको उत्पादनदेखि मूल्य निर्धारण प्रक्रियासम्म बजार स्वयम्ले भूमिका खेल्नुलाई उदारीकरण भनिन्छ । स्मरण रहोस् कि उदारीकरण व्यवस्थामा वस्तु, सेवा तथा पूँजीको आवतजावतलाई निश्चित देश वा राज्यको भौगोलिका सीमाले रोकावट गर्न सक्दैन । स्वतस्फूर्त ढङ्गले वस्तु, तथा पूँजीको आवतजावत हुन्छ । यसै सन्दर्भमा विश्व बैङ्कले उदारीकरण (Liberalization) लाई परिभाषित गर्दै भनेको छ "Liberalization means freeing prices, trade and entry to markets from state controls while establishing the economy."

निश्चित रूपमा उदारीकरण अर्थव्यवस्थालाई संगालेको परिप्रेक्ष्यमा त्यसले हाम्रो देशको विकासलाई आम रूपमा र विशेषत ग्रामीण विकासलाई प्रभाव पारेको पाइन्छ। ग्रामीण विकासको प्रक्रिया पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग र समाजका सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक रूपान्तरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ र यसै रूपान्तरण प्रक्रियासँग उदारीकरण व्यवस्थाको समेत प्रत्यक्ष तथा परोक्ष रूपमा सम्बन्ध रहेको पाइन्छ। उदारीकरणको प्रयोगका कारण नेपालको ग्रामीण विकासको प्रक्रियामा आमरूपमा सकारात्मक तथा नकारात्मक दुवै स्थिति सृजना गरेको यथार्थ हो । यति हुँदाहुँदै पनि विकासका सन्दर्भमा यसले प्रदान गर्ने सकारात्मक तथा नकारात्मक दुवै पक्षको गम्भिर विश्लेषण गरी नकारात्मक पक्षलाई न्यूनिकरण गरी सकारात्मक पक्षलाई बढाउन सके ग्रामीण क्षेत्रको विकास र रूपान्तरण प्रक्रियामा दुरगामी प्रभाव पार्न सक्दछ।

ग्रामीण विकास प्रक्रियामा उदारीकरणका सकारात्मक प्रभावहरू

१. आर्थिक क्रियाकलाप बढोत्तरी

उदारीकरणका कारणले निजी क्षेत्रले लगानी उत्पादनका क्षेत्रमा व्यापक हुं भएकाले ग्रामीण क्षेत्रमा समेत उपयुक्त सम्भावनाहरूको मूल्याङ्कन गरी निजी क्षे प्रतिस्पर्धात्मक रूपमा लगानी गर्दछ । जसका कारण ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलापमा बढोत्तर गर्दछ। जसले त्यहाँका जनताको जीवनस्तर उकास्न धेरै हदसम्म सहयोग पुऱ्याउँछ।

२. रोजगारीको सृजना

प्रतिस्पर्धात्मक रूपमा निजी क्षेत्रबाट उद्योग, कलकारखाना लगायत अन्य उत्पादनका क्षेत्रमा लगानी हुने भएकाले तुलनात्मक रूपमा बढी आय प्राप्त गर्न सकिने ठाउँमा स्थानीय व्यक्तिहरूले रोजगारी प्राप्त गर्न सक्छन् जसले त्यहाँका जनताको जीवनस्तर उकास्न पुरै हदसम्म सहयोग पुऱ्याउँछ।

३. सस्तो र सुलभ रूपमा वस्तु तथा सेवाको आपूर्ति

विशेषतः हाम्रो जस्तो अल्पविकसित मुलुकमा राज्यले एक्लै सबै ग्रामीण क्षेत्रमा सहज र सुलभ ढङ्गबाट वस्तु तथा सेवाको आपूर्ति गर्न सक्दैन र सकेको पनि छैन। यस

अवस्थामा उदारीकरणका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निजी लगानीकर्ताले ग्रामीण क्षेत्रमा उद्योग, कलकारखाना स्थापना गरेर वस्तु तथा सेवाको सहज ढङ्गले आपूर्ति गरेका छन् । सानो उदाहरणको रूपमा निजी बैङ्कहरूको स्थानीय रूपमा विस्तार र त्यसले पारेको प्रभावलाई लिन सकिन्छ।

४. स्थानीय स्रोत र साधनको उपयोग तथा अन्तर्राष्ट्रियकरण

कतिपय सन्दर्भमा हाम्रो ग्रामीण क्षेत्रमा भएका स्रोत र साधनको स्थानीय तह (Local level) तथा अन्तर्राष्ट्रिय तह (International level) मा बजारको अभावका कारण विना उपयोग रहिरहनु परेको अवस्था छ । तर निजी क्षेत्रको प्रतिस्पर्धात्मक उपस्थिति तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको उपलब्धताको कारणले हाम्रो त्यस्ता ग्रामीण साधन स्रोत, सीप तथा प्रविधिले उपयुक्त बजार प्राप्त गरी ठूलो आयआर्जनको माध्यम बनेका छन्।

५. सामाजिक रूपान्तरणमा भूमिका

ग्रामीण समाज वास्तवमा अज्ञानता, असाक्षरता र रुढिवादीका कारणले आफूलाई रूपान्तरित गर्न नसकिरहेको अवस्था छ। त्यहाँ जात, धर्म, लिङ्ग, पहिचान आदिका आधारमा ठूलो विभेद भएकाले विकरालस्थिति छ। तर उदारीकरणको प्रभाव स्वरूप नयाँ उद्योगधन्दाको ग्रामीण क्षेत्रमा, प्रवेश, शिक्षामा लगानी, गैह्रसरकारी संस्थाहरूको प्रवेश, आर्थिक अवस्थामा सुधार बाहिरका समाजका सदस्यहरूसँगको छलफल, संगत र सहकार्यका कारण त्यस्ता development constraints अवधारणाहरूमा परिवर्तन भएको छ र ग्रामीण समाजलाई रूपान्तरित गर्न सहयोग पुगेको छ।

६. राजनीतिक सचेतनामा अभिवृद्धि

सुशासन र पारदर्शिता, न्यायमूलक समाज आदि शब्दावलीसँग ग्रामीण क्षेत्र विरलै मात्र परिचित हुन्थे तर उदारीकरणको प्रभाव स्वरूप मानिसमा राजनीतिक सचेतनाको तह (Level of political awareness) बढेको छ । मानिसहरू विभेदभूलक समाजको स्थापना भ्रष्टाचार वेगरको समाज स्थापनामा सचेत हुन थालेका छन्।

७. राज्यलाई सेवामूलक कार्यमा केन्द्रित रहन सहयोग

राज्यले गर्नुपर्ने आर्थिक क्षेत्रका धेरै कार्यमा निजी क्षेत्रले हात हालेको र त्यस्ता सेवा सुविधान जनतालाई प्रदान गरेकाले राज्यलाई कम विकसित, अत्यन्तै गरिब रहेका वर्ग, सिमान्तकृत क्षेत्रमा लगानीका लागि सजिलो भएको छ । साथसाथै आधारभूत आवश्यकताका क्षेत्रहरू शिक्षा, स्वास्थ्य, खानेपानी आदिमा मात्रै ध्यान केन्द्रित गर्न सजिलो भएको छ। अर्थात् उदारीकरणका कारण राज्यलाई बोझ हलुका भएको छ।

नकारात्मक प्रभावहरू

१. परनिर्भरता वृद्धि

उदारीकरणका कारणले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका निजी निकायले लगानी गरेर र आर्थिक वृद्धिलाई अगाडि त बढाए तर त्यसको कारणले स्थानीय जनताले आफ्नो क्षमता र सीपलाई नजरअन्दाज गरेका छन्। केबल रोजगारीका नाममा आफूलाई परनिर्भर

बनाएका छन् । निजी क्षेत्रले यदि उत्पादन क्षेत्रबाट अहिले लगानी फिर्ता गरेमा ग्रामीण क्षेत्रका जनताको जनजीवन विशेषतः दुःखदायी बन्छ।

२. स्थानीय साधन र स्रोतको दुरूपयोग

ग्रामीण क्षेत्रका जनताको अज्ञानता र गरिबीको फाइदा उठाएर निजी क्षेत्रले स्थानीय महत्त्वपूर्ण स्रोत र साधनको ब्रह्मलुट गरेका छन्। त्यस्ता साधन र स्रोतको प्रयोग स्थानीय जनताको हितका लागि भन्दा निजी स्वार्थका खातिर प्रयोग गरेका छन्।

३. स्थानीय सीप र प्रविधि विस्थापित

ग्रामीण क्षेत्रमा निजी क्षेत्रद्वारा उत्पादित वैज्ञानिक, सस्ता र सजिला उत्पादनको उपलब्धताका कारण हाम्रो मौलिक सीप, ज्ञानबाट उत्पादित वस्तु र उत्पादन विस्थापित गरेका छन्। जो वातावरण मैत्री उत्पादन हुन र जसले आत्मनिर्भरता सृजना समेत गरेका थिए। जसले हाम्रो पहिचानलाई समेत समाप्त गरेको छ।

४. वातावरणीय समस्या

एकातर्फ निजीक्षेत्रको ग्रामीण क्षेत्रमा अनियन्त्रित प्रवेशले हाम्रो स्वच्छ प्राकृतिक वातावरण (Natural environment) लाई विनास गरेको छ भने अर्कोतर्फ सदिऔंदेखि हाम्रो समाजमा भएको मैत्रीपूर्ण संस्कृति, रीतिरिवाज, चालचलन र व्यवहारलाई समेत प्रभावित पारेको पाइन्छ जसका कारण समाजमा अनावश्यक रूपमा द्वन्द्व र सामाजिक विचलनका समस्या समेत सृजना भएको पाइएको छ।

५. धनी र गरिब बीचको असमानता फराकिलो

उदारीकरणको अर्को मुख्य प्रभाव भनेको समाजमा उपेक्षित र तल्ला वर्गलाई न्याय गर्न नसक्नु हो। यसले सामाजिक न्यायलाई भन्दा तुलनात्मक लाभलाई महत्त्व प्रदान गर्दछ ग्रामीण क्षेत्रका तल्ला वर्गहरूलाई यसले विकासको मूलप्रवाहबाट बाहिर बनाएको छ।

६. राजनीतिक हस्तक्षेप

उदारीकरणका माध्यमबाट वैदेशिक शक्तिकेन्द्रले हाम्रो राजनीति निर्णयाधिकार माथि प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पार्न खोजेको देखिन्छ जुन सार्वभौमसत्ता र राष्ट्रिय एकता विरुद्ध रहेको छ।

७. सेवा क्षेत्रमा अनावश्यक व्यारिकरण

शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवाहरू सबै जनतामा प्रवाह गर्नु राज्यको दायित्व हो तर उदारीकरणको प्रभाव स्वरूप निजी क्षेत्रको यस्ता क्षेत्रमा प्रवेशका कारण शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको उपयोगमा समेत असमानता सृजना भएको छ । तुलनात्मक रूपमा ग्रामीण क्षेत्रमा जनता गुणस्तरीय सेवा उपभोग गर्नबाट बञ्चित छन् भने शहरी क्षेत्रमा भएको उपलब्धता व्यापारीकरण भएको छ।

यसरी वर्तमान अवस्थामा नेपालको ग्रामीण विकासको सन्दर्भमा उदारीकरणको सकारात्मक तथा नकारात्मक दुवै प्रकारका प्रभाव रहेको पाइनछ । यसैले वि... परिपेक्षलाई विश्लेषण गर्ने हो भने हाम्रो सन्दर्भमा समेत उदारीकरणलाई बेवास्ता ...

अगाडि बढ्न सकिँदैन। यसको भविष्यमा के परिणाम निस्कन्छ भन्ने सन्दर्भमा चर्चा गर्दा यसलाई कस्तो ढङ्गले उपयोग हुन्छ त्यसका आधारमा यसको परिणाम आँकलन गर्न सकिन्छ। उदारीकरणका प्रयोगका सन्दर्भमा हाल देखिएका चुनौती तथा नकारात्मक पक्षहरूलाई आत्मसाथ गर्दै त्यस्ता त्रुटि र समस्यालाई ग्रामीण क्षेत्रका जनताको पक्षमा व्यवस्थापन गर्न सकेमा ग्रामीण क्षेत्रको सामाजिक, आर्थिक तथा राजनीतिक रूपान्तरण गरी विकास प्रक्रियालाई दीगो रूपमा अगाडि बढाउन सकिन्छ। अन्यथा उदारीकरण प्रक्रियालाई नियमित अनुगमन र मूल्याङ्कन नगर्ने हो भने त्यसले समाजमा आय असमानता तथा अन्य विकृति सृजना गरी सामाजिक द्वन्द्व समेत सृजना गर्दछ।

अन्त्यमा उदारीकरण आफैंमा विकासको पयार्य होइन तर विकास यसको सही उपयोगमा निर्भर रहन्छ।

19. "In the country like Nepal rural development is possible only through agricultural transformation." Justify this statement.

ग्रामीण विकासको प्रक्रिया सिद्धान्तबाट मात्रै अगाडि बढ्न सक्दैन त्यसका लागि ठोस र व्यावहारिक तथ्य र योजना हुन जरुरी छ। सिद्धान्ततः ग्रामीण विकासका लागि विभिन्न सिद्धान्त प्रतिपादित भएका उदाहरण छन्। तर हाम्रो मुलुकको विशिष्ट भुगोल, सामाजिक बनावट र सामाजिक जनजीवनलाई विश्लेषण गर्ने हो भने ग्रामीण विकासको मुख्य आधार कृषिक्षेत्र (Agriculture sector) नै हुन सक्दछ र त्यसका सहायक आधार मात्रै अन्य क्षेत्र हुन सक्दछन्। यसै सन्दर्भमा अर्थशास्त्री गुनार मिरडाइल भन्दछन्, "It is in the agriculture sector that the battle for long term economic development will be won or lost." अर्थात्, आर्थिक विकासको युद्ध जित्ने वा हार्ने भन्ने विषय कृषि क्षेत्रको स्थितिमा निर्भर रहन्छ। वैज्ञानिक र प्रविधियुक्त समयासापेक्ष कृषि प्रणालीलाई आत्मसाथ गरेमा आर्थिक विकास अगाडि बढ्न सक्दछ अन्यथा विकासको गति अगाडि बढ्न सक्दैन।

नेपालको ग्रामीण विकासका सन्दर्भमा कृषि क्षेत्र प्राथमिकता पर्नका मुख्य कारण निम्न बमोजिम छन्:

१. हाम्रो भौगोलिक बनावट

विश्वमै अनुपम र विविधतायुक्त भौगोलकि तथा वातावरणीय अवस्था हामीमा विद्यमान भएकाले हामी विविधतायुक्त कृषि उत्पादन गर्न सक्दछौँ जसबाट हामी ग्रामीण जनताको आयलाई बढाउन सक्दछौं।

२. अन्य क्षेत्रको तुलनामा कम लगानी

हाम्रो जस्तो मुलुकको राज्य र किसान दुवैले व्यापक लगानी गरी अन्य क्षेत्रमा प्रतिस्पर्धात्मक ढङ्गले व्यवसाय चलाउन समस्या भएकाले कम लगानीबाट तुलनात्मक रूपमा बढी उत्पादन गरी नाफा आर्जन गर्न सकिन्छ। जसले ग्रामीण जनताको जीवनस्तर उकास्न सहयोग पुग्दछ।

३. उच्च स्तरको प्राविधिक तथा शैक्षिक ज्ञानको अभाव

हुन त कृषि शैक्षिक तथा प्राविधिक ज्ञानको आवश्यकता पर्दैन भन्ने होइन तर उत्पादनका अन्य क्षेत्रमा जस्तो उच्च स्तरको जनशक्तिको माग कृषि क्षेत्रमा हुँदैन। हाम्रै ग्रामीण जनताहरूलाई साधारण सीप र तालिम प्रदान गरे समेत उनीहरूको रूपान्तरण गर्न सकिन्छ।

४. बजारको सहज उपलब्धता सम्भव

हालको सन्दर्भमा व्याख्या गर्ने हो भने कृषि बजारको उपलब्धता प्रचुर मात्रामा नभएको देखिन्छ। तर यसको सम्भावना भने मजबुत छ। किनकि कृषिले क्षेत्रको उत्पादन आधारभूत उत्पादन भित्र पर्दछ जसको उपयोगिता अवश्यमाथि छ। साथै हाम्रो मुलुकका छिमेकी देश भारत र चीन समेत हाम्रो लागि कृषि उत्पादनको उपयुक्त बजार सावित हुन सक्दछन्।

यस्तो अवस्थामा कृषि क्षेत्र ग्रामीण विकासका लागि पहिलो प्राथमिकतामा पर्दछ तर वर्तमान कृषि उत्पादन प्रणालीले ग्रामीण क्षेत्रको विकासलाई अगाडि बढाउन सक्दैन। त्यसैले वर्तमान कृषि प्रणालीलाई रूपान्तरण गरी व्यवासायिक, वैज्ञानिक र व्यवस्थित बनाउन जरुरी छ। यसै सन्दर्भमा, वर्तमान कृषि व्यवस्था तथा प्रणालीले किन ग्रामीण विकास गर्न सक्दैन र त्यसको रूपान्तरणबाट त्यो सम्भव छ त्यसको विवेचना निम्न बमोजिम गरिएको छ।

वर्तमान कृषि व्यवस्थाले ग्रामीण विकास नगर्नका कारणहरू

१. ग्रामीण क्षेत्रको जनसङ्ख्याको ठूलो हिसा अव्यवस्थित रूपमा आफ्नो श्रमको तुलनामा कम उत्पादन कार्यमा अलमलिनु,
२. अधिकांश जग्गा भूमिपतिका हातमा भएकाले कृषि क्षेत्रको लाभ ग्रामीण आम जनताको तुलनामा भूमिपतिको हातमा भाने भएकाले आम गरिबी कार्यमै रहने,
३. परम्परागत खेतीप्रणाली भएकाले, नगदेवाली, व्यवसायिक बाली र नाफामूलक बालीमा कम महत्त्व दिनु जसले गर्दा आर्थिक अवस्थामा सुधार नआउने,
४. प्रकृतिमा आधारितं उत्पादन प्रणाली भएकाले उत्पादनमा भरपर्न नसकिने,
५. कृषिबैङ्क तथा सहकारी संस्थाको अभावमा स्थानीय, सामान्त र जमिन्दारको भर पर्नु पर्ने अवस्था भएकाले सामन्तीवादी प्रणालीको प्रधानता रहन्छ जसले ग्रामीण विकास प्रक्रियालाई अवरुद्ध बनाउँदछ।
६. जीवन निर्वाहमुखी (Subsistence) खेतीप्रणालीको छाप परेकाले किसानहरूमा व्यवसायिक तथा वैज्ञानिक खेतीप्रणालीमा ध्यान जाँदैन जसका कारण उनीहरूको आर्थिक अवस्था सुधार हुन सक्दैन।
७. बजारको व्यवस्था कमजोर, उपयुक्त सिँचाइ प्रणालीको अभाव, कृषि सडकको निर्माण अभावमा कृषि क्षेत्रबाट ग्रामीण जनताको जीवनस्तर सुधार गर्न नसकिने भएकाले समेत वर्तमान कृषि प्रणालीबाट ग्रामीण विकास सम्भव छैन।

यसरी हाम्रो मुलुकको सन्दर्भमा कृषिक्षेत्र सम्बन्धित परम्परावादी सोच (कृषि क्षेत्रले नेतृत्वदायी भूमिका खेल्न सक्दैन) जो वर्तमान अवस्थामा रहेको छ जसले ग्रामीण क्षेत्रमा लैङ्गिक विभेद, सामान्तवादी संस्कार र पुरातनवादी श्रम व्यवस्थालाई कायम गरेको छ। त्यसलाई परिवर्तन गरेर कृषिलाई आधुनिक आँखाबाट मूल्याङ्कन गरी कृषि क्षेत्रको भूमिका नेतृत्वादयी बनाउन जरुरी छ।

अब, ग्रामीण क्षेत्रको रूपान्तरण तथा विकासमा कृषि क्षेत्रको रूपान्तरणले कसरी प्रभाव पार्दछ त्यसको बारेमा सङ्क्षिप्त विवेचना गरिन्छ।

कृषि क्षेत्रको रूपान्तरणले ग्रामीण क्षेत्रको विकासमा पार्ने प्रभावहरू निम्न बमोजिम छन्:

१. कृषि उत्पादनमा बढोत्तरी,
२. रोजगारीको सृजना,
३. बजारको सहज उपलब्धता,
४. मूल्य सापेक्ष उत्पादनमा जोड,
५. कृषि सडक, सञ्चार र सिँचाइको व्यवस्था,
६. सहज कृषि ऋणको उपलब्धता,
७. आयआर्जनमा वृद्धि कारण चेतनास्तर तथा शैक्षिक क्षेत्रमा उपलब्धि,
८. सामाजिक विभेद तथा सामन्ती संस्कारमा परिवर्तन
९. उपयुक्त तथा वैज्ञानिक भूमिसुधारका कारण भूमिहीन ग्रामीण जनताको जीवनस्तरमा सुधार,
१०. आवश्यक भन्दा बढी कृषि श्रमिकलाई अन्य क्षेत्रमा स्थानान्तरण गरी श्रमिकको उत्पादकत्वमा सुधार,
११. कृषिलाई व्यवसायिक बनाउने जसले वर्तमान खेतीप्रणालीलाई सहज र सरल बनाउँछ।

यस्तो परिदृश्यमा वर्तमान कृषि खेतीप्रणालीलाई परिवर्तन गर्न यस क्षेत्रमा व्यापक लगानीको जरुरी छ। वर्तमान अवस्थाकै विभेदकारी र परम्परावादी कृषि प्रणालीले ग्रामीण समाजलाई अझ जटिल बनाउने निश्चित प्रायः छ त्यसैले नेपालका ग्रामीण जनताको आशाको आधार र वस्तुनिष्ठ रूपान्तरणको पहिलो आधार कृषि क्षेत्र नै भएकाले यसमा भएका व्यापक चुनौती र समस्यालाई तत्काल सम्बोधन गरी व्यावहारिक, व्यवसायिक, समयसापेक्ष र वैज्ञानिक बनाउन सकेमा कृषि क्षेत्रबाट विशेषतः ग्रामीण क्षेत्रका जनताको र समग्रमा नेपालको विकासमा परिणाममुखी योगदान हुनसक्छ।

20. Discuss Marxian concept of surplus value.

कार्लमाक्सलाई इतिहासमा अमर बनाउने उनका विभिन्न सिद्धान्तहरूमध्ये अतिरिक्त मूल्यको सिद्धान्त अग्रस्थानमा आउँदछ। अत्यन्तै सहज ढङ्गले व्यवस्था गर्ने हो

भने पूँजीपति वर्ग या मालिकले मजदुरलाई काम लगाएबापत मजदुरले श्रम गरेको श्रमक तुलनामा कम ज्याल वा पारिश्रमिक (Wage) दिएर त्यसबापत बचत गरी मालिकले बढ नाफा गर्दछ भन्ने सिद्धान्त नै अतिरिक्त मूल्यको सिद्धान्त (Concept of surplu value) हो।

सामन्तवादी व्यवस्थाको समाप्ति र पूँजीवादी व्यवस्थाको सुरुवात साथसा सामन्तवादी प्रणालीका समान्तहरू उद्योगका मालिका पूँजीपतिहरूम रूपान्तिरित भए भ कृषि क्षेत्रका श्रमिकहरू कारखानामा कम गर्ने मजुदर भए। यो प्रणालीमा मजदुर श्रमिकहरूले सामन्ती अवस्थामा जस्तो सीधा आफ्नो लागि वा मालिकको उपभोगक लागि वस्तु तयार नगरी पूँजीपतिहरूले यस्ता वस्तु बेचेर बढी लाभ वा नाफा कमाउ वस्तुहरूको उत्पादन गर्न थाले। त्यस्तो उत्पादनप्रक्रियाले मजदुरलाई ज्याला पूँजीपतिलाई नाफा मिल्ने गर्दछ। यसै सन्दर्भमा अतिरिक्त मूल्यको सिद्धान्त आधारित छ नाफा कसरी प्राप्त हुन्छ ? यो सिद्धान्तका अनुसार कुनै वस्तु उत्पादन गर्दा कच्चापदार्थक मूल्य घटाउन सकिँदैन, उत्पादनका लागि आवश्यक मेसीन लगायत अन्य सामग्रीक लागत समेत घटाउन सकिँदैन, बजार प्रतिस्पर्धात्मक रूपमा अगाडि रहेकाले उत्पाद लागत भन्दा बढी मूल्य तोक्न सकिँदैन। यस्तो अवस्थामा कसरी अतिरिक्त नाफा प्रा हुन्छ ? यो गम्भीर प्रश्नमा मार्क्सीयन सिद्धान्तको सरल जवाफ छ कि श्रमिक नै त्यस एउटा उत्पादनको एकाइ वा पदार्थ हो जसलाई पूँजीपतिहरूले कम ज्यालामा काम लगाउ सक्छन्। यसरी माथिको तथ्यबाट के थाहा पाउन सकिन्छ भने पूँजीवादी वर्गले जु नाफाको रूपमा आफूले प्राप्त गरेको आम्दानी श्रमिकको शोषणबाट प्राप्त हुन्छ उदाहरणको लागि बजारमा पाइने एउटा टोपी बनाउँदा श्रमिकलाई फ्याक्ट्रीले रु.४० प्रद गर्दछ मानौँ टोपीमा लाग्ने सामग्रीको कूल मूल्य रु.१०० बराबरको छ। बजारमा उक्त टो रु.१८० मा बिक्दछ। यहाँ पूँजीपतिको लागत रु.१४० हुन्छ। यसबाट पूँजीपतिलाई रु. अतिरिक्त नाफा हुन्छ। त्यो रु.४० अतिरिक्त मूल्य हो। तसर्थ मार्क्स भन्दछन् श्रमिकल श्रम शोषण नगरी नाफा प्राप्त हुने ठाउँ हुँदैन त्यसैले त्यो नाफामा श्रमिकको न्यायोचित ह हुन्छ।

हुनतः अतिरिक्त बचतको सिद्धान्तलाई, पूँजीपतिको लगानीको risk लाई बेवास्ता गरेको, पूँजीपतिद्वारा गरिने अन्य खर्चलाई उल्लेख नगरेको, श्रमलाई मात्र उत्पादनः साधन मानेको भनेर आलोचना समेत गरेको पाइएको छ। त्यति हुँदाहुँदै पनि वास्तव मार्क्सले अतिरिक्त बचत/मूल्य सम्बन्धी जुन तथ्यगत आधार प्रस्तुत गरेका छन् त अत्यन्तै सान्दर्भिक रहेको छ। यसको उपादेयता अझसम्म पनि विश्वव्यापी रूपमा उति रहेको पाइन्छ।

21. Explain the characteristics of good governance.

सुशासन (Good governance) को प्रयोग विशेषतः सन् १९९० पछाडि च आएको पाइन्छ। सुरुको अवस्थामा सुशासनलाई विकसित मुलुकहरूले अल्पविकसि मुलुकहरूलाई त्यहाँको शासन व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायता स

(Aid conditionality) को रूपमा सारिएको हो। विकासोन्मुख तथा अल्पविकसित मुलुकहरूको शासन व्यवस्थामा व्यापक कमीकमजोरीहरू देखिएको अर्थात् शासन व्यवस्था भ्रष्ट, अपारदर्शी, केन्द्रिकृत भएकाले विकास प्रक्रिया अगाडि बढाउन नसकिएकोले त्यस्ता पक्षलाई सुधार गरी स्वतः स्फूर्त रूपमा विकासलाई अगाडि बढाउन सुशासन (Good governance) भन्ने शब्द आएको हो।

सुशासन (Good Governance) का विशेषताहरू

१. विधिको शासन

शासन व्यवस्था सञ्चालन निश्चित नियम, कानुन र मान्यताका आधारमा सञ्चालित हुनुपर्दछ साथै यो सम्पूर्ण जनताबाट अनुमोदित हुनुपर्दछ। शासन व्यवस्थाका प्रत्येक निकाय तथा अङ्ग निश्चित नियममा आधारित हुनुपर्दछ अन्यथा त्यो सुशासन मान्न सकिँदैन। वर्तमान संक्रमणकालीन अवस्थामा नेपालको शासन व्यवस्था विधिको शासनबाट अलि विचलित भएको अवस्था देखिन्छ यस्तो अवस्थालाई सुशासन भन्न मिल्दैन।

२. जनसहभागिता

शासन व्यवस्थालाई व्यवस्थित र सही ढङ्गले सञ्चालन गर्नलाई सम्बन्धित सबै सरोकारवाला (Related all stakeholders) हरूको नीति निर्माण देखि अनुगमन र मूल्याङ्कन चरणमा समावेशी ढङ्गबाट सहभागिता हुन जरुरी छ तबमात्र त्यो साँचो अवस्थामा सुशासन हुन्छ।

३. विकेन्द्रित शासन व्यवस्था

केन्द्रिकृत राज्यप्रणालीले राज्यका सेवा र सुविधालाई न्यायोचित ढङ्गले तल्लो तह र तप्कासम्म वितरण गर्न सक्दैन। साथै स्थानीय स्तरको साधन तथा स्रोतको समुचित ढङ्गले परिचालन समेत हुन सक्दैन। त्यसैले जनतालाई बढी अधिकार दिई शासन व्यवस्था सञ्चालनको अधिकार प्रत्यायोजन गर्नुपर्दछ।

४. बहुलबादमा आधारित प्रजातान्त्रिक व्यवस्था

सुशासनले कुनै पनि एकाधिकारवादी, निरङ्कुश र अधिनायवादी चरित्रको शासन व्यवस्थालाई आत्मसाथ गर्दैन यसको मूल मर्म भनेकै पूर्ण प्रजातान्त्रिक व्यवस्था होस् र सबै दल, वर्ग, जात, समुदायको उचित हिसाबले रहस सकोस्।

५. भ्रष्यचारमुक्त समाज

राज्य सञ्चालनका निकायहरूमा रहने गरेका भ्रष्यचारका कारण शासन व्यवस्था तथा विकास प्रक्रिया आशातित रूपले अगाडि बढ्न नसकेको विकासोन्मुख मुलुकहरूको सन्दर्भमा एउटा कटु यथार्थता हो। त्यसैले राज्यका, समाजका सबै तह र निकायमा हुने भ्रष्टाचार (सबै प्रकृतिका) लाई समाप्त पार्नु अर्को विशेषता हो।

६. जनताप्रति उत्तरदायी सरकार

७. दीगो तथा वातावरणमैत्री विकास

८. लैङ्गिक समानता
९. जनशक्तिकरण
१०. प्रजातान्त्रिक राजनीतिक संस्कार भएको सभ्य समाज
११. सूचना तथा अभिव्यक्तिको सुनिश्चितता
१२. नागरिक समाजसँगको समन्वय
१३. निष्पक्ष न्यायपालिका
१४. मानवअधिकारको प्रत्याभूति
१५. जवाफदेही कर्मचारीतन्त्र
१६. सार्वजनिक सम्पत्तिको व्यवस्थापनमा इमान्दारीता र शुद्धता

---

22. "Economics has become a complex blackboard science political science has become an outdated bookish science" (Rajni Kothari). Do you agree with this observation? If yes, how do you think that political economy can implement the weakness of the conventional disciplines of economics and political science?

कोथारीको उपयुक्त विचारमा वस्तुगत सत्यता रहेको पाइन्छ । दुवै सामाजिक विज्ञानहरू क्रमशः अर्थशास्त्र र राजनीतिशास्त्रको विशिष्ट महत्त्व रहँदारहँदै पनि तिनीहरूको दायरा पूर्णतया फराकिलो र समाजलाई व्यवस्थापन गर्नेभन्दा पनि संकुचित र एकाँगी रहेको छ । विशेषतः समाजभित्रका विविध पक्षहरूलाई त्यस्ता एकाँगी दृष्टिकोणले व्यवस्थापन गर्न नसक्ने भएकाले ती दुवै सामाजिक विज्ञानको आफ्नै उपयादेयता रहँदारहँदै पनि पूर्ण भने छैनन् । यसै सन्दर्भमा किन अर्थशास्त्र कालोपाटीको विज्ञान (Blackboard science) र राजनीतिशास्त्र किताबको विज्ञान (Bookish sciece) मात्रै भए त्यसको चर्चा गर्न जरुरी छ।

अर्थशास्त्र त्यस्तो विज्ञान हो जसले केबल कालोपाटीमा अर्थशास्त्रका विविध सूत्रहरूको प्रयोगबाट नाफा र घाटको हिसाब (जो आर्थिक क्रियाकलापसँग मात्र सम्बन्धित छ) मात्रै गर्दछ। यो यतिसम्म एकाङ्की हुन्छ कि ठीक कालोपाटीमा हिसाब गरिरहँदा समाजमा भएका विविध घटनाहरूले प्रत्यक्ष र तुरुन्त आर्थिक क्रियालकपामा प्रभाव पार्दछ भन्ने कुरालाई पूर्णतयाः बेवास्ता गर्दछ। समाजभित्र हुने द्वन्द्व, सामाजिक असमानता, विमेल जस्ता पक्षहरूले पार्ने प्रभावको अर्थशास्त्रले बेवास्ता गर्दछ। समयसमयमा हुने राजनीतिक परिवर्तन सरकार गठन र विगठन, अन्तर्राष्ट्रिय परिस्थिति, आतंकवादी आन्दोलन आदि जस्ता समसामयिक घटनाहरूको समेत आर्थिक सवालहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव रहन्छ भने कुरालाई अर्थशास्त्रले आत्मसाथ गर्दैन। कसरी बढीभन्दा बढी नाफा कमाउन सकिन्छ र त्यसलाई पुनः लगानी गरेर आम्दानी गर्न सकिन्छ साथै बजारको भूमिकालाई कसरी प्रभावकारी ढङ्गले अगाडि बढाउन सकिन्छ त्यसतर्फमात्रै अर्थशास्त्रले ध्यान दिएको पाइन्छ। समाजभित्र हुने अन्य पक्षहरूको पूर्णतया

बेवास्ता गर्दै केवल कालोपाटीको विज्ञान जहाँ निश्चित नियमका आधारमा एकाङ्की ढङ्गले सिक्ने र सिकाउने कार्य मात्र हुन्छ त्यसले समग्रमा अगाडि बढ्न सक्दैन र समाजमा विद्यमान चुनौतीलाई समेत व्यवस्थापन गर्न सक्दैन।

अर्कोतर्फ राजनीतिशास्त्र केवल एउटा सैद्धान्तिक विज्ञानको रूपमा रहेको छ । यसले केवल पुस्तकहरूमा सिद्धान्तहरू प्रतिपादित गर्ने त्यसको व्याख्या, विश्लेषण गर्ने मात्र काम गर्दछ । नयाँ नयाँ दर्शनशैली र विचारप्रस्तुत गर्दछ तर त्यसको व्यावहारिक कार्यान्वयनमा राजनीतिशास्त्रले भूमिका निर्वाह गरेको पाइँदैन । समाजमा उत्पादनको प्रक्रिया, विनिमय, उपभोग्य वस्तुको सहज आपूर्ति, माग र आपूर्ति बीचको तादाम्यता कायम गर्ने सन्दर्भमा राजनीतिशास्त्र मौन छ। यसले केवल राजनीतकि स्थिरता, सुशासन, पारदर्शिता जस्ता पक्षहरूलाई सैद्धान्तिक रूपले महत्त्व प्रदान गर्दछ तर त्यस्ता सिद्धान्तले मात्र समाज अगाडि बढ्न सक्दैन त्यसका लागि ठोस रूपले आर्थिक क्रियाकलाप तथा उत्पादनमुखी प्रक्रियामा संलग्न रहुन पर्दछ । तर राजनीतिशास्त्रले त्यस्ता व्यावहारिक आर्थिक क्रियाकलापलाई पूर्णतया बेवास्ता गर्दै किताबका पानामा सिद्धान्तको व्याख्या मात्र गर्ने भएकाले त्यसलाई किताबको विज्ञान (Bookish science) भनिएको हो।

अतः कोथारीको अर्थशास्त्र र राजनीतिशास्त्रप्रतिको statement मा सत्यता छ। यसरी दुवै विशिष्ट विज्ञानका आआफ्नै कमजोरी भएकाले दुवै विज्ञान एकल रूपमा पूर्ण रहेका छैनन्। यस्तो अवस्थामा यी दुवै विज्ञानमा देखिएका कमीकमजोरीलाई व्यवस्थापन गर्ने र वैकल्पिक व्यवस्थाका खातिर हुनै नयाँ विज्ञानको जरुरी छ । त्यस्तो विज्ञानको राजनीतिक अर्थतन्त्र (Political economy) हुन सक्दछ । राजनीतिक अर्थतन्त्र दुवै विज्ञानका कमजोरीहरूलाई व्यवस्थापन गरी अगाडि बढ्न सक्ने विज्ञानका रूपमा रहनका लागि समेत तथ्यगत आधारहरू छन्, जसलाई तल उल्लेख गरिन्छः

१. यो निरपेक्ष विज्ञान होइन

जसरी अर्थशास्त्र र राजनीतिशास्त्रका निरपेक्ष रूपमा आफ्नै विशिष्ट विशेषताहरू रहन्छन् । राजनीति अर्थशास्त्रले ती दुवै विज्ञानको बीचमा सहकार्य र mutual relationship को कुरालाई अगाडि बढाउँदछ।

२. यो व्यावहारिक विज्ञान हो

आर्थिक पक्ष तथा क्रियाकलाप र राजनीतिक परिस्थितको संयोजन नहुने भएमा समाज अगाडि बढ्न सक्दैन । यस्तो अवस्थामा राजनीतिक अर्थशास्त्रले दुवै पक्षको महत्त्वलाई आत्मसाथ गरेर व्यावहारिक रूपम आवश्यकता अनुसार संयोजन गरी समाजलाई अगाडि बढाउन सहयोग पुर्‍याउने भएकाले समेत यो विषय extremist विषयहरू बीचको उत्तम विकल्पको रूपमा रहेको पाइन्छ।

३. समाजलाई सम्पूर्णतामा विश्लेषण गर्दछ

राजनीतिक अर्थशास्त्रको प्रकृति एकरेखीय नभएर सम्पूर्णतामा विश्लेषण गर्ने प्रकारको हुन्छ। समाजलाई अगाडि बढाउन एकरेखीय तथा एकपक्षीय विश्लेषण गरेर हुँदैन । किनकि समाजमा विभिन्न व्यक्ति जात, वर्ग र लिङ्गका आआफ्नै विशिष्ठ

परिचय, शैली र व्यवहार हुन्छन् त्यसैले यस्ता विशिष्ठ परिस्थितिको सही तरिकाले संयोजन गर्न नसके समाजमा सामाजिक द्वन्द्व तथा अस्थिरता सृजना हुन सक्दछ। त्यस्तो अवस्थामा राजनीतिक अर्थशास्त्र एउटा उत्तम विकल्प हुन सक्दछ।

अन्त्यमा, राजनीतिक अर्थशास्त्र त्यस्तो व्यापक र व्यावहारिक विज्ञान हो जसले राजनीतिशास्त्र र अर्थशास्त्र जस्ता फरकफरक विज्ञानहरूलाई समान विकासका खातिर साथसाथै अगाडि बढाउन सहयोग पुऱ्याउँदछ। त्यस्ता विज्ञानहरूका कमीकमजोरीहरूलाई सक्रिया व्यवस्थापन गरी तिनीहरूको उपयुक्त विकल्प समेत हुन सक्दछ। त्यसैले राजनीतिक अर्थशास्त्रको महत्त्व आधुनिक समाजमा अझ बढ्दै गएको पाइन्छ।

23. Examine the major challenges faced by co-operative in Nepal.

सहकारीका सन्दर्भमा चर्चा गर्दा नेपालको लागि धेरै अगाडिदेखिका सहरकारी प्रवृत्तिका पूर्वाधारहरूको चर्चा गर्न जरुरी छ। विशेषतः हाम्रो मुलुकका गरिब समुदायले कतिपय सन्दर्भमा व्यक्तिगत प्रयासबाट मात्रै आफ्नो समस्या समाधान गर्न नसक्ने भएकाले सामूहिक प्रयासबाट आफ्नो समस्या समाधान गर्ने उद्देश्यले भेजा, गुठि, पर्म ढिकुटी आदि सञ्चालन गरी आएका थिए वास्तवमा यी संस्थाहरू नै सहरकारीका पूर्वाधारहरू हुन्। सहरकारीको वैधानिक विकासक्रम हेर्दा वि.सं.२०१० सालमा सहकारी विभागको स्थापनालाई लिन सकिन्छ। त्यो अवस्थाबाट सुरु भएको सहकारिताले हालसम्मको समृद्ध अवस्थासम्म आइपुग्दा र अझैपनि विभिन्न चुनौतीहरूको सामना गर्दै अगाडि बढीरहेको छ। यसले आफ्नो अभियानमा समाज विकासलाई गतिलो पुऱ्याए तापनि यसले भोग्नुपरेका चुनौतीहरू भएकाले यसलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छः

१. उपर्युक्त संस्थागत सहयोग वा व्यवस्थापनको खाँचो

केन्द्रीय रूपमा कृषि मन्त्रालय अन्तर्गत सहकारी मन्त्रालय पनि छ तर त्यसले जिम्मेवार ढङ्गले सहकारी आन्दोलनलाई व्यवस्थापन गर्न सकेको छैन। उपयुक्त कानुन नीति नियमको व्यवस्थापन, अनुगमन र मूल्याङ्कन समेत गर्न नसकेको अवस्था छ। स्थानीय स्तरसम्म तथा ग्रामीण भेगमा यसलाई पुऱ्याउन र व्यवस्थापन गर्न संस्थागत सहयोग र सक्षमताको अभाव देखिएको छ।

२. चेतनास्तरको कमी

सहकारीको महत्त्व, यसको व्यवस्थापन र चुनौतीका सन्दर्भमा सामान्य स्तरको चेतना जरुरी हुन्छ। तर विशेषतः हाम्रो ग्रामीण समाजको चेतनास्तर अत्यन्तै दुर्वल रहेकाले सहकारिताको फाइदा सम्बन्धी ज्ञानको अभाव भएकाले यसलाई अगाडि बढाउन समस्या देखियो। साथै खोलिएका सहकारी समेत उचित व्यवस्थापनको आधारमा राम्ररी अगाडि बढ्न सकेन वा स्थानीय उपल्लो तहका मानिसले स्वार्थगत ढङ्गबाट उपयोग गर्न थाले।

३. सहर केन्द्रित सहकारीतालाई प्रधानता

सहकारी आन्दोलनको Mainspirit विपरीत ग्रामीण क्षेत्रका गरिबहरूको रूपान्तरण गर्नका लागि भन्दा सहरमा नाफा कमाउने उद्देश्यले सहकारीलाई विस्तार गर्न थालियो जसले गर्दा यसले लक्षित वर्ग तथा समुदायलाई फाइदा पुऱ्याउन सकेन।

४. सीमित कार्यमा मात्र जोड दिनु

विशेषत नेपालमा सहकारी आन्दोलनले ऋणप्रवाह गर्ने कार्यमा मात्र आफूलाई सीमित गरेको देखिन्छ । त्यसका अलावा सम्भावनायुक्त अन्य व्यवसायिक कार्यहरूमा यसले आफूलाई सञ्चालन गरेको देखिँदैन । रोजगारीका क्षेत्रमा लगानी गर्ने, स्थानीय तहमा साना घरेलु उद्योगलाई सञ्चालन गर्ने लगायतका काममा सहकारीले ठोस रूपमा काम नगरेको देखियो।

५. समाजको उपल्लो वर्गलाई लाभ

सहकारीको मुख्य लक्ष्य ग्रामीण समाजका गरिब, पिछडिएका र तल्लो वर्गलाई माथि उकास्नु भए तापनि सहकारी सञ्चालन र यसबाट प्राप्त गर्न नसकिने फाइदा स्थानीय तहका तथाकथित उपल्लो तह र वर्गका मानिसले मात्र गरेकाले यसले आशातित सफलता प्राप्त गर्न सकेन।

६. रकमको गलत प्रयोग तथा सञ्चालन

व्यवसायिक कार्यका लागि भनेर सहकारीबाट प्राप्त गरेको ऋणलाई अनुत्पादक क्रियाकलापहरू जस्तै विवाह, व्रतबन्ध, काजक्रिया आदिमा लगाउने जसले गर्दा ऋणीको आर्थिक उन्नति नहुने त छँदैछ उसले समयमा सहकारी मार्फत लिएको ऋण समेत चुक्ता भएकाले सहकारीहरू धरायसी हुँदै गएका छन्।

७. प्रजातान्त्रिक प्रणालीको प्रभाव

सहकारी आन्दोलनको एउटा मूल मर्म भनेको प्रजातान्त्रिक पद्धति तथा अभ्यास हो तर यसको ठीक विपरित सहकारी सञ्चालन प्रक्रियामा सीमित व्यक्तिले एकाधिकारपूर्ण तरिकाले आधिपत्य जमाउने, सामूहिक निर्णय प्रक्रियालाई प्राथमिकता नदिने जस्ता प्रवृत्तिले गर्दा समस्या सृजना भएको छ।

८. राजनीतिक प्रभाव

सहकारीतालाई व्यवसायिक हिसाबले प्रतिस्पर्धात्मक ढङ्गले स्वच्छ रूपमा सञ्चालन गर्नुपर्नेमा त्यसको ठीक विपरित स्थानीय राजनीतिक पुहँचको आधारमा यसका कार्य तथा व्यवस्थापनलाई प्रभावित गर्ने गरिएको छ जसका कारण यसले विशुद्ध सेवामुखी भएर कार्य सञ्चालन गर्न सकेको छैन।

९. व्यवस्थित अनुगमन र मूल्याङ्कनको समस्या

सहकारी आन्दोलन नीतिगत लक्ष्य र उद्देश्य बमोजिम यो सञ्चालन भएको छ या छैन अर्थात् यसले वास्तविक लक्षित समूहलाई समेटेको छ या छैन त्यस सम्बन्धी उपयुक्त अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्न सकिएको छैन।

24. What do you mean by the term 'political economy'? What ar the main characteristics and possible uses of this new discipline?

राजनीतिक अर्थतन्त्र 'Political economy' एउटा बृहत् विज्ञान हो । जस वस्तुगत रूपमा राजनीतिक र आर्थिक पक्षको अध्ययन गर्दछ । सामान्य रूपमा भने भने यो राजनीति र अर्थतन्त्रको बारेमा अध्ययन गर्ने विज्ञान हो । शाब्दिक रूपमा व्याख्या गर्नुपर्दा अर्थतन्त्र अर्थात् political economy तीनवटा भिन्नभिन्न ग्रीक शब्दावलीबा प्रतिपादित भएको पाइन्छ ।

क) Politiks भन्नाले राज्य (State) अथवा समाज (Society) भन्ने बुझिन्छ ।

ख) Oikos भन्नाले घर अथवा त्यसको व्यवस्थापन (Household management)

ग) Noms भन्नाले नियम अथवा कानुन (Rule or law) भन्ने बुझिन्छ ।

माथिका शाब्दिक व्याख्या अथवा अर्थबाट के बुझिन्छ भने राजनीतिक अर्थतन् भन्नाले राज्य व्यवस्थापनका नियमहरू भनेर बुझिन्छ । यसबाट अर्थ लगाउन सकिन्छ कि political economy भन्नाले राज्य सञ्चालनका निम्ति आवश्यक दुवै पक्ष राजनीति र आर्थिक पक्षको नियमसंगत व्यवस्थापन हो ।

राजनीतिक अर्थशास्त्रलाई परिभाषित गर्ने सन्दर्भमा समेत विविध अवधारणा पक्षहरू भेटिएको पाइन्छ कसैले यो विज्ञानलाई एकपक्षीय रूपमा राजनीतिक ढङ्ग व्याख्या गरेका छन् भने कसैले आर्थिक रूपले व्याख्या गरेका छन् । कतिपय विद्वान राजनीतिक अर्थतन्त्र भनेको राजनीतिक आधारस्तम्भमा रहेर आर्थिक क्रियाकलाप अध्ययन गर्ने विज्ञान हो भनी राजनीतिक पक्षलाई बढी महत्त्व दिएको पाइन्छ । उनीहरू अनुसार सरकारी नीति नियम, राजनीतिक परिस्थिति, संस्कार आदिले सिङ्गो ब सञ्चालन र अर्थव्यवस्थालाई प्रभावित गर्दछ । त्यसको ठीक विपरित अर्कोथरी विद्वान अनुसार राजनीतिक अर्थशास्त्र भनेको आर्थिक आधारस्तम्भमा रहेर अन्य राजनीतिक त सामाजिक पक्षलाई सञ्चालन गर्ने विज्ञान हो यस्ता विचारकहरूले आर्थिक पक्ष सर्वोपरी मानी अन्य पक्षहरूलाई सहायक पक्षका रूपमा लिन्छन् । यी दुवै विचारमा प एकले अर्को विचारलाई निषेध गर्नेभन्दा आफू प्राथमिक पक्ष भएको र अन्य पक्ष सहाय भएको विचार राख्दछन् । आर्थिक पक्ष प्राथमिक मान्नेहरूले समाजमा विद्यमान आर्थि परिस्थिति, त्यसमा हुने परिवर्तन जस्तै चरम बेरोजगारी, गरिबी, आर्थिक सन्तुलन ज परिवर्तनले राजनीतिक प्रणालीलाई प्रत्यक्ष प्रभाव पार्दछ ।

यसरी माथिका विचारहरूबाट समेत के स्पष्ट हुन्छ भने राजनीतिक अर्थशा भन्नाले समाजभित्रका राजनीतिक आर्थिक पक्ष लगायत अन्य पक्षहरू बीच reciprocal and mutual relationship को अध्ययन गर्ने बृहत् विज्ञान हो । एक विद्वान् Paul A. Baran (1910-1964) ले उनको पुस्तक "The Politic Economy of Growth" मा उल्लेख गरेका छन् कि कुनै पनि औपनिवेशिक भ पछाडिको समाजको आर्थिक वृद्धिको पक्षलाई अध्ययन गर्ने हो भने त्यस समाज तत्कालीन अवस्थाको राजनीतिक, सामाजिक तथा ऐतिहासिक विषयवस्तुको स

अध्ययन गर्न जरुरी छ। यसबाट प्रष्ट हुन्छ कि कुनै समाजको वा राज्यको अध्ययनका लागि राजनीतिक तथा आर्थिक दुवै पक्षको जरुरी छ र त्यसको विस्तृत र व्यवस्थित अध्ययन गर्ने विज्ञान नै राजनीतिक अर्थशास्त्र हो। राजनीतिक अर्थशास्त्रलाई परिभाषित गर्दै केही विद्वान्हरूले आफ्नो विचार प्रस्तुत गरेका छन्। जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ।

१. "Political economist provides economist and political scientist with ways of exploring transaction within political market." *–Rodink Dane*

२. "Political economy is the reciprocal and dynamic relations of persuit of wealth and the presuit of power." *–Gilpin*

३. "Political economy as efforts to investigate the interaction of politics and economic in policy choice and institutional change studies of economic behaviour in political process and political behaviour in economy and market." *–M. Grindle*

अन्ततः माथिका सबै परिभाषाहरूबाट समेत थप प्रष्ट हुन्छ कि राजनीतिक अर्थशासत्र एउटा त्यस्तो बृहत् विज्ञान हो जसले राज्य सञ्चालनका खातिर अति आवश्यक राजनीतिक तथा आर्थिक पक्षको व्यवस्थित, सन्तुलित र समन्वयकारी ढङ्गले व्याख्या गर्दछ।

राजनीतिक अर्थशास्त्रका विशेषताहरू:

१. राजनीतिक अर्थशास्त्र एउटा बृहत् र नवीन विज्ञान हो।
२. यो एउटा सामान्य विज्ञान (General science) हो न कि विशिष्ट विज्ञान।
३. यसले कुनै एक पक्षको मात्र गहिराइमा गएर अध्ययन गर्दैन।
४. राजनीतिक तथा आर्थिक क्रियाकलापलाई एकतृत ढङ्गले व्याख्या गर्ने विज्ञान हो।
५. उत्पादन, वितरण तथा उपभोगलाई समायोजित गर्ने विज्ञान हो।
६. सम्पत्ति र शक्ति (Wealth and power) लाई समन्वय गरी अगाडि बढाउने विज्ञान हो।
७. राजनीतिक अर्थशास्त्रले आर्थिक वृद्धिका साथसाथै सामाजिक न्यायलाई समेत महत्त्व प्रदान गर्दछ।
८. यो नवीन विज्ञान राजनीतिशास्त्र र अर्थशास्त्र बीचको वैचारिक द्वन्द्व समेत हो।

राजनीतिक अर्थशास्त्रको सम्भावित प्रयोगलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ:

१. राज्यलाई व्यवस्थित ढङ्गले अगाडि बढाउने

समाज या राज्यका धेरै प्रकारका components हुन्छन् र तिनीहरूको आफ्नै विशिष्ट विशेषता र महत्त्व समेत पाइन्छन्। यदि त्यस्ता तत्त्वहरूको एकाङ्की ढङ्गले मात्र प्रयोग गर्न खोजिएमा त्यसले समाजमा सामाजिक द्वन्द्वको सृजना गर्दछ। यस्तो

अवस्थामा, राजनीतिक अर्थतन्त्रले त्यस्ता विशिष्ट चरित्रका राजनीतिक तथा आर्थि तत्त्वहरूलाई समन्वय गरी समुचित रूपले समाज र राज्यलाई अगाडि बढाउन सहयो पुऱ्याउँदछ।

२. आर्थिक वृद्धि तथा आर्थिक समृद्धिका लागि जोड

आर्थिक विकास, प्रतिव्यक्ति आयको वृद्धि, रोजगारीको व्यवस्था, गरिबी निवारण जस्ता पक्षलाई उच्च प्राथमिकता दिएमा मात्र राजनीतिक स्थिरता कायम हु भन्ने पक्षलाई राजनीति अर्थशास्त्रले आत्मसाथ गर्ने भएकाले सम्मुनत आर्थिक स्थि बनाउन यसले महत्त्वपूर्ण योगदान दिन्छ।

३. राजनीतिक स्थिरता र सुशासनमा जोड

राजनीतिक प्रणालीको स्थिरता, भ्रष्टचारयुक्त समाज, जवाफदेहीता, पारदर्शि लगायतका राजनीतिक पक्षको सुनिश्चिता विना आर्थिक उपलब्धि हासिल गर्न नसकि कटु यथार्थता (Bitter reality) लाई राजनीतिक अर्थशास्त्रले आत्मसाथ गरेक राजनीतिक स्थिरतालाई यसले सघाउ पुऱ्याउँदछ।

४. सामाजिक तथा न्याय स्थापनामा सहयोग

राजनीतिक अर्थशास्त्रले केवल प्रतिव्यक्ति आयमा बढोत्तरी तथा आर्थि विकासका पक्षहरूलाई मात्रै विश्लेषण गर्दैन बरु त्यसले आर्थिक विकासको लाभ वितरणमा न्याय भयो कि भएन भन्ने पक्षलाई समेत मूल्याङ्कन गर्दछ। वितरण असमानता भयो र त्यसले राज्यका सबै तह र तप्कालाई न्याय गर्न सकेन भने सामाजि द्वन्द्व सृजना गर्ने भएकाले राजनीतिक अर्थशास्त्रले सामाजिक न्याय सृजनामा स सहयोग पुऱ्याउँदछ।

निष्कर्षका सामाजिक सन्तुलन कायम गरेर अर्थतन्त्रको विकास गर्दै र सञ्चालन प्रक्रियालाई सहज ढङ्गले अगाडि बढाउने र विकास प्रक्रियालाई समेत प्रदान गर्न राजनीतिक अर्थशास्त्र (Political economy) को भूमिका अपरिहार्य रहे हुन्छ।

---

25. What are the problems of good governance in Nepal? How c good governance contribute in improving the quality development the country?

राम्रो, असल र व्यवस्थित शासनलाई सुशासन भनिन्छ। यसको अर्थ हिजोको आजको राम्रो हुनु हो। आजका जनमुखी शासनलाई सुशासन भनेर चिन्न थालिएको राज्य सञ्चालनमा सुशासन नवीन अवधारणा भए तापनि मानव सभ्यताको इतिहा सुशासनको महत्त्व सधैं रही आएको छ। यद्यपि इतिहासको कालखण्डमा यसको अर्थ विशेषतामा भने फरक आएको हुन सक्दछ।

सामान्यतया तेस्रो विश्व (Third world) अर्थात् अल्पविकसित राज्यहरूमा श व्यवस्था व्यवस्थित र राम्रो हुन नसकेकाले विकासका प्रक्रियाहरूले आशातित सफ

प्राप्त गर्न नसकेको पर्याप्त उदाहरणहरू छन् । यसै सन्दर्भमा नेपालमा समेत विविध ढङ्गले विकास प्रक्रियालाई अगाडि बढाउनका निम्ति प्रयासहरू भए तापनि सुशासन (शासन व्यवस्थामा कमजोरी) नभएकाले गर्दा विविध जटिलता सृजना भएको पाइन्छ । यसै सन्दर्भमा नेपालमा सुशासन (Good governance) सम्बन्धी देखिएका विविध समस्याहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

१. सरकार र यसका निकायहरूको जनउत्तरदायित्वको अभाव

सैद्धान्तिक रूपमा र नीतिगत व्यवस्थाका हिसाबले राज्य यसका जनताहरूप्रति उत्तरदायी हुनुपर्दछ भन्ने कुरा स्वीकार गरिएको भए तापनि त्यसको व्यावहारिक कार्यान्वयनको अवस्था हेर्ने हो भने सरकार, यसका विविध निकायहरू शक्ति र सत्ताप्रति बढी उत्तरदायी भएको पाइन्छ । जनता जसलाई सेवा र सुविधा प्रदान गर्नुपर्ने त्यो भन्दा बढी अन्तत्रै उत्तरदायी रहेको पाइन्छ । साथै आफूले प्रवाह गरिएका सेवा र सुविधा प्रति responsible हुने परिपाटी समेत देखिएकाले समस्या सृजना भएको पाइन्छ ।

२. जिम्मेवारीपनाको अभाव

राज्यमा जनतालाई सेवा प्रवाह गर्ने विभिन्न निकायहरू हुन्छन् जस्तै राज्य र यसका निकायहरू आफैँ, निजी क्षेत्रहरू, गैह्रसरकारी संस्थाहरू । यस्ता विविध निकायहरूले जिम्मेवार ढङ्गले, अनुशासित ढङ्गले सेवा, सुविधा प्रदान नगर्ने र त्यस्ता सेवा सुविधा प्रदानका क्रममा देखिएका समस्याको जिम्मेवारी समेत इमान्दारीपूर्वक बहन नगरेकाले समस्या सृजना भएको छ ।

३. अनियन्त्रित भ्रष्टाचार

भ्रष्टाचारका विभिन्न स्वरूपहरू हुन्छन् । हाम्रो सन्दर्भमा आर्थिक क्षेत्रमा व्यापक भ्रष्टाचार छ त्यसलाई कसैले नियन्त्रण गर्न सकेको छैन । त्यसका अलावा राजनीतिक र सामाजिक क्षेत्रमा समेत व्यापक भ्रष्टाचार देखिएका छन् । यस्ता भ्रष्टाचारका विविध स्वरूपहरूको कुनै न कुनै रूपमा एक अर्काका सम्बन्ध रहेकाले यसले विकास प्रक्रियालाई ओझेलमा पारेका छन् ।

४. सहभागीमूलक विकास प्रक्रियाको अभाव

सिद्धान्ततः विभिन्न ऐन, नियम र संविधानमा समेत सरोकारवाला पक्षहरूलाई सम्बन्धित कार्यहरूमा प्रत्यक्ष संलग्न गराउने भनिए तापनि व्यावहारिक रूपमा त्यस्ता प्रक्रियामा तल्लो वर्ग, समुदाय, क्षेत्र र जातका मानिसलाई सहभागी गराउन सकिएको छैन बरु उनीहरूको नाममा स्थानीय तहका उपल्लो समुदाय अर्थात् local elites हरूलाई सहभागी गराइएको छ जसका कारण वास्तविक सफलता हासिल गर्न नसकिएको अवस्था छ ।

५. निर्णय प्रक्रियामा अपारदर्शिता

केन्द्रीय, क्षेत्रीय र स्थानीय तह सबै प्रवृत्तिका निर्णय, जस्तैः मन्त्रीमण्डल गठन प्रक्रियादेखि, कर्मचारुको सरुवाबढुवा प्रक्रिया, योजना छनोदेखि विश्वविद्यालयमा पदाधिकारीनियुक्तका प्रक्रियासम्मका निर्णयमा पारदर्शिता अपनाइँदैन । कतिपय

राजनीतिक तथा आर्थिक निर्णय black box बाट गरिन्छ । त्यस्तो निर्णय कसरी भ साधारण जनताले थाहा पाउन सक्दैनन् । यस्तो निर्णयप्रक्रियाले केही निश्चित व्यक्ति समुदायलाई फाइदा पुर्‍याउँदछ तर आम जनतालाई यसले निराश तुल्याउँछ।

६. राष्ट्रिय सहमतिको अभाव

सुशासनको अर्को महत्त्वपूर्ण पक्ष भनेको राष्ट्रिय सहमति (National consensus) हो । फरक व्यक्ति, दल तथा पक्षहरूको फरक फरक दृष्टिकोण हु सक्दछन् तर राष्ट्रिय महत्त्वका विषय तथा विकास प्रक्रियाका विषयमा दीर्घकालीन रूपमा आमसहमति हुन जरुरी हुन्छ त्यसो भएमा मात्र विकासले मूर्त रूप लिन पाउँदछ तर हाम्रो सन्दर्भमा त्यस्ता अहम् सवालमा समेत विवादास्पद प्रतिस्पर्धा र झगडा भएकाले विकास प्रक्रिया सोचे जसरी अगाडि बढ्न नसकेको हो।

७. हालसम्म विद्यमान केन्द्रिकृत राज्य प्रणाली

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली लगायत अन्य कानुनी प्रावधानद्वारा शासन व्यवस्थालाई विकेन्द्रिकृत गर्न खोजिए तापनि व्यावहारिक कार्यान्वयनको अभावका कारण त्यस्ता प्रक्रियाले मूर्तरूप लिन सकेनन् । विकेन्द्रित शासन प्रणाली प सुशासनको एउटा महत्त्वपूर्ण आधारस्तम्भ हो तर त्यसको कार्यान्वयन हाम्रो सन्दर्भमा क भएकाले समेत समस्या सृजना भयो।

८. स्वतन्त्र तथा निष्पक्ष न्यायसम्पादनको अभाव

९. मानवअधिकारको प्रत्याभूतिको अभाव

सुशासनका कारण गतिशील र गुणात्मक विकास प्रक्रियालाई अगाडि बढाउ सकिन्छ । किनकि सुशासनका आधारभूत तत्त्व तथा पक्षहरूलाई व्यावहारिक रूप आत्मसाथ गर्ने हो भने त्यसको प्रत्यक्ष सम्बन्ध विकास प्रक्रियासँग पर्न गई विका प्रक्रियाले ठोस उपलब्धी हासिल गर्दछ । यसै सन्दर्भमा सुशासनका तत्त्वहरू र त्यस विकासमा पार्ने प्रभावलाई सङ्क्षिप्त विश्लेषण गरिएको छ।

१. शासनको वैधता

जनताले आत्मसाथ गरेको शासनप्रणाली छ र त्यसले सबै राष्ट्रिय अन्तर्राष्ट्रिय तहबाट वैधता प्राप्त गरेको छ भने त्यस्तो राज्यले वा सरकारले गरेको कार्यप्रति एकात राष्ट्रिय स्तरमा जनताको पूर्णरूपमा सहयोग, समर्थन र सहभागिता हुन्छ जसले कुनै प विकास योजनालाई तार्किक निष्कर्षमा पुर्‍याउन सहयोग पुर्‍याउँदछ भने अर्को अन्तर्राष्ट्रिय स्तरमा समेत त्यस्ता विकास प्रक्रियालाई साथ, सहयोग र समन्वय रा भएकाले विकास प्रक्रियाले आशातित सफलता प्राप्त गर्दछ।

२. पारदर्शिता

निर्णय प्रक्रिया (कुनै पनि प्रकारको) सबैले थाहा पाउने गरी गरिएमा त्यस अनावश्यक रूपमा आशंका गर्ने र त्यसलाई असहयोग गर्ने काम हुँदैन । सरोकारवालाहरूले आफ्नो विचार त्यसमा राख्न पाउँदछन् । त्यस्तो निर्णयप्रक्रियाले एक व्यक्ति, समुदाय वा वर्गलाई भन्दा सामूहिक हितलाई ध्यानमा राखेको हुन्छ।

त्यस्तो पारदर्शितापूर्ण व्यवहारले विश्वास र सामाजिक एकता पैदा गर्दछ जसले गर्दा विकास प्रक्रिया स्वतः स्फूर्त रूपमा अगाडि बढ्दछ।

३. जनसहभागिता

विकास प्रक्रियामा जनसहभागीलाई आत्मसाथ गरिएमा मुख्यतया: ३ वटा फाइदा हुन्छन्। पहिलो जनसहभागिता नीति निर्माण तहबाट अनुगमन मूल्याङ्कनका सबै तहसम्म गरिएमा सम्पूर्ण सरोकारवालाले अपनत्व अनुभव (Ownership feeling) गर्दछन् । जसले गर्दा विकासका दीगोपना कायम हुन्छ। दोस्रो सम्पूर्ण सरोकारवालाको वास्तविक सहभागिता भएमा त्यसबाट प्राप्त हुने फाइदाबाट समेत सबै समानरूपमा लाभान्वित हुन्छन् र तेस्रो जनसहभागिताका कारण विकास प्रक्रियाको लगानीमा धेरै ठूलो बचत गर्न सकिन्छ अर्थात् थोरै लगानीमा ठूलाठूला विकास प्रक्रियालाई सहज ढङ्गले अगाडि बढाउन सकिन्छ।

४. भ्रष्ट्याचारको समाप्ति

विकासको लागि छुट्याइएको रकमको आधाभन्दा कम रकम मात्र हाल स्थानीय स्तर तथा लक्षित समुदायमा पुग्ने गरेको छ। अर्थात् कुनै न कुनै रूपमा भ्रष्टाचारका कारण त्यस्तो स्थिति सृजना भएको छ । साथै सेवा सुविधा प्रदान गर्दा राष्ट्रसेवक कर्मचारीले अतिरिक्त रकम लिने गरेकाले जनताको विश्वसनियता घट्दै गएको अवस्था छ । यदि समाजमा विद्यमान यस्ता आर्थिक, सामाजिक र राजनीतिक सबै प्रकृतिका भ्रष्ट्याचारलाई निराकरण गरेमा धेरै हदसम्म समस्याको समाधान आउन सक्दछ।

यसका अलावा सुशासनका कतिपय पक्षहरू छन् जसले प्रत्यक्ष रूपमा विकासलाई सहयोग पुऱ्याउँदछ जो निम्नलिखित छन्:

- दीगो र वातावरणमैत्री विकास प्रक्रिया,
- प्रजातान्त्रिक राजनीतिक संस्कार,
- नागरिक समाजका सदस्यसँग समन्वय र सहयोग,
- मानवअधिकारको प्रत्याभूति,
- लैङ्गिकक समानता र जनशक्तिकरण,
- स्वतन्त्र एवम् निष्पक्ष न्यायपालिका।

26. Discuss the significance of agricultural modernization for rural development in Nepal.

साधारणतया हाम्रो मुलुकको ठूलो जनसङ्ख्या कृषि पेसामा आधारित छ र त्यसमा पनि अधिकांश ग्रामीण क्षेत्रका मानिसको मुख्य आयको स्रोत भनेको कृषि भएकाले त्यसलाई समयानुकूल र वैज्ञानिक बनाएमा मात्र ग्रामीण क्षेत्रको विकास तथा त्यहाँका जनताको रूपान्तरणमा सहयोग पुऱ्याउँदछ। वर्तमान कृषि व्यवस्था तथा प्रणालीले समग्र ग्रामीण क्षेत्रका जनताको आर्थिक–सामाजिक रूपान्तरण गर्न नसकेको अवस्था छ । अवैज्ञानिक तथा पुरातनवादी खेतीप्रणालीका कारण उत्पादकत्व राम्रो नहुने तथा उपयुक्त

बजार व्यवस्थाका अभाव आदिका कारण ग्रामीण क्षेत्रका जनताको जीवनस्तर माथि उठ सकेको छैन । यस्तो अवस्थामा निश्चय पनि कृषि क्षेत्रको वैज्ञानिक रूपान्तरणले त्यस क्षेत्रका जनताको जीवनस्तर उकास्न सहयोग पुऱ्याउँदछ । कृषिमा रूपान्तरण र त्यसले विकासमा पार्ने प्रभावलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

१. वास्तविक किसानको जमिनमा पहुँचः कृषि क्षेत्रको रूपान्तरण अन्तर्गत वैज्ञानिक भूमिसुधार पनि एउटा महत्त्वपूर्ण पक्ष हो । वर्तमान अवस्थाको भूमि व्यवस्थाले गर्दा वास्तविक किसानले जग्गा प्राप्त गर्न सकेका छैनन् जसले गर्दा उत्पादनको आधाभन्दा बढी हिस्सा सामन्तलाई बुझाउनुपर्ने भएकाले उत्पादकत्व (Productivity) बढाउने तर्फ ध्यान जाँदैन । साथै यस्तो भूमि व्यवस्थाले गरिब किसानलाई रूपान्तरण गर्न सहयोग गर्दैन त्यसैले भूमि सुधार गरेर वास्तविक किसानको जमिनमा पहुँच पुऱ्याएमा ग्रामीण विकासमा सहयोग पुग्दछ ।

२. रोजगारीको सृजनाः कृषि क्षेत्रलाई पुरातनवादी तवरले सञ्चालन गर्दा त्यहाँ प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा बेरोजगारी समस्या सृजना भएको देखिन्छ । तर यो क्षेत्रलाई वैज्ञानिक र आधुनिकीकरण गर्न सकिएमा यस क्षेत्रमा सम्मानजनक हिसाबले रोजगारी सृजना गर्न सकिन्छ । रोजगारी सृजना गर्न सकिएमा ग्रामीण क्षेत्रका जनताको आयमा सुधार गर्न सकिन्छ र त्यसको माध्यमबाट उनीहरूको सामाजिक तथा शैक्षिक विकासमा समेत सहयोग पुऱ्याउँछ ।

३. व्यवसायिक कृषि खेतीप्रणालीका कारण ग्रामीण क्षेत्रका जनताको जीवनस्तरमा व्यापक सुधार ।

४. आत्मनिर्भर तथा स्वावलम्बी समाजको निर्माण ।

५. कृषिमा विविधीकरणका कारण कम लगानीमा बढी आय प्रापत गर्न सकिने हुनाले स्थानीय ग्रामीण जनताको जीवनस्तरमा सुधार ।

६. सामन्तवादी खेतीप्रणालीको अन्त्य हुने भएकालेव किसानले अनावश्यक रूपमा ग्रामीण सामन्तको लागि श्रम गर्नु पर्ने अवस्थाको विधिवत रूपमा अन्त्य हुन्छ ।

७. कृषि क्षेत्रमा विद्यमान पुरातनवादी, सामाजिक, आर्थिक प्रणालीहरूको अन्त्य भई प्रगतिशील र वैज्ञानिक प्रणालीहरूको स्थापना हुने भएकाले समानतामा आधारित समाज सृजनामा सहयोग पुग्दछ ।

८. कृषि क्षेत्रलाई अगाडि बढाउन संस्थागत तवरले सस्तो ब्याजमा ऋण प्रवाहको व्यवस्था हुने भएकाले चर्को ब्याजमा साहुमहाजनबाट ऋण लिएर सदैव ऋणमा रहनुपर्ने ग्रामीण जनताको बाध्यताको समेत अन्त्य हुने भएकाले ग्रामीण विकास प्रक्रियालाई यसले सहयोग पुऱ्याउँदछ ।

९. कृषि सडक र बजारको उपयुक्त प्रबन्ध समेत कृषि रूपान्तरणको एउटा मुख्य आधार भएकाले त्यस्तो व्यवस्थाले समेत ग्रामीण जनताको जीवनलाई सहज बनाउन सहयोग पुऱ्याउँदछ । साथै उनीहरूको उत्पादनले समेत उपयुक्त बजार पाउने भएकाले त्यसको प्रत्यक्ष प्रभाव उनीहरूको जीवनमा पर्दछ ।

१०. कृषि रूपान्तरणको चर्चा गर्दा स्थानीय स्तरमा कृषिसँग सम्बन्धित साना स्तरका cottage industries स्थापना गर्न पनि जरुरी छ। त्यसरी साना उद्योगहरूको स्थापनाले हाम्रो कृषि उत्पादनलाई अझ बढी प्रभावकारी रूपमा बाह्य बजारसम्म पुऱ्याउन सहयोग पुऱ्याउने भएकाले यसले समेत ग्रामीण विकास प्रक्रियालाई सहयोग पुऱ्याउँदछ।

अन्ततः Agriculture sector is the 'sine qua non' for the transformation of rural community specially in the context of Nepal. किनकि हाम्रो ग्रामीण समाजको सामाजिक तथा आर्थिक पक्ष र क्रियाकलापहरूको अविछिन्न सम्बन्ध कृषिसँग रहेको छ। अझ कतिपय हाम्रा सांस्कृतिक पक्षहरूको समेत सम्बन्ध कृषि पेसासँग रही आएको छ। साथै तुलनात्मक रूपमा अन्य क्षेत्रको दाँजोमा कृषि क्षेत्रबाट फाइदा प्राप्त गर्न सकिने सम्भावना ज्यादा भएकाले कृषि क्षेत्रको वैज्ञानिक रूपान्तरण तथा आधुनिकीकरण (Scientific transformation and modernization) को सम्बन्ध ग्रामीण जनताको जीवनस्तर सुधार र तिनीहरूको सामाजिक आर्थिक पक्षको रूपान्तरण प्रक्रियासँग गाँसिएको छ। त्यसैले ग्रामीण विकास प्रक्रिया र कृषि क्षेत्रको आधुनिकीकरण बीच सहसम्बन्ध रहेको छ। कृषिको रूपान्तरण वा आधुनिकीकरण विना ग्रामीण क्षेत्रको विकासको कल्पना असम्भव प्रायः छ।

27. Explain the role of NGOs in development.

विकास प्रक्रियालाई अगाडि बढाउन कुनै एक पक्षले मात्रै initiation लिएर विशेषतः विकासोन्मुख मुलुकमा त्यसले प्रभावकारी ढङ्गले काम गर्न नसकेको अवस्था देखिन्छ। त्यसका लागि सम्पूर्ण सरोकारवाला राज्य, बजार, निजी क्षेत्र, जनता तथा गैह्रसरकारी सङ्घसंस्थाहरूको विशेष भूमिका रहन्छ। विगतका विकास प्रक्रियालाई राज्यले मात्र सञ्चालन गर्दछ र गर्नुपर्दछ भनने मान्यता रहेको थियो फेरी निजी क्षेत्रले त्यसलाई takeover गरेर निजीक्षेत्र त्यसका लागि सक्षम भएको दावी गऱ्यो तर ती दुई पक्षले विकास प्रक्रियालाई अगाडि बढाए तापनि अझ आशातिति सफलता प्राप्त नगरेको सन्दर्भमा गैह्रसरकारी संस्थाहरूले विशुद्ध सेवामुखी सिद्धान्त अपनाएर त्यस्ता प्रक्रियामा अग्रसर भएको देखिन्छ। विश्चय रूपमा गैह्रसरकारी संस्थाहरूले विकासमा खेलेको भूमिका बारेमा समेत टिकाटिप्पणीहरू नभएका होइनन्। त्यसका पनि आलोचना धेरै विषयवस्तु पाइन्छन्। त्यति रहँदारहँदै पनि यसको अपरिहार्यता र यसले विकासका खेलेको र खेल्न सक्ने भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन। यसै सन्दर्भमा गैह्रसरकारी संस्थाहरू (NGOs) को विकासमा देखिने भूमिकाहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

१. **आर्थिक भूमिका**
   - रोजगारीको सृजना
   - भौतिक पूर्वाधारको विस्तार र निर्माण

- सम्भावित महत्त्वपूर्ण क्षेत्रको पहिचान
- आधारभूत आवश्यकताहरूको परिपूर्तिको लागि वकालत

२. **सामाजिक भूमिका**

- सामाजिक विभेदको अन्त्यको प्रयास
- सामाजिक न्यायको स्थापना
- लैङ्गिक समानता
- जातीय विभेदको अन्त्य
- सामाजिक परिचालनमा जोड

३. **शैक्षिक भूमिका**

- जनताको चेतनास्तरमा अभिवृद्धि
- शैक्षिक कार्यक्रमको सञ्चालन
- सेमिनार, गोष्ठी तथा अन्तर्क्रियाका माध्यमबाट जनजागरण
- विशेष छात्रवृत्तिहरूको व्यवस्था

४. **राजनीतिक भूमिका**

- स्थानीय स्तरमा नेतृत्वको विकास
- जनसहभागिता अभिवृद्धि
- राज्यको भूमिकालाई watch dog को रूपमा काम गर्ने
- सशक्तिकरण र समावेशीकरणलाई प्रधानता

माथि उल्लेखित विभिन्न प्रक्रियाहरूबाट जहाँ राज्यका निकायहरूको उपस्थि हुँदैन जहाँ चेतनास्तरको कमी छ त्यस्तो विशेष ठाउँमा त्यहाँकै जनताहरूकै सक्रि सहभागिता बनाएर उनीहरूकै सशक्तिकरणका लागि गैह्र सरकारी संस्थाहरूले महत्त्वपू भूमिका निर्वाह गरेका छन्। विशेषतः विकासको software development लाई मह दिने गैह्रसरकारी संस्थाहरूले त्यसका साथसाथै hardware developme (पूर्वाधारहरूको विकास, बाटाघाटा, सञ्चार, विद्यालय आदि) लाई पनि साथसाथै अगा बढाएर समाजका तल्लो तह, तप्का र क्षेत्रका वर्ग, समुदाय, जाति र लिङ्ग मानिसहरूलाई विकास प्रक्रियामा समावेश गर्न सराहनीय योगदान पुऱ्याएका छन्।

28. Highlight the significance of cottage industries for rur development in Nepal.

विकास प्रक्रिया केबल क्षणिक र सीमित वर्गलाई फाइदा पुग्ने मात्रै हुनुहुँदैन यसले समाजमा रहेका सबै तह, वर्ग तथा क्षेत्रका मानिसहरूलाई सेवा पुऱ्याउन, समेद प्रतिबिम्बित गर्न सक्नुपर्दछ। अर्थात् विकास प्रक्रिया दीगो हुनुपर्दछ न कि क्षणिक। स सन्दर्भमा चर्चा गर्दा साना उद्योगहरू अर्थात् घरेलु उद्योगहरू (Cottage industries)

चर्चा सान्दर्भिक हुन आउँछ। बढ्दो रूपमा चिन्ताको विषयवस्तु बनिरहेको वातावरणीय प्रदुषण (Environmental pollution) बाट बच्न तथा सहज र सरल ढङ्गले ग्रामीण सीप र स्रोतको उपयोग गर्दै आर्थिक लाभ प्राप्त गरी आत्मनिर्भर समाज निर्माण गर्न घरेलु उद्योगहरूको महत्त्व अपरिहार्य छ यद्यपि यसलाई समयसापेक्ष परिवर्तन गरी उपयुक्त प्रविधिको रूपमा स्थानान्तरण गर्न भने आवश्यक छ। यस्तो परिप्रेक्ष्यमा घरेलु उद्योगहरूको ग्रामीण विकासका लागि पाइने महत्त्वहरूलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छः

१. सानो पूँजीमा स्थापना गर्न सकिने

स्थानीय ग्रामीण क्षेत्रहरूमा ठूलो लगानी गरेर ठूलाठूला उद्योगहरू स्थापना गर्न सक्ने सम्भावनाहरू कम हुने भएकाले त्यस्तो अवस्थामा आफ्नो ज्ञान र प्रविधिको प्रयोग गरेर साना उद्योगहरू अर्थात् घरेलु उद्योगहरू स्थापना गरेर आयआर्जनको एउटा महत्त्वपूर्ण पाटोको रूपमा घरेलु उद्योगलाई स्थापित गर्न सकिन्छ।

२. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन

घरेलु उद्योगको स्थापनाले ग्रामीण क्षेत्रमा त्यसै खेर गइरहेका तथा कतिपय अवस्थामा सामान्य रूपमा प्रयोग भइरहेको कच्चा पदार्थहरू अर्थात् साधन स्रोतहरूको भरमग्दुर उपयोग गरी त्यसबाट अधिकतम लाभ प्राप्त गरेर ग्रामीण क्षेत्रका जनताको आर्थिक स्थितिमा व्यापक मात्रामा सुधार गर्न सकिन्छ।

३. स्थानीय स्तरमा रोजगारीको सृजना

हालसम्म समेत ग्रामीण क्षेत्रको अधिकांश जनसङ्ख्या अर्धबेरोजगारी र बेरोजगारी समस्याले आक्रान्त छन् जसका कारण एकातर्फ उनीहरूको आर्थिक अवस्था अत्यन्तै दयनीय छ भने अर्कातर्फ त्यसका कारण समाजमा सामाजिक हिंसाहरूले प्रसय पाएको छ। त्यस्तो अवस्थामा ग्रामीण क्षेत्रमा व्यवस्थित तवरले घरेलु उद्योगहरूको स्थापना गर्न सके ग्रामीण अर्धदक्ष मानिसहरूले रोजगार प्राप्त गरेर आर्थिक विकासमा टेवा पुऱ्याउन मद्दत गर्न सक्दछन्।

४. पर्यटकीय आधार क्षेत्रको निर्माण

एकातर्फ ग्रामीण क्षेत्र (विशेषत नेपालको) वातावरणीय तथा प्राकृतिक सुन्दरताका हिसाबले रमणीय रहेको छ जसका कारण पर्यटकहरू त्यसतर्फ आकर्षित भइहाल्छन् त्यसमाथि स्थानीय सीप र ज्ञानका अधामार सञ्चालन गरिएका वातावरण मैत्री उद्योगहरूको सिंहावलोकन गर्न पर्यटकहरूको आगमन हुने भएकाले समेत ग्रामीण क्षेत्रको रूपान्तरणको लागि सहयोग पुऱ्याउँदछ।

५. वातावरणीय स्वच्छन्दता कायम

विश्व जगतको बढ्दो चिन्ता global warming and environmental degradation मा भइरहेको अवस्थामा यस्ता उद्योगहरूको वातावरणलाई असर नपुऱ्याई अथवा अत्यन्तै कम पुऱ्याई (ठूला उद्योगको तुलनामा) उत्पादन गर्ने भएकाले यसले वातावरणीय दीगोपन कायम राख्नेभएकाले समेत यसको सान्दर्भिकता अझ बनेको छ।

६. वैदेशिक व्यापारको आधारशिक्षा

घरेलु उद्योगबाट उत्पादित सामग्रीहरू गुणात्मक र नवीन प्रवृत्तिका हुने भएकाले विशेषतः विदेशी ग्राहकहरू यसतर्फ आकर्षित भएका उदाहरणहरू प्रशस्त छन्। हाम्रा गलैंचाहरू, पश्मिनाहरू, मूर्तिहरू लगायतका उत्पादनमा उनीहरूको व्यापक चासो रहेको पाइएको छ। त्यसैले हाम्रो ग्रामीण बस्तीहरूलाई घरेलु उद्योगहरूको माध्यमबाट वैदेशिक व्यापारस्थल बनाउन सकिने सम्भावनाहरू समेत रहेका छन्।

७. स्थानीय ज्ञान, प्रविधि र संस्कृतिको संरक्षण

विशेषत घरेलु उद्योग सञ्चालनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हाम्रो पूरानो संस्कार, ज्ञान तथा प्रविधि गाँसिएको छ। तर ठूला उद्योगहरूको प्रभाव तथा आधुनिकीकरण र पश्चिमीकरणका प्रभावका कारण हाम्रा त्यस्ता ज्ञान, सीप, प्रविधि र संस्कार पलायन हुने अवस्थामा पुगेका छन्। त्यसैले हाम्रा त्यस्ता अनुपम मौलिक ज्ञान र सम्पदाको संरक्षणका खातिर समेत घरेलु उद्योगहरूको उपयोगिता रहेको पाइन्छ।

---

29. Critically examine the importance of privatization and economic liberalization measure undertaken by the government in the context of rural development in Nepal.

राज्यकेन्द्रीय अवधारणाको असफलता साथसाथै आर्थिक उदारीकरण, निजीकरण तथा विश्वव्यापिकरणका अवधारणाहरूले चर्चा पाएका छन्। हाम्रो मुलुकमा समेत २०४६ सालको जनआन्दोलन पश्चात् राज्यले उदारीकरण अर्थव्यवस्थालाई आत्मसाथ गरिसकेको अवस्था छ जसको पछिल्लो कडिको रूपमा नेपालको विश्वव्यापार सङ्गठनमा प्रवेश लिन सकिन्छ। यसरी वैधानिक र नीतिगत रूपमा नै नेपालको उदारीकरण तथा निजीकरण प्रवेशले गर्दा हाम्रो मुलुकको ग्रामीण विकासको सन्दर्भमा समेत यसले महत्त्वपूर्ण र दुरगामी अर्थ राख्दछ। यस्तो परिप्रेक्ष्यमा सङ्क्षिपत रूपमा उदारीकरण र निजीकरणको अर्थका बारेमा जानकारी राख्न सान्दर्भिक रहेकाले त्यसको सङ्क्षित अर्थ प्रस्तुत गरिन्छ।

सरल अर्थमा निजीकरण भन्नाले सेवा, सुविधा प्रदान गर्नाका लागि त्यसको सम्पूर्ण प्रक्रियामा निजी क्षेत्रलाई संलग्न गराउनु हो। जहाँ राज्यको भूमिका समन्वयगरी तथा अनुगमन र मूल्याङ्कनकारी मात्र हुन्छ। अर्थात् निजीकरण शब्दले सार्वजनिक क्षेत्रबाट निजी क्षेत्रमा कुनै क्रियाकलापको स्थानान्तरणलाई बुझाउँदछ। यस्तो कुनै प्रक्रियालाई निजीकरण भनिन्छ जसले राष्ट्रको आर्थिक क्रियाकलापहरूमा राज्य वा सार्वजनिक क्षेत्रको संलग्नता कम गर्दछ। त्यस्तै उदारीकरण भनेको हरेक प्रकारका आर्थिक क्रियाकलापमा राज्यको भूमिकालाई न्यूनिकरण गरी निजी क्षेत्रलाई उत्साहित गर्ने प्रक्रिया हो। उदारीकरण भनेको सरल अर्थमा अर्थतन्त्रलाई सरकारी नियन्त्रण तथा निर्देशनलाई मुक्त गर्नु र निजी क्षेत्रलाई प्रवर्द्धन गर्नु हो।

यसै सन्दर्भमा माथि चर्चा गरिए बमोजिम नेपाल सरकारले समेत उदारीकरण र निजीकरणका प्रक्रियालाई नीतिगत र व्यावहारिक रूपमा अगाडि बढाएको पाइन्छ।

प्रक्रियाले नेपालको समग्र ग्रामीण विकासको प्रक्रियालाई पारेको प्रभावका सम्बन्धमा विश्लेषण गर्दा यसका सकारात्मक तथा नकारात्मक दुवै पक्ष रहेको देखिन्छ। वर्तमान अवस्थामा विश्वव्यापी रूपमा अगाडि बढेको उदारमुखी अर्थव्यवस्थालाई मूल्याङ्कन गर्ने हो भने नेपालमा समेत यसको प्रयोगको सन्दर्भमा देखिएका नकारात्मक पक्षलाई न्यूनिकरण गरी अगाडि बढाउनुको कुनै विकल्प देखिँदैन। उदारीकरण र निजीकरणबाट प्राप्त हुने सेवा, सुविधा तथा फाइदाहरूलाई आधिकारीक रूपमा ग्रामीण क्षेत्रका सिमान्तकृत जनताको विकासका लागि प्रयोग गर्नु आजको आवश्यकता देखिन्छ। तसर्थ ग्रामीण विकासका सन्दर्भमा त्यस्ता नीतिहरूले प्रदान गर्ने फाइदा तथा बेफाइदाहरूको बारेमा यहाँ विश्लेषण गर्न खोजिएको छ, जो तल उल्लेखित बमोजिम हुनेछन्:

फाइदाहरू

१. आर्थिक वृद्धि

उदारीकरण तथा निजीकरणको अवधारणाको प्रयोग पश्चात् केही हदसम्म आर्थिक वृद्धिमा सहायता पुगेको अवस्था छ। निजी क्षेत्रले स्वतन्त्रापूर्वक उत्पादनको तथा सेवाको क्षेत्रमा प्रवेश पाएकाले सस्तो र सुलभ रूपमा गुणस्तरीय वस्तुहरू बजारका उपलब्ध भएका छन् जसले गर्दा ग्रामीण क्षेत्रमा जनताले त्यसको उपभोग गर्न पाएका छन्।

२. जीवनस्तरमा सुधार

निजी क्षेत्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा बजारमा प्रतिस्पर्धात्मक रूपम आफ्ना उत्पादनहरू ल्याएकोले हाम्रो ग्रामीण क्षेत्रहरूमा त्यस्ता उत्पादनहरूको उपलब्धता हुन गई उपलब्धता हुन गई उनीहरूको ग्रामीण क्षेत्रमा आफ्नो आय बमोजिमका सेवा सुविधा उपभोग गर्ने अवस्था सृजना भयो। उदाहरणको लागि हाम्रो ग्रामीण क्षेत्रमा खासा बजारका उत्पादनहरू सस्ता दरमा ग्रामीण क्षेत्रमा पुगेकाले हामीले विगतका कल्पना गरेको भन्दा कम मूल्यमा ग्रामीण क्षेत्रमा नै प्राप्त हुने अवस्था सृजना भएको छ जसले गर्दा उनीहरूको जीवनस्तरमा सुधार भएको छ।

३. चेतनास्तरको विकास

उदारीकरण र निजीकरण अभियान अन्तर्गत शिक्षा क्षेत्रमा समेत निजी क्षेत्रको लगानी बढेकाले व्यक्तिगत प्रयासहरूमा पनि हाल ग्रामीण क्षेत्रहरूमा शैक्षिक संस्थाहरूको स्थापना भएकाले त्यसका कारण स्थानीय जनताको चेतनास्तर माथि पुगेको छ। साथै गाउँगाउँमा बाह्य क्षेत्रका मानिसहरूको विभिन्न शीलशीलामा हुने गरेको प्रवेशले हाम्रा अन्धविश्वास तथा कुसंस्कार विरुद्ध चेतना जगाउने काम भएको छ।

४. रोजगारीको सृजना

प्रतिस्पर्धात्मक रूपमा उत्पादन र सेवाका क्षेत्रमा निजी क्षेत्रको प्रवेश तथा अन्तर्राष्ट्रिय लगानीको समेत बढोत्तरी भएकाले व्यापक मात्रामा उद्योगधन्दाको विकास भयो जसको फलस्वरूप विभिन्न क्षेत्रहरूमा रोजगारीका अवसहरू सृजना भएर ग्रामीण क्षेत्रमा व्याप्त बेरोजगारी समस्यालाई एक हदसम्म रोजगारीको अवसर सृजना हुनपुग्यो।

५. अन्तर्राष्ट्रिय बजारमा रोजगारीको अवसर

राष्ट्रिय बजारमा मत्र होइन हाल आएर हाम्रो ग्रामीण क्षेत्रका श्रमशक्तिहरू विभिन्न विदेशी मुलुकहरूमा व्यापक स्तरमा रोजगारीको अवसर प्राप्त गरेका छन्। त्यस रोजगारीका कारण हाल हाम्रो अर्थतन्त्रको ठूलो हिस्सा ओगट्न सफल भएको छ।

६. स्थानीय उत्पादनले अन्तर्राष्ट्रिय बजार प्राप्त गर्नु

उदारीकरणका कारणले हाम्रा उत्पादनहरू राष्ट्रिय रूपमा मात्र होइन विभिन्न विदेशी मुलुकहरूमा समेत प्रतिस्पर्धात्मक रूपमा बजार प्राप्त गर्न सफल छन्। जसले स्थानीय स्तरमा ग्रामीण क्षेत्रका जनताको जीवनस्तर उकास्न महत्त्वपूर्ण योगदान पुऱ्याइएको पाइन्छ।

७. नयाँ व्यवसायहरूको उदय

कतिपय सन्दर्भमा हाम्रो ग्रामीण क्षेत्रमा भएका विभिन्न साधन र स्रोतहरू लगानीको अभाव, जानकारीको अभाव तथा विज्ञान प्रविधिको अभावमा त्यसै खेर गइरहेका थिए त उदारीकरण नीति तथा निजी क्षेत्रको प्रवेशपश्चात त्यस्ता समस्या समाधान हुन गए त्यस्ता साधन तथा स्रोतको अधिकतम परिचालन हुन गई आयस्तरमा वृद्धि भएको पाइन्छ

८. राज्यको लगानी सामाजिक क्षेत्र तथा विशेष क्षेत्रमा प्रयोगको अवसर

हिजोसम्म राज्यले लगानी गरिरहेका क्षेत्रमा निजी क्षेत्रको प्रवेशबाट राज्यलाई त्य क्षेत्रमा गर्नुपर्ने लगानीलाई अन्य पिछडिएका, सिमान्तकृत तथा अत्यावश्यक क्षेत्रमा लगानी गर्नाका लागि बाटो खुला भएको छ। यसको अर्थ राज्यको लगानी हाललाई ग्रामीण क्षेत्र विशेष रूपमा केन्द्रित गर्नलाई बाटो सजिलो भएको छ, जसका कारण ग्रामीण क्षेत्रको रूपान्तरणमा सहयोग पुगेको देखिन्छ।

९. पूर्वाधारहरूको विकासमा सहयोग

बेफाइदाहरू

१. गरिब र धनी बीचको फरकमा अझ वृद्धि

उदारीकरणको मुख्य लक्ष्य नाफा प्राप्त गर्नु भएकाले उसले सामाजिक न्याय काय गर्नेभन्दा बढीभन्दा बढी लगानीका माध्यमबाट नाफा बढाउन थाल्दछ र थालेको पनि छ साथै जसले लगानी गर्न सक्दछ त्यसले मात्र प्रतिस्पर्धा गर्ने भएकाले सिमान्तकृत ग्रामीण क्षेत्रका जनता प्रतिस्पर्धा गर्न नसकि अझ बढी गरिबीको चापमा परेका छन्। त्यसले धनी र गरिब बीचको आय असमानतालाई अझ बढावा गरेको छ।

२. अत्यावश्यक सेवामा व्यापारीकरण

अत्यावश्यक तथा आधारभूत सेवाहरू जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानीमा समे निजी क्षेत्रको अनियन्त्रित प्रवेशले त्यसलाई सेवामूलक भन्दा व्यापारमूलक बनाएको छ यस्तो अवस्थामा गरिब र सामान्य जनताले निजी क्षेत्रबाट सञ्चालित त्यस्तो महं सेवाहरू प्राप्त गर्न नसकेको अवस्था छ। यसले ग्रामीण क्षेत्रमा गरिब जनताहरूले प्राप्त गर्ने सेवासुविधा र धनीले प्राप्त गर्ने शिक्षा स्वास्थ्यमा विभेद गरेको छ।

३. स्थानीय उत्पादनलाई निरुत्साहित

ग्रामीण क्षेत्रको अर्थतन्त्र मेरुदण्डको रूपमा रहेका साना तथा घरेलु उद्योगहरू लगायत स्थानीय सीप र प्रविधिबाट उत्पादित सामानहरू अन्तर्राष्ट्रिय बजारबाट उत्पादित सामानहरूसँग प्रतिस्पर्धा गर्न नसकेर विस्थापित हुन सक्ने अवस्थामा पुगेका छन्। जसले गर्दा ग्रामीण अर्थतन्त्रको एउटा महत्त्वपूर्ण मेरुदण्डलाई विस्थापित गरेको छ।

४. परनिर्भरताको विकास

सस्तो र सरल रूपमा बाह्य बजारबाट वस्तुहरू प्राप्त गर्न थालेपछि आफ्नै समाजमा उत्पादित वस्तुलाई अवमूल्यन गर्ने प्रवृत्ति बढेको छ। जसका कारण ग्रामीण समाज हिजोको तुलनामा बढी परनिर्भर भएको छ। जसले अन्ततोगत्वा समस्या सृजना गर्दछ।

५. ग्रामीण सामाजिक मूल्य र मान्यता प्रहार

बाह्य क्षेत्रको ग्रामीण समाजमा प्रवेशका कारण सनातनबाट हाम्रो ग्रामीण समाजमा विद्यमान परस्पर मिलेर बस्ने भावना, हाम्रा धर्म, संस्कार, प्रेम, माया र निष्ठा प्रति प्रहार सृजना हुन पुगेको छ। आधुनिकीकरणको सिको गर्ने सुरमा समाजमा धेरै विकृत्ति र विसंगति बढेको छ। फलस्वरूप सामाजिक अशान्ति सृजना हुन पुगेको छ।

६. सार्वभौमसत्तामा विचलन

जब निजी क्षेत्रको प्रवेश तथा अन्तर्राष्ट्रिय बजारको प्रवेश ग्रामीण बस्तीहरूमा भयो उनीहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हामीलाई उपनिवेश बनाएका छन्। अर्थात् धेरै हदमा हामी उनीहरूको गुलामी भएका छौँ। त्यसैले उनीहरूले हाम्रा कतिपय सार्वभौम नीति निर्माण प्रक्रियामा अप्रत्यक्ष रूपमा हस्तक्षेप गरेका छन्। त्यसले हाम्रो स्वाभिमान र निष्ठामा गम्भीर आघात पुऱ्याएका छन्। यस अर्थमा ग्रामीण विकास भनेको आय वृद्धि मात्र होइन हाम्रो स्वाभिमान र निष्ठा पनि हो। त्यो अहिले गुम्ने अवस्थामा छ।

७. स्थानीय स्रोत र साधनको दुरूपयोग

वास्तविक रूपमा विश्लेषण गर्दा निजी क्षेत्रहरूले साधन तथा स्रोतहरूले सामाजिक हितका लागि भन्दा निजी स्वार्थमा बढी प्रयोग गरेको पाइन्छ। वातावरणीय समस्या सृजना हुने गरी तिनीहरूको प्रयोग गरेको देखिन्छ जसले गर्दा स्वच्छ वातावरण भएका पर्यटकीय रूपले राम्रो गन्तव्यका रूपमा रहेका ग्रामीण क्षेत्रहरू प्रदुषित भएका छन्।

यसरी माथि उल्लेखित उदारीकरण तथा निजीकरणका विभिन्न सकारात्मक तथा नकारात्मक पक्षहरू हाम्रो सन्दर्भमा रहेको देखिन्छ। यस्तो अवस्थामा राज्यले सक्रिय रूपमा निजी क्षेत्रलाई अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्न जरुरी देखिन्छ। त्यस्तो सक्रिय र इमान्दारपूर्वक अनुगमन गरी देखिएका कमीकमजोरीहरूलाई बेलैमा समायानुकूल सुधार गरी निजी क्षेत्रलाई समेत सामाजिक सेवा समेत आकर्षित गर्दै जनताको हितमा बढी प्रयोग गर्न सकिएमा निजीकरण र उदारीकरणका माध्यमबाट ग्रामीण क्षेत्रको विकास तथा नीतिहरूको रूपान्तरणमा समेत महत्त्वपूर्ण योगदान गर्न सकिन्छ।

30. Comment on the various sources of rural finance in Nepal.

नेपालको ग्रामीण वित्तको स्रोतको चर्चा गर्दा हाम्रो समग्र आर्थिक स्थिति विश्लेषण गर्न जरुरी पर्दछ। नेपाल एउटा अल्पविकसित मुलुक जसको प्रतिव्यक्ति आ समेत कमजोर रहेको अवस्था छ अझ ग्रामीण क्षेत्रको जनजीवन र त्यहाँको आर्थि व्यवस्था अत्यन्तै कमजोर छ। ग्रामीण समाजमा अझै पनि सामन्तवादी संस्कार का रहेकाले त्यहाँको वित्त आपूर्तिको एउटा महत्त्वपूर्ण हिस्सा अझै समेत सामन्ती वर्गले ओगटेको देखिन्छ। ग्रामीण क्षेत्रमा हाल पनि सन्तुलित र व्यवस्थित रूपमा लगानी नसकिएको तथा कृषि क्षेत्रमा भरपर्ने कृषिका लागि समेत सस्तो ब्याजदरमा संस्था रूपले ऋण प्रदान गर्न सकिने स्थिति नभएकाले समस्या सृजना भएको देखिन्छ।

वर्तमान अवस्थामा समेत ग्रामीण समाज सामन्तवादी प्रणालीबाट गुज्रिरहेको आंशिक संरचनाको स्रोत ग्रामीण क्षेत्रमा केबल सीमित साहुमहाजन र सामन्तमा रहेको यस्तो आर्थिक प्रणालीका कारण कृषक तथा ग्रामीण गरिबहरूका लागि एका आवश्यक समयमा लगानीको अभाव देखिन्छ भने अर्कातर्फ ऋण प्राप्त भए ता त्यसको चर्को ब्याजदर तिर्नुपर्ने बाध्यता छ। फलस्वरूप ग्रामीण जनताको जीवन स्तर परिवर्तन गर्न गम्भीर समस्या सृजना भएको पाइन्छ। यसै सन्दर्भमा ग्रामीण क्षेत्र देखिएका विभिन्न स्रोतहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः



माथि उल्लेख गरिएका विभिन्न स्रोतहरूमध्ये पनि हालको अवस्थामा समेत मु रूपमा राष्ट्रिय स्रोत अन्तर्गतको अनौपचारिक स्रोतले मुख्य हिस्सा ओगटेको छ जुन ग्राम क्षेत्रको विकासका लागि मुख्य बाधकको रूपमा रहेको देखिन्छ। ग्रामीण वित्तको मु दुईवटा पक्षलाई तल सङ्क्षिप्त विश्लेषण गरिन्छः

१. राष्ट्रिय स्रोत

ग्रामीण क्षेत्रमा विशेषतः स्रोतको रूपमा संस्थागत हिसाबले केन्द्रीय सरकारले विकास कार्यक्रम र अन्य क्रियाकलापका लागि बजेट प्रदान गरेको हुन्छ साथै सरकारी निकायहरूबाट ऋणको रूपमा समेत लगानी गरिएको हुन्छ । यसका अलावा निजी बैङ्कहरू पनि हाल केही मात्रामा ग्रामीण क्षेत्रमा लगानी गर्न खोजिरहेको पाइन्छ। साथै स्थानीय स्तरका बचत संस्थाहरू र सहकारीका माध्यमबाट समेत लगानी परिचालनको केही हिस्सा ओगटेको देखिन्छ। गैह्रसरकारी सङ्घसंस्थाहरू पनि ग्रामीण क्षेत्रमा कतिपय अवस्थामा (जस्तैः विकास प्रक्रियामा) वित्त परिचालन गरेको देखिन्छ।

यसको विपरित अनौपचारिक रूपमा ग्रामीण क्षेत्रमा वित्तको आपूर्तिले ठूलो हिस्सा ओगटेको छ। विशेषत ग्रामीण क्षेत्रका जनताको विभिन्न समय र परिस्थितिमा आइपर्ने वित्त सङ्कटलाई संस्थागत, औपचारिक तथा न्यायिक तवरले समाधान गर्ने निकाय, संस्था वा लगानी गर्ने अवस्था अत्यन्तै कम देखिएको छ। फलस्वरूप स्थानीय जनता बाध्यतावस अनौपचारिक स्रोतहरू जस्तो जमिन्दार, साहुमहाजन, स्थानीय व्यापारी आदिबाट ऋण लिन बाध्य हुन्छन्। यसरी लिएको अनौपचारिक ऋणको चर्को ब्याजदर हुने भएकाले ग्रामीण क्षेत्रका गरिब जनताको थाप्लोमा ऋणको भारी कहिल्यै हट्दैन । Vicious cycle of debt उनीहरूको जीवनमा चलिरहन्छ र उनीहरू एउटा जीवनको अभिन्न पाटोको रूपमा स्विकार्न विवश छन्।

२. अन्तर्राष्ट्रिय स्रोत

ग्रामीण क्षेत्रमा वित्त लगानी गर्ने आधारशिला भनेको अन्तर्राष्ट्रिय क्षेत्र समेत हो। नेपालले उदारीकरण अर्थव्यवस्थालाई आत्मसाथ गरिसकेपछि स्वभावत अन्तर्राष्ट्रिय लगानीकर्ताहरू समेत नेपालका विभिन्न क्षेत्रमा लगानीका लागि तयार भएका छन् । त्यसमध्ये एउटा क्षेत्र बैङ्किङका क्षेत्र समेत हो। त्यसका माध्यमबाट उनीहरूको लगानी ग्रामीण क्षेत्रसम्म पुगेको देखिन्छ। साथै वैदेशिक मुलुकहरूबाट सोझै ग्रामीण क्षेत्रको विकासका खातिर भनेर वित्त लगानी गरिरहेको त्यो पनि ग्रामीण वित्तको एउटा अविछिन्न स्रोतको रूपम रहिआएको छ । अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै एशियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैङ्कका माध्यमबाट पनि ग्रामीण क्षेत्रमा कुनै न कुनै हिसाबले वित्त लगानी भएको देखिन्छ। अर्कोतर्फ नेपालको सन्दर्भमा ग्रामीण क्षेत्रमा वित्त उपलब्ध गराउन अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरूको भूमिकालाई भुल्न मिल्दैन किनकि वित्त स्थिति ग्रामीण क्षेत्रमा मजबुत बनाउन विभिन्न तरिकाले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ।

अन्ततः ग्रामीण क्षेत्रको वित्त आपूर्ति अवस्थामा पहिलाको तुलनामा केही सुधार आएको देखिन्छ तर अझ पनि ग्रामीण समाजको ठूलो हिस्सा संस्थागत र सहज हिसाबले आफूलाई चाहेको बेला चाहिने रकम प्राप्त गर्न सकिरहेको अवस्था छैन । फलस्वरूप उनीहरू बाध्य भएर वैज्ञानिक ढङ्गले कृषिमा लगानी गर्न सकेको छैनन् । व्यवसाय सञ्चालन गर्न सकेका छैनन् र सामन्तीवर्गसँग चर्को ब्याजमा ऋण लिन बाध्य छन्, त्यसैले ग्रामीण जनजीवनमा सुधार ल्याउन वित्त आपूर्तिलाई सहज र वैज्ञानिक बनाउन जरुरी छ।

31. What are socio-economic consequences of the market? Do you think the government intervention is necessary to ensure equitable distribution of the benefits of market in the society?

बजार उदारीकृत अर्थव्यवस्थाको प्राण हो । बजारले गर्दा नै हालसम्म उदारीकृत अर्थव्यवस्था सफलतापूर्वक अगाडि बढेको पाइन्छ । त्यसैले यसलाई उदारीकृत अर्थव्यवस्थाको मेरुदण्ड समेत भनिन्छ । बजार वस्तु तथा सेवा सापेक्षिक मूल्यको आधारमा आदानप्रदान गर्ने ठाउँको रूपमा चिनिन्छ । जहाँ वस्तु तथा सेवाको मूल्य निर्धारणको काम विक्रेता तथा क्रेताको आपसी समझदारीपूर्ण व्यवहारबाट गर्ने गरिन्छ। बजारको वास्तविक प्रभाव त्यसको खुल्लापन तथा उत्पादनकर्ता विक्रेताहरूको प्रतिस्पर्धामा निर्भर रहन्छ । बजारलाई सङ्कुचित तथा नियन्त्रित बनाएमा तथा एकाधिकारी प्रवृत्तिको बजारमा त्यसको प्रभावको दायरा सङ्कुचित हुन्छ।

बजारको प्रभाव विश्लेषण गर्दा हुनत कार्ल मार्क्स पूँजीवादी व्यवस्थाका कट्टर आलोचक भए तापनि उनले समेत सामाजिक परिवर्तनका खातिर बजारलाई एउटा उपयुक्त शक्तिका रूपमा स्विकारेकाले यसको महत्त्व अझ बढी देख्न सकिन्छ। बजारले वास्तवमा समाजलाई पुर्नसंरचना गरेको छ र कतिपय सामाजिक बाधा, अवरोध र कुसंस्कारलाई विस्थापित गरेको छ। सानो उदाहरणको रूपमा हामीले खुला अर्थतन्त्रलाई स्वीकार गरे पछाडि प्रतिस्पर्धात्मक बजारका कारण नेपाली समाजमा परिवर्तन भएका मूल्य मान्यतालाई लिन सकिन्छ। यसै सन्दर्भमा बजारका सामाजिक आर्थिक प्रभावलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

सामाजिक प्रभावहरू

१. चेतनास्तरको विकास
२. अन्धविश्वास तथा रुढिवादी संस्कारमा परिवर्तन
३. सामाजिक मूल्य र मान्यतामा प्रभाव
४. मानवीय सभ्यताका विकास

आर्थिक प्रभावहरू

१. आर्थिक वृद्धिलाई प्रोत्साहन
२. विशिष्टीकृत उत्पादनमा जोड
३. गुणस्तरीयता र सस्तो उत्पादनमा सहयोग
४. बजारका कारण नवीन आविस्कारको सम्भावना
५. रोजगारीका अवसरहरूको सृजना
६. विश्व समुदायलाई एकीकरण

माथि उल्लेखित प्रभावहरूलाई सामान्य रूपमा व्याख्या गर्दा बजार त्यस्तो माध्यम हो । जसले समाजमा नयाँ नयाँ ज्ञान, प्रविधि र सेवाको माध्यमबाट चेतनास्तरको विकासमा सहयोग पुऱ्याएको छ। त्यस्तो चेतनास्तरको विकास तथा बजारका माध्यमबाट

प्राप्त वैज्ञानिक सेवा र सुविधाहरूले कतिपय पुरातनवादी अन्धविश्वास र सामाजिक कुसंस्कारलाई समेत अन्य गरिदिने गरेको पाइन्छ। यसका अलावा नयाँ नयाँ जीवनशैली, नवीन खानपान, जस्ता पक्षलाई बजारका माध्यमबाट मानिसहरूमा पुग्दछ जसले मानिसका विद्यमान मूल्य, मान्यता र सोचमा नै परिवर्तन ल्यादिन्छ र मानवीय सभ्यतामा समेत प्रभाव पार्दछ । साथै बजारका माध्यमबाट आर्थिक हिसाबले व्याख्या गर्दा प्रतिस्पर्धात्मक सोच र व्यवहारको विकास गराउँदछ, व्यवसायिक हिसाबले सबै तह, तरिका र विचारका मानिसलाई एउटा निश्चित दायरामा ल्याउँदछ। बढ्दो प्रतिस्पर्धाका कारण थप रोजगारीलाई प्रवर्द्धन गर्दछ। यसले नवीन आविस्कारलाई समेत जोड दिएको पाइन्छ। आर्थिक प्रभावका रूपमा बजारका कारण यसले मानिसहरू बीच विभेद र असमानता समेत कायम गराउँदछ।

बजार वर्तमान अर्थव्यवस्थाको महत्त्वपूर्ण आधारशिला भएको स्विकार्दा स्विकार्दै यसको महत्त्व व्यापक भएको जान्दा जान्दै पनि यसले केही नकारात्मक प्रभाव पार्न सक्ने र विगतमा पारेको देखिएकाले पनि यसको सही अनुगमन र मूल्याङ्कन गर्न जरुरी छ। त्यो अनुगमन र मूल्याङ्कनको जिम्म राज्यले लिन आवश्यक हुन्छ किनकि नागरिक बीचमा हुने विभेद, बजारले सृजना गर्न सक्ने अस्थिर अवस्था जस्ता सम्पूर्ण पक्षको व्यवस्थापन गर्न सक्ने जिम्मेवार निकाय भनेको सरकार अथवा राज्य नै हो। बजारले सेवा र सुविधा वितरणमा भेदभाव नगरे तापनि यसको प्रणाली (System) नै दोषी छ कि स्वाभाविक रूपमा त्यहाँ भेदभाव देखिन्छ। गरिब, मानिस जसको आयस्रोत न्यून भएमा उसले बजारबाट गुणात्मक तथा आवश्यक सेवा सुविधा प्राप्त गर्न सक्दैन यद्यपि बजारले किन्नका लागि कुनै बाधा अवरोध सृजना गरेको छैन। बजारका कारण गरिब, पिछडिएका समुदायले शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत आवश्यकता सेवा समेत उपयोग गर्न सकिरहेका छैनन् त्यस्तो अवस्थामा राज्यले हस्तक्षेपगरी भूमिका निर्वाह गर्नुपर्दछ। त्यस्ता तल्ला वर्गका मानिसका खातिर समेत बजारले निश्चित निर्वाह गर्ने वातावरण सृजना गर्न जरुरी हुन्छ।

अर्कोतर्फ समान रूपमा प्रतिस्पर्धात्मक रूपमा लगानीको वातावरण सृजना गर्छ भनिए तापनि सक्षमले लगानी गर्न सक्दछ तर असक्षमले (जोसँग पैसा कम हुन्छ) लगानी गर्ने वातावरण हुँदैन त्यस्तो अवस्थामा कम रकम हुनेले पनि न्यायिक रूपमा अर्थात् समतामूलक (Equitable) हिसाबले लगानीको वातावरण सृजना गर्ने दायित्व राज्यको हो। बजार नाफामुखी मात्र हुने भएकाले यसले भौगोलिक विकटताका क्षेत्र, ग्रामीण क्षेत्रहरूमा जोखिमपूर्ण रूपमा वितरणको व्यवस्था गर्ने लगानी गर्ने गर्दैन । खाली तुलनात्मक रूपमा नाफा प्राप्त गर्न सकिने ठाउँमा मात्र लगानी गर्दछ जसले जनताहरूमा विभेद सृजना गर्दछ, त्यस्तो बेलामा राज्यले सबै क्षेत्रमा समानुपातिक हिसाबले लगानी वितरणको व्यवस्था मिलाउन हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्दछ। साथै कतिपय अवस्थामा सामाजिक मूल्य र समान्यता विपरीत उत्पादनहरू गर्ने र वितरण गर्ने अवस्था बजारले सृजना गरेमा त्यस्ता वितरणका प्रक्रियामा राज्यले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सक्दछ। बजारको भूमिकालाई अनियन्त्रित रूपमा छोडेर समाजमा धनी र गरिब

बीचको विभेद बढेर गयो भने त्यसको सामाजिक द्वन्द्व र असन्तुष्टि पैदा गर्न सक्ने भएकाले त्यस्तो अवस्थामा बजारलाई राज्यले नियन्त्रण गरी सामाजिक क्षेत्रका लागि र पिछडिएका वर्ग र समुदायका लागि लगानी गराउने वातावरण सृजना गर्नुपर्दछ।

निष्कर्षमा बजारको प्रभावलाई अनावश्यक हस्तक्षेप गरी राज्यले बजारलाई निरुत्साहित गर्नु हुँदैन तर हाम्रो जस्तो गरिब र पिछडिएको मुलुकमा राज्यले सामाजिक न्याय र समानता स्थापना गर्न बजारलाई सन्तुलित हिसाबले अनुगमन र मूल्याङ्कन गर्न भने जरुरी छ।

32. What are some of the major issues in the 21st century that illustrate a close relationship between politics and economics at the national, regional and global levels? How can the study of political economy help us to understand this relationship better?

विगत लामो समयबाट र हाल एक्काइसौँ शताब्दीमा समेत विश्व अर्थ राजनीतिमा केही महत्त्वपूर्ण छलफल र सवालहरू रहेको देखिन्छ। उदारवादी अर्थव्यवस्थाको वकालत गर्नेहरू र समाजवादी आर्थिक प्रणालीको वकालत गर्नेहरू बीचमा, अर्थतन्त्रलाई महत्त्व प्रदान गर्ने र राजनीतिक पक्षलाई महत्त्व दिने पक्षहरूको बीचमा यो सवाल र छलफल चलिरहेको पाइन्छ। वर्तमान आधुनिक विश्वमा एकातर्फ खुला बजार अर्थतन्त्रको उदारीकरण र नयाँ अन्तर्राष्ट्रिय संयुक्त संस्थाहरूको स्थापनाका कारण आर्थिक तथा प्राविधिक अन्तनिर्भरता बढेको छ र आर्थिक अवस्था सुधार आएको छ भने भनाइ देखिन्छ। त्यसको विपरित समाजवादी लेखकहरूले उदारीकृत अर्थव्यवस्थाका कारण गरिब र धनी बीचको खाडल बढेको गरिब राष्ट्रहरूको सार्वभौमसत्तामा खतरा पुगेको तर्फ अगाडि सारेका छन्। साथै कसैले अर्थव्यवस्थालाई प्रभावकारी रूपमा अगाडि बढाउन त्यसलाई स्वतः स्फूर्त रूपमा छोडिदिनुपर्दछ भनेका छन् भने कसैले शक्तिशाली रूपमा नियन्त्रण गरिनुपर्दछ भनेका छन्। यस्ता विविध विषयमा हालपनि राष्ट्रिय रूपमा मात्रै नभएर क्षेत्रीय र विश्वव्यापी रूपमा समेत व्यापक छलफल सुरु भएको देखि यस्ता मुद्दाहरूलाई (Issues) सङ्क्षिप्त रूपमा बुँदागत रूपमा तल वर्णन गरिएको छः

१. अर्थव्यवस्थाको अभिवृद्धिमा आर्थिक र राजनीतिक पक्षको भूमिका

यो छलफलमा मुख्य देखिएका प्रश्न र विवादमा कस्तो अवस्थामा एकपूर्ण अन्तर्निर्भर अर्थव्यवस्था सृजना हुन सक्दछ ? के अन्तर्निर्भर अर्थतन्त्रले राज्यराज्यका बीचमा सुमधुर सम्बन्ध स्थापित गर्दछ या आपसी द्वन्द्वलाई निम्त्याउँछ ? पूँजीवादी राज्यहरूमा सहसम्बन्ध स्थापना गर्न नियन्त्रित तथा कडा नेतृत्व आवश्यक पर्दछ वा सुमधुर सम्बन्ध स्वतः स्फूर्त रूपमा विकसित हुनसक्छ ? उपयुक्त सवालहरूका विषयमा फरकफरक दृष्टिकोण पाउन सकिन्छ पूँजीवादी अर्थव्यवस्थाका बजारका माध्यमबाट देशहरूका बीचमा अन्तर्निर्भरता बढ्दछ भन्ने एकथरीको विचार छ भने अर्को थरी त्यसले परनिर्भरता सृजना गर्दछ र शक्तिशाली देशहरूले गरिब राज्यहरूमाथि औपनिवेसिक अवस्थाको सृजना गर्दछ भनेर भनेका छन्। साथै कतिपय विद्वान्ले अर्थव्यवस्थालाई

मजबुत बनाउन बजार र अर्थव्यवस्थालाई स्वतन्त्रतापूर्वक छोड्नुपर्दछ भनेका छन् तर समाजवादी विद्वान्ले सामाजिक न्याय र समान अवसर सृजनाका लागि नियन्त्रित अर्थव्यवस्थाको आवश्यकताको वकालत गरेका छन्। त्यसैले उदारवादी विश्लेषकहरूका अनुसार अर्थतन्त्रलाई बलियो बनाउन सकिएमा त्यसले राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी रूपमा स्वभाविक रूपमा शक्ति सृजना गर्दछ भनेका छन् अर्काथरी विद्वानहरूको भनाइमा शक्ति सृजना गर्न सकियो अर्थात् राजनीतिक जग र आधारशिला निर्माण गरियो भने त्यसले अर्थतन्त्रलाई स्वभाविक रूपमा माथि पुर्‍याउँछ।

२. आर्थिक परिवर्तन र राजनीतिक परिवर्तनको अन्तर्सम्बन्धको बारेमा

विशेषत यो विषयमा मुख्य छलफलको विषय भनेको आर्थिक परिवर्तन र घटनाहरूका कारण राजनीतिक क्षेत्रमा प्रभाव पार्ने हो वा राजनीतिक घटना र परिवर्तनले अर्थतन्त्रमा प्रभाव पार्दछ भन्ने हो। यो विषयमा अर्थशास्त्रीहरू जो उदारवादी विचारलाई प्रधानता मान्दछन् उनीहरूको विश्लेषणमा अर्थतन्त्रको अस्थिरता, द्वन्द्व तथा सुशासनको अभाव आदि कारणले अर्थव्यवस्थामा गम्भीर असर पुर्‍याउँदछ भन्ने हो। राष्ट्रिय रूपमा विश्लेषण गर्दा पनि नेपालको अर्थतन्त्र समस्याग्रस्त हुनुमा विगतको लामो राजनीतिक द्वन्द्व, राजनीतिक प्रणालीका अभाव, सुशासनको अभाव देखिन्छ भने अर्कोतर्फ रोजगारीको अभाव, गरिबी जस्ता समस्याका कारण द्वन्द्व सृजना भएको पनि देखिन्छ जुन एउटा महत्त्वपूर्ण राष्ट्रिय मुद्दा हो यसै प्रकृतिका सवालहरू क्षेत्रीय तह र विश्वव्यापी तहमा समेत विद्यमान देखिन्छ।

३. विश्वअर्थतन्त्रको घरेलु अर्थतन्त्रमा पार्ने प्रभावका सम्बन्धमा

यो सवालमा समेत गम्भीर मतभेद रहेको पाइन्छ। कतिपय विद्वान्हरूले खुला नीति र उदार अर्थव्यवस्थाका कारण अन्तर्राष्ट्रिबजार तथा विश्वअर्थतन्त्रको सकारात्मक प्रभाव घरेलु अर्थतन्त्रमा पर्दछ भनेका छन् भने अर्कातर्फ त्यस्तो अवस्थामा घरेलु अर्थतन्त्र अझ अल्पविकसित मुलुकको अर्थतन्त्र परनिर्भर हुन जान्छ भन्ने विद्वान्हरूको समेत मत देखिन्छ। जस्तै नेपालको आन्तरिक अर्थव्यवस्थामा उदारीकरणका कारण जहाँ रोजगारीको अवसर सृजना, आर्थिक वृद्धिजस्ता सकारात्मक प्रभाव देखिए तापनि हाम्रो अर्थतन्त्र परनिर्भर पनि बनेको छ। यस्ता अहम् मुद्दाहरू जसले आर्थिक तथा राजनीतिक एकसाथ जोड्ने प्रयास गरेको पाइन्छ।

यसरी वर्तमान सन्दर्भमा अर्थव्यवस्थालाई व्यवस्थित बनाउने नियममा दुई खालका पृथक र महत्त्वपूर्ण विचारहरू अगाडि आएका छन्। दुवै विचारलाई एकाङ्गी रूपले विश्लेषण तथा व्याख्या गरिएमा ती विचारहरू विरोधभाषपूर्ण हुने र त्यस्ता विचारलाई त्यस्ता महत्त्वपूर्ण सवालको सही जवाफ दिन नसक्ने अवस्था रहेको छ। यस्तो अवस्थाम, राजनीतिक अर्थशास्त्रले ती दुईवटा पारस्परिक विरोधी विचारहरूको बीचमा पुलको काम गर्दछ। अर्थात् ती दुईवटा फरक तथा महत्त्वपूर्ण विचारको सन्तुलित र संयोजकारी भूमिकाबाट मात्रै अर्थव्यवस्था अगाडि बढ्न सक्ने कुराको वकालत गरेर समाधानको ठोस बाटो पहिल्याउन सहयोग पुर्‍याउँछ। समाज विकासका खातिर आर्थिक र राजनीतिक पक्ष साथसाथै अगाडि बढ्नुपर्दछ तथा तिनीहरूको बीचमा सन्तुलित, सहयोगी र समन्वयकारी

भूमिका आवश्यक पर्ने कुरालाई आत्मसाथ गरी त्यसको व्यापक वकालत (Advocacy) राजनीतिक अर्थशास्त्रले गर्ने भएकाले यो विज्ञान एउटा उत्तम विकल्पको रूपमा काम गर्न सक्दछ। आधुनिक युगमा राज्य र बजार एक अर्काबाट प्रभावहिन भएर रहन सक्दैनन् यद्यपि यी दुवै एक अर्कामा अलग अलग विषय हुन्। वास्तवमा बजार शक्ति प्राप्त गर्न तथा प्रयोग गर्न एउटा उपयुक्त माध्यम बन्न सक्दछ भने राज्य सम्पत्ति प्राप्त गर्नका लागि सहयोगी बन्न सक्दछ। त्यसैले अन्तर्राष्ट्रिय सम्बन्धमा शक्ति र सम्पत्तिको तथा वतरणमामा राज्य र बजारले एकअर्कालाई प्रभाव पारी अन्तर्क्रिया गरिरहन्छन् जुन सम्बन्धको अध्ययन गर्ने विज्ञान नै राजनीतिक अर्थशास्त्र हो।

राजनीतिक अर्थशास्त्रका दृष्टिकोणले विश्लेषण गर्ने हो भने घरेलु अर्थतन्त्रमा विश्वबजारको प्रभावलाई समेत सन्तुलित ढङ्गले अगाडि बढाउन सकिन्छ। उदारवादीहरूले भने जस्तो स्वतन्त्र विश्व अर्थतन्त्रले पूर्णरूपमा घरेलु अर्थतन्त्रलाई मात्र सहयोग न गर्न सक्छ न त समाजवादीका विचार जस्तै त्यसलाई पूर्ण रूपमा रोक्न नै सकिन्छ। यस्तो अवस्थामा ती दुवै पक्षलाई व्यवस्थित र सन्तुलित हिसाबले अगाडि बढाउनुको कुनै विकल्प छैन त्यसको लागि उपयुक्त मार्गनिर्देशशन र वकालत राजनीतिक अर्थशास्त्रले गर्ने भएकाले यो विज्ञान आर्थिक र राजनीतिक पक्षका समस्याहरूको गहन विश्लेषण गर्ने र समाधान दिने उपयुक्त नियम बनेको छ।

33. Critically evaluate the contributions made by Nepali women in agriculture. Can you suggest the measures and reforms which will enable women to play more active role in agriculture development?

नेपालको कृषि व्यवस्था अझ पनि labour intensive technology अर्थात् प्रविधिको तुलनामा मानिसको श्रमकै आधारमा निर्भर रहेका तथा सञ्चालनमा रहेको पाइन्छ। श्रममुलक कृषिप्रणालीमा अझ हाम्रो जस्तो अल्पविकसित मुलुक र ग्रामीण क्षेत्रमा महिलाको भूमिका निर्णायक रूपमा रही आएको छ। त्यस्तो अवस्थामा यथार्थमा रहँदारहँदै पनि वास्तविक रूपमा नेपाली अर्थव्यवस्थामा महिलाको त्यो योगदानलाई स्वीकार गर्नलाई समस्या देखिएको छ। अर्थात् उनीहरूको त्यो श्रमलाई घरेलु कामको रूपमा लिएर अवमूल्यन गर्ने अथवा त्यसलाई बेवास्ता गर्ने गरिएको छ। ग्रामीण क्षेत्रका महिलाहरूको आर्थिक सहभागिता लगभग ७० प्रतिशत जति भए तापनि त्यसलाई औपचारिक हिसाबले सूचिकृत गर्न नखोजिएको अवस्था छ। यसै सम्बन्धमा कृषि क्षेत्रमा नेपाली महिलाहरूको विगत लामो समय देखिको सक्रिय सहभागितालाई अवमूल्यन गर्न मिल्दैन। यहाँ बुँदागत रूपमा नेपाली महिलाहरूको कृषि क्षेत्रमा देखिएको भूमिकालाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

१. कृषि श्रमिकको रूपमा

हाम्रो खेतीप्रणाली अझै पनि पुरातनवादी संरचनामा आधारित भएकाले कृषि क्षेत्रको काममा पुरुषले हलो जोत्ने काम बाहेकका अन्य लगभग सबै काममा महिलाको

सक्रिय भूमिका देखिन्छन्। धान रोप्न, खन्न, बीउ काढ्न, आली काट्न लगायतका सबै महत्त्वपूर्ण कार्य महिलाले सम्पादन गरेको देखिन्छ।

२. घरेलु कामदारको रूपमा

एकातर्फ पुरुषभन्दा बढी उनीहरूको भन्दा कम ज्यालामा महिलाहरू कृषि क्षेत्रमा संलग्न छन् भने त्यसबाहेक घरभित्रका सम्पूर्ण कामहरू जो कृषिप्रणालीसँग प्रत्यक्ष सम्बन्ध हुन्छन् जस्तै गाईबाखा चराउने, जङ्गबाट घाँस दाउराको जोह गर्ने, भात पकाउने, छोराछोरीको हेरचाह गर्नेजस्ता सबै काममा महिलाको भूमिका रहेको पाइन्छ। जसले गर्दा पुरुष स्वतन्त्र भएर काम गरेको देखिन्छ।

३. कृषिसँग सम्बन्धित आवश्यक वस्तुहरूको व्यवस्थापन

विशेषत ग्रामीण समाजमा पुरुषहरूको कृषि व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने बीउ, औजार, मलजल तथा पैसा समेतका लागि बेवास्ता गरेको देखिन्छ तर महिलाले त्यस्ता आवश्यक पक्षहरूको बेलैबाट जतन जोह गरी राखेको पाइन्छ। महिलाहरू परिवारप्रति बढी चिन्तित हुने भएकाले उनीहरूले बेलैबाट आवश्यक चीजहरूको बचत गरिराखेका हुन्छन्।

यसरी वर्तमान अवस्थाको कृषि व्यवस्थालाई अगाडि बढाउन र यहाँसम्म ल्याइपुऱ्याउनमा महिलाको भूमिका महत्त्वपूर्ण र प्रभावकारी देखिएको छ तर त्यस्तो भूमिकालाई अवमूल्यन गरी उनीहरूको भूमिकालाई बेवास्ता गरिएको अवस्था समेत विद्यमान छ। प्रमुख रूपमा उनीहरूको त्यो आर्थिक भूमिकालाई पुरुषसरह मान्यता दिएर औपचारिक रूपमा मान्यता दिन आवश्यक पर्दछ। यसरी एकातर्फ महिलाको भूमिकालाई व्यवस्थित र संस्थागत बनाउन जरुरी छँदैछ भने अर्कोतर्फ वर्तमान भूमिका वैज्ञानिक र व्यवस्थित छैन। उनीहरूको भूमिका केबल कृषि श्रमिकको रूपमा मात्र छ साथै कतिपय अवस्थामा भन्दा बढी श्रमिक भएर अनुत्पादक रूपमा बसिरहनु पर्ने अवस्था समेत छ। उनीहरूसँग प्राविधिक, ज्ञान, सीपको अभावमा तुलनात्मक रूपमा बढी श्रम गरेर पनि उपलब्धी त्यति हासिल गर्न सकिएका छैनन्। साथै उनीहरूको भूमिका सामूहिक रूपमा नभएर व्यक्तिगत रूपमा मात्र भएकाले पनि कृषि क्षेत्रमा आशातित सफलता प्राप्त गर्न नसकेको अवस्था देखिन्छ।

साधारणतया, यस्तो अवस्था रहिरह्यो भने नेपाली महिलाको त्यत्रो जनशक्तिको प्रयोगका बावजुत पनि कृषि क्षेत्रमा निश्चित उपलब्धी हासिल गर्न नसकिने अवस्था छ। त्यसैले कृषि क्षेत्रलाई विकास गर्न र आर्थिक वृद्धिलाई अगाडि बढाउन केही परिवर्तन गर्न आवश्यक छ। जसका कारण महिलाको भूमिका अझ वृद्धि हुन सकोस् साथै त्यो भूमिका वैज्ञानिक समेत बन्न सकोस् जसका कारण सिङ्गो कृषि क्षेत्रलाई अझ बढी वैज्ञानिक र उपलब्धिमूलक बनाउन सकियोस्। महिलाहरूको भूमिका अझ प्रभावकारी बनाउन निम्न बमोजिम भूमिका निर्वाह गर्न सकिन्छः

१. महिलाको भूमिकालाई औपचारिक रूपमा स्थापित गर्नु

विगत लामो समयबाट कृषि क्षेत्रमा योगदान पुऱ्याउँदै आएका महिलाको भूमिकालाई जुन ढङ्गले उपेच्छा गरिएको अवस्था छ त्यसले महिलालाई उत्प्रेरित गर्न

सक्दैन । त्यसले उनीहरूलाई निरुत्साहित मात्र गर्दछ । उनीहरूको भूमिकालाई आर्थिक रूपमा समेत स्थापित बनाउन सकिएमा महिलाको जीवनस्तरमा व्यापक सुधार आउने भएकाले त्यसको परिणाम स्वरूप उनीहरूले आफ्नो भूमिकालाई प्रभावकारी बनाउँदछ।

२. भूमिमाथि महिलाको स्वामित्व स्थापना

नेपालको कृषि क्षेत्रलाई विश्लेषण गरिएमा अधिकांश जमिनमा पुरुषहरूको वर्चस्व रहेको देखिन्छ। भूमिमाथि महिलाको स्वामित्व अत्यन्तै नगण्य मात्र देख्न सकिन्छ। यस्तो अवस्थामा महिलाहरूमा व्यापक असन्तुष्टि रहेको पाइन्छ तर पुरुषप्रधान समाज भएकाले उनीहरूले त्यसको भण्डाफोर गरेका हुँदैनन् । उनीहरू आफूलाई सुरक्षित समेत महसुस गर्दैनन् र उनीहरूको कृषि क्षेत्रमा वर्तमान भूमिका बाध्यताको रूपमा देखिन्छ । यदि महिलाहरूलाई पनि पुरुष सरह भूमिमाथि स्वामित्व प्रदान गरिएमा कृषि क्षेत्रमा परिवर्तन आउने सम्भावना देखिन्छ।

३. आधुनिक प्रविधि, सीप र ज्ञानको उपलब्धता

वर्तमान कृषि क्षेत्रका जनशक्ति सीप र ज्ञानको अभावमा प्रभावकारी हुन सकेको छैन अझ ग्रामीण क्षेत्रका महिलाको स्थिति अत्यन्तै विकराल अवस्था रहेको छ । यदि त्यस्तो अवस्थमा रहेका महिलालाई उचित शिक्षा, ज्ञान, प्राविधिक सीप दिन सकिएमा उनीहरूले वर्तमानको तुलनामा धेरै बढी उत्पादन दिन सक्दछन् । कृषि क्षेत्रको वर्तमान आर्थिक उपलब्धिलाई गुणात्मक रूपमा अगाडि बढाउन सक्दछन् ।

४. महिलालाई साना ऋण कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने

महिला परनिर्भर भएको तथा उनीहरूको आर्थिक हैषियत अत्यन्तै कमजोर भएको हालको अवस्थामा उनीहरूले कृषि क्षेत्रको रूपान्तरणमा ठूलो भूमिका निर्वाह गर्न सक्दैनन् तर उनीहरूलाई सामान्य लगानी तथा सस्तो ब्याजदरमा ऋण प्रदान गरी कृषिसँग सम्बन्धित व्यवसाय जस्तै पशुपालन, कृषिसँग सम्बन्धित घरेलु सामग्रीको निर्माण जस्ता कार्यमा संलग्न गराउन सके एकातर्फ उनीहरू आत्मनिर्भर बन्न सक्दछन् भने अर्कातर्फ कृषि क्षेत्रमा लगानी गर्न सहयोग पुग्दछ । बंगलादेशमा सञ्चालित ग्रामीण विकास बैङ्कको माध्यमबाट त्यहाँका महिलाहरूले खेलेको भूमिकालाई उदारहणको रूपमा लिन सकिन्छ।

५. आवश्यक पूर्वाधारहरूको विकास

हालको कृषि व्यवस्था अनुसार आवश्यक पूर्वाधारहरू जस्तै बजार, कृषि, सडक, सञ्चार आदिको व्यवस्था नभएकाले ग्रामीण महिलाहरूले प्रभावकारी रूपमा आफ्नो भूमिका निर्वाह गर्न सकेका छैनन् साथै उनीहरूको जनजीवन समेत दुःखदायी अवस्थामा रहेको पाइन्छ । यदि कृषि सडक नजिकै बजारको व्यवस्था जस्ता आवश्यक पूर्वाधारहरूको विकास गर्न सकिएमा महिलाहरूले आफ्नो भूमिकालाई अझ बढी सक्रिय र प्रभावकारी ढङ्गले भूमिका निर्वाह गर्न सक्ने अवस्था सृजना भई कृषि क्षेत्रलाई सहयोग पुग्न सक्दथ्यो।

६. साना कृषि उद्योगहरूको स्थापना

स्थानीय साधन स्रोतको उपयोग गरी कृषि क्षेत्रलाई उत्पादित सामग्री समेत प्रयोग गर्न सकिने साना उद्योगको स्थापनामा जोड दिनुपर्दछ जसले गर्दा ग्रामीण अशिक्षित तथा ज्ञान नभएका महिलाहरूको समेत घरमै बसेर पनि उत्पादनमुखी क्रियकलापमा आफ्नो योगदान पुऱ्याउन सक्दछन्।

34. Explain main features of the economic liberalization policices in Nepal.

नेपाली अर्थव्यवस्थाको एउटा महत्त्वपूर्ण हिस्साको रूपमा उदारीकृत अर्थव्यवस्था रहेको पाइन्छ। विश्वव्यापी रूपमा उदारीकृत अर्थव्यवस्थाका आफ्नै विशेषताहरू रहेका हुन्छन् विशेषतः नेपालको आर्थिक उदारीकरणको नीति तथा विशेषताहरू समेत त्यो भन्दा खासै पृथक रहेको पाइँदैन । खुल्ला बजार रणनीति, निजी क्षेत्रलाई विना रोकटोक प्रतिस्पर्धात्मक रूपमा सेवा सुविधा प्रवाह तथा उत्पादनका क्षेत्रमा प्रवेश गराउने नै उदारीकरणको प्रमुख विशेषताको रूपमा रहेको पाइन्छ। सामान्य रूपमा नेपालमा आर्थिक उदारीकरणका विशेषताहरूलाई बुँदागत रूपमा निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

१. खुल्ला अर्थतन्त्रको व्यवस्था

उदारीकरणको नीति अपनाएपश्चात नेपालमा निश्चित नियम तथा पद्धति पूरा गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले विना रोकटोक लगानी गर्न सक्ने अवस्था सृजना भएको पाइन्छ। विदेशी कम्पनी तथा निकायहरूले राज्यको हस्तक्षेपविना नै लगानी गर्न सकेको अवस्था छ।

२. निजीक्षेत्रको प्रवेश

उदारीकरण पश्चात् उत्पादन तथा सेवाका क्षेत्रमा जस्तै शिक्षा, स्वास्थ्य, बैङ्कहरूमा व्यापक मात्रामा लगानीको वातावरण बनेको छ । साथै यस क्षेत्रमा निजी क्षेत्रको उत्साहपूर्वक लगानी समेत बढेको छ।

३. संस्थाहरूको निजीकरण

राज्यको स्वामित्वमा भएको बेला टाट पल्टिएका कतिपय संस्था तथा उद्योगहरूलाई विभिन्न तरिकाले प्रतिस्पर्धात्मक रूपमा निजी क्षेत्रलाई हस्तान्तरण गरिएको छ। साथै त्यो प्रक्रिया अहिले पनि परिस्थिती बमोजिम चलिरहेको अवस्था छ।

४. परिणामात्मक बन्देजको अन्त्य

हिजोको अवस्थामा निश्चित रूपमा निजी क्षेत्रका कतिपय उत्पादन तथा अन्तर्राष्ट्रियतहका उत्पादनलाई कोटा प्रणाली लागू गरिएको अवस्था थियो अर्थात् तीनको परिणाम (Quantity) मा निश्चित सङ्ख्या निर्धारण गरिएको थियो । त्यसलाई समाप्त गर्ने नीति लिइएको छ।

35. Explain the concept of globalization? Critically examine the role of globalization in the context of Nepal?

विशेषगरी सन् १९८० को दशकबाट विश्वव्यापीकरणको अवधारणा चर्चा आएको पाइन्छ । विशेषत आर्थिक उदारीकरणको प्रभाव अर्थात् उपज स्वरूप नै विश्वव्यापीकरणको अवधारणा आएको पाइन्छ । यो अवधारणा पनि खुला अर्थतन्त्र र वस्तु तथा सेवाको विना भौगोलिक तथा राजनीतिक रोकावट सबै ठाउँमा प्रवेशसँग सम्बन्धित छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार विश्वव्यापीकरण भन्नाले वस्तु र सेवा व्यापार एवम् पूँजीको बजार आर्थिक एकीकरणको पद्धति हो जुन स्वतः प्राप्त हुँदैन । स्थिर समग्र आर्थिक नीति स्वतन्त्र व्यापार र लचिलो उत्पादित र सहायक पदार्थहरूको बजार जसलाई प्रभावकारी वहिर्गमन नीतिद्वारा असक्षम उद्योगधन्दालाई हटाउन सकियोस् । सीमारहित र अंकुशतारहित व्यापार तथा लगानीको अवसरबाट विश्वका सम्पदाको किफायती ढङ्गबाट उपयोग हुन सक्दछ र विश्वका उपभोक्ताको न्यायपूर्ण ढङ्गले प्रयोग गर्न पाउँदछन् भन्ने अवधारणा विश्वव्यापीकरणको पाइन्छ । नेपालमा विश्वव्यापीकरणलाई सम्पूर्ण आर्थिक गतिविधिलाई 'स्वच्छन्द' छाडिदिनु र संस्थापन पक्षले केवल बाधा अड्चन फुकाई दिनु मात्र हो भन्ने मान्यता राखिन्छ । त्यसैले व्यापारी र उद्योगपतिहरू निजीकरणको प्रसङ्ग उठ्दा निजी लगानीमा चल्ने उद्यमहरूले सरकारी नीति नियम पालन गरिरहनु आवश्यक छैन भन्ने राय पनि प्रकट गर्ने गर्दछन् । सङ्क्षेपमा विश्वव्यापीकरण भनेको विश्वका विभिन्न देशहरूबीचको बढ्दा र निरन्तर एकीकरण हो । विचार, पूँजी, श्रम, सेवा, वस्तु एवम् प्रविधिको विना भौगोलिक रोकावट विश्वभर खुला आप्रवाह नै वास्तवमा विश्वव्यापीकरण हो । विश्वव्यापीकरणले वर्तमान विश्वलाई 'साझा भर' को रूपमा लिँदै विश्व भातृत्व र भाइचारको स्थितिलाई उजागर गरेको छ । यसै सन्दर्भमा विश्वव्यापीकरणका केही परिभाषाहरूलाई यहाँ उल्लेख गरिन्छः

१. विश्व बैङ्कका अनुसार, "विश्वव्यापीकरण भनेको विश्वका देशहरूको अनवरत एकीकरण हो ।" (Globalization is the continuing integration of the countries of the world.)

२. ह्योरोल्ड जेम्सका अनुसार, "विश्वव्यापीकरणको अति नाटकीय विशेषता हो–वस्तु तथा सेवाहरूको व्यापारमा उदारीकरण र सीमानाहरू वारपार पूँजीको बढ्दा निर्वाध प्रावह ।" (The most dramatic feature of globalization is the liberalization of trade in goods and services and the increasingly unrestricted flow of capital across borders.)

३. जिया कुरेसीका अनुसार, "विश्वव्यापीकरण भनेको वस्तरहरू, सेवाहरू तथा पूँजीका बजारहरूको बढ्दो अन्तर्राष्ट्रिय एकीकरण हो ।" (Globalization is the growing international integration of market for goods, services and capital.)

निष्कर्षमा विश्वव्यापीकरण एउटा त्यस्तो प्रक्रिया हो । जसलाई एक्लो राज्यले रोक्न सकिँदैन तर त्यसबाट मुलुकको अर्थ नीति, राज्यको सुरक्षा, संस्कृतिको जगेर्ना र

सामाजिक सुरक्षमा पार्न सक्ने प्रभावलाई कम गर्न त्यसबाट प्राप्त हुने वैदेशिक लगानी, सहयोग र अनुदानको उपयोगमा उचित दृष्टि पुऱ्याउनु पर्ने र राज्यले आफ्नो दायित्वलाई सुदृढ गराउन सक्नुपर्दछ । वास्तवमा, विश्वव्यापीकरण भनेको जसरी एउटा मुलुकको आन्तरिक बजारभित्र वस्तु, सेवा प्रविधि र जनशक्तिको व्यापार र आगमन र कारोबार हुन्छ त्यसको विस्तार रूप हो । आफ्नो मुलुकको सीमाभित्र मात्र नभई सीमा बाहिर पनि त्यही अनुरूपको व्यापार, आवागमन र कारोबार हुनु हो ।

औपचारिक रूपमा नेपाल समेत विश्वव्यापार सङ्गठनमा प्रवेश भइसकेपछि त्यसबाट स्वभाविक रूपले सकारात्मक र नकारात्मक पक्ष परेको पाइन्छ । त्यसैले यो अवस्थामा देखिएका समस्या, नकारात्मक पक्ष तथा चुनौतीहरूलाई व्यवस्थापन गरी बढी भन्दा बढी फाइदा लिनु जरुरी छ। यसै सन्दर्भमा विश्वव्यापीकरणको नेपालमा प्रभावका सन्दर्भमा श्रीधर खत्री भन्दछन्, “विश्वव्यापीकरणले बजार अर्थतन्त्रलाई अनुशासित गर्न नसक्ने मात्र होइन, आर्थिक वृद्धिदर घटेका बखत बैङ्क/वित्तीय संस्थाहरूमा विश्वास दिलाउन सक्दैनन्, राज्यले अन्तर्राष्ट्रिय कानुनका आँडमा पर्यावरण प्रदुषित पार्ने संस्थागत शक्तिलाई नियन्त्रण गर्न सक्दैन र राज्यबाट अन्तर्राष्ट्रिय कम्पनीहरूमा शक्ति सर्न जाँदा राज्यले बहुराष्ट्रिय कम्पनीलाई नियन्त्रण गर्न सक्दैन ।” फलस्वरूप प्रतिरक्षाका मामलामा पनि प्रतिकुलता आउन सक्दछ। त्यस्तै यसको प्रभावका सन्दर्भमा समाजशास्त्र विभागका शिक्षक कृष्ण भट्टचनका अनुसार 'पश्चिम नै उत्तम' का मनभावना नेपालमा विश्वव्यापीकरणको प्रभाव हो । त्यस्तै प्राध्यापक डा. रामकुमार दाहालका अनुसार विश्वव्यापीकरणले नेपालमा प्रजातान्त्रिक मूल्य र मान्यता ल्याइदियो, समाजलाई शास्वतीकरण, निर्णय प्रक्रियामा समानान्तीकरण र आधारमा तहमा सहभागीतामूलक प्रजातन्त्रको लोक आधार र सेवाक्षेत्रको विस्तार सकारात्मक प्रभाव हुन भने नेपाली राज्यको आत्मनिर्णय खस्कँदै जानु, वैदेशिक सहयोग र व्यापारले वैदेशिक नीति कमजोर हुँदै जानु आदि कमजोर पक्ष हुन् । यसै सन्दर्भमा विश्वव्यापीकरणले नेपालको सन्दर्भमा पार्न सकारात्मक तथा नकारात्मक पक्षलाई बुँदागत रूपमा तल उल्लेख गर्न सकिन्छः

नकारात्मक प्रभावहरू

१. राजनीतिक प्रभावहरूः
   - आत्मनिर्माणको अधिकार खस्कँदैन जाने,
   - राष्ट्रियतामाथि प्रहार,
   - अनावश्यक विदेशी हस्तक्षेप,
   - सार्वभौमसत्तामाथि अनावश्यक दख्खल तथा प्रहार,
   - वैदेशिक नीतिमाथि अनावश्यक प्रभाव,

२. आर्थिक प्रभावहरूः
   - अल्पविकसित देश भएकाले अत्याधिक परनिर्भरता वृद्धि,
   - स्थानीय सीप, ज्ञान र प्रविधिको लोप,
   - अन्तर्राष्ट्रिय उत्पादनको परीक्षण बजारको रूपमा नेपाललाई प्रयोग,

- आर्थिक उपनिवेशवादको विस्तार,
- अनावश्यक रूपमा हुने र नहुने अर्थात् धनी र गरिब मुलुकहरूमाथि, समाज बीच र व्यक्तिबीचको खाडललाई बढावा दिन्छ,
- स्वदेशी साना तथा वातावरणमैत्री उद्योग तथा त्यसको उत्पादनको विस्थापन,
- स्वदेशमा सरकारले ठूलो लगानी गरेर बनाएको सक्षम जनशक्तिको अन्तर्राष्ट्रिय बजारमा पलायन,
- स्वदेशी प्राकृतिक तथा अन्य स्रोत तथा साधनको अत्ययधि दुरूपयोग,
- विदेशी सहयोग, अनुदान तथा ऋणको मार्फत सम्बन्धित मुलुकको आर्थिक नीति हाम्रो मुलुकमा कार्यान्वयन गर्ने,

३. वातावरणीय समस्याः
- उद्योगधन्दाका कारण वातावरणीय विकास/दीगोपनाको विकास,
- अत्यधिक pollution

४. सामाजिक सांस्कृतिक प्रभावः
- मूल्य र मान्यता जो हाम्रो मौलिक छ त्यसमाथि प्रभाव,
- अन्तर्राष्ट्रिय मूल्य र मान्यताको नक्कलको प्रयासले सामाजिक घटनामा वृद्धि,
- सामाजिक द्वन्द्वको स्थापना,
- आधुनिकीकरणका नामा अयिनन्त्रित विकृति तथा छाडापनमा वृद्धि

सकारात्मक प्रभावहरू

१. राजनीतिक प्रभावहरूः
- राजनीतिक चेतनामा वृद्धि,
- प्रजातान्त्रिक विकास,
- मानव अधिकारको सुनिश्चितता,
- शासन व्यवस्थामा पारदर्शिता,
- निर्णय प्रक्रियामा जनताको सहभागितामा वृद्धि,
- स्थानीयकरणमा जोड,
- अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तार तथा सुसम्बन्ध स्थापित,

२. आर्थिक प्रभावहरूः
- प्रतिव्यक्ति आयमा वृद्धि,
- रोजगारीको सृजना र अन्तर्राष्ट्रिय रोजगारी,
- आर्थिक क्रियाकलापमा वृद्धि,
- अन्तर्राष्ट्रिय लगानीका कारण पूर्वाधारको विकास/सेवा क्षेत्रमा विस्तार,

- प्रतिस्पर्धा तथा उद्यमशीलतामा अभिवृद्धि,
- सेवा तथा सुविधाको सस्तो र सहज उपलब्धि,
- नवीन प्रविधि तथा नयाँ आविस्कारहरूको सहज ढङ्गले प्राप्ति,
- श्रमको विभाजन तथा वस्तु र सेवाको विशिष्टिकरणमा जोड,
- निजी क्षेत्रको उत्पादशीलत क्षेत्रमा व्यापक सहभागिता,
- नेपाली उत्पादनका लागि अन्तर्राष्ट्रिय बजारको उपलब्धता

३. सामाजिक प्रभावहरू:

- सामाजिक सचेतना अभिवृद्धि,
- कुसंस्कार र पुरातनवादी रुढिवादी मान्यतामा परिवर्तन,
- विश्व बन्धुत्व भातृत्वको भावनामा बढोत्तरी,
- सभ्य र विकसित समाज निर्माणमा सहयोग

36. Explain the problems of good governance in Nepal? And how can it manage?

नेपालमा दातृराष्ट्रहरू संस्थाहरूको वैदेशिक सहायताको सर्तको रूपमा अघि बढेको सुशासनको अवधारणा र त्यसैको दवावमा परेर सरकारी पक्षबाट सुशासनसम्बन्धी धेरै प्रयासहरू अघि बढेका भए तापनि सरकारले सुशासनका सम्बन्धमा अपनाएका नीति व्यवहारमा उत्रन सकेको छैन । सुशासनका चारवटै उपायहरू कमजोर छन् । सहभागितामूलक राजनीतिक क्रियाकलाप सक्रिय रूपमा अघि बढेको पाइँदैन भने भ्रष्टाचार एवम् सामाजिक द्वन्द्वले पनि समाजलाई पिरोलेकै छ । उपलब्ध साधन एवम् स्रोतको सदुपयोग गर्न पनि नेतृत्व पक्ष र व्यवस्थापन पक्ष सक्षम छैन । दशौँ योजनाको आधारपत्रमा सुशासनका समस्याहरूलाई प्रशासनिक संयन्त्र अपेक्षित मात्रामा चुस्त र छरितो हुन नसक्नु, जिम्मेवारी अस्पष्टता, कमजोर अनशुासन, निस्पक्ष कार्य मूल्याङ्कनको आधारमा पुरस्कार दण्डको व्यवस्था नहुनु, सार्वजनिक व्यवस्थापनभित्र कार्यदक्षताको कमी र आर्थिक कारोवारका निर्णयहरूमा पारदर्शिताको कमी भएबाट भ्रष्यचारलाई नियन्त्रण गर्न नसकिनु, ग्रामीण क्षेत्रको उत्थान एवम् सेवा आपूर्ति गर्ने कार्यमा स्रोत र साधनको उपलब्धिपूर्ण उपयोग हुन नसक्नु आदिको रूपमा औँल्याइएको छ । बुँदागत रूपमा सुशासनका चुनौती एवम् समस्याहरूलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छः

- नेपालको सन्दर्भलाई लिएर सुशासनको व्यावहारिक परिभाषा नहुनाले जे मन लाग्यो त्यसैलाई सुशासन भन्ने परिपाटीको विकास हुनु,
- सुशासनका आधारभूत तत्त्वहरू नेपालको सन्दर्भमा पहिचान नहुनु,
- सुशासनका सम्बन्धमा भएका कमीकमजोरीहरू, सुधारबारेमा अध्ययन अनुसन्धान नहुनु,

- सुशासन सम्बन्धी उपयुक्त नीनि एवम् नीतिको प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन व्यवस्था कमजोर रहनु,
- राज्यका सबै संयन्त्रबाट सुशासनलाई प्रभावकारी तवरले सञ्चालन नहुनु,
- शासन व्यवस्थालाई जनताको हित अनुकूल बनाउने दृढ इच्छा र प्रतिबद्धताको अभाव,
- विभिन्न निकायबीच समन्वयको अभाव,
- संविधानले परिकल्पना गरेबमोजिम शासकीय पद्धति अनुरूपको व्यवहार कायम हुन नसकेको,
- बहुदलीय व्यवस्थालाई सहयोग पुऱ्याउन स्पष्ट कानुनी आधार निर्माण हुन नसकेको,
- कानुनी प्रावधानहरूको इमान्दारीपूर्वक कार्यान्वयन हुन नसकेको,
- कानुन उलङ्घन गर्ने उपर कडाइका साथ कारवाही नहुनु,
- विदेशी सहायता प्राप्त गर्ने संस्था तथा राष्ट्रका इच्छाअनुसार नीनि कार्यक्रम तर्जुमा गर्ने परिपाटी हुनु,
- राजनीतिक भ्रष्ट र नारामुखी र स्वार्थी प्रशासन हुनु,
- व्यापक मात्राको भ्रष्याचार,
- नागरिक समाजसँग राज्य/सरकारले सहकार्य गर्न नसकेको स्थिति ।

सुशासनलाई व्यवहारमा वास्तविक रूपमा लागू गर्न राज्यका विभिन्न संयन्त्रहरूको प्रभावकारी सञ्चालन गरी विद्यमान कानुनी प्रावधानहरूको इमान्दारीपूर्वक कार्यान्वयन गर्ने र खडा भएका चुनौतीहरूलाई सुल्झाउने वातावरणको सृजना गर्ने गर्नुपर्दछ । त्यस्तै आवश्यक एवम् प्रभावकारी कानुनको तर्जुमा, प्रभावकारी रूपले उत्तरदायित्व वहन गर्ने प्रणालीको व्यवस्था आदि कार्यलाई तीव्ररूपले अगाडि बढाउनुपर्दछ । त्यसका अतिरिक्त निम्नलिखित पक्षहरूमा ध्यान पुऱ्याउनु जरुरी छः

- जनताउपर राजनीति नगरेर जनताको लागि राजनीतिक गर्ने कुरामा सबैले इमान्दारीपूर्वक विचार पुऱ्याउने,
- सुशासनको सफल कार्यान्वयनका लागि उच्च तहबाट प्रशासनिक प्रतिबद्धता जाहेर गरी इमान्दारीपूर्वक पालना गर्ने,
- राजनीतिक एवम् नतिजामूलक नीतियोजना तर्जुमा गरी कार्ययोजनासहित कार्यान्वयनमा जोड दिने,
- व्यावहारिक पक्षलाई बढी जोड दिने,
- संस्थागत प्रभाकारिता बढाइ उत्पादकत्वमा सुधार ल्याउने,
- नीति योजना र अन्य क्रियाकलापको प्रभावकारीरूपले अनुगमन मूल्याङ्कन गर्ने प्रणाली/संयन्त्रको विकास गर्ने,

- नागरिक समाजको सहयोगविनामा कुनै कार्य पनि गर्न नसकिने भएकाले उनीहरूसँग सहकार्य गर्ने प्रणाली/संयन्त्र विकास गर्ने,
- भ्रष्टाचार तथा अनियमिततालाई रोक्न प्रभावकारी संयन्त्र बनाउने।

37. What might be the significance of economic reforms in the context of rural development?

विशेषत आर्थिक सुधारको बारेमा चर्चा गर्दा नेपाल सरकारले मुख्यतया तीनवटा अवधारणालाई अगाडि बढाएको पाइन्छ। निजीकरण, उदारीकरण र विश्वव्यापीकरण/उदारीकृत अर्थव्यवस्था अन्तर्गतका उपयुक्त तीनवटा महत्त्वपूर्ण पक्षहरूको कार्यान्वयन तथा त्यसको प्रयोगले ढिलो गतिमा चलिरहेको आर्थिक वृद्धिदर तथा क्रियाकलापलाई निश्चित रूपमा प्रभावकारी बनाउन सहयोग पुऱ्याउँदछ, साथै सरकारी नियन्त्रणमा रहेका संस्थानहको तुलनामा निजीकृत निकायहरूको गुणात्मक रूपमा फाइदा पुऱ्याउन सक्ने देखिन्छ। हाम्रो ग्रामीण समाज अद्यावधि पनि विकासको मूलप्रवाहमा समेटिन सकेको छैन। सैद्धान्तिक रूपमा आर्थिक सुधारका प्रयत्नहरू प्रयासहरू भए त्यसका खातिर नीति नियमहरू समेत नबनेका हैनन् तर त्यसको ठोस तथा व्यावहारिक कार्यान्वयनको अभावमा त्यसले आशातित सफलता भने प्राप्त गर्न नसकेको अवस्था देखिन्छ। यसो भनिरहँदा आर्थिक सुधारका प्रयास पश्चात आर्थिक सुधार तथा ग्रामीण विकासका सन्दर्भमा केही नभएको भने होइन। हिजोको तुलनामा सुधारका सङ्केतहरू प्रशस्त देखिएता पनि सोच बमोजिमको सफलता प्राप्त मात्र गर्न नसकिएको पाइन्छ। यसै अवस्थामा आर्थिक सुधारका कारण सृजित र सृजना हुन सक्ने सकारात्मक पक्षहरूलाई तल उल्लेख गरिएको छ।

१. स्थानीय तहमा रोजगारीको प्रवर्द्धन

नेपाल सरकारले उदारीकृत अर्थप्रणालीलाई आत्मसाथ गरेपश्चात निजी क्षेत्रको प्रतिस्पर्धात्मक उपस्थिति भएकाले उद्योगधन्दा तथा व्यापार व्यवसाय लगायत अन्य लगानीका क्षेत्रमा व्यापक मात्रामा बढोत्तरी हुन गई ग्रामीण क्षेत्रका जनताले रोजगारी प्राप्त गर्न अवस्था भएको छ साथै आगामी दिनमा त्यसको सम्भावना अझ बढी देखिन्छ।

२. ग्रामीण क्षेत्रमा सेवा सुविधा तथा उत्पादनका सामग्रीको सहज उपलब्धता

सेवासुविधाको प्राप्तिका खातिर राज्यसँग मात्रै भारपर्ने अवस्थामा राज्यले सम्पूर्ण मागलाई पूरा गर्न असक्षम अवस्थामा थियो साथै राज्यभित्रको विभिन्न प्रणाली तथा निकायहरूको कार्यशुलताको अभावका कारण त्यो सेवा अत्यन्तै सुस्त तथा अप्रभावकारी थियो। त्यस्तो अवस्थालाई आर्थिक सुधारको नीतिले व्यापक मात्रामा परिवर्तन ल्याइदियो। जस्तैः आर्थिक सुधारका कारण हाल ग्रामीण क्षेत्रका जनताले सस्तो ब्याजदरमा सहजरूपमा ऋण रूपमा गर्ने अवसर पाएका छन्। तर हिजो चर्को ब्याजदरमा स्थानीय साहु महाजनबाट ऋण लिनुपर्ने अवस्था थियो।

३. ग्रामीण क्षेत्रमा पूर्वाधारहरूको विकास

उदारीकृत अर्थव्यवस्थाकै उपजको रूपमा पिछडिएका विकट ग्रामीण क्षेत्रहरूमा निजी क्षेत्रको प्रत्यक्ष तथा अप्रत्यक्ष लगानीबाट बाटाघाटा, पुल, भवनहरू लगायतका पूर्वाधारहरूको विकास भएको देखिन्छ। नेपालमा विगत १० वर्षमा सञ्चार क्षेत्रमा भएको अभूतपूर्वक उपलब्धिलाई यसको सानो उदाहरणको रूपमा लिन सकिन्छ।

४. विश्वबजारमा रोजगारी

श्रम गतिशीलता उदरीकृत अर्थव्यवस्थाको एउटा उपज हो। जसका कारण हाम्रो मुलुकमा ग्रामीण क्षेत्रमा बस्ने जनता विश्वका धेरै देशमा गएर काम गर्न सक्ने अवसर सृजना भएको छ र त्यसको प्रवृत्ति बढीरहेको छ। फलस्वरूप ग्रामीण क्षेत्रको अर्थतन्त्रमा तथा जीवनस्तरमा सुधार आएको देख्न सकिन्छ।

५. बौद्धिक सम्पत्तिबाट लाभ

हाम्रो ग्रामीण क्षेत्र धेरै तरिकाले बौद्धिक सम्पत्तिमा अगाडि देख्न सकिन्छ। त्यसैले हामी विश्व व्यापार सङ्गठनमा प्रवेश गरिसकिएको अवस्थामा त्यस्ता सम्पत्तिबाट ठूलो मात्रामा लाभ लिन सकिने सम्भावना छ। जसले ग्रामीण समाजको विकासमा कोसे ढुङ्गा (Milestone) को काम गर्न सक्दछ।

६. सामाजिक, सांस्कृतिक तथा शैक्षिक विकास

हाम्रो ग्रामीण समाजमा कतिपय सन्दर्भमा पुरातनवादी तथा रुढिवादी थियो र छ। त्यस्तो समाजलाई परिवर्तन गर्न र वैज्ञानिक तथा वस्तुनिष्ठ बनाउन उदारीकृत अर्थव्यवस्थाले सहयोग पुऱ्याएको छ। बाह्य क्षेत्रका मानिसहरूले सम्पर्क, सङ्गत तथा उठबसका कारण हामीमा चेतनाको स्तर बढेको छ जसका कारण त्यस्ता रुढिवादी सोच र परम्परा घट्ने क्रममा रहेको छ जसले सम्मुनत र वैज्ञानिक ग्रामीण समाज बनाउन सहयोग पुऱ्याउँदछ।

38. What are the components of political economy? Explain those briefly.

राजनीतिक अर्थशास्त्र एउटा बृहत् तथा जटिल विज्ञान हो। यसको निश्चित परिभाषा समेत नभएको अर्थात् त्यसका सम्बन्धमा फरक फरक अवधारणा भएकाले गर्दा पनि यो संदिग्ध विज्ञानको रूपमा रहिआएको देखिन्छ। यस्तो अवस्थामा राजनीतिक अर्थशास्त्र भित्रका तत्त्वहरू समेत बृहत् पाइन्छन् र त्यस्ता तत्त्वहरूले कुनै न कुनै रूपमा राजनीतिक अर्थशास्त्रलाई प्रभाव पारेको देखिन्छ। राजनीति अर्थशास्त्र त्यस्ता विविध तत्त्वहरूको सही र व्यवस्थित संयोजनबाट मात्रै समग्र र पूर्णरूपमा व्यवस्थित राजनीतिक अर्थतन्त्रको सञ्चालन गर्न सकिन्छ। कुनै पनि समाज, मुलुक वा विश्वको राजनीतिक अर्थतन्त्र सञ्चालनमा त्यसभित्र अन्तर्निहित आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक तत्त्वहरूको सक्रिय भूमिका हुन्छ। त्यसैले त्यसको सही तवरले संयोजन तथा समीक्षा गर्न सकेमात्र राजनीतिक अर्थतन्त्र अगाडि बढ्न सक्दछ। यसै सन्दर्भमा राजनीतिक तत्त्वहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

१. आर्थिक तत्त्वहरू

कुनै पनि समाज या मुलुकको राजनीतिक अर्थतन्त्र सञ्चालनमा त्यस क्षेत्रको आर्थिक पक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । आर्थिक पक्ष विनाको राजनीतिक अर्थतन्त्रको सञ्चालनमा तथा विश्लेषण प्राय मृतपाय हुन्छ । अर्थात् त्यसको मतलब राजीतिक अर्थतन्त्रको मुख्य तत्त्वको रूपमा आर्थिक पक्षलाई लिन सकिन्छ । आर्थिक पक्षका कारण रोजगारीको सृजना हुने, प्रतिव्यक्ति आयमा वृद्धि हुने, जनताको जीवनस्तर उकासिने, गरिबी निवारण हुने देखिन्छ भने त्यस्ता आर्थिक पक्ष तथा क्रियाकलापहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिक प्रणालीलाई प्रभावित गरेको हुन्छ । राजनीतिक अर्थतन्त्र भनेको आर्थिक तथा राजनीतिक पक्षबीचको समन्वयात्मक सम्बन्ध हो जसको फलस्वरूप राज्यव्यवस्था सञ्चालित हुन्छ। यस्तो अवस्थामा कुनै पनि मुलुकको आर्थिक पक्षसँग सम्बन्धित साधन र स्रोतको अधिकतम परिचालन भएको छ कि छैन, त्यसको सम्पूर्ण जनतामा न्यायिक वितरण भएको छ या छैन ? आदि जस्ता पक्षहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिक अर्थतन्त्रलाई प्रभावित गर्दछ । त्यस्तै आर्थिक पक्षसँग सम्बन्धित नीतहिरू जस्तै उदारवादी नीति, समाजवादी नीति, राष्ट्रवादी नीति आदिहरूले जनतालाई कस्तो प्रभाव पारेका छन् । त्यसले जनतामा आशाका किरण छाएको छ या आर्थिक रूपले जीवनस्तर अझ नराम्रो बनाएको छ आदि कारणले राजनीतिक अर्थतन्त्रमा प्रभाव पार्दछ ।सानो उदाहरणको रूपमा नेपालमा व्याप्त बेरोजगारी, गरिबी, डरलाग्दो ग्रामीण जनजीवन, भोकमरीको समस्या, अत्यावश्यक सेवा तथा सुविधामा देखिएको असुविधा जस्ता पूर्णतया आर्थिक पक्षले देशको राजनीतिक अर्थतन्त्रमा पारिरहेको प्रभावलाई लिन सकिन्छ। त्यसैले निष्कर्षमा राजनीतिक अर्थशास्त्रको महत्त्वपूर्ण तत्त्वको रूपमा आर्थिक पक्ष रहेको देखिन्छ।

२. राजनीतिक पक्ष

भनिन्छ राजनीतिक समाज विकासको मेरुदण्ड हो । सुव्यवस्थित राजनीतिक प्रणाली भएको समाजको विकास प्रक्रिया अस्थिर राजनीतिक प्रणाली भएको समाजको तुलनामा धेरै माथि रहेको पाइन्छ। हालसम्मको वस्तुगत तथ्यले समेत यो प्रमाणित गरेको देखिन्छ । यदि राजनीतिक रूपले शासन सञ्चालनका सबै तह तथा निकायहरूमा पारदर्शिता, सुशासन, सहभागिता र सामाजिक न्याय स्थापना गर्न सकेमा त्यसले सम्पूर्ण रूपमा राजनीतिक अर्थतन्त्रलाई सकारात्मक तथा व्यवस्थित ढङ्गले अगाडि बढाउन सहयोग पुर्‍याउँदछ। राज्यले खेल्ने भूमिका, अपनाउने नीति र त्यसको कार्यान्वयन पक्षले नै अन्य सम्पूर्ण तत्त्वहरूलाई अगाडि बढाउन सहयोग पुर्‍याउँदछ। राजनीतिक तत्त्व भित्र तीनवटा महत्त्वपूर्ण पक्षहरू पर्दछन् जसमा राज्य, राजनीतिक दलहरू र नागरिक समाज । राज्यले जनताप्रति निर्वाह गर्ने भूमिका कस्तो रहन्छ उसको समाज विकासका खातिर अपनाउने नीतिहरू जस्तै आर्थिक नीतिहरू, सामाजिक नीतिहरू, राजनीतिक नीतिहरू कस्ता छन्, त्यस्ता पक्षहरूको राजनीतिक अर्थतन्त्रमा प्रभावकारी भूमिका रहन्छ। यदि जनताप्रति उत्तरदायी, जिम्मेवार तथा सहभागितामूलक नीति निर्माण भएको छ भने स्वभाविक रूपले त्यसले राजनीतिक अर्थतन्त्रलाई व्यवस्थित तथा सफल रूपमा अगाडि

बढाउन सहयोग पुऱ्याउँदछ । त्यस्तै राज्यसञ्चालनको अर्को प्रमुख निकाय राजनीतिक दलहरू हुन् । यिनीहरूले बनाउने अवधारणा, नीति तथा रणनीति पनि राजनीतिक अर्थतन्त्रको सञ्चालनमा कोशेढुङ्गा सावित हुन्छन् । सत्तामा रहेको बेला तथा प्रतिपक्षमा रहेको बेला यिनीहरूले निभाउने भूमिकाले समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा राजनीतिक अर्थतन्त्रलाई प्रभाव पार्ने भएकाले यो पनि राजनीतिक अर्थतन्त्रको तत्त्वहरू मध्येको एउटा महत्त्वपूर्ण उपतत्त्व हो । त्यसबाहेक राजनीतिक तत्त्वमा नागरिक समाज जसलाई सम्पूर्ण कुराहरूको 'watch dog' को रूपमा हेरिन्छ र जसले स्वतन्त्र रूपमा खेलेको भूमिकाले राजनीतिक मूल्य, मान्यता स्थापित गर्न तथा जनताहरूको अधिकार स्थापित गर्न विशेष योगदान गर्न सक्ने भएकाले यो र यस्ता विविध यसका भूमिकाले समेत समग्र राजनीतिक अर्थतन्त्रलाई प्रभावित पार्ने भएकाले यसलाई पनि महत्त्वपूर्ण राजनीतिक उपतत्त्वको रूपमा लिन सकिन्छ।

३. सामाजिक तत्त्वहरू

समाज वा राज्य त्यसभित्रका विविध तत्त्वहरूको मेल भएर निर्माण भएको हुन्छ अन्यथा समाज वा राज्य सहि हिसाबले अगाडि बढ्न सक्दैन। समाजभित्र राजनीतिक पक्ष र आर्थिक पक्षभन्दा बाहिर अर्को एउटा महत्त्वपूर्ण तत्त्व पनि रहेको हुन्छ त्यो सामाजिक तत्त्व हो र त्यसको प्रभाव राजनीतिक अर्थतनत्रमा पर्दछ । त्यसो हुँदा राजनीतिक अर्थतन्त्रको एउटा अर्को महत्त्वपूर्ण पक्ष सामाजिक तत्त्व पनि हो । मानिसहरूबीचको सम्बन्ध, उनीहरू बीचमा भएको प्रेम, द्वन्द्व, सहमति, विमति, चेतनास्तर, संस्कार, व्यवहार आदि जस्ता पक्षहरूको तयो समाजको राजनीतिक आर्थिक अवस्था तथा प्रणाली कस्तो हुन्छ भन्ने निर्धारण गर्दछ । जस्तै सामाजिक रूपले विभेद भएको, चेतनास्तर कमजोर भएको तथा जात, धर्म, वर्ण र लिङ्गका आधारमा विभिन्न प्रकारको द्वन्द्व भएको समाजको आर्थिक तथा राजनीतिक पक्ष तथा प्रणाली कमजोर प्रकृतिको हुन्छ। त्यसको तुलनामा सामाजिक संस्कार राम्रो भएको, समाजका सबै वर्ग, लिङ्ग, वर्ण, धर्मका मानिसहरूको मेल तथा सहकार्य भएको समाजमा राजनीतिक तथा आर्थिक पक्ष सबल हुन्छ। यसबाट स्वतः निष्कर्ष निकाल्न सकिन्छ कि समाजिभित्र अन्तर्निहित ती लगायत अन्य सामाजिक तत्त्वहरू पनि राजनीतिक अर्थतन्त्रका महत्त्वपूर्ण तत्त्वहरू हुन्।

39. What might by the consequences of rural political economy in rural development?

ग्रामीण विकासको प्रक्रिया कुनै एउटा भिन्नै विषयवस्तु नभएको र यसको सम्बन्ध पनि आर्थिक तथा राजनीतिक पक्ष तथा यसकै सेरोफेरोमा रहेका विविध पक्षसँग भएकाले गर्दा स्वभाविक रूपमा राजनीतिक अर्थतन्त्रको ग्रामीण विकासमा भूमिका रहेको हुन्छ। राजनीतिक अर्थतन्त्रको अध्ययनले कुनै पक्ष समन्वयात्मक रूपमा अगाडि बढाउन जोड दिने तथा आर्थिक तथा राजनीतिक पक्षलाई मजबुत बनाउन वकालत गर्ने भएकाले यसको ग्रामीण विकासमा भूमिका हुने गर्दछ।

राजनीतिक अर्थशास्त्रले समग्र व्यवस्थापन पक्षलाई महत्त्व प्रदान गर्ने भएकाले अन्य विषयले जस्तो यसले एकपक्षीय तथा एकाङ्की ढङ्गले विश्लेषण गर्दैन । ग्रामीण समाजमा एउटा मात्र समस्या विद्यमान छैन त्यहाँ राजनीतिक चेतनाको अभाव छ, कुसंस्कार छ, सामन्तवादी संस्कार छ, बेरोजगारी छ, पूर्वाधारको विकास हुन सकेको छैन, विभिन्न प्रकारका विभेदहरू छन् त्यस्ता भिन्न प्रकृति, आर्थिक, राजनीतिक तथा सामाजिक समस्या भएको ग्रामीण समाजलाई समन्वयात्मक रूपले एकत्रित रूपमा विकास गर्ने राजनीतिक अर्थशास्त्रको भूमिका महत्त्वपूर्ण हुन्छ किनकि यसले समन्वयात्मक भूमिका निर्वाहं गर्दछ । हाम्रो अविकसित तथा पिछडिएको ग्रामीण समाज आर्थिक क्रियाकलापलमा कमजोर रहेको छ, बेरोजगारी समस्या व्याप्त छ त्यस्तो अवस्थामा राजनीतिक अर्थशास्त्रको भूमिका महत्त्वपूर्ण हुन्छ किनकि यसले आर्थिक क्रियाकलापलाई वृद्धि, उद्योगधन्दाको विस्तार, निजीक्षेत्रको प्रवेश तथा अप्रत्यक्ष प्रभाव तथा महत्त्व ग्रामीण समाजको विकासमा रहेको हुन्छ । यसको साथसाथै राजनीतिक अर्थशास्त्रले आर्थिक वृद्धि र सामाजिक न्याय र वितरणप्रणालीमा हुने विभेद तथा असमानतालाई पनि सँगसँगै वकालत गर्दछ । वर्तमान हाम्रो ग्रामीण समाज त्यस्तै सामाजिक अन्याय, विभेद, अत्याचार तथा वितरण प्रणालीमा भएको असमानताको शिकार भएको देखिन्छ त्यसैले त्यस्तो जातीय, वर्गीय, लिङ्गीय, धार्मिक विभेदहरूलाई हटाएर समतामुखी तथा प्रजातान्त्रिक र समावेशी समाजको निर्माणमा राजनीति अर्थशास्त्रको महत्त्वलाई आत्मसाथ गर्न जरुरी छ।

त्यसका साथसाथै समाजभित्रको सांस्कृतिक पक्ष, त्यसको मनोविज्ञान तथा विश्लेषण र व्यवस्थापन वा त्यसको समन्वय बारेमा राजनीतिक अर्थशास्त्रको ज्ञान आवश्यक पर्दछ र सांस्कृतिक रूपमा पछाडि भएकै कारण हाम्रो ग्रामीण समाजले आशातित विकास गर्न नसकेका अवस्था देखिन्छ । त्यस्तो पक्षलाई समेत यो नवीन विज्ञानको अध्ययन पश्चात् सहज रूपमा व्यवस्थापन गर्दछ। अर्कोतर्फ यो नवीन विज्ञानले बजार (Market) को व्यवस्थित प्रयोग तथा महत्त्वलाई आत्मसाथ गरेकाले त्यसले प्रतिस्पर्धात्मक रूपमा प्रदान गर्ने गुणात्मक महत्त्वले पनि ग्रामीण विकासमा सहज र सरल सुविधा उपलब्ध गराएर महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। ग्रामीण विकासका खातिर महत्त्वपूर्ण तथा दुरगामी प्रभाव पार्न सक्ने पूर्वाधारको विकास जस्तै बाटघाट निर्माण, भवनहरूको निर्माण, बजारहरूको व्यवस्था गर्नुपर्दछ भनेर समेत यो विज्ञानले वकालत (Advocacy) गर्ने तथा गरेकाले पनि यसको ग्रामीण विकासमा महत्त्वपूर्ण योगदान पाइन्छ। अन्तमा, राजनीतिक अर्थशास्त्र (Political economy) ग्रामीण विकासको जग बनाउन तथा विकास गर्न सहायक सिद्ध हुन्छ भन्दा दुईमत छैन।

40. Explain the policies about privatization adopted by government of Nepal?

उदारीकृत अर्थव्यवस्था सञ्चालन सँगसँगै नेपाल सरकारले निजीकरणको अवधारणालाई समेत प्रभावकारी तथा सन्तुलित तवरले अगाडि बढाउने प्रयास गरिरहेको

छ। त्यस्तो अवस्थामा निजीकरणलाई व्यवस्थित बनाउन नेपाल सरकारले निश्चित नीति समेत अपनाउनु पर्ने देखिन्छ । यहाँ नेपाल सरकारले निजीकरणलाई अगाडि बढाउन अपनाएका निश्चित नीतिहरू उल्लेख गरिएका छ।

नवौं योजनामा निजीकरण सम्बन्धी नीतहिरू

- निजीकरणका तरिकाले प्रत्यक्ष सम्बन्ध यसको उद्देश्यसँग गाँसिएकाले निजीकरणको उद्देश्य अनुरूप इच्छुक सबै लगानीकर्ताहरूले अवसर पाउने गरी उपयुक्त तरिका अबलम्बन गरी निजीकरण प्रक्रिया सञ्चालन गरिने,
- निजीकरण गरिने संस्थानहरूको छनोट गर्दा संस्थानले हाल सम्पादन गर्दै आएको व्यवसायको प्रवृत्ति, व्यवसायको भविष्य, संस्थानको वर्तमान आर्थिक स्थिति, संस्थानको व्यवसायमा निजी क्षैंत्रका लगानीकर्ताहरू आकर्षित हुन सक्ने सम्भावना, थप लगानीको आवश्यकता र परिणाम, नयाँ प्रविधि र कुशल व्यवस्थापनको आवश्यकता, सरकारी क्षेत्रले खेल्नुपर्ने भूमिका, उपभोक्ताहरूको आवश्यकता कुराहरूलाई मुख्य आधार बनाइने । यस अतिरिक्त कुनै निश्चित संस्थान निजी क्षेत्रमा हस्तान्तरण गर्ने उपयुक्त समय हो होइन, कुन संस्थानलाई अघि र कुन संस्थानलाई पछि पार्ने तथा कुन गतिमा संस्थानहरूलाई निजी क्षेत्रमा हस्तान्तरण गर्ने भन्ने कुराको समेत विश्लेषण गरी निजीकरणको प्राथमिकता निर्धारण गर्ने,
- निजीकरणको प्रक्रियाबाट धेरै पक्ष प्रभावित हुने भएकाले यी पक्षहरूलाई उचित राय र आग्रहरूलाई समेत ध्यानमा राख्नुपर्ने हुँदा निजीकरणको माध्यमबाट प्राप्त हुने अवसर र यसबाट हुने प्रतिकूल परिस्थितिका सन्दर्भमा सम्बद्ध पक्षलाई जानकारी गराउने व्यवस्था गरी एक सर्वसम्मत वातावरण सृजना गर्ने,
- लगानीकर्ताको व्यवसायिक र प्राविधिक दक्षता, सीप, ज्ञान र अनुभव उसले प्रस्तुत गरेको व्यवसायिक योजना, वित्तीय स्थिति तथा साख, व्यवस्थापकीय कार्यकुशलता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच, प्रतिस्पर्धात्मक पक्षमाथि दृष्टिगत गरी लगानीकर्ताको छनोट गर्ने आधारमा तय गर्ने,
- संस्थानको निजीकरणबाट सरकारले उपयुक्त मूल्य प्राप्त गर्न संस्थानसँग सम्बन्धित सम्पूर्ण विवरणहरू यथार्थ रूपमा सम्भावित लगानीकर्तालाई उपलब्ध गराउने व्यवस्था गरिने। संस्थानको व्यवसायको मूल्य, सम्पत्तिको मूल्य संस्थानमा सबल पक्षहरू संस्थानलाई उपलब्ध हुन सक्ने अवसरहरू आदि विषयको सही वितरण दिई प्रतिस्पर्धात्मक तवरले संस्थानले उपयुक्त मूल्य प्राप्त गर्नका लागि निजीकरण सम्बन्धी सूचनाको प्रचारप्रसार र यस कार्यक्रमप्रति विश्वसनिय बढाउँदै लगिने,
- कतिपय सरकारी संस्थानहरू आवश्यक पूँजी तथा प्रविधिको अभावमा उपयुक्त ढङ्गले सञ्चालन हुन नसकेको सन्दर्भमा, ठूलो पूँजी र आधुनिक प्रविधिको आवश्यकता भएका संस्थानहरूमा राष्ट्रियहित अनुकूल हुनेगरी विदेशी लगानीलाई समेत प्रोत्साहित गरिने,

- स्वामित्वसहित संस्थानको व्यवस्थापन जिम्ममा लिने लगानीकर्तासँग के कस्ता शर्तमा हस्तान्तरण सम्झौता गर्ने हो सो स्पष्ट रूपमा उल्लेख गर्ने व्यवस्था गरिने। यसका लागि व्यवसायिको निरन्तरता, सम्पत्ति बेचबिखनमा रोक, कर्मचारीले प्राप्त गरेको सुविधा कटौती गर्न नपनाउने, मूल्यको भुक्तानी, लगानीकर्ताको कर्तव्य र अधिकार नेपाल सरकारको अधिकार, सर्वसाधारण तथा कर्मचारीहरूलाई जारी गर्नुपर्ने शेयर, विवादको निराकरण, लागू हुने र ऐन आदि महत्त्वपूर्ण विषयहरू समावेश गर्ने गरी सम्झौता गर्ने परिपाटी अपनाइने,
- सरकारी संस्थानहरूको निजीकरण गर्दा त्यहाँ कार्यरत जनशक्तिको सुरक्षा तथा आवश्यक अन्य सुविधाहरूको सम्बन्धमा स्पष्ट नीति तथा धारणा सुनिश्चित गरिने,
- सरकारी स्वामित्वमा रहेका संस्थान र निजी क्षेत्रमा रहेका व्यवसायिक संस्थानहरूको कार्यपद्धतिमा देखिएका अन्तरलाई ध्यानमा राखी सम्भव भएसम्म निजीकरण गरिने संस्थानहरूलाई व्यवसायिकरण गर्न व्यवसायिक व्यवहार (Work culture) को विकास गर्दै जाने र विभिन्न प्रक्रियाको अवलम्बनद्वारा संस्थानको पुनर्संरचनासमेत गरेर त्यस्ता संस्थानलाई पनि व्यवसायीकरण गर्दै जाने कार्यक्रमहरू सञ्चालन गरिने,
- काम कारवाही नियमसङ्गत हुनुपर्ने, कार्यक्रम सहभागी हुन इच्छुक समान अवर पाउनुर्पे, कामकारवाही निर्णय प्रक्रिया सन्दर्भमा कसैले जानकारी लिन चाहना कुनै बाधा, व्यवधानविना नै जानकारी लिन सक्ने गरी निजीकरणसम्बन्धी विविध तथ्यलाई सार्वजनिक रूपमा प्रकाशित गर्ने गरी यस कार्यक्रमलाई पारदर्शी बनाइने।

दशौँ योजनामा उल्लेखित नीतिहरू

रणनीति

- कार्य प्रवृत्ति, स्वरूप, वित्तीय कारोवार स्थिति, पूँजी लगानीको थप आवश्यकताजस्ता पक्षहरूलाई आधार मानी सरकारी स्वामित्व सञ्चालित प्रतिष्ठानहरू निजीकरण गर्ने क्रममा व्यापक सहभागितालाई प्रोत्साहन दिई निजीकरणको प्रक्रियालाई प्रतिस्पर्धी एवम् पारदर्शी बनाइने छ।
- सरकारी क्षेत्रमै कायम गर्नुपर्ने संस्थानहरूलाई पनि आवश्यक पुनर्संरचना व्यवसायिक सिद्धान्तको आधारमा सञ्चालन गरिनेछ।

नीति तथा कार्यनीति

निजीकरणको प्रक्रियालाई प्रतिस्पर्धी एवम् बनाउने (रणनीति १ सँग सम्बन्धित)

- निजी क्षेत्र आकर्षित हुने प्रतिस्पर्धात्मक क्षेत्रका सार्वजनिक संस्थाहरूको निजीकरणलाई प्राथमिकता दिइनेछ।
- निजी क्षेत्र पनि आकर्षित नहुने र सरकारी क्षेत्रमा सञ्चालन गर्न आवश्यक नदेखिएका सार्वजनिक संस्थानहरूको विघटन गरिनेछ।
- निजीकरण पश्चात् संस्थानले सम्झौताअनुरूप पूरा गर्नुपर्ने सर्तहरू पालना भए नभएको र उपलब्ध गराउनुपर्ने वस्तु तथा सेवा उपयुक्त ढङ्गले उपलब्ध गराए

नगराएको तथा कार्य प्रगतिको नियमित अनुगमन गरी सर्वसाधारणलाई जानकारी गराइनेछ।

- व्यापक जनसहभागितालाई प्रोत्साहित गरिने प्रक्रियाहरूलाई सम्भव भएसम्म अवलम्बन गरी निजीकरणको प्रक्रियालाई सुधार गरिनेछ।

सरकारी क्षेत्रमा कायम रहने संस्थानहरूको व्यवस्थापन व्यवसायिक बनाउने (रणनीति २ सँग सम्बन्धित)

- खानेपानी विद्युत एवम् दुरसञ्चारजस्ता क्षेत्रहरूमा सुरु गरिएको प्रतिस्पर्धात्मक वातावरणको विकासलाई निरन्तरता दिई यसता क्षेत्रका सार्वजनिक आवश्यक नियमन सङ्गठनको संयन्त्रको विकास गरी निजी क्षेत्रलाई लगानी गर्न निजी क्षेत्रलाई गर्न प्रोत्साहित गरिनेछ।
- विदेशी पूँजी एवम् आधुनिक प्रविधि भित्र्याउन सक्ने राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरूबीच पर्ने सम्भाव्य संस्थाहरूमा विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ।
- सार्वजनिक संस्थानहरूलाई स्वायत्तता प्रदान गरी व्यवसायिक रूपमा सञ्चालन गर्न उत्प्रेरित गरिनेछ।

41. Explain the concept of conflict? What might be the sources of conflict?

सामान्य अर्थमा भन्नुपर्दा द्वन्द्व भन्नाले असमझदारी, विमेल तथा असन्तुष्टिकरण कारण सृजना भएको पक्ष हो। यो सामान्य मनमोटावको रूपमा लँडाइझगडा शित युद्धको रूपमा प्रकट हुन सक्दछ र यसलई भिन्न समय, परिस्थिति र ठाउँ बमोजिम फरकफरक ढङ्गले परिभाषित गरेको पाइन्छ। द्वन्द्वलाई व्यक्तिपरक असंगती तथा विमेलको रूपमा पनि विश्लेषण गरिएको छ जुन शक्ति, स्रोत तथा अवसर (Power, resources and opportunities) को असन्तुलित वितरण तथा अप्राकृतिक तवरले प्रयोग गर्ने मानिसको इच्छाका कारण सृजना हुन्छ। द्वन्द्व त्यस्तो अवस्था हो जहाँ विचारधार र फरक किसिमको आवश्यकता भएका मानिसहरू समूहहरू वा सङ्गठनहरू एउटा पक्षले अर्को पक्षलाई असुविधाको सृजना गरेर आफ्नो आवश्यकताको पूर्ति गर्दछ वा गर्ने कोशिस गर्दछ। यो त्यस्तो प्रक्रिया पनि हो जसमा एक पक्षले अर्को पक्षबाट नकारात्मक असर परेको महसुस गर्दछ वा नकारात्मक असर पर्न लागेको अवस्थाको रूपमा ग्रहण गर्छ जसको प्रतिक्रिया स्वरूप दोस्रो पक्षको भन्दा फरक विचार वा अवस्था हुनुपर्ने मान्यता राख्दछ। द्वन्द्वले असमान विचार, फरक मत संघर्षको स्थिति, शत्रुतापूर्वक अवस्था, विवाद तथा एउटाको कारण स्वरूप अर्को पक्षले अनुभूति गर्ने नैराश्यतालाई प्रतिबिम्बित गर्दछ। द्वन्द्व असहमतिबाट सुरु हुन्छ, फरक मतबाट सृजना द्वन्द्व र यसको विकसित अवस्था संघर्ष हुन सक्दछ। तर के बुझ्न जरुरी हुन्छ भने द्वन्द्वमा actor हरूको दृष्टिकोण मात्र नकारात्मक अवस्था वा विपरित विचार एवम् परिस्थिति हुन सक्दछ, वास्तमै फरकपना नुहन सक्दछ। मानवीयवेताहरूलाई द्वन्द्वलाई फरक व्यक्तिमा पर्ने EPABS को फरकपनाले सृजित अवस्था भनेका छन्, जहाँ EPABS भन्नाले:

E = Expection
P = Perception
A = Attitude
B = Behaviour

मानवीय नैसर्गिक गुण नै पृथकता हो । मानिस मानिस बीच रुची, प्रवृत्ति, आनीबानी, सोचाइ र व्यवहारमा फरक देखिनु स्वभाविक हो । एउटै घटनालाई पनि मानिसहरूले फरकफरक किसिमले बुझेको र ग्रहण गरेको पाइन्छ । सचेत व्यक्तिले आफैंभित्र पनि दोधारको बीचमा एउटा निर्णय रोज्नुपर्ने अवस्था पटकपटक आउँछ । त्यसैले द्वन्द्व मानवीय जीवनको शास्वत लक्षण हो । द्वन्द्वलाई विधागत दृष्टिकोणले समेत व्याख्या गर्ने गरिएको पाइन्छ । समाजशास्त्रीहरूले द्वन्द्वलाई समाज र संस्कृति बीचमा पाइने भिन्नताको रूपमा हेर्दछन् । अर्थशास्त्रीहरूले सीमित स्रोतको बाँडफाँडमा हुने प्रतिस्पर्धाको रूपमा लिन्छन् । मनोविज्ञानवेताहरूले यसलाई व्यक्तिगत र समूहगत स्वार्थहरूमा पाइने भिन्नताको रूपमा लिन्छन् । राजनीतिकर्मी तथा विश्लेषकहरूले यसलाई राजनीतिक स्वार्थमा फरक र त्यसका कारण सृजना हुने प्रतिद्वन्द्विताको रूपमा लिन्छन् । जुनसुकै ढङ्गले परिभाषित गरिए तापनि यो विचार, रुचि, प्रवृत्ति र व्यवहारमा पाइने फरकका कारण सृजित विपरीतार्थक अवस्था हो जसमा एउटा पक्षले अर्को पक्षलाई प्रतिद्वन्द्वीको रूपमा हेर्दछ । द्वन्द्व समाजमा समस्या र अवसर दुवै हो । समस्यालाई न्यूनिकरण गरिनुपर्दछ र अवसरलाई अधिकतम उपयोग गर्न सक्नुपर्दछ ।

परिभाषाहरू

१. "द्वन्द्व भनेको मूल्य, मान्यता, विश्वास, बुझाइ र अवधारणामा रहने भिन्नताका कारण उत्पन्न हुने मनोवैज्ञानिक अवस्था हो जुन विभिन्न स्वरूपहरू जस्तैः असहमति, प्रतिक्रिया, क्रोध, रिसिवि, दुस्मनि, गाली गलौच, उजुरी, मुद्दामामिला, कुटपिट वा हिंसा र युद्धका रूपमा समाजमा देखार्पदछ।" – विष्णुराज उप्रेती

२. "द्वन्द्व भनेको समाजमा शक्ति र उत्पादनको स्रोतमाथि नियन्त्रण गरेका सम्पन्न वर्ग र स्रोत र शक्ति कम भएका विपन्न वर्गबीचको उक्त स्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सृजित अवस्था हो, जुन समाजमा असमानता रहेसम्म रहिरहन्छ।" –कार्ल मार्क्स

३. "A process that begins when one party receives that another party has negatively affected or is about to negatively affect something that the first party cares about." –Stephen P. Robbins

द्वन्द्व उत्पन्न गराउने विषयवस्तु परिस्थिति आदि नै द्वन्द्वका स्रोतहरू वा कारणहरू हुन सक्दछन् । त्यस्त कारणहरूका स्वरूप व्यक्तिगत पनि हुन सक्दछ, समूहगत पनि हुन सक्दछ साथै सङ्गठन तह राष्ट्रिय तह र अन्तर्राष्ट्रिय तहमा समेत हुन सक्दछन् । त्यस्तै प्रत्येक समाज निश्चित आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक संरचनामा आधारित भएको हुन्छ । त्यस्ता संरचनागत विषयवस्तुमा हुने असन्तुलन, विभेद,

असुविधा अन्याय-अत्याचार आदिका कारण पनि द्वन्द्वका कारणहरूलाई निम्न बमोजिम उल्लेख गरिन्छः

१. विचार, इच्छा, आवश्यकता र वानी व्यहोरामा पर्ने फरकपना,
२. सूचना वा ज्ञानको कमी,
३. वातावरणीय तनाव र यस्तो तनाव सीमित स्रोत साधन र असीमित मागहरू, भविष्यप्रतिको अनिश्चितता जस्ता कारणहरूले सृजना हुनुपर्दछ,
४. असङ्गत भूमिका र गुटबन्दी, व्यक्ति विशेषलाई प्राथमिकता, साधनको अविवेकी वितरण,
५. अन्तर्क्रिया फरक,
६. आपसी रूपमा विरोधभाषी उद्देश्य, मूल्य मान्यता र धारणा,
७. प्रतिस्पर्धा र हस्तक्षेप,
८. सङ्गठन संरचनामा कमजोरी,
९. साङ्गठनिक कार्यशैली र प्रक्रियामा त्रुटी र सोको अनुभूति
१०. पारदर्शिताको अभाव (अफवाहहरूको प्रसार)
११. गलत मान्यताहरू,
१२. नेतृत्व शैली
१३. सञ्चारको अभाव
१४. वृत्ति विकासको अवरोध
१५. अधिकारमा कमी वा नियन्त्रण
१६. फरक स्वार्थपना।

42. Critically examine the role of conflict in development processes of Nepal.

विशेषत द्वन्द्व भन्नाले व्यक्तिपरक असन्तुष्टिको अवस्था हो। जुन विभिन्न रूपमा प्रकट हुन सक्दछन् अर्थात् त्यसका स्वरूपहरू विभिन्न प्रकृतिका हुन्छन्। जस्तैः सामान्य मनमुटाव, प्रतिक्रिया, वादविवाद, सामान्य झगडा तथा सशस्त्रद्वन्द्व यसका स्वरूप हुन्। स्वभाविक रूपले सैद्धान्तिक रूपमा द्वन्द्वका सकारात्मक तथा नकारात्मक प्रभाव हुन्छन् त्यसबाट कति फाइदा प्राप्त गर्ने द्वन्द्वको व्यवस्थापन कसरी भयो भन्ने कुरामा भर पर्दछ। तसर्थ सर्वप्रथम द्वन्द्वका सकारात्मक तथा नकारात्मक पक्षलाई पहिला सैद्धान्तिक रूपमा जनकारी हासिल गरेपछि त्यसको हाम्रो सन्दर्भमा अथवा हाम्रो विकासको प्रक्रियामा परेको प्रभावको सन्दर्भमा विश्लेषण गर्न सकिन्छ। अतः यहाँ द्वन्द्वका सकारात्मक तथा नकारात्मक पक्षहरूलाई सैद्धान्तिक हिसाबले बुँदागत रूपमा प्रस्तुत गर्न खोजिएको छ।

सकारात्मक पक्षहरू

१. घनिष्टता अभिवृद्धि गर्दछ
   - विरोधाभाष हटाएर
   - निश्चित सहमति विन्दुमा सहमत भएर
   - एक अर्काको इच्छा वा विचारलाई सम्मान गरेर

२. व्यक्तिगत र बौद्धिक वृद्धिलाई प्रोत्साहन गर्दछ
   - 'वादे वादे जायते तत्त्वबोध' भनेझैं बहुविकल्पका ढोकाहरू खुल्छ brain storming हुन पाउँदछ।

३. प्राविधिक विकासलाई निकास दिन्छ।

४. सृजनशील र नयाँ समाजको विकासमा मद्दत गर्दछ
   - नयाँ नयाँ प्रयोगहरू सम्भव हुन्छ
   - नयाँ प्रयोगको सफलताको नवीन तथा उद्घाटित गर्दछ र त्यसलाई समाजले ग्रहण गर्दछ।

५. असमझदारी र अनुपयुक्त मान्यता हटाउँछ।

६. अवसरको सृजना गर्दछ।

७. विषयवस्तुमा पर्याप्त चिन्तन हुन पाउँदछ।

८. भविष्यको मार्ग र योजना सुनिश्चित हुन्छ।

नकारात्मक पक्षहरू

१. कटुता र असमझदारी बढ्दछ।

२. एउटा पक्षले अर्को पक्षलाई समाप्त पार्न भरमग्दुर प्रयत्न गर्दछ।

३. साङ्गठनिक सन्दर्भमा उत्पादनको परिणाम तथा गुणात्मक पक्षमा कमजोर हुन आउँदछ।

४. कामदारहरूमा/जनताहरूमा/व्यक्तिहरूमा असन्तुष्टि बढ्दछ।

५. आर्थिक रूपमा ठूलो अपव्यय हुन्छ।

६. समग्रमा समाज/राष्ट्रको आँच आउँदछ।

यसरी माथि उल्लेख गरिएका द्वन्द्वका सकारात्मक तथा नकारात्मक दुवै पक्ष भएका कारणले नेपालको सन्दर्भमा द्वन्द्वका कारण व्यावहारिक रूपमा सकारात्मक तथा नकारात्मक दुवै कुरा भएका छन्। त्यसैले यसको प्रभावका बारेमा निम्न बमोजिम विश्लेषण गरिन्छ।

सकारात्मक प्रभावहरू

१. उपल्लो स्तरको चेतनाको वृद्धि

द्वन्द्वले सृजना गरेका असन्तुष्टिको root cause पत्ता लगाउन खोज्दा त्यसमा सामाजिक विभेद, असमानता र अन्याय मुख्य रूपमा देखिएको र त्यसको बारेमा द्वन्द्वका

कारण ग्रामीण तहका मानिस जो पूर्व मेचीबाट पश्चिम महाकालीसम्म रहेका छन् उनीहरूको त्यस्ता आर्थिक, सामाजिक तथा राजनीतिक पक्षहरूमा चेतनास्तर सापेक्षित रूपमा हिजोको तुलनामा राम्रो भएको पाइन्छ।

२. नयाँ विकल्पको स्थापना

विगतको नेपालको लामो द्वन्द्वले सृजना गरेको अर्को महत्त्वपूर्ण सकारात्मक प्रभाव भनेको हिजोको सामन्तवादी राजतन्त्रले समाप्त गरी त्यसको विकल्पमा सङ्घिय गणतन्त्रलाई स्थापना गऱ्यो । सायद, हिजोको त्यस रूपको द्वन्द्व नभएको भए हाल सङ्घिय गणतन्त्र हुन सक्ने थिएन कि।

३. सहमतिको सृजना

द्वन्द्वलाई हलुका हिसाबले विश्लेषण गर्दा केवल विभाजन मात्र गरेको देखिन्छ। तर त्यस्ता द्वन्द्वका विषयहरू माथि लामो तथा गम्भीर छलफल पश्चात् त्यसले एउटा सहमति सृजना गर्दछ। हाम्रो मुलुकमा समेत हिजोसम्म एकआपसमा ठूलो प्रतिस्पर्धी र द्वन्द्व भएका दलहरू कतिपय साझा विन्दुहरूमा सहमत भएर देशलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् यो सकारात्मक पक्ष हो।

४. नवीन प्रयोगहरूको तयारी

द्वन्द्वले वास्तवमा कतिपय अवस्थामा हाम्रो सरकार तथा सम्पूर्ण stakeholders हरूलाई नयाँ प्रयोगको लागि बाध्य बनाएको छ । जस्तै हिजोसम्म समतामूलक सहभागिताको प्रश्न, समावेशीकरणका मुद्दाहरू थिएनन् । तर हाल नेपाल सरकारका सबै निकायहरू, निजी क्षेत्र, गैह्र सरकारी संस्थाहरू लगायत अन्य सम्बन्धित निकायहरू, त्यस्त नयाँ प्रयोगहरू गर्न बाध्य भएका छन् । फलस्वरूप विकास प्रक्रियाबाट उपेक्षित महिला, दलित, जनजाती लगायतका वर्गहरूको विकास प्रक्रियाको सबै तहमा सहभागिता सुनिश्चित हुने क्रम बढेको छ।

५. राज्यलाई जनताप्रति सापेक्षित रूपमा उत्तरदायी बनाएको

वर्तमान अवस्थामा पूर्ण रूपमा नभए तापनि हिजोको तुलनामा राज्य तथा यसका सबै निकायहरू तुलनात्मक रूपमा जनताप्रति पारदर्शी, उत्तरदायी भएको पाइएको छ। जसले गर्दा जनताहरूले राज्यबाट प्राप्त गर्नुपर्ने सेवा, सुविधा र अधिकार प्राप्त गर्न केही मात्रामा सहज समेत भएको छ।

नकारात्मक प्रभावहरू

१. कटुतापूर्ण अवस्थामा कायमै

हिजोको द्वन्द्वका कारण प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित परिवारहरू जो विस्थापित भएका थिए, जसका परिवारका सदस्यहरू मारिएका थिए, अपाङ्ग भएका थिए वा कुनै न कुनै तवरले प्रभावित थिए । त्यस्ता मानिसहरूमा हाल पनि कटुतापूर्ण स्थिति र असमझदारी कायमै छ त्यसले सामाजिक असन्तुलन कायम गरेको छ र विकास प्रक्रियालाई स्वाभाविक रूपमा अगाडि बढाउन समस्या सृजना गरेको छ।

२. आर्थिक हिसाबले पछाडि

द्वन्द्वका कारण विनास भएका पूर्वाधारको समीक्षा गर्ने हो भने त्यसलाई पुनर्निर्माण गर्न ठूलो धनराशी आवश्यक पर्ने देखिन्छ। हाम्रो जस्तो अल्पविकसित मुलुकका लागि द्वन्द्वले पारेको त्यो प्रभाव सबैभन्दा ठूलो क्षत्तिको रूपमा लिएको छ। जसलाई पूर्वास्थामा ल्याउन ठूलै कसरतको जरुरी पर्दछ।

३. विदेशी हस्तक्षेपलाई बढावा

हाम्रो सन्दर्भमा द्वन्द्वले पारेको अर्को महत्त्वपूर्ण प्रभाव वैदेशिक हस्तक्षेप वा चलखेललाई लिन सकिन्छ। जसले हाम्रो स्वतन्त्र राष्ट्रको सार्वभौमसत्ताको सन्दर्भमा विविध समस्या सृजना गर्न सक्दछ र गर्न खोजेको पनि छ। हाम्रो द्वन्द्व व्यवस्थापनमा बढ्दो विदेशी चासो एक स्वतन्त्र राज्यको नाताले हाम्रो लागि ठूलो चिन्ताको विषय बनेको छ जुन द्वन्द्वको नकारात्मक पक्ष हो।

४. प्रतिष्ठामा समस्या

द्वन्द्व र यसले सृजना गरेका समस्या तथा घटना र परिघटनाले समय समयमा विश्वजगतमा हाम्रो सन्दर्भमा नकारात्मक सन्देश प्रदान गरेका छन्। हामी बीचमा भएको असमझदारी तथा विवादका कारण र त्यसका प्रभावका कारण अन्तर्राष्ट्रिय राजनीतिमा हाम्रो ओझ र गौरवलाई स्खलन गर्ने काम गरेको छ।

५. जातीय द्वन्द्वको समस्या

हाम्रो देशमा भएको द्वन्द्वले सबै जात, वर्ग र धर्मका मानिसहरूमा सचेतनाको तहलाई माथि पुऱ्याएर सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ तर त्यसको समयमै उपयुक्त र वैज्ञानिक हिसाबले व्यवस्थापन गर्न सकिएन भने त्यसले हाम्रा जातीय धार्मिक सहिष्णुतालाई भङ्ग गर्दछ कि भन्ने चिन्ता बढेको देखिन्छ। र त्यसका लागि कतिपय हाम्रो हित नचाहने पक्षले मलजल गर्न सक्ने सङ्केतहरू पनि देखिएकाले द्वन्द्वको यो नकारात्मक प्रभावको रूपमा देखिन्छ।

यसरी हाम्रो सन्दर्भमा समेत द्वन्द्वको सकारात्मक तथा नकारात्म दुवै भूमिका निर्वाह गरेका छन्। अझ हाम्रो द्वन्द्व व्यवस्थापन प्रक्रिया अझै पूर्णरूपमा समाप्त भएको छैन अतः यस्तो अवस्थामा द्वन्द्वबाट सृजना हुने चुनौतीहरू तथा समस्याहरूलाई वैज्ञानिक तथा वस्तुनिष्ठ हिसाबले सहमतिमा व्यवस्थापन गर्न सके यसबाट हामी ठूलो उपलब्धि प्राप्त गर्न सक्छौं र यो द्वन्द्व प्रक्रिया हाम्रो मुलुकको रूपान्तरणको लागि milestone सावित हुन सक्दछ अन्यथा यसले ठूलो सङ्कट पैदा गर्न सक्दछ।

43. What are the major challenges of Nepalese political economy explain it?

नेपालमा भर्खर मात्रै द्वन्द्व रूपान्तरणको प्रक्रियाबाट अगाडि बढीरहेको तथा हाम्रो आर्थिक नीति तथा रणनीतिहरू पनि अन्तर्राष्ट्रिय परिस्थितिमा धेरै हदसम्म भरपर्नु पर्ने अवस्थामा हाम्रो राजनीतिका पनि विभिन्न चुनौतीहरू विद्यमान छन्। राज्य रूपान्तरणको

प्रक्रियामा अगाडि बढीरहेको अवस्थामा यसले धेरै चुनौतीहरू बेहोर्नुपर्ने देखिन्छ। समग्रमा नेपालको राजनीतिक अर्थतन्त्रका चुनौतीहरूलाई तल बुँदागत रूपमा उल्लेख गरिन्छ।

१. लोकतान्त्रिक प्रणालीलाई संस्थापन गर्नु

राजनीतिक अर्थतन्त्रको एउटा अभिन्न तत्त्व राजनीतिक स्थिरता भएको सन्दर्भमा हाम्रो सामु विगत लामो समयबाट सामन्तवादी राज्य संरचनाको मतियारको रूपमा रहेको राजतन्त्रको समाप्त भएको छ। यो आफैँमा महत्त्वपूर्ण पक्ष हो तर त्यसपछाडि जनताको अधिकारलाई सुनिश्चित गर्दै समावेशी चरित्रको लोकतान्त्रिक व्यवस्थाको जग स्थापना गर्ने अथवा त्यो प्रणालीलाई व्यवस्थित बनाउने सन्दर्भमा हाम्रा अगाडि गम्भीर चुनौतीहरू पनि कायम छन्। जातिय, धार्मिक द्वन्द्वका छिटफुट अवस्था देखिएको छ, राजनीतिक असमझदारी र अधिनायवादी चरित्र हावी हुन सक्ने खतरा समेत त्यत्तिकै टड्कारो रूपमा देखिएको छ।

२. सुशासन कार्य गर्नु

जबसम्म जनताको सहभागितालाई विकास प्रक्रियामा समावेश गर्न सकिँदैन, पारदर्शितापूर्ण व्यवहार राज्य सञ्चालनका सबै निकायहरूबाट हुँदैन, वर्तमान अवस्थासम्म व्याप्त व्यापक भ्रष्यचारका कमी आउँदैन त्यस्तो बेलासम्म हाम्रो आर्थिक, राजनीतिक तथा सामाजिक विकास दीगो तथा सबल रूपले अगाडि बढ्दैन। त्यसले हाम्रो राजनीतिक अर्थतन्त्रलाई द्रुत गतिमा दीगो रूपले सञ्चालन गर्न सुशासन कायम गर्नु अर्को मुख्य चुनौतीको रूपमा लिइएको छ।

३. राज्यको रूपान्तरण प्रक्रियालाई मूर्तना प्रदान गर्नु

वर्तमान केन्द्रिकृत राज्यप्रणालीलाई विकेन्द्रिकृत गर्ने मुख्य मुद्दा उठिरहेको वर्तमान अवस्थामा राजनीतिक रूपमा विकेन्द्रित प्रणालीले आर्थिक, सामाजिक पक्षहरूलाई समेत स्वतः प्रभावित गर्ने देखिन्छ। एकातर्फ राज्यलाई विकेन्द्रित गर्नु राम्रो कुरा भए तापनि वर्तमान समयमा उठेका 'एक मधेस एक प्रदेश' जस्ता सन्दर्भले यो रूपान्तरण प्रक्रियालाई बृहत् बहसमा ल्याएको छ, त्यसैले यस्तो अवस्थामा राज्यको रूपान्तरण प्रक्रियालाई समझदारीपूर्ण तवरले व्यवस्थापन गर्नु अर्को ठूलो चुनौती रहेको पाइन्छ।

४. सार्वभौमसत्तालाई सुदृढ गर्ने

हाम्रो आन्तरिक द्वन्द्वलाई व्यवस्थापन गर्ने क्रममा सहयोगीका रूपमा सल्लाहकारको रूपमा, मित्र राष्ट्रहरूको सुझाव, सल्लाह तथा सदस्यतालाई अन्यथा रूपमा परिभाषित गरिनुहुँदैन तर त्यस्तो सहयोगका पछाडि पछिल्लो समयमा vested interest का साथ विदेशी शक्तिहरूको चलखेल बढेको अनुभूति नेपाली जनताले गरेका छन्। यस्तो अवस्थामा यो जटिल संक्रमणकालीन व्यवस्थालाई व्यवस्थापन गरी हाम्रो राष्ट्रियता र सार्वभौमसत्तालाई अझ बढी सुदृढ गर्नु चुनौतीका रूपमा देखा परेका पाइन्छ।

५. समावेशीकरण र योग्यता प्रणालीको समायोजन

विकासको मूल प्रवाहबाट बाहिरीएका भनिएका वर्ग, जाति, क्षेत्र, सम्प्रदाय, लिङ्गका नागरिकहरूलाई विकास प्रक्रियामा सामेल गराउन समावेशीकरणको प्रयास

नीतिगत रूपमा र व्यावहारिक हिसाबले थालिएको छ। यो सकारात्मक पक्ष हो। तर त्यसो गरिरहँदा पूर्णतया योग्यतामा आधारित प्रणालीलाई विस्थापित गर्न खोजिएमा ठूलो समस्या सृजना हुन सक्दछ । त्यसैले त्यस्तो समस्या सृजना हुन नदिन दुवै पक्षलाई व्यवस्थित हिसाबले अगाडि बढाउने अहिलेको चुनौतीको रूपमा रहेको छ।

६. सन्तुलित अर्थव्यवस्थाको सञ्चालन

विश्वव्यापीरूपमा अगाडि बढीरहेको उदारीकरण तथा यसको प्रभावबाट हामी मुक्त हुन सक्दैनौं किनकि हामी उदारीकृत अर्थप्रणालीको एउटा अंशियार भइसकेका छौं र हाम्रो राज्यले प्रतिबद्धता जायर समेत गरिसकेको अवस्था छ। यसबाट हामी प्रतिव्यक्ति आयमा वृद्धि, रोजगारीको स्थापना, तुलनात्मक रूपमा अन्तर्राष्ट्रिय बजारबाट लाभ लिन सक्दछौं साथसाथै यसका फाइदाहरू धेरै अन्य पाटाहरू पनि छन् तर यसो गरिरहँदा उदारीकृत अर्थव्यवस्थाका सृजना हुने आय असमानता, एकाधिकार, सामाजिक विचलन, शिक्षा, स्वास्थ्य जस्ता अत्यावश्यक सेवाका क्षेत्रमा देखिने व्यापारीकरण जस्ता थुप्रै समस्याहरू पनि देखिएका छन् यस्तो अवस्थामा हाम्रो जस्तो मुलुकका खातिर राजनीतिक अर्थतन्त्रलाई अगाडि बढाउन उदारीकृत अर्थव्यवस्था र राज्यकेन्द्रित अर्थव्यवस्थाका बीचमा सन्तुलित, समन्वयकारी र व्यवस्थित भूमिका रहन पनि जरुरी देखिन्छ।

७. जीवननिर्वाह खेतीप्रणाली र आधुनिकीकरण बीचमा समायोजन

मुख्यतया हाम्रो मुलुकमा दुई प्रकारको अर्थव्यवस्था देखिन्छ एउटा ग्रामीण क्षेत्रको कृषि आधारित जीवननिर्वाहमुखी अर्थप्रणाली हो र अर्को शहरी क्षेत्रको आधुनिक अर्थव्यवस्था यस्तो अवस्थामा राज्यले तथा सम्बन्धित निकायहरूले एउटै प्रकारको नीति र कार्यक्रमका आधारमा दुवै प्रकृतिले अर्थव्यवस्थालाई अगाडि बढाउन सक्दैन अतः यी दुवै पक्षको विश्लेषण गरी व्यवस्थित रूपमा अगाडि बढ्नु अर्को चुनौतीको रूपमा रहेको छ।

८. सामाजिक सशक्तिकरण र समन्वय

राजनीतिक अर्थतन्त्रलाई सन्तुलित रूपमा अगाडि बढाउन सम्बन्धित समाजको सामाजिक संरचना व्यवस्था पनि सन्तुलित र व्यवस्थित साथै विकसित हुन जरुरी छ। हाम्रो सन्दर्भमा विशेषतः अधिकांश हाम्रो ग्रामीण समाजमा सामाजिक विभेद, शिक्षा र चेतनाको अभाव जस्ता समस्या देखिन्छ। यस्तो अवस्थामा सबै समाजमा सदस्यहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्ने, चेतनाको प्रवाह गर्ने, विद्यमान सामाजिक विभेद, अन्धविश्वास तथा कुरीतिलाई अन्त्य गरी उनीहरूलाई आर्थिक, राजनीतिक हिसाबले सशक्तिकरण गर्ने काम मुख्य चुनौती भएको छ। सैद्धान्तिक रूपमा यस्ता सवालहरूमा सबै राजनीतिक पार्टीहरू, नागरिक समाज, निजी क्षेत्र, सरकारी गैह्र सरकारी निकायहरू लगायतका सरोकारवालाहरू सहमति देखिन्छन् तर व्यावहारिक रूपमा यसको कार्यान्वयन गरी output निकाल्न भने चुनौती देखिएको छ जुन चुनौतीको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव राजनीतिक अर्थतन्त्र सञ्चालनमा हुने भएकाले यो समेत एउटा मुख्य चुनौतीको रूपमा स्थापित भएको छ।

44. What are the common issues between economics and politics? How can the study of political economy help both economists and politicians to understand problems of development better? (2064)

अर्थशास्त्र र राजनीति दुई छुट्टै तथा विशेष विज्ञान हुन् र यिनीहरूका आफ्नै फरकफरक विशेषताहरू पनि छन् । अर्थशास्त्रले सबै कुराहरूलाई आर्थिक रूपले मात्र विश्लेषण गर्ने तथा त्यसलाई मात्र प्राथमिकता दिने गर्दछ भने राजनीतिशास्त्रले विश्लेषण राजनीतिक पक्षलाई बढी प्राथमिकता दिने गर्दछ यति हुँदाहुँदै पनि अर्थशास्त्र र राजनीतिका कतिपय पक्षमा समान विषयहरू तथा मुद्दाहरू छन् जसमा ती दुवै पक्षहरूको महत्त्वपूर्ण भूमिका हुन्छ जसलाई तल उल्लेख गरिएको छ।

१. आर्थिक विकास

मुलतः आर्थिक विकासको प्रक्रियालाई अगाडि बढाउने, प्रतिव्यक्ति आयलाई माथि पुऱ्याउने गरिबी हटाई समाजलाई विकास गर्ने भन्ने सन्दर्भ यी दुवै विज्ञानहरूको साझा सवाल हो । त्यसमा विवाद रहन सक्दैन तर त्यसका विधि र प्रक्रियाका सन्दर्भमा फरक दृष्टिकोण, छलफल र बहस व्यापक हुन सक्दछ । तर दुवै पक्ष समाजको विकासका खातिर, राज्यको विकासका खातिर तथा रूपान्तरणको लागि आर्थिक वृद्धि तथा विकास आवश्यक छ भन्ने कुरामा भने सहमत छन्, त्यो साझा सवाल हो ।

२. रोजगारीको स्थापना

समाजमा व्याप्त बेरोजगारी समस्यालाई समाधान गरेर सम्मुनत समाज निर्माण गर्नुपर्दछ भन्ने एजेण्डा अर्थशास्त्री र राजनीतिशास्त्री दुवैको साझा एजेण्डा हो । समाजमा व्याप्त बेरोजगारीले निराशा, कुण्डा र प्रतिशोध जन्माउँछ र यसले समाज विकास तथा राज्य विकासको प्रक्रियालाई अवरुद्ध बनाउँदछ भन्ने कुरामा विमेल र विवाद छैन त्यसैले समाजमा रोजगारी कायम गर्नु एउटा महत्त्वूर्ण साझा सवाल बन्न पुगेको छ । राजनीतिशास्त्री र अर्थशास्त्रीहरूको बीचमा ।

३. सुशासन कायम गर्नु

विकास प्रक्रियालाई सफलतापूर्वक अगाडि बढाउनलाई समाजमा व्याप्त भ्रष्टाचारलाई निरुत्साहित गर्ने तथा त्यसलाई समाप्त गर्ने कुरामा तथा विकासका सबै प्रक्रिया तथा निकायमा सबै तह र तप्काका नागरिकहरूलाई सहभागिता गराउने सन्दर्भमा उच्च प्राथमिकता दिने कुरामा, पारदर्शितापूर्ण तरिकाले सबै निकायमा व्यवहार गर्ने तथा जवाफदेहिताको विकास गर्ने पक्षहरू अर्थशास्त्री तथा राजनीतिशास्त्री दुवैका साझा सवालहरू हुन् किनकि त्यसको अभावमा विकास प्रक्रियालाई सन्तुलित र तीव्र ढङ्गले बढाउन सकिँदैन ।

४. विकासका पूर्वाधारहरूको विकास गर्नु

विकास प्रक्रिया तथा विकासलाई अगाडि बढाउनमा त्यसका लागि निश्चित पूर्वाधारहरूको विकास गर्नु जरुरी हुन्छ । भौतिक पूर्वाधारहरूको निर्माण तथा विस्तार विना विकास प्रक्रिया सम्भव छैन भन्ने पक्षमा दुवै अर्थशास्त्रीय तथा राजनीतिशास्त्रीहरू

सहमत छन् त्यसमा विवाद रहँदैन तर त्यसका आधारभूत नीति, प्रक्रियाका सन्दर्भमा मात्र छलफल हुन सक्दछ।

यसरी राजनीतिशास्त्री र अर्थशास्त्रीका बीचमा एक आपसमा सैद्धान्तिक रूपमा व्यापक विभेद र आ–आफ्नै अडान भए तापनि विकासका कतिपय सन्दर्भमा यिनीहरूको साझा मुद्दाहरू छन् । त्यस्ता आधारभूत मुद्दाहरूमा यिनीहरूको सहमति भए तापनि त्यसका व्यावहारिक कार्यप्रणाली, नीति, प्रक्रिया आदिका बारेमा भने विभेद देखिएको पाइन्छ।

त्यस्तो अवस्थामा विकासलाई बढाउन र त्यस्ता साझा सहमति भएका विषयवस्तुहरूमा देखिएका व्यावहारिक कार्यान्वयनका समस्याहरूलाई समाधान गरी निकास दिन राजनीतिक अर्थशास्त्र एउटा महत्त्वपूर्ण विज्ञानको रूपमा स्थापित भएको छ। त्यसरी एकाङ्की रूपले विकासलाई विश्लेषण गरेर विकासलाई ओझेलमा पार्न खोजिएको अवस्थामा political economy ले त्यस्तो अवस्थालाई समाधान गरी अगाडि बढ्ने एउटा उत्तम विकल्पको रूपमा रहेको देखिन्छ। यस्तो अवस्थामा तल उल्लेखित बुँदाहरूको आधारमा राजनीतिक अर्थशास्त्रले अर्थशास्त्री तथा राजनीतिशास्त्रीय दुवैका बीचमा देखिएका आपसी असमझदारीलाई समाप्त गरी विकास प्रकृतिलाई अगाडि बढाउन सहयोग पुऱ्याउँदछ।

१. समन्वयात्मक भूमिका जोड

विकास प्रक्रियालाई स्वतः स्फूर्त अगाडि बढाएर आशातित सफलता हासिल गर्नका लागि अर्थशास्त्रीले भनेझैँ एकाङ्की रूपमा आर्थिक पक्षको मात्र भूमिका रहँदैन। त्यसले सामाजिक असमानता, द्वन्द्व, विभेदपूर्ण समाज स्थापना गर्ने जस्ता नकारात्मक परिणाम दिन्छ साथै राजनीतिशास्त्रले भनेझैँ राजनीतिलाई मात्रै प्राथमिकता दिएमा त्यसले न त आर्थिक विकास गर्न सकिन्छ न त रोजगारी सृजना गरेर विकसित तथा आर्थिक रूपले समुन्नत समाजको निर्माण गर्न सकिन्छ। यस्तो अवस्थामा त्यस्ता दुवै पक्षलाई उपयुक्त रूपमा समन्वयगरी एक अर्काको सहयोग तथा सहकार्यमा अगाडि बढेमा मात्र विकास प्रक्रियालाई न्यायपूर्ण हिसाबले अगाडि बढाउन सकिन्छ भनेर राजनीतिक अर्थशास्त्रले वकालत गर्ने भएकाले यो विज्ञानले विकासलाई तार्किक निष्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउँदछ।

२. सबै पक्षलाई व्यवस्थापन

राजनीतिक अर्थशास्त्रको शाब्दिक अर्थ समेत राज्य व्यवस्थासँग सम्बन्धित छ । त्यसैले व्यवस्थापन भन्नाले कुनै एउटा पक्ष, तत्त्व, भाग, सिद्धान्त, विचारलाई मात्रै प्राथमिकता दिने तथा बाँकी सबैलाई निरुत्साहित गर्ने तथा समाप्त गर्ने बुझिँदैन । व्यवस्थापन गर्दा सबै पक्षलाई त्यसको महत्त्व बमोजिम समानुपातिक हिसाबले भूमिका दिन जरुरी हुन्छ। समाजमा फरक वाद, विचार, सिद्धान्त, इतिहास, अनुभव, सामाजिक सांस्कृतिक मूल्य तथा मान्यता आदि हुन सक्दछ। त्यस्तो अवस्थामा एउटा पक्ष, वाद वा सिद्धान्तलाई मात्रै प्राथमिकता प्रदान गरियो भने त्यसले सामाजिक द्वन्द्व तथा अस्थिरता

निम्त्याउन सक्छ जसले विकास प्रक्रियालाई अवरुद्ध बनाउँदछ । अतः त्यस्तो अवस्थामा विकास प्रक्रियालाई सरल, सहज, सकारात्मक तथा प्रभावकारी रूपले जनस्तरमा सबैको सहयोगमा सञ्चालन गर्न राजनीतिक अर्थशास्त्रले त्यस्ता सबै पक्षलाई व्यावहारिक रूपमा व्यवस्थापन गर्नुपर्दछ भन्ने मान्यता राख्ने भएकाले निश्चित रूपमा विकासका क्रममा यो विज्ञानको महत्त्वलाई कम आंकलन गर्न सकिँदैन ।

३. आर्थिक, वृद्धि, उत्पादन र वितरण प्रणालीलाई प्राथमिकता

तीव्र आर्थिक विकासलाई अगाडि बढाउने तथा उत्पादनप्रणालीलाई व्यवस्थित रूपमा अगाडि बढाउने कुरालाई राजनीतिक अर्थशास्त्रले आत्मसाथ गरेको पाइन्छ । आर्थिक वृद्धिका लागि बजारको भूमिकालाई यो विज्ञानले महत्त्वका साथ उठाएको पाइन्छ । तर यसरी आर्थिक वृद्धि र उत्पादनको कुरालाई उठाइरहँदा यो विज्ञानले अन्य एकाङ्की विज्ञानको जस्तो केबल आर्थिक वृद्धि र उत्पादनलाई मात्रै प्राथमिकता नदिएर त्यसको वितरण प्रणाली कस्तो छ त्यसको समेत विश्लेषण गर्दछ । वितरण प्रणाली अर्थात् त्यो आर्थिक वृद्धि तथा उत्पादन प्रणालीले समाज वा राज्यका सबै, तप्का, क्षेत्रका मानिसहरूलाई समेट्न सकेन भने त्यस्तो आर्थिक वृद्धि वा विकासले सकारात्मक प्रभाव ल्याउँदैन भनेर राजनीतिक अर्थशास्त्रले वकालत गर्ने भएकाले पनि यसले समानतुपातिक तथा व्यवस्थित तवरले विकास प्रक्रियालाई अगाडि बढाउन विकासका लागि सम्बन्धित पक्षधरहरूलाई सचेत बनाउँदछ ।

४. विकसित, शान्तिपूर्ण र समतामूलक समाजको स्थापना

विकासका आधारभूत पूर्वाधारहरूको निर्माणलाई जोड दिने र त्यसो गर्दा सामाजिक न्यायलाई प्रमुख रूपमा आत्मसाथ गर्ने तथा holistic approach को रूपमा समाजमा विद्यमान सम्पूर्ण आर्थिक, राजनीतिक तथा सामाजिक तत्त्वहरूको सन्तुलित रूपमा विश्लेषण गर्ने भएकाले गर्दा त्यहाँ सामाजिक द्वन्द्व स्थापना हुने तथा समस्या सृजना हुने अवस्था रहँदैन किनकि विकासका त्यस्ता प्रक्रियाहरूमा सबै पक्षहरूको समानतुपातिक प्रतिनिधितव तथा सहभागीतालाई यो नौलो विज्ञानले अंगीकार गरेको हुन्छ । तसर्थः विकसित, न्यायपूर्ण, विभेदरहित, प्रतिनिधिपूलक, शान्तिपूर्ण र समतामूलक समाज निर्माण गर्न यो विज्ञानले महत्त्वपूर्ण योगदान पुर्‍याउँदछ ।

45. Assess the role of micro credit in rural development. (2064)

ग्रामीण क्षेत्र विद्यमान अवस्थामा समेत विकासको मूल प्रवाह (Main stream of development) बाट टाढा रहेको अत्यन्तै समस्याग्रस्त र गरिबीले थिचिएको समाज हो । यसका विकासका लागि समय समयमा निरन्तर रूपमा चर्चा हुने गरेका छन्, नीति, योजना बनेका छन् तर समस्या अझ बढी कहाली लाग्दो देखिन्छ । यस्तो अवस्थामा, ग्रामीण क्षेत्रको विकासका सन्दर्भमा देखिएका धेरै समस्याहरूमध्ये त्यहाँका जनताहरूमा परेको वित्त अभाव पनि टड्कारो र महत्त्वपूर्ण समस्या हो । ग्रामीण जनताको रूपान्तरणको मुख्य आधारको रूपमा हेरिएको कृषि क्षेत्रमा लगानीको अभावमा त्यहाँका जनताले कृषि क्षेत्रबाट आशातित सफलता प्राप्त गर्न सकेका छैनन् । उनीहरू वित्त प्रणालीका लागि

स्थानीय साहु महाजनबाट चर्को ब्याजदरमा ऋण लिन बाध्य छन् फलस्वरूप उनीहरूको जीवन अझ बढी सङ्कटग्रस्त अवस्थामा रूपान्तरित हुँदै गएको देखिन्छ। अझै पनि बाध्यतावस ग्रामीण जनता सामन्तवादी प्रणालीको शिकार स्वरूप विना पारिश्रमिक मजदुरी गर्नुपर्ने, देखिन्छ, सामन्तकहाँ नतमस्तक हुनुपर्ने बाध्यता देखिएको छ।

यस्तो अवस्थामा ग्रामीण जनताहरूलाई सरल र सुलभ ढङ्गले व्यवस्थित रूपमा micro credit उपलब्ध गराउनुपर्दछ भन्ने मान्यताहरू आएका छन् र कतिपय लागू समेत भएका छन् तर आशातित सफलता प्राप्त हुन भने सकेको छैन। हाम्रो छिमेकी मुलुक बंगलादेशमा यस्तो कार्यक्रमले तीव्र उपलब्धी हासिल गर्न सक्यो तर हाम्रो मुलुकमा त्यसको प्रयास खासै सकारात्मक हुन सकेन त्यसका पछाडि निश्चित कारणहरू छन् जसलाई तल उल्लेख गर्न सकिन्छः

१. ऋण प्रदान गर्दा वास्तविक गरिब तथा आवश्यक रहेका मानिसको पहिचानको अभाव,
२. व्यक्तिगत चिनजान, राजनीतिक दवाव आदिका आधारमा ऋण प्रदान,
३. अनावश्यक कार्यमा ऋणको प्रयोग (अनुत्पादक कार्य जस्तै विवाह, भोज इत्यादि),
४. कार्यक्रमलाई लक्षित वर्ग, समुदायमा पुऱ्याउन नसकिएको (तराईमा बढी केन्द्रित),
५. राष्ट्रिय स्तरबाट सम्बन्धित क्षेत्रमा स्पष्ट नीति, योजना र प्रस्टताको अभाव,
६. यस्ता कार्यक्रमका सन्दर्भमा राष्ट्रिय सहमति (National consensus) बच्न नसकेको,
७. शहरी क्षेत्रमा कर्जा कार्यक्रमलाई केन्द्रित गरिएको,
८. विगतका द्वन्द्वका कारण कर्जा उपलब्ध गराउने निकायहरू धरासायी भएको,
९. सरकारको परिवर्तन सँगसँगै कर्जा सम्बन्धी नीति तथा कार्यक्रममा समेत परिवर्तन देखिएको,
१०. ऋण उपलब्ध गराइने नीति झन्झटिलो र अत्यन्तै कडा बनाइएको।

नेपालको सन्दर्भमा साना ऋणहरूको सन्दर्भमा माथि उल्लेखित व्यापक चुनौतीहरू देखिएको भए तापनि यसको महत्त्व तथा प्रभावकारीतालाई नकार्न सकिँदैन जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

१. कृषि क्षेत्रमा लगानीका लागि आवश्यक आधार तयार पार्ने,
२. साना उद्योगहरूमा लगानी गरी त्यसलाई व्यवसायिक बनाउन सहयोग,
३. रोजगारीका विभिन्न अवसरहरूको सृजना गर्ने,
४. पिछडिएको वर्ग, जातलाई व्यवसायिक रूपमा रूपान्तरित गर्न सहयोग पुऱ्याउने,
५. महिलालाई सीपमूलक तालिमको व्यवस्थाबाट रोजगारी प्रदान गर्ने,
६. शैक्षिक क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने,
७. आत्मनिर्भरताको विकास गर्ने,
८. क्षमता विकास गरी सशक्तिकरण गर्ने,

९. स्थानीय तहमा उपलब्ध साधन र स्रोतलाई अधिकतम परिचालन गर्ने,
१०. विद्यमान सामन्तवादी प्रणाली र व्यवस्थालाई समाप्त गर्ने,
११. गरिबी न्यूनिकरण गर्ने।

अन्त्यमा साना ऋण अर्थात् micro credit ग्रामीण विकासको प्रक्रियामा एउटा कोशे ढुङ्गा (milestone) साबित हुन सक्दछ तर यसको नीतिगत तह र व्यवहारिक तहमा देखिएका समस्याहरू तथा चुनौतीहरूलाई यससँग सम्बन्धित सबै सरोकारवालाहरू (Stakeholders) को सल्लाहमा सहमति निर्माण गरी त्यस्ता चुनौतीहरूलाई व्यवस्थापन गर्नु जरुरी छ। Micro credit को वर्तमान अवस्था सम्मको मूल्याङ्कन गर्दा यसले ग्रामीण क्षेत्रमा केही गर्दै नगरेको भने होइन तर आशातित सफलता भने प्राप्त नगरेकै हो त्यसको उपयुक्त ढङ्गले आत्मसमीक्षा गरेर अगाडि बढ्न सके निश्चय पनि यसको भूमिका ग्रामीण विकासमा निर्णायक, नेतृत्वदायी र प्रभावकारी (Decisive, leading and impressive) हुनेछ।

46. Critically evaluate the role of world trade organization for the Nepal (WTO) in the context of globalization?

नेपाल पनि विश्वव्यापीकरणको प्रक्रियामा प्रवेश गरिसकेको तथा यसले विश्व व्यापार सङ्गठनको समेत सदस्यता प्राप्त गरिसकेकाले यो सन्दर्भमा नेपालले विश्व व्यापार सङ्गठनबाट प्राप्त गर्न सक्ने सम्भावनाहरू तथा फाइदाहरू र त्यस साथासाथै आइपर्ने चुनौतीहरूलाई पनि बुझ्न जरुरी छ। त्यसैले वर्तमान अवस्थामा नेपालले विश्व व्यापार सङ्गठनबाट प्राप्त गर्न सक्ने फाइदाहरू चुनौतीहरूलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

फाइदाहरू

१. प्राविधिक र आर्थिक सहयोग प्राप्त गर्दछ

विश्व व्यापार सङ्गठनमा प्रवेश गरेको नेपालले उक्त सङ्गठनबाट सम्झौता गरेबमोजिम विश्व समुदायबाट प्राविधिक तथा आर्थिक सहयोगले पाउँछ। यस्तो सहयोग विश्व व्यापार सङ्गठनमा आवद्ध भन्दा बाहिरकालाई उपलब्ध गराउने प्रावधान छैन र सहयोग गर्नुपर्ने कुनै बाध्यता समेत छैन।

२. स्वदेशी तथा विदेशी लगानी र व्यापारलाई निश्चितता प्रदान गर्न मद्दत गर्दछ

विश्वव्यापार सङ्गठनका विभिन्न सिद्धान्तहरूमध्ये पारदर्शिता महत्त्वपूर्ण सिद्धान्त हो। सदस्य राष्ट्रहरूले कानुन पारदर्शी दीर्घकालीन हुनुपर्दछ भन्ने विश्वास राख्ने भएकाले स्वदेशी तथा विदेशी लगानी र व्यापारलाई निश्चितता प्रदान गर्न मद्दत गर्दछ।

३. मुलुकभित्र आर्थिक क्रियाकलाप अभिवृद्धि हुन्छ

स्वतन्त्र र निस्पक्ष व्यापार यसको अर्को महत्त्वपूर्ण पक्ष भएकाले स्वतन्त्र व्यापारको कारणले गर्दा मुलुकभित्र आर्थिक क्रियाकलापमा अभिवृद्धि हुन्छ। फलस्वरूप रोजगारीमा अभिवृद्धि भई राष्ट्रिय आयमा समेत वृद्धि हुने देखिन्छ।

४. **अन्तर्राष्ट्रिय व्यापार सञ्चालनमा सहयोगी**

विश्व व्यापार सङ्गठनको विवाद समाधान सम्बन्धित संयन्त्र कुनै पनि व्यापारिक विवादको समाधानमा निस्पक्ष, स्वचालित एवम् पारदर्शकहरूले सञ्चालित छ । नेपालजस्ता मुलुकको लागि हालको निर्यात व्यापारको क्षेत्रगत र वस्तुगत प्रवृत्तिमा केन्द्रित रहेको हुनाले यदि कुनै विवाद परी समस्या समाधान हुन नसकेमा अर्थतन्त्रमा ठूलो सङ्कट आइलाग्नछ सक्दछ । भविष्यमा पर्न सक्ने यस्ता सङ्कटहरूले अन्त्य गरी निर्वाधरूपमा अन्तर्राष्ट्रिय व्यापार सञ्चालनमा गर्नमा समेत विश्वा व्यापार सङ्गठनमा हाम्रो उपस्थिति लाभदायक हुन्छ।

५. **प्रतिस्पर्धी लाभ (Competitive Advantage) का आधारमा विश्वबजारमा निर्यात**

विश्वव्यापार सङ्गठनले बजारको पहुँचलाई निर्वाध एवम् स्वतन्त्रतापूर्वक सबै मुलुकले पाउनुपर्दछ भन्ने मान्यता राख्दछ। नेपाल जस्तो मुलुकले आफ्नो प्रतिस्पर्धी लाभ (Competitive advantage) को आधारमा वस्तु तथा सेवालाई छनोट गरी विश्वको कुनै पनि बजारमा निर्यात गर्दछ।

६. **स्वदेशी तथा विदेशी उद्यमी व्यवसायीले आफ्नो दीर्घकालीन लक्ष्य र योजनाका आधारमा योजनाहरू सञ्चालन गर्नका साथै आफ्नो कारोवारमा पनि निश्चितता प्राप्त गर्दछ**

विश्व व्यापार सङ्गठनको सम्झौतामा हस्ताक्षर गरिसकेपश्चात सरकारका सम्पूर्ण कार्यहरू पारदर्शी हुनुपर्दछ। कुनै व्यक्ति वा समूह विशेषको प्रभावमा यस्तो नीति नियम पटके रूपमा परिवर्तन गर्न सकिँदैन। यसका लागि सदस्य राष्ट्रहरूको सहमति चाहिन्छ। जसले गर्दा स्वदेशी तथा विदेशी उद्यमी व्यवसायीले आफ्नो दीर्घकालीन लक्ष्य र योजनाका आधारमा सञ्चालन गर्नका साथै आफ्नो कारोबारमा समेत निश्चितता प्राप्त गर्दछन् । यसका साथै विश्व व्यापार सङ्गठनको सदस्यताले पारवहनको सुविधाको विवादलाई समेत समाधान गर्न सहयोग पुऱ्याउँदछ।

चुनौतीहरू

१. व्यापक रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नुपर्ने भएकाले त्यो ठूलो कठिन चुनौती हो।
२. अन्तर्राष्ट्रिय उत्पादनको नेपाली बजारमा domination,
३. बौद्धिक सम्पत्ति माथिको अधिकार संरक्षणमा चुनौती,
४. विश्व व्यापार सङ्गठनको परिधिभित्र रही नीति नियम परिवर्तन गर्नुपर्ने हुन्छ। तर सरकारका नीति नियमहरू परिवर्तन गर्दा एकपक्षीय रूपमा सरकार एक्लैले मात्र गर्न सक्दैन। यसका लागि सम्पूर्ण सदस्यहरूको सर्वसम्मति चाहिन्छ।
५. निर्यात आधार सानो भएको हाम्रो जस्तो मुलुकमा प्रतिस्पर्धा क्षमताको अभिवृद्धि गराउन नसकेमा हाम्रो उद्योगहरू तथा उत्पादनमा नकारात्मक प्रभाव गर्न सक्दछ।
६. स-साना नियमहरूको संशोधनलाई समेत विश्व व्यापार सङ्गठनको सचिवालयमा पठाउनुपर्दछ, जुन ज्यादै झण्झटपूर्ण, संवेदशील र खर्चिनु हुन्छ।

७. नेपालको राजश्व प्रणाली विशेषत भन्सारमा आधारित छ। भन्सार राजश्वमा पनि खास गरी पैठारीबाट प्राप्त हुन सक्ने राजश्व घट्ने अवस्था छ।

यस्तो अवस्थामा नेपालले WTO बाट फाइदा लिन निम्नबमोजिम पक्षहरूमा जोड दिनुपर्दछः

१. तुलनात्मक लाभका, क्षेत्रको पहिचान गरी त्यसको विकासमा ध्यान केन्द्रित गर्ने,
२. प्रतिस्पर्धा गर्न सक्षम उद्योगको विकास गर्ने,
३. निकासीजन्य वस्तुको पहिचान गरी त्यसको गुणस्तरमा वृद्धि गर्ने,
४. राज्यमा उद्योग स्थापनादेखि सबै काममा निजी क्षेत्रलाई व्यापक सहभागी बनाउने,
५. विदेशी पूँजी र प्रविधिलाई राष्ट्र हितका लागि प्रयोग गर्न सक्ने वातावरण सृजना गर्ने,
६. श्रमशक्तिलाई गुणस्तरीय तथा गतिशीलता बनाउने,
७. विश्वव्यापीकरणले दिने सकारात्मक पक्षको बारेमा जनस्तरमा चेतना अभिवृद्धि गर्ने,
८. परनिर्भरताको साटो अन्तर्निर्भरताको विकास गर्ने,
९. सुशासन र मजदुत संस्थागत व्यवस्था गर्ने,
१०. उत्पादकत्व बढाउन शिक्षा प्रशिक्षण र अनुसन्धानमा जोड।

47. What do you understand by the term 'ideology'? Do you think any of the ideological perspectives like nationalism, liberalism and Marxism can adequately address the problems of Nepal's political economy in the present context?

विचारहरूको व्यवस्थित स्वरूप अथाव collection लाई नै विचारधारा भनिन्छ जुन समाजमा सीमित dominant वर्गले सम्पूर्ण सदस्यहरूको खातिर प्रतिपादन गरेको हुन्छ, जुन समाजमा व्याप्त अवस्था, घटनाक्रमलाई adress गर्न तथा व्यवस्थित गर्नका निम्ति घनीभूत स्वरूपमा निर्माण गरिएको हुन्छ। कसैले विचारधारा 'ideology' लाई समूहगत जीवन र सङ्गठनलाई सचेत भएर बुझ्ने र त्यसलाई समाधान गर्ने प्रयास भनेका छन्। साधारण अर्थमा भन्ने हो भने विचारधारा (ideology) समाजमा घट्ने घटनाहरू, प्रक्रियाहरू तथा परिवर्तनहरूलाई व्यवस्थित गर्न निर्माण गरिएको विचारहरूको पुञ्ज हो जसको माध्यमबाट शक्ति प्राप्त गर्न सकिन्छ। त्यस्ता, घटनाहरू, परिवर्तनहरू र प्रक्रियाहरूलाई विश्लेषण गर्ने सन्दर्भमा फरक फरक विचारहरू हुन सक्दछन्। जसका कारण समाजमा फरकफरक विचारधाराहरू (ideologies) को जन्म भएको हुन्छ र ती विचारधारहरूको बीचमा आवश्यक छलफल, प्रतिक्रिया, सहमति, विमति, द्वन्द्व आदिको प्रक्रिया पनि रहने गर्दछ। विचारधारा एउटा त्यस्तो शक्तिशाली विचारहरूको पुञ्ज हो जसले समाजमा सदस्यहरूलाई आफ्नो विचारधाराको माध्यमबाट प्रभावित पारेको हुन्छ।

The term was born in the highly controversial philosophical and political debates and fights of the French revolution and acquired several other meanings from the early days of the first French Empire to nowadays. The word ideology was coined by Destruct de Tracy in 1796, assembling the parts 'ideas' and 'logy'. He used it to refer to one aspect of his 'science of ideas'. According the Karl Marx ideology is an instrument of social reproduction.

An ideology is an organized collection of ideas. An ideology can be thoughts of as a comprehensive vision, as a way of looking at things as in common sense and several philosophical tendencies or a set of ideas proposed by the dominant class of a society to all members of this society. The main purpose behind and ideology is to offer change in society through a normative thought process. Ideologies are system of abstract thought, apply to public matters and thus make this concept to politics. Implicity every political tendency entails an ideology whether or not it is propounded as en explicit system of thought.

अन्त्यमा, समाजको क्रमसँग समाजमा अन्तर्निहित, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक प्रणालीलाई सञ्चालन गर्न, त्यसलाई प्रमाणित गर्न, फरक फरक कोणहरूबाट फरकफरक प्रकृतिका विचारहरूको जन्म हुन्छ र त्यसलाई समाजले अनुमोदित गर्दछ भने त्यो विचारधारा हो । जस्तैः पूँजीवादी विचारधारा, समाजवादी विचारधारा, राष्ट्रवादी विचारधारा, साम्यवादी विचारधारा आदि ।

यसै सन्दर्भमा, प्रश्नमा मुख्यतयाः तीनवटा विचारधाराहरू उल्लेख गरेर नेपालको राजनीतिक अर्थतन्त्रमा देखिएका वर्तमान समस्यालाई ती मध्ये कुनै एकले समाधान गर्न सक्दछ भनिएको छ । यस्तो अवस्थामा त्यस्ता तीनवटै विचारहरूमध्ये सङ्क्षिप्त अवधारणा र उद्देश्यका बारेमा जान्न जरुरी हुन्छ ।

१. राष्ट्रवाद (Nationalism)

विशेष गरेर राष्ट्रवाद एउटा विचारधाराको रूपमा आए तापनि यो एउटा भावना (Feeling) पनि हो जो प्रत्येक राज्य, समाजका जनताहरूमा स्वतः स्फूर्त रूपमा स्थापित हुन्छ । यसले राष्ट्रपतिको इमान्दारिता, नैतिकता आदिका आधारमा मानिसलाई एकीकृत बनाउँदछ । यसको मुख्य सिद्धान्त राज्यलाई आत्मनिर्भर बनाउने त्यसका लागि आफैंलाई औद्योगिकरण तथा सैन्यकरण गर्ने । त्यसो भएमा मात्र राज्यलाई विदेशी हस्तक्षेपबाट बचाउन सकिन्छ भनेर यसले वकालत गर्दछ ।

राष्ट्रियता एउटा त्यस्तो भावना हो । जसले जात, धर्म, लिङ्ग, पहिचान आदिका रूपमा अलगअलग भएर रहेका सम्पूर्ण जनतालाई एकशुत्रमा बाँध्ने काम गर्दछ ।

२. उदारीकरण (Liberalism)

यो विचारधाराले आर्थिक वृद्धिलाई अगाडि बढाउन स्वच्छ आर्थिक क्रियाकलाप र स्वतन्त्रलाई महत्त्व प्रदान गर्दछ । व्यक्तिगत स्वतन्त्रता, निजीकृत अर्थव्यवस्था यो

विचारधाराको मुख्य विषयवस्तु हो । यो अवधारणाको लगानीका सम्पूर्ण क्षेत्रहरूमा राज्यको हस्तक्षेपलाई पूर्णतया निरुत्साहित गर्दछ अर्थात् स्वीकार गर्दैन । बजार केन्द्रीय निर्देशन वा संयन्त्रबाट सञ्चालित नभएर आफैँ सञ्चालित हुन्छ किनकि मानव एउटा आर्थिक श्रेणी हो । समग्रमा, उदारीकृत अर्थव्यवस्थाले लगानीको अवसरलाई बढाउने र निजी क्षेत्रलाई प्रोत्साहित गरेर आर्थिक वृद्धिलाई अगाडि बढाउँदछ।

३. मार्क्सवादी विचारधारा (Marxist Ideology)

यो विचारधाराले विशेषत, सामाजिक न्यायको स्थापना तथा समानुपातिक वितरण प्रणालीको स्थापनाको वकालत गर्दछ । पूँजीवादी अर्थव्यवस्था तथा उदारीकृत विचारधाराले समाजमा रहेको तल्लो श्रमिक वर्गलाई श्रम शोषण गरेको छ र सीमित वर्गहरू त्यसको फाइदा स्वरूप धनी भइरहेका छन् जसको परिणामस्वरूप अधिकांश समाजमा तल्ला तह र वर्गका मानिसहरू शोषित बनेका छन् । त्यसैले यो विचारधाराले त्यस्तो विद्यमान परिपाटीको पूर्णतया अन्त्य गरी विभेदरहित समाजको निर्माण गर्नुपर्दछ भनी वकालत गर्दछ।

यसरी माथिका विचारधारहरूको सङ्क्षिप्त जानकारी पश्चात अब नेपालको राजनीतिक अर्थतन्त्रका समस्याहरूका बारेमा विश्लेषण गरिन्छ:

१. आर्थिक वृद्धि

बढीरहेको जनसङ्ख्या, बढ्दो गरिबीलाई adress गरी सम्पूर्ण जनताको per capita income लाई बढोत्तरी गर्नको लागि वर्तमान आर्थिक सूचाङ्कलाई सकारात्मक रूपमा अगाडि बढाइ आर्थिक वृद्धि गर्नु पर्ने समस्या हाम्रो सामु विद्यमान छ । वर्तमान आर्थिक दरलाई वृद्धि नगरी आम जनतासामु देखिएको गरिबी भोकमरी जस्ता समस्याको समाधान सम्भव छैन।

२. बेरोजगारी समस्या

मुलुकका सामु देखापरेका शिक्षित, अर्धशिक्षित र अशिक्षित बेरोजगारीलाई व्यवस्थापन गर्न नसक्नु अहिलेको हाम्रो मुख्य चुनौती छ जसका कारण एकातर्फ दिनैपिच्छे नेपालको श्रम शक्ति विदेश पलायन भइरहेका छन् । सृजनशील नेपाली युवाका हातहरूलाई देश विकासमा लगाउनुका साटो त्यसको प्रयोग गर्न नसकी त्यसै बसीरहेका छन् । फलस्वरूप अराजकता, सामाजिक द्वन्द्व, हिंसा तथा प्रतिहिंसाले प्रसय पाएको अवस्था छ। त्यसैले हाम्रो राजनीतिक अर्थतन्त्रको मुख्य समस्या बेरोजगारी देखिएको छ।

३. सामाजिक विभेदको समस्या

समाजमा एकतर्फी सीमित मानिसहरू रातारात धनी हुने क्रम बढीरहेको छ भने अर्कोतर्फ अधिकांश मानिसहरूको जीवन थप कष्टप्रद बन्दै गएको पाइन्छ । स्रोत र साधनको वितरणमा, सहभागितामा प्रश्नहरूमा नीतिगत निर्माण, कार्यान्वयन तथा लाभांश वितरणका सन्दर्भमा व्यापक विभेद सृजना भएको छ जसले गर्दा समाज विभाजित अवस्थामा छ । फलस्वरूप नेपालको राजनीतिक अर्थतन्त्र अप्ठ्यारो सङ्कटग्रस्त अवस्थामा छ।

४. सुशासनको अभाव

राज्यका सबै संयन्त्रहरू लगायत जनतासँग तथा अप्रत्यक्ष रूपमा सरोकार राख्ने अन्य सम्बन्धित निकायहरू कमजोर र अराजक बनेका छन् । भ्रष्टाचार, अनियमितता जस्ता पक्षहरूले व्यापक रूपमा प्रशय पाएको छ। उत्तरदायी तथा जवाफदेही सरकारको अभाव देखिएको छ। शक्तिको भरमा सबै कुराहरूलाई manipulate गर्न खोजिएको छ। जसका कारण राजनीतिक अस्थिरता र तरलताको अवस्था सृजना भएको छ। यो अर्को नेपाली राजनीतिक अर्थतन्त्रको लागि समस्याको रूपमा देखिएको छ।

५. परनिर्भरता वृद्धि

देशभित्रै उद्योगधन्दाहरूको स्थापना तथा हाम्रो साधन र स्रोतहरूको परिचालन गर्न नसक्दा हाम्रो अर्थतन्त्र निकै मात्रामा परनिर्भर बनेको छ। साथसाथै राजनीतिक पक्षमा पनि परनिर्भरता बढेको सङ्केतहरू देखिन थालेका छन्। जसले हाम्रो अर्थतन्त्रलाई क्षतविक्षत बनाएको छ र हाम्रो अर्थनीति समेत विदेशमुखी देखिन थालेको छ।

६. राष्ट्रियताप्रति खतरा

आन्तरिक द्वन्द्वहरूको सही रूपमा व्यवस्थापन गर्न नसक्दा र देशभित्र जात, धर्म, लिङ्गका आधारमा अन्तर्विरोधहरू बढीरहेको अवस्थामा त्यसले राष्ट्रियताप्रतिको भावनामा चोट पुऱ्याएको छ । सम्मनुत, एकीकृत नेपाली समाजको सोचप्रति कुठाराघात भएको छ जसका कारण हाम्रो राष्ट्रियताका प्रश्नहरू ओभेलमा पार्न खोजिएको छ । राष्ट्रिय पहिचान प्रति चलखेर सुरु भएको देखिन्छ। यो वर्तमान अवस्थामा एउटा गम्भीरु चुनौती हो।

७. बढ्दो विदेशी हस्तक्षेप

प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हाम्रो आर्थिक, सामाजिक तथा राजनीतिक विषयहरूमा विदेशी मुलुकको हस्तक्षेपले हामीलाई चिन्तित बनाएको छ । उनीहरूको सल्लाह तथा सदासयता हाम्रो सकारात्मक विकासका लागि भन्दा उनीहरूको फाइदाको लागि देखिएको छ। त्यसले हाम्रो सार्वभौमसत्ता माथि प्रश्नहरू जन्माएको अवस्था छ। त्यसैले विदेशी हस्तक्षेप र त्यसको प्रभाव पनि अहिले मुख्य समस्याको रूपमा रहेको छ।

८. गरिबी न्यूनिकरण

विगत लामो समयबाट हाम्रा नीतिहरूका, योजनाहरू तथा प्राथमिकताहरू सम्पूर्ण रूपमा गरिबी न्यूनीकरण तर्फ केन्द्रित भइरहेको भए तापनि त्यसले आशातित सफलता प्राप्त गर्न नसकेको अवस्था छ। तथ्याङ्कले गरिबीको प्रतिशत घटेको देखाए तापनि त्यो average मा मात्रै घटेको तर धनी र गरिब बीचको खाड अझ बढेको देखिन्छ।

मुख्यतया, यी र यी लगायतका विविध समस्याहरू नेपाली राजनीतिक अर्थतन्त्रका मुख्य समस्याहरू हुन् र यस्तो अवस्थामा कुनै एक विचारधारा जस्तै राष्ट्रवादले मात्रै त्यस्ता सम्पूर्ण यावत समस्याको समाधान गर्न सक्दछ या मार्क्सको विचारधारामात्रै त्यस्ता सम्पूर्ण समस्याको समाधान गर्ने अचुक उपाय हो त ? कि उदारीकृत अर्थप्रणाली वा उदारीकृत विचारधारासँग त्यस्तो जादु छडि छ जसले छु अन्तरबाट त्यस्त सबै खाले

समस्याको समाधान गर्दछ । वास्तवमा त्यसता सबै अवधारणाहरू एक्लै कुनै न कुनै रूपमा एकाङ्की र अपुग अवधारणा छन् । एकाङ्की रूपले उदारवादी विचारधाराले आर्थिक वृद्धि, रोजगारीको स्थापना र सुशासनको वकालत गर्दा सामाजिक न्याय, न्यायिक वितरण, राष्ट्रियता जस्ता पक्षलाई बेवास्ता गरेको छ । त्यस्तै मार्क्सवादी विचारधाराले सामाजिक न्याय, समानुपातिक वितरणको चर्चा गर्दा व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार, प्रतिस्पर्धाका कुराहरूलाई बेवास्ता गरेको पाइन्छ। त्यस्तै राष्ट्रियता तथा सार्वभौमसत्ता अनि आत्मनिर्भर आर्थिक व्यवस्थाको वकालत गर्ने राष्ट्रवादी दृष्टिकोणले धरातलीय यथार्थ र आफ्नो क्षमतलाई मूल्याङ्कन नगरी व्याख्या गरेको छ। यसरी सम्पूर्ण विचारधाराका आ-आफ्नै महत्त्व र कमजोरीहरू रहेका छन् । नेपालको वर्तमान नीति समेत एकाङ्की तथा एकपक्षीय भन्दा पनि सबै पक्षलाई समन्वयात्मक रूपमा अगाडि बढाउने भएकाले गर्दा नेपालको राजनीतिक अर्थतन्त्रमा वर्तमान अवस्थामा देखिएका यस्ता यावत समस्याहरूलाई समाधान गर्न यी तीनवटै विचारधाराहरूको विश्लेषण गरी एक अर्काका चुनौती, कमजोरी तथा समस्याहरूलाई हटाएर सकारात्मक पक्षहरूको प्रयोग गरी मिश्रित विचारधाराको प्रयोगबाट मात्र सुदृढ राजनीतिक अर्थतन्त्रलाई अगाडि बढाउनु पर्दछ।

48. Critically evaluate the role of nationalist ideology in development.

राष्ट्रवादी विचारधारा आफैँमा एउटा सशक्त अवधारणा हो जसको विकासमा प्रभाव विश्लेषण गर्ने हो भने त्यसका दुवै पक्ष सकारात्मक तथा नकारात्मक पक्षको विश्लेषण गर्नुपर्दछ। त्यसभन्दा अगाडि राष्ट्रवादी विचारधाराको मुख्य सिद्धान्तका बारेमा जानकारी लिन आवश्यक हुन्छ। यो त्यस्तो अवधारणा हो जसले राज्यलाई सुदृढ बनाउन र राज्यको महत्त्वलाई अन्तर्राष्ट्रियजगतमा सक्षम बनाउनको खातिर सम्पत्ति (Wealth) र शक्ति (Power) लाई राज्यले एकत्रित गर्नुपर्दछ अथवा त्यसलाई दरिलो बनाउनुपर्ने धारणालाई आत्मसाथ गरेको देखिन्छ। जबसम्म राष्ट्र सुरक्षालाई महत्त्व प्रदान गर्न सकिँदैन तबसम्म राष्ट्रि अस्तित्व सङ्कटमा पर्दछ भन्ने यसले वकालत गर्दछ। साथै सक्षम राज्य निर्माणका लागि आत्मनिर्भर अर्थतन्त्रको विकासलाई यसले महत्त्वका साथ उजागर गर्दछ। यो अवधारणाका अनुसार उदारवादी विचारधाराको प्रभावस्वरूप अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवादले राष्ट्रियता माथि धावा बोलेर राष्ट्रियतालाई क्षतविक्षत बनाएको अवस्थामा राष्ट्रियतालाई बलियो बनाउनुपर्दछ । राष्ट्रिय भावनालाई सर्वोपरि ठानेर मात्र विकास प्रक्रियालाई सुदृढ बनाउन सकिन्छ भन्ने पक्षलाई यसले महत्त्व दिएको छ । राष्ट्रवादी विचारधाराका अनुसार सम्पत्ति त्यस्तो महत्त्वपूर्ण चिज हो जसको सहायताले मात्र शक्ति प्राप्त गर्न तथा राष्ट्र सुरक्षा प्राप्त गर्न सकिन्छ त्यस्तै अर्कोतर्फ सम्पत्ति प्राप्त गर्न राज्य बलियो हुनुपर्दछ। त्यसैले राष्ट्रवादी विचारधाराका अनुसार शक्ति र सम्पत्तिका बीचमा परस्पर सकारात्मक तथा सहज सम्बन्ध रहेको हुन्छ। एउटा पक्षको अर्को पक्षसँग सम्बन्ध दीर्घकालीन र उपयोगी हुन जरुरी हुन्छ।

अतः राष्ट्रियता त्यस्तो विचारधारा तथा भावना (ideology and feeling) हो जसले सम्पूर्ण जनतालाई एकताबद्ध भएर राष्ट्रिय विकासमा जुट्न तथा आत्मनिर्भर समाज निर्माण गर्नलाई सहयोग पुऱ्याउँदछ। यसै सन्दर्भमा, राष्ट्रवादी विचारधाराको विकासमा पर्ने सकारात्मक प्रभावहरूलाई तल उल्लेखित बमोजिम गर्न सकिन्छ।

सकारात्मक प्रभावहरू

१. आत्मनिर्भरताको विकास

राष्ट्रवादी अवधारणाले आयातलाई निरुत्साहित गर्ने भएकाले यसले आफूसँग भएको साधन तथा स्रोतहरूको अधिकतम परिचालन गरेर साना उद्योगहरूको विकास गर्ने, त्यसको संरक्षण गर्ने तथा त्यसबाट समाजलाई समृद्ध बनाउने वकालत गर्दछ। यस्तो विचारधाराले आफूसँग भएको सीप, ज्ञान र विचारको प्रयोग गरी आर्थिक उपलब्धिहरू हासिल गर्न सहयोग पुऱ्याँदछ। ग्रामीण क्षेत्रका जनताहरूलाई अधिकतम रूपमा परिचालन गरेर तिनीहरूको निष्कृय श्रमलाई संयोजन तथा व्यवस्थापन गरी दीगो विकास प्रक्रियालाई अगाडि बढाउन सहयोग पुऱ्याउँदछ। उदारीकृत विचारधाराको प्रभाव भए तापनि चीन र भारतले कतिपय उत्पादनमा विदेशी सामानहरूलाई प्रतिवन्ध लगाएर आफ्ना उत्पादनलाई promote गरेर दीगो आर्थिक विकास गरेका छन्। त्यो विकासमा सकारात्मक प्रभावको रूपमा रहेको देखिन्छ।

२. प्राविधिक विकास

आत्मनिर्भर समाजको निर्माण गर्न तथा राज्यलाई शक्तिशाली बनाउन त्यस राज्यको प्राविधिक विकास पनि महत्त्वपूण पक्ष हो। त्यस्तो अवस्थामा राज्यलाई सक्षम बनाउनका लागि प्राविधिक विकासमा राज्यले विशेष महत्त्वका साथ काम गर्ने भएकाले सम्बन्धित राज्यको प्राविधिक विकासको प्रक्रियाले मूर्तता पाउँदछ, फलस्वरूप प्रक्रिया द्रुतगतिमा अगाडि बढ्दछ।

३. सामाजिक सन्तुलन र एकता

राष्ट्रवादी विचारधारा एउटा त्यस्तो हतियार हो जसले विभिन्न वर्ग, जात, सम्प्रदाय, धर्म र लिङ्कमा विभाजित व्यक्ति, समूहहरूलाई राष्ट्रियताको भावना भित्र एकत्रित गर्दछ। जसले गर्दा सामाजिक द्वन्द्व, विखण्डन, हिंसाजस्ता पक्षहरू राष्ट्रियताको अगाडि फिका बन्दछन अर्थात् सामान्य हुन्छन्। हामी छिमेकी मुलुक भारतको उदाहरण लिन सक्दछौं त्यहाँकोसमाज जात, धर्म, लिंग तथा विभिन्न विचारधारामा विभक्त छ, त्यहाँ उनीहरूका बीचमा द्वन्द्व पनि छ तर जब राष्ट्रियताको प्रश्न तिनीहरूको अगाडि आउँदछन सबै तह, तप्का, जात, क्षेत्र र वर्गका मानिस आफ्नो सीमित स्वार्थ र सिद्धान्तलाई तिलाञ्जली दिँदै राष्ट्ररूपी छाता भित्र एकत्रित भएर एकढिक्का भएर चट्टान जस्तै उपस्थित हुन्छन् अर्थात् एकता कायम गर्दछन्।

४. सार्वभौमसत्ताको सुरक्षा

राष्ट्रवादी विचारधाराले सार्वभौमसत्ता, अखण्डता र राष्ट्रियताका पक्षमा कहिल्यै सम्झौता गर्दैन। यसले जस्तोसुकै मूल्य चुकाएर पनि आफ्नो राज्यको हीतका खातिर

वकालत गर्दछ। त्यसैले राष्ट्रवादी विचारधाराको सबैभन्दा सकारात्मक पक्षको रूपमा यो पक्षलाई लिन सकिन्छ।

५. स्रोत र साधनको अत्याधिक परिचालन

यसले सबैभन्दा महत्त्व सम्पत्ति (Wealth) लाई दिने भएकाले त्यसको सृजनाका लागि आफूसँग भएका प्राकृतिक, जैविक, वातावरणीय सबै प्रकारका साधन र स्रोतको प्रयोग गर्दछ। निष्क्रिय भएर स्रोत साधनलाई खेर जान दिँदैन बरु त्यसको पयोग सम्पूर्ण राज्यको हीतका लागि गर्दछ।

६. स्थानीय संस्कृतिको सुरक्षा

वर्तमान अवस्थामा मुख्यतया अल्पविकसित राज्यहरूको त्यसमा पनि हाम्रो देशको साँस्कृतिक चिनारी, पहिचान र अस्थित्व सङ्कटमा परिरहेको हवस्थामा राष्ट्रबादी विचारधारको आवश्यक खड्केको महसुस हुने गरेको छ । उदारबादी विचारधाराको आडमा स्वतःस्फूर्त रपमा भित्रिएको वैदेशिक संस्कृतिले अनवरत रूपमा हाम्रो पहिचान, परम्परा मूल्य र मान्यताहरूमाथि प्रहार गरिरहेका छन्। शक्ति र सम्पत्तिको आडमा विदेशी संस्कृतिका हाम्रो समाजमा लाद्ने काम भइरहेको छ । त्यस्तो अवस्थामा राष्ट्रबादी विचारधाराले दृढतापूर्वक आफ्नो संस्कृति र पहिचान, मूल्य मान्यता संरक्षण गर्न प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने भएकाले राष्ट्रवादी विचारधारको व्यापक महत्त्व देखिन्छ।

नकारात्मक प्रभावहरू

१. राष्ट्रवादको नाममा निरंकुशताको हावि

वास्तवमा राष्ट्रवादी अवधारणा पवित्र भावना हो तर समाजमा यसको प्रयोगको सन्दर्भमा प्रायः निरंकुशता हावि भएका प्रमाणहरू हामीसँग प्रशस्त छन् । यसले राष्ट्रियताका नाममा सीमित शासकवर्गहरूमा शक्तिलाई केन्द्रित गर्दछ र समाजका अन्य समिन्तकृत, पिछडिएका वर्ग, क्षेत्र र तहका जनतालाई प्रवाह गर्दैन अर्थात विकासको मूल प्रवाहबाट बहिस्कृत गर्दछ, जसले गर्दा राष्ट्रियताको नाममा शोसित, पीडित र तल्ला तहका जनताहरू विभेदको ठूलो शिकार बनेको उदाहरणहरू छन्। हाम्रो नेपालको सन्दर्भमा समेत हिजोसम्म राष्ट्रियतार अखण्डताका नाममा शाहवंशीय संरचना तथा व्यवस्थाले जनताको ठूलो हिस्सा प्रति असमान व्यवहार तथा अत्याचारक गरेकै कारण हाम्रो नेपालको विकास प्रक्रिया आशातित रूपमा सफल हुन नसकेको प्रष्ट उदाहरणहरू छन्।

२. गैह्रप्रजातन्त्रिक व्यवहार

विकास भन्नाले व्यक्तिगत स्वतन्त्रता, खुलापन, बोल्ने तथा लेख्ने अधिकार लगायतका संयुक्त राष्ट्रसङ्घको बडापत्रले उल्लेख गरेका तथा अन्तराष्ट्रिय रूपमा मान्यताप्राप्त सबै व्यक्तिगत मौलिक हक अधिकारहरू पर्दछन तर राष्ट्रियताले त्यस्ता अवधारणा र स्वतन्त्रतालाई गौण ठानेर स्वेच्छिक रूपले राष्ट्रियतालाई परिभाषित गरी त्यसै बमोजिमको व्यवहार गर्दछ। तसर्थ यसले सोझै विकासको एउटा पक्षलाई बेवास्ता गर्दछ सो न्यायोचित छैन।

३. **न्यून आर्थिक वृद्धि**

यो विचारधाराले निजी क्षत्रेको लगानी तथा अन्तराष्ट्रिय स्तरको स्वतन्त्रतापूर्वक लगानीको अवसर, सम्भावना र व्यवस्थालाई अस्वीकार गर्दछ। सम्पूर्ण क्षेत्रहरू जस्तै, पूर्वाधार, सेवा, व्यापारहरूमा राज्यको नियन्त्रित लगानीलाई मात्र अवसर दिने भएकाले निजी क्षेत्रको लगानीको सम्भावना अत्यन्तै न्यून हुन्छ साथै सरकारी निकायबाट लगानीको कब्जा हुने डरले अन्तराट्रिय लगानी समेत प्रभावित हुने भएकाले अवसरहरू न्यून हुन्छन् जसका कारण आर्थिक वृद्धिदर कछुवाको तालमा अगाडि बढ्दछ। आर्थिक हिसाबले मुलुक अत्यन्तै जर्जर हुन्छ र जनताहरू अत्यन्तै कहालीलाग्दो जीवन बिताउन विवस भएका हुन्छन्।

४. **सैनिकीकरणमा जोड**

यस्तो विचारधारारले शक्ति स्थापित गर्नुलाई प्राथमिक विषयवस्तु मान्ने भएकाले राज्यको लगानीको ठूलो हिस्सा सैनिकलाई मजवुत गराउन खर्चिने गर्दछ। विकासका अन्य पाटाहरूलाई छायामा राखेर अनावश्यक रूपमा सैन्य क्षेत्रमा लगानी गर्ने भएकाले यो विकासमैत्री अवधारणा होइन पनि भनिन्छ। समाजमा व्याप्त गरिबी, भोकमरी, असुविधा, अन्यायजस्ता पक्षहरू भन्दा सैन्य क्षेत्र प्राथमिकता राख्ने यसको सिद्धान्त व्यावहारिक छैन।

५. **द्वन्द्वको सृजना**

यो विचारधाराले आफ्नो राष्ट्रलाई प्राथमिक दिने र बढी महत्त्वकांक्षी हिसाबले त्यसलाई अगाडी बढाउन खोज्दछ साथै अन्य देशलाई humiliate गर्ने र त्यसलाई निरुत्साहित गर्ने प्रयास समेत गर्दछ। यसले शक्ति, समन्वय र सहकार्य भन्दा द्वन्द, कटुता र प्रतिशोधपूर्ण व्यवहारलाई प्राथमिकता प्रदान गर्दछ।

अन्त्यमा राष्ट्रवादी विचारधाराका सकारात्मक तथा नकारात्मक पक्षहरू छन्। भावनाको हिसाबले यो अत्यन्तै महत्त्वपुर्ण तथा सर्वोपरी विचारधारा हो तर यसलाई मात्रै आधारवस्तु बनाएर समग्र विकास प्रक्रियालाई अगाडि बढाउन भने समस्या देखिन्छ।

49. Explain the significance of privatization and its need in the context of Nepal?

निजीकरणको अवधारणा तथा परिभाषाहरूका बारेमा यस अघिका प्रश्नहरूमा समेत छलफल भइसकेको हुनाले यहाँ निजीकरणको महत्त्व तथा उपादेयता र त्यसको आवश्यकताका बारेमा सिधै चर्चा गरिनेछ।

महत्त्व र उपादेयता

१. आर्थिक उदारीकरण र खुल्ला बजार अर्थतन्त्रको युगको स्वरूप विश्वअर्थतन्त्रमा आएको परिवर्तनको गति बहन गर्न सकिन्छ। यसबाट विदेशी राष्ट्र एवम् दातृसंस्थाको सहयोग जुटाउन सघाउछ।

२. देश विकासमा सरकारको भूमिकालाई उत्पादक र वितरकको रूपमा भन्दा अनुगमनकर्ताको रूपमा स्थापित गर्छ।

३. निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रमा बढी से बढी सहभागिता बनाई त्यस क्षेत्रको विकास गर्न सकिन्छ।

४. सरकारलाई सार्वजनिक संस्थानहरूबाट हुने घाटा स्वरूप वित्तिय भार व्यहोर्न नपर्ने हुन्छ । सार्वजनिक संस्थान भन्नासाथ अनुदान वा आर्थिक स्रोत सम्झने हुँदा सरकारलाई यस विषयबाट मुक्त गर्दछ।

५. सरकारलाई सार्वजनिक वस्तु वा सेवाहरूको उत्पादन र विक्रि वितरणजस्ता दैनिक प्रकृतिका कार्यहरूमा संलग्न नभई राष्ट्रिय नीतिगत कार्यहरूमा ध्यान केन्द्रित गर्न सहयोग पुर्‍याउँदछ।

६. निजी क्षेत्रबाट उद्योग व्यापार एवम् राजनीतिक नहुने एवम् नोकरीसाहि प्रवृत्ति नहुने हुँदा सस्थानको कार्य सञ्चालनमा कार्यक्षमता बढ्दछ।

७. निजीकरणपछि निजीक्षेत्रबाट उद्योग व्यापार एवम् सञ्चालन हुँदा त्यसतर्फ विदेशी लगानीलाई आकर्षित गर्न सकिन्छ।

८. निजीक्षेत्रबाट सञ्चालित हुन सक्ने संस्थानहरू निजीकरण गरेपछि सरकारले निजीक्षेत्रले सहमभागिता हुन नचाहने क्षेत्रमा आफ्नो ध्यान केन्द्रित गरी केही थोरै संस्थानहरू मात्र सक्षमपूर्व सञ्चालन गर्न सघाउ पुग्दछ।

९. सरकारलाई सार्वजनिक संस्थानको घाटा व्यहोर्नु नपर्ने र बढी कार्यदक्षतामा सञ्चालित निजीक्षेत्रमा सञ्चालित संस्थाबाट नाफा भई कर प्राप्त हुने हुँदा सरकारको ढकुटीमा खर्च चाप घट्नुका साथै राजश्वमा वृद्धि हुन्छ।

१०. राष्ट्रिय अर्थातन्त्रमा विस्तृत सहभागिताको अवधारणालाई व्यवहारमा उतार्न सकिन्छ।

११. सरकारद्वारा सार्वजनिक संस्थानमा गरिएको लगानीलाई संस्थानको विक्रिपश्चात देश विकासको लागि अन्य आवश्यक पूर्वाधारको विकासमा स्थानान्तरण गर्न सकिन्छ।

१२. संस्थाको कार्य सञ्चालनमा आधुनिक प्रविधि भित्र्याएर आधुनिक प्रविधिको प्रयोग र विकासमा बढावा दिन सकिन्छ जसको फलस्वरूप उत्पादकत्वमा वृद्धि हुन्छ।

१३. निजीकरण पश्चात निजीक्षेत्रबाट सञ्चालित संस्थानमा उपलब्ध सीमित साधनको अधिकतम सदुपयोग भई कार्य सञ्चालनमा उत्पादकत्व वृद्धि हन्छ।

१४. निजी क्षेत्रबाट संस्थान सञ्चालन भएपछि कार्यरत कर्मचारीहरूलाई स्वतन्त्ररूपमा कार्यसम्पादनमूलक तलव वा भत्ता सुविधा निर्धारण गर्न सकिन्छ जसको फलस्वरूप कर्मचारीहरूको उत्प्रेरणा एवम् मनोवलमा अभिवृद्धि भई उत्पादकत्वमा वृद्धि हुन्छ।

नेपालमा निजीकरणको आवश्यकता

सार्वजनिक संस्थानहरूको कार्यकुशलताको अभावले गर्दा ती संस्थान आन्तरिक साधन परिचालनको स्रोत हुनको साटो सरकारी घाटाको कारण र सरकारी बजेट भार हुन पुगेका छन् । हुन त सार्वजनिक संस्थाहरूको व्यवस्थापनमा आमूल परिवर्तन गरेर तीनको कार्यकुशलता वृद्धि गर्न नसकिने हैन । संस्थानहरू निजीकरण गर्नुपर्ने आवश्यकता तिनीहरूको कार्यकुलशता वृद्धि गर्नू हो । सार्वजनिक संस्थानहरूको निजीकरण निम्नलिखित कारणहरूले आवश्यक ठानिन्छ :

१. बजेट घाटा कम गर्न

विकासोन्मुख देशहरूमा बजेट घाटा बढीरहेको छ। यसबाट मुद्रास्फिति बढीरहेको छ । त्यस्तै सार्वजनिक ऋणको भारपनि बढीरहेछ । त्यसैले घाटा भएका सार्वजनिक संस्थान बेच्नु ऋण घटाउने सजिलो र तुलनात्मक रूपमा सजिलो उपाय मानिन्छ।

२. साधनको परिचालन

सार्वजनिक संस्थान विक्रिगर्दा एक त सरकारलाई प्रत्यक्ष रूपमा रकम उपलब्ध हुन्छ । उक्त रकम सरकारले विकास निर्माणमा लगाउन सक्दछ । अर्कोतिर निजीकरण गरिएका संस्थाहरूाको कार्यकुलता बढ्यो भने सरकारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष करको रूपमा प्रशस्त रकम प्राप्त गर्दछ।

३. उत्पादनमा वृद्धि

निजीकरण गरिएमा आर्थिक कार्यकुशलता प्राप्त हुन्छ। क्षमताको पूर्ण प्रयोग हुन्छ। अनावश्यक खर्च कटौती हुन्छ, लागत घट्दछ, स्तरको मितव्ययीता प्राप्त हुन्छ र उत्पादन बढ्दछ। यसबाट संस्थान, सरकार र जनता सबैलाई फाइदा पुग्दछ। सरकार र संस्थानको आम्दानी बढ्छ भने जनताले सस्तो मूल्यमा गुणस्तरीय सामान प्राप्त गर्छन्।

४. प्रतियोगितामा वृद्धि

निजीकरणको स्वदेशी तथा विदेशी प्रतिस्पर्धाको सिर्जना गर्दछ । यसले गर्दा संस्थानहरू कम लागतमा स्तरीय वस्तु उत्पादन गर्न प्रोत्साहित हुन्छन्। जनतालाई सस्तोमा सामान प्राप्त हुन्छ।

५. अतिरिक्त करको भार कम

संस्थानहरूले घाटा व्यहोर्नु परेको कारण उक्त घाटा पूर्ति गर्न सरकारले जनतालाई अतिरिक्त कर लगाउनपर्दछ। करले जनताको क्रयशक्ति घटाएर सर्वसाधारण जनतालाई अनावश्यक भार थप्छ। निजीकरण गरिएमा यस्तो कर लगाउनुपर्ने आवश्यकता हुँदैन।

६. वित्तिय प्रतिफल सुधारगर्न

औद्योगिक देशहरूमा निजीकरणलाई वित्तीय प्रतिफल र वस्तु सेवाको गुणस्तर सुधार गर्न प्रयोग गरिन्छ।

७. निजी वित्तमा पहुँच

निजीकरणद्वारा संस्थानले निजी क्षेत्रको वित्तमा पहुँच आउँछ वा ऋण प्राप्त गर्दछ। यसले गर्दा निजी सस्थाहरूले नयाँ बजारमा काम गर्न सक्छन्।

९. साधनहरूको कुशल प्रयोग तथा बाँडफाँड

निजीकरणबाट साधनहरूको सदुपयोग र कुशल बाँडफाँड हुन जान्छ, तर वर्तमान अनुमानबाट के देखिएको छ भने निजी स्वामित्व तथा निजीकरण गरिएका संस्थानको लागत प्रभावकारीता बीच व्यवस्थित सम्बन्ध छैन । तर पनि सिद्धान्ततः के भनिन्छ भने नाफा गर्न नसक्ने संस्थान खारेज हुन्छन् । बजारले फर्महरूलाई डोऱ्याउँछ र तीनलाई उत्पादनशील तथा बाँडफाँडको कार्यकुशलता प्राप्त गर्न उत्प्रेरणा दिन्छ ।

१०. सामाजिक उद्देश्यहरूको परिपूर्ति

निजी क्षेत्रबाट प्रतिस्पर्धात्मक रूपमा कम लागतमा बढी वस्तुहरू उत्पादन भएपछि जनताले सस्तोमा वस्तु तथा सेवाहरू प्राप्त गर्दछन् र सरकारी क्षेत्रको सामाजिक उद्देश्य प्राप्तिको लक्ष्य पनि पुरा हुन्छ ।

११. कार्यकुशलतामा वृद्धि

संस्थानहरूको निर्णय कार्यमा राजनीतिक हस्तक्षेप तथा संस्थानमा सरकारी वित्तिय सहयोग रोकिनासाथ अकार्यकुशलता केही हदसम्म हटेर जान्छ, तर 'सार्वजनिक एकाधिकार' लाई 'निजी एकाधिकार' मा मात्र परिवर्तन गरियो र अन्य केही कुरा परिवर्तन भएन भने यस्तो फाइदा सिमित हुन्छ । त्यसैले सार्वजनिक संस्थानलाई निजीकरणद्वारा प्रतिस्पर्धामा उतार्नुपर्दछ ।

१२. श्रम सङ्गठनको ताकत कम गर्नु

निजीकरण सार्वजनिक क्षेत्रका श्रम सङ्गठनहरूको ताकत दुर्बल गर्ने माध्यम पनि हो । तर प्रतिस्पर्धाको माध्यमबाट संस्थान खारेज हुन सक्ने सम्भावना भएन भने श्रम सङ्गठनहरू कमजोर हुँदैनन् । त्यसैले श्रम सङ्गठनलाई नियन्त्रणमा राख्ने हो भने प्रतिस्पर्धात्मक निजीकरण प्रक्रिया र त्यसका कानुनी प्रावधानहरू उपयुक्त हुन्छन् ।

50. Explain those commitments by the government of Nepal about the issues of women's right?

मानव अधिकार एउटा शाश्वत अधिकार हो । प्रत्येक व्यक्ति जन्मिदा प्रकृतिको नियमअनुसार नै जन्मेको हुन्छ र जन्मेपछि प्राप्त हुने प्राकृतिक अधिकार नै मानवअधिकार हो । यस कुटसत्यलाई थाहा पाएर पनि हाम्रो पितसतात्मक मुलुकमा अधिकारमा कन्जुसाई भएको देखिन्छ । यहि पृष्ठभूमिको अध्ययन गरी नेपालले महिला अधिकारका सम्बन्धमा उपरोक्तअनुसार अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, महासन्धि, अनुवन्ध आदिमा हस्ताक्षर गरी अनुमोदन गरिसकेको छ भने राष्ट्रिय कानुनहरूमा समेत यसलाई समयानुकूल परिमार्जित स्थापित गर्दै आएको छ । हाल नेपालमा भएका महिला हक, हित र अधिकारसम्बन्धी विद्यमान कानुनी तथा अन्य प्रतिबद्धताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

निजामति सेवा ऐन २०५५

१. ऐनको दफा १० (ग) बमोजिम ४० बर्षसम्म निजामती सेवाको पदमा उम्मेदृार हुन पाउने पुरुषलाई ३५ वर्ष रहेको ।

२. दफा १६ बमोजिम महिला निजामती कर्मचारीलाई ६ महिना मात्र परिक्षणकालमा राखिने तर पुरुषलाई १ बर्ष।

३. दफा २१ (२) बमोजिम महिला निजामती कर्मचारीको हकमा पुरुषलाई तोकिएको सेवा अवधिभन्दा १ बर्ष कम सेवा अवधि पुगेको भए पनि बढुवाको सम्भाव्य उम्मेदवार बन्न पाउने।

स्थानीय स्वायत्त शासन, ऐन २०५५

- स्थानीय स्वायत्र शासन ऐन २०५५ को दफा ७ बमोजिम गा.वि.स. को प्रत्येक वडा समितिमा एकजना महिला वडा सदस्य रहनुपर्ने।
- दफा ८ (२) को गाउँ परिषदमा महिला वडा सदस्य बाहेक कम्तीमा १ जना सदस्य रहनुपर्ने।
- दफा १२ (२) को गा.वि.स. मा गाउँपरिषदबाट मनोनित हुने २ सदस्यमध्ये १ महिला रहनुपर्ने व्यवस्था।
- दफा ७५ ले नगरपालिकाको वडा समितिमा १ जना महिला वडा सदस्य हुनुपर्ने भन्ने व्यवस्था।
- दफा ८० (२) को नगरपालिका परिषदबाट मनोनित हुने २ सदस्यमधये १ जना महिला हुनुपर्ने व्यवस्था।
- दफा १२ (२) को जिल्ला परिषदमा १ जना महिला सदस्य हुनुपर्ने व्यस्था।
- दफा १७६ (२) को जिविसमा जिल्ला परिषदबाट मनोनित हुने २ सदस्यमा १ महिला हुनुपर्ने व्यवस्था।

यसका साथसाथै वर्तमान अन्तरिम सविधानले महिला अधिकारका सन्दर्भमा अझ बढी व्यवस्था गरेको छ जसको फलस्वरूप अहिलेको ऐतिहासिक संविधानसभामा समेत ठूलो सङ्ख्यामा महिला सभासदको उपस्थिति भएको छ।

---

51. What are the characteristics of Nepalese economy? Explain it.

नेपालको समग्र अर्थव्यवस्थालाई मुख्यतया तल उल्लेख गरिए बमोजिम विशेषताहरूमा एकत्रित गर्न सकिन्छ जो निम्न बमोजिम छन् :

१. कृषिमा आधारित अर्थतन्त्र

नेपाली अर्थतन्त्र कृषिमा आधारित अर्थतन्त्र हो । कृषि क्षेत्रमा भएको प्रगतिले समुच्चा अर्थतन्त्रको आर्थिक ढाँचा तथा गतिलाई समेत प्रभाव पारेको छ । यसकारण नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको स्थान महत्त्वपूर्ण रहेको छ । देशको कुल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब ३९ प्रतिशत रहेको छ । आर्थिक विकासको क्रममा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गई गैह्रकृषि क्षेत्रको योगदान बद्दै जाने प्रवृत्ति हुने हुँदा कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदानले देशको विकासस्तरलाई पनि इङ्गित गर्छ । नेपालको परिप्रेश्यमा भने कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको

योगदान अरू विकासशील राष्ट्रहरूको तुलनामा अझ बढी नै रहेको छ। हाम्रो देशको कृषि व्यवस्थालाई अझ पनि उद्योगको रूपमा भन्दा निर्वाहमुखी क्रियाकलापको रूपमा सञ्चालन गर्दै आएको छ। कृषि व्यवसायले सम्बन्धित श्रमशक्तिलाई वर्षभरी नै रोजगार दिन सकिरहेको छैन। तसर्थ अर्ध बेरोजगारी समस्या खेपिरहेको जनसमुदाय अधिकांश रूपमा कृषि व्यवसायसँगै सम्बन्धित रहेको देखाएको छ। हाम्रो देशको अर्थतन्त्र कृषि क्षेत्रका उत्पादन नै हुन्छन्। कृषि क्षेत्रको विकासले नै निर्यात व्यापारलाई प्रोत्साहन दिने निश्चित नै छ। यसको अझ विकासले निर्यात मुखी पदार्थको आपूर्तिमा पनि ठूलो योगदान दिएको छ भने गैह्कृषि क्षेत्रको वस्तु तथा सेवालाई आन्तरिक बजार पनि कृषि क्षेत्रको विकासले प्रदान गर्दछच। यी विविध कारणहरूले गर्दा नै नेपाली अर्थतन्त्रलाई कृषिमा आधारित अर्थतन्त्र भनिन्छ।

२. प्राकृतिक संशासन

नेपालको प्राकृतिक संशाधनबाट सम्पन्न देश हो भनिन्छ। प्राकृतिक संशाधनमा खनिज पदार्थ, जलस्रोत, वन, हिमाल, जडिबुटी आदि समावेश छन्। लगभग ८०३,००० मेघावाट जलविद्युत उत्पादन गर्न सकिने नयाँ नदिनालाहरू छन्। साथै करिब २९ प्रतिशत भूमि वनले ढाकेको छ। प्राकृतिक सम्पदा तथा जैविक विविधताले हिसाबले यो मुलुक अत्यन्तै धनी छ। करिब ७०० प्रजातिका जटिबुटिहरू औषधीको रूपमा प्रयोग भइरहेको देखिएको छ।

३. भूपरिवेष्ठित अर्थतन्त्र

नेपाल पूर्व, पश्चिम तथा दक्षिणमा गणतन्त्र भारत र उत्तरमा जनगणतन्त्र चीनबाट घेरिएको भूपरिवेष्ठित अर्थतन्त्र हो। नेपाल भारत बीचको खुला सीमान ५५० माइल छ जुन विश्वको कुनै पनि मुलुकहरूबीच यस्तो खुला सिमाना रहेको देखिएको छैन। नेपालको सबभन्दा नजिक समुन्द्र भनेको करिब १ हजार कि.मि. टाढा पर्दछ। यसरी भूपरिवेष्ठित अर्थव्यवस्था भएको हुँदा नेपालको आर्थिक विकास एक ठूलो चुनौतीको रूपमा देखापरेको छ। औद्योगिक उत्पादनको लागि आवश्यक हुने कच्चापदार्थको आयत महँगो हुने, औद्योगिक उत्पादनले बजार नपाउने, नेपाली वस्तुले अन्तर्राष्ट्रिय बजारमा अस्वस्थकर प्रतिस्पर्धा गर्नुपर्ने आदि समस्याहरू भोग्नु परिरहेको छ।

४. द्वैध अर्थव्यवस्था

नेपाल एक द्वैध अर्थव्यवस्था भएको मुलुक हो। एकारित बद्दो विकसित रूपमा शहरी क्षेत्रको विस्तार एवम् विकास भएको छ भने अर्कोतिर परम्परा आर्थिक क्रियाकलापमा आधारित ग्रामीण अर्थव्यवस्था साथसाथै रहँदै आएको छ। शहरी अर्थव्यवस्थाको समस्या ग्रामीण अर्थव्यवस्थाको भन्दा पृथक छ। शहरी क्षेत्रमा आधुनिक प्रविधिमा आधारित उत्पादन क्रियाकलाप एवम् अन्य सुविधाहरू छन् भने त्यस्तो प्रविधि ग्रामीण क्षेत्रमा रहेको छैन। यसरी विकास प्रक्रिया अझ जटिल हुन गएको छ। हरेक विकासका पक्षमा यी दुई क्षेत्रहरू फरक भएको हुँदा यी दुवै क्षेत्रको विकास समस्यालाई एउटै विकास नीतिले समाधान गर्न सकिँदैन।

५. वैदेशिक सहायतामा निर्भरता

नेपाल वैदेशिक सहायतामा अत्यधिक निर्भर रहेको एउटा मुलुक हो । नेपालले करिब २० वटा मुलुकहरू तथा करिब २० वटा बहुपक्षिय संस्थाहरूबाट विदेशी सहायता पाउँदै आएको छ । नेपालले प्राप्त गरेको वैदेशिक सहायताले प्रवृत्तिलाई विश्लेषण गर्दा तल उल्लेख गरिए बमोजिमको अवस्था देखिएको छ :

- कुल विदेशी सहायतामा अनुदान अंश घट्दै गएको तर ऋण सहायताको अंश बढ्दै गएको देखिन्छ।
- द्विपक्षीय सहायता घट्दै गएको र सो स्थान बहुपक्षीय सहायताले ओगट्दै गएको देखिन्छ।
- बढ्दो वित्तिय साधनको आवश्यकता पूर्ति गर्न वैदेशिक सहायतामा पनि वैदेशिक ऋणमा निर्भर रहनु पर्ने भएबाट नेपालले तिर्नुपर्ने विदेशी ऋणको परिणाम बढ्दै गएको छ।
- विदेशी सहायता केवल अनुदान र ऋणमात्र नभई प्राविधिक सहयोगको रूपमा पनि नेपालले प्राप्त गर्दै आएको छ। प्राविधिक सहयोगमा वस्तुगत सहयोग, परामर्श सेवा, तालिम तथा जनशक्ति विकास आदिको लागि पाउने सहयोग समावेश हुन्छ। तर नेपालले प्रतिवर्ष कति प्राविधिक सहयोग पाउने गरेको छ भन्ने वारेमा तथ्याङ्क बजेटमा प्रतिविम्बित हुन सकेको छैन । यसरी विकास कार्यक्रमहरू सञ्चालन गर्न नेपाली अर्थतन्त्र बढ्दो रूपमा विदेशी सहायतामा निर्भर हुनुको मुख्य कारण पर्याप्त मात्रामा आन्तरिक साधनको परिचलन हुन नसक्नु हो। जबसम्म आफ्नो विकास आवश्यकता अनुरूप आन्तरिक साधन परिचालन हुन सक्दैन । नेपालको वैदेशिक सहायता माथिको निर्भरतामा ह्रास आउँदैन।

52. Critically evaluate the condition of good governance in Nepal.

नेपाल अधिराज्यको संविधान २०४७ ले तथा हालको अन्तरिम संविधान समेतले नेपालमा सुशासन कायम गर्ने आधारहरू निश्चित गरेको छ। संवैधानिक हिसाबले नै वालिग मताधिकार, संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका, कानुनको शासन, मानवअधिकारको प्रत्याभूति गरेर सुशासनलाई आत्मसात् गरिएको छ । त्यस्तै यी आधारभूत संरचनालाई परिवर्तन गर्न नपाइने प्रावधान गरेर बहुदलीय पद्धतिलाई उत्कृष्ट रूपले संरक्षण तथा स्थापना गर्ने प्रयास भएको छ। त्यसैगरी शासनव्यवस्थाका तीनवटै अङ्गका बीचमा सन्तुलन र नियन्त्रणको व्यवस्था, मौलिक हकहरूको व्यवस्था, विभिन्न संवैधानिक निकायहरूको स्थापनाले नेपालमा सुशासनको अवधारणा आत्मसाथ गरेको देखिन्छ । यसरी एकातिर कानुनी तथा दातृराष्ट्रहरू एवम् संस्थाहरूले सहयोग शर्तका रूपमा सुशासनका विविध पक्षलाई अगाडी सारेकाले पनि नेपालमा सुशासनका बारेमा जनचासो बढ्दै गएको पाइन्छ। तर एउटा महत्त्वपूर्ण पक्ष के छ भने नेपालमा सुशासनको

अवधारणाबारे जनचासो बढ्नुको कारणमा कानुनी व्यवस्था र सहयोग सर्तमात्रै नभएर शिक्षाको विकास, प्रजातन्त्रको प्रवर्द्धनले ल्याएको जनचेता, सूचना क्रान्तिले ल्याएको परिवर्तन आदि सुशासनको अवधारणाप्रति चासो, प्रशासनिक सुधारको आवश्यकताको महसुस, भ्रस्टाचार नियन्त्रण गर्नुपर्ने टड्कारो आवश्यकता र शासनमा सहभागिता आदि कारणले पनि सुशासनप्रति जनचासो बढी यसले फस्टाउने वातावरण सृजना भएको छ। नेपालको सुशासनलाई अरूको नक्कल गर्ने प्रवृत्तिका रूपमा नहेरी आन्तरिक कारकका रूपमा पनि हेर्नुपर्दछ। यी आन्तरिक कारणलाई तलको चित्रमा हेर्न सकिन्छ :



त्यसैगरी सरकारी क्षेत्रबाट सुशासन प्रत्याभूति दिने क्रममा विभिन्न कार्यक्रम तथा योजनामा त्यस सम्बन्धित विविध नीति–रणनीति तर्जुमा गरी कार्यान्वयन गरेको पाइन्छ। यसै सन्दर्भमा सुशासनलाई आत्मसाथ गर्दै योजनाहरूमा व्यवस्था कतिपय उद्देश्यहरू तथा नीति तथा कार्यनीतिहरूलाई तल उल्लेख गरिन्छ :

उद्देश्य

- सार्वजनिक व्यवस्थापनलाई स्वच्छ, छरितो, पारदर्शी मितव्यीयी, प्रतिस्पर्धात्मक कार्यमुलक, सक्षम, उत्पादनशील, सेवामूलक र उत्तरदायी बनाउने।
- सार्वजनिक स्रोत साधनहरूको व्यवस्थापनलाई उचित र प्रभावकारी बनाउने,
- विधिसमेत शासन प्रणाली र नागरिक समाजको धारणालाई प्रोत्साहित गर्ने,

नीति तथा कार्यनीतिहरू

- विभिन्न मन्त्रालयहरूबाट गरिने विकास निर्माणका कार्यहरूमा समन्वय ल्याउन संस्थागत गरिनेछ।
- विकास कार्यक्रम र आयोजनाहरूको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटिलाई संस्थागत गर्नुका साथै आयोजनाको प्राविधिक व्यवस्थापन पक्षमा सुधार गरिनेछ।

- प्रशासन सुधार प्रक्रियालाई संस्थागत गरि निरन्तरता दिने र यस प्रक्रियालाई प्रभावकारी बनाउने उद्देश्यले प्रशासन सुधार सम्बन्धी कार्यको नियमित सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्न एक स्थायी शासन सुधार सीमित गठन गरिनेछ।
- विकेन्द्रिकरणको अवधारणा अनुरूप यस सम्बन्धी अन्य कार्यमा स्थानीय स्वायत्त शासन प्रणालीलाई सुदृढ गर्न र नीतिगत मार्गदर्शन तथा नियमित अनुगमन तथा मूल्याङ्कन अध्यक्षमातामा एक उच्चस्तरीय समिति गठन गरिनेछ।
- निजामति सेवालाई सक्षम, सवल, उच्च मनोवलयुक्त र उत्तरदायी तूल्याउन अधिकार र जिम्मेवारीको स्पष्ट व्यवस्था गरी वृति विकासका अवसरहरू बढाउन दीर्घकालीन निजामति कर्मचारी नीतिको तर्जुमा गरिनेछ।
- सामान्य प्रशासन मन्त्रलयलाई सार्वजनिक व्यवस्थापन सम्बन्धी, नीतिगत जिम्मेवारी सहीत यस मन्त्रालयको कार्यक्षेत्र विस्तार गरी सार्वजनिक व्यवस्थापन मन्त्रालय नामाकरण गरिनेछ।
- दीर्घकालिन प्रशासनिक तालिम नीतिको तर्जुमाद्वारा तालिम सम्बन्धी संस्थाहरूको कार्यमा एकीकरण तथा विशिष्टकरण गरी तीनिहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ।
- जनमुखी प्रशासनको अवधारणाअनुसार असल शासकीय व्यवस्थापनका लागि प्रशासनलाई पारदर्शी, विश्वसनीय र उत्तरदायी बनाइनेछ । साथै प्रशासनलाई सक्षम, जनमुखी र उत्पादशील बनाउन जनशक्ति विकास र कार्य सरलीकरणमा प्रभावकारीता ल्याइनेछ।
- सरकार, स्थानीय निकाय र निजी क्षेत्रको भूमिकालाई असल शासकीय व्यवस्थापन र विकेन्द्रिकरणको अनुकूल समायोजनद्वारा सन्तुलित तुल्याइने छ।
- आयोजना व्यवस्थापनमा सुधार ल्याउन भौतिक, मानवीय र आर्थिक साधनहरूको उचित संयोजन गरी संस्था र पदाधिकारी दुवैको जवाफदेहि निर्धारण गर्ने व्यवस्था मिलाइनेछ।
- प्रशासकिय परीक्षणलाई कानुनी मान्यता दिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

53. What are those present challanges facing by Nepalese women in present context? And how can we mitigate such challanges?

१. औपचारिक समानता र सारभूत समानताका सन्दर्भमा जे जस्ता कानुनी व्यवस्था गरिए पनि यसको प्रभावपकारिता कार्यान्वयन पक्षमा निर्भर गर्दछ । राजनैतिक अस्थिरता, लामो समयको आन्तरिक युद्ध, हत्या र हिंसाले नेपाली समाजका सबै तप्कालाई प्रभावित गरेको परिप्रेक्ष्यमा राज्यबाट गरिएका प्रयासहरूलाई गाँउ गाउँमा पुऱ्याउन सकिएको छैन । यस सन्दर्भमा राजनैतिक विचलनको अन्त्य गर्नु र

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्नु नै यसको सबैभन्दा ठूलो चुनौती देखिएको छ। यसबाट मात्र लक्षित कार्यक्रमहरूको सफल सञ्चालन हुन सम्भव हुन्छ र सरकारी तथा गैह्रसरकारी संयन्त्रहरूबाट लैङ्गक समानता र न्यासम्बन्धी संरक्षण र सम्बर्द्धन सम्भव छ।

२. मूल कानुन तथा अन्य कानुनी व्यवस्थाका बाबजुद न्यूनतम र सीमित आरक्षण स्थानीय निकायदेखि अन्य सम्पूर्ण तहमा अझै पनि व्यावहारिक महिलाहरूको सहभागिता निश्चित नहुनाले समस्या सृजना भएको छ यसका पछाडी महिलाहरूको शैक्षिक स्तर कायम नहुने एउटा प्रमुख कारण बनेको छ। तसर्थ यसका लागि शिक्षाको क्षेत्रमा प्रशस्त र सहज पहुँच पुऱ्याउन नितान्त आवश्यक देखिन्छ।

३. राजनैतिक दलहरूले महिला सहभागितालाई व्यावहारिक रूपमा लागू गर्न नसक्नु अर्को मुख्य चुनौतीका रूपमा रहेको पाइन्छ। त्यस्तो प्रयास केवल केन्द्रीय तहमा मात्र सीमित नगरेर स्थानीय निकायबाट समेत व्यावहारिक ढङ्गले गर्नु जरुरी छ।

४. क्षमता र दक्षता वृद्धि नभएसम्म महिलाहरूको व्यापक सहभागिता सम्भव हुँदैन। महिलाहरूको आर्थिक स्तर तथा ज्ञानको वृद्धिा लागि राज्य संयन्त्रले विशेष कार्यक्रमहरूको सञ्चालन प्रभावकारी ढङ्गबाट गर्नुपर्ने हुन्छ। यसका खातिर सामाजिक सचेतना अभिवृद्धि हुन आवश्यक हुन्छ।

५. नेपाली महिलाहरूको परिवार, राज्य र समाजमा समान सहभागिता तथा अस्तित्व कायम गर्न पुरुषको तुलनामा शिक्षा लगायत अन्य अर्थमा विद्यमान विभेदलाई अन्त्य गर्न आवश्यक हुन्छ। यसका लागि उपयुक्त नीति कार्यक्रम र कानुनी व्यवस्था अनिवार्य हुन्छ।

६. महिला विरुद्ध हुने घरेलु हिंसा नियन्त्रण गर्न नेपाली समाजको बनोट र परिवारमा लोग्ने मानिसको मुख्य हैषित तथा निर्णायक भूमिकामा महिलाहरूको न्यून भूमिकाका कारण ज्यादै असहज छ। कानुनले घरेलु हिंसालाई जतिसुकै दण्डित बनाए पनि एकल महिला समाजको अवधारणाको अभाव र अधिकांश महिलाको परिवारमा निर्भरता तथा लोग्ने मानिसको आर्जनमा भर पर्नुपर्ने स्थितिले सकारात्मक प्रभाव तथा उपलब्धि हासिल गर्न कठिनाई छ।

७. महिलाको पहिचान कायम गरी लैङ्गिक आधारमा गरिने कानुनी विभेदलाई अन्त्य गर्नु पनि त्यत्तिकै आवश्यक छ।

८. सरकारी संयन्त्रहरूमा जिम्मेवारी र उत्तरदायित्व वहन नहुनु, अनावश्यक ढिलासुस्ती हुनु र प्रभावकारी अनुगमन र मूल्याङ्कनको आवका कारण विगतका राज्यलै लैङ्गिक समानताको पक्षमा अपेषित लक्ष्य हासिल गरेको छैन।

९. कार्यक्रम र योजना निर्माण भए तापनि यथेष्ट बजेटको अभावको कारण लक्षित कार्यक्रमहरू सञ्चालन हुन सकेका छैनन्।

१०. उपयुक्त तथा योग्य कर्मचारी संयन्त्रको अभावले पनि लक्षित उद्देश्य प्राप्त गर्न नसकिएको अवस्था छ।

११. सर्वोच्च अदालतबाट गरिएका केही फैसलाहरू लैङ्गिक न्यायमा सकारात्मक भए तापनि महिला हिंसा तथा बेचविखन लगायतका अपराधिक मुद्दा तथा सम्पत्ति र महिला हकको सुरक्षाका सम्बन्धमा सरल र सहज न्यायिक पहुँच र यी मुद्दाहरूको सुनुवाई तथा फैसलाको लागि जिल्ला तहदेखि सर्वोच्चसम्म विशेष इजलासको व्यवस्था गर्न नसकिएको अवस्था छ।

सुझावहरू

१. राज्यले अनुमोदन गरेका सबै किसिमका लैङ्गिक न्याय र समता सम्बन्धी सन्धि, महासन्धि र सम्झौताहरूको पूर्ण पालना गर्न आवश्यक व्यवस्था गर्ने।

२. नेपालले पक्ष राष्ट्रका हैसियतबाट सम्मिलित भएका र हस्ताक्षर गरेका अभिसन्धि, महासन्धि र सम्झौताहरूले प्रत्याभूत गरेका मानव अधिकार र महिला हक हितका अवधारणालाई आफ्नो आवधि कार्यक्रमहरूमा समावेश गर्दै परिलक्षित परिणाम प्राप्त गर्न विशेष पहल र जोड गर्ने।

३. न्यायिक निर्णयका क्रममा अन्तर्राष्ट्रिय मानव अधिकाराको भावनालाई प्रयोग गरेर महिला मानव अधिकारलाई उचित सम्बोधन गर्नुपर्दछ। नागरिकता, महिलाविरुद्ध हुने हिंसा र अन्य विपषयवस्तु जुन महिलाका अधिकारसँग सम्बन्धित छन् । त्यसलाई महिलाले प्रयोग गरि त्यसबाट सार्वभौम मानव अधिकारको सुरक्षा गर्नुपर्दछ। राष्ट्रियस्तरमा अन्तर्राष्ट्रिय कानुनको प्रयोगको महत्त्व रहने हुँदा त्यसको आवश्यक प्रयोग गरिनुपर्दछ।

४. नेपाल नागरिकता ऐन र नियमावली आवश्यक संशोधन गरी आमा र बाबुलाई समान हक प्रदान गर्ने।

५. मुलुकी ऐनमा भएका सम्पत्तिमा महिला र छोरीको हकलाई सुनिश्चित गर्ने र विवाहित छोरीको पनि हक कायम गर्ने।

६. उपदान, विभृतिभरण, वोनस आदिका महिलाहरूको हक सुरक्षित गर्न सम्बन्धित कानुनमा संशोधन गर्ने।

७. महिला, वेचविखन, यौन दुव्यवहार र वेश्यावृत्तिसम्बन्धी कानुनलाई बढी सशक्त बनाउन र यस्ता अपराधलाई नियन्त्रण गर्न विशेष व्यवस्थाको प्रत्याभुति गर्ने।

८. शिक्षामा महिलाहरूको पहुँच बढाउन आफूखुशी अध्ययन गर्न पाउने, रोजगारमा महिलाहरूको पहुँच बढाउन विशेष आरक्षणको व्यवस्था गर्ने।

९. महिला स्वास्थ्यको क्षेत्रमा सुरक्षित गर्भपतन लगायतका विषयमा महिला अधिकार सुरक्षित गर्ने।

१०. न्यायधीशहरूले निर्णय गर्दा निष्पक्ष पूर्पक्षका न्यायिक सिद्धान्तलाई प्रयोग गरी महिला विरुद्ध हुने विभेदका सम्बन्धमा समेत सचेत हुँदै न्यायिक अधिकारलाई लिङ्गको आधारमा गरिने कुनै प्रकारको विभेदलाई अन्त्य गर्नका लागि प्रयोग गर्नुपर्दछ।

११. अदालतले महिला विरुद्धको विभेदलाई हेर्दा प्रत्यक्ष दुवै प्रकारको विभेदलाई हेर्नुपर्दछ।

१२) कुनै कानुनी प्रावधानले प्रत्यक्ष विभेद गरेको छैन तर त्यसको परिणाम महिलाको हकमा नकारात्मक असर पार्ने रहेछ भने त्यसलाई समेत अन्य गर्नका लागि उपयुक्त आदेश दिँदै कानुन परिवर्तन गरिनुपर्दछ।

१३. विभेदकारी कानुनहरूमा संशोधन गर्दा पर्नसक्ने नकारात्मक प्रभाव र लैङ्गिक न्याय र समताका लागि आवश्यक अध्ययन गर्नु जरुरी छ। यसका लागि पूर्व अध्ययन प्रतिवेदनलाई समेत आधार बनाउन सकिन्छ । परिवर्तित सन्दर्भमा आएका राजनैतिक घोषणाहरू र अन्तर्राष्ट्रिय महासन्धितहरूले प्रत्याभूत गरेका महिला मानवअधिकार सम्बन्धि मुद्दाहरूमा केन्द्रित रहि नयाँ कानुनहरूको निर्माण गर्नका लागि विशेष अध्ययनको आवश्यकता रहेको छ।

१४. आवधिक योजनाहरूले अङ्गिकार गरेका महिला सम्बन्धित नीति र अन्तर्राष्ट्रिय दस्तावेजहरू समेतका आधारमा आवश्यक अध्ययन गरी छुट्टै राष्ट्रिय महिला नीति लागू गर्न आवश्यक छ। यदि राष्ट्रिय नीतिका आधारमा राज्य र नागरिक समाजबाट विभिन्न कार्यहरू सम्पादन हुन्छन् । यसको जिम्मा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले लिनु उपयुक्त हुन्छ।

१५. महिला साक्षरता र शिक्षालाई बाध्यात्मक रूपमा लागू गरिनु पर्ने र उच्च शिक्षा तथा अध्ययनमा महिलाहरूको पहुँच विस्तार गर्ने, आवश्यक कोटा निर्धारण, स्रोत र साधनको व्यवस्था तथा आकर्षण सहीतको विशेष प्याकेज बनाई कार्यान्वयन गरिनुपर्दछ।

१६. तल्लो तहमसम्मका महिलाहरूलाई सम्बोधन गर्न ग्रामीण तथा पछाडि क्षेत्रमा पहुँच तथा आवश्यक हुन्छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाद्वारा सञ्चालन गरिने सबै किसिमका कार्यक्रमहरू गाउँमुखी छन् तथापि यति लामो अवधि पश्चात पनि अपेक्षित उपलब्धि हासिल हुन नसक्नुमा स्थानीय स्तरमा अनुगमन प्रणालीको अभाव र स्थानीय निकायको असंलग्नता प्रमुख कारण देखिएको छ । तसर्थ सबै किसिमको कार्यक्रमहरू स्थानीय निंकायसँग कारण देखिएको छ । तसर्थ सबै किसिमका कार्यक्रमहरू स्थानीय नियकासँग समन्वय गरी सञ्चालन गर्ने गराउने बाध्यतात्मक व्यवस्था गरिनुपर्दछ । यसका लागि ऐच्छिक र सैद्धान्तिक मात्र नभई कार्यकारी र बाध्यकारी व्यवस्था गरी स्थानीय निकायको भूमिका र दायित्व समेत कानुनद्वारा नै व्यवस्थित गरिनु आवश्यक छ।

१७. कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनुपर्ने।

१८. विभिन्न मन्त्रालय र विभागद्वारा सञ्चालन र सम्पादन गरिने योजना तथा कार्यक्रमहरूलाई केन्द्रमुखी भन्दा ग्रामीण तथा लक्षित वर्गमुखी बनाउने।

१९. नीति तथा कार्यक्रमहरूलाई सामाजिक रूपान्तरणमा भएको सकारात्मक प्रभावबाट बजेट खर्चको आधारमा गरिने मूल्याङ्कन व्यवस्थालाई अन्त्य गर्ने र लक्षित समूहले प्राप्त गरेको परिणामलाई आधार बनाई मूल्याङ्कन गर्ने।

54. What kind of policy is needed for the promotion of economic development by keeping the mutual relationship between localization and globalization and why? Analyse it.

विश्वव्यापीकरण

Globalization is a free movement of goods, services, people, capital and information across national boundaries. (वस्तु, सेवा, मानिस, पूँजी र सूचनाको राष्ट्रिय सीमापार गरेर हुने स्वतन्त्र परिचालन नै विश्वव्यापीकरण हो।) विश्वव्यापीकरण सुचना युगको जगमा संरचित एउटा नवितम विश्व व्यवस्था हो। यो औद्योगिक युगद्वारा स्थापित पूरानो विश्व व्यवस्थाको नयाँ सन्तान हो। यसलाई राष्ट्रहरू बीचको नयाँ 'Global compact' तथा राज्य नागरिक बीचको नयाँ परिभाषित सम्बन्ध पनि भन्ने गरिन्छ। विकासोन्मुख राष्ट्रहरूमा Globalization का संयन्त्रहरू (Tools) का रूपमा (क) खुल्ला बजार अर्थतन्त्र (ख) आर्थिक उदारीकरण (ग) निजीकरण (घ) सरकारी–निजी साझेदारी (PPD) आदिलाई लिन सकिन्छ।

विश्वव्यापीकरणका प्रमुख विशेषताहरू

१. राजनीतिक विशेषता

- प्रजातान्त्रिक व्यवस्था र मानवअधिकारीको सम्मान
- विश्वव्यापि शासन व्यवस्थाः राज्यको सार्वभौमसत्ता र भौगोलिक सीमानाको महत्त्वमा कमी।
- राज्यको भूमिका परिवर्तन "State as a refree, not as a player"
- राष्ट्रिय संस्था, नीति, कानुनहरू बहुराष्ट्रिय ढाँचा भित्र समायोजना हुनु।
- प्रथम, दोस्रो र तेस्रो मुलुक गरी विश्वलाई गरिने विभाजनको अन्तय।
- सहभागीतामूलक विकसको ढाँचा, विकेन्द्रिकरणमा जोड।
- अन्तर्राष्ट्रिय राजनीतिक आर्थिक मामिलाको वर्चस्व : आर्थिक कुटनीति।
- प्रशासकीय सङ्गठनहरूको पुनर्संरचनामा जोड।

२. आर्थिक विशेषताहरू

- आर्थिक, उदारीकरण, निजीकरण र प्रतिस्पर्धा
- उत्पादनमा विविधकरण तथा विशिष्टिकरण
- ज्ञानमा आधारित उद्योगहरूको विकास र विस्तार
- New global compact
- A unit with single division of labor.
- उपभोक्ताको वर्चस्व कायम हुनु।
- Cyber economy तथा पूँजी बजारको एकीकरण
- राष्ट्रिय अर्थतन्त्र विश्व अर्थतन्त्रमा एकीकरण

- आर्थिक क्षेत्रीयवादको उदय
- प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि। विश्वव्यापि श्रम बजारको विकास।
- औद्योगिक पूँजीवादबाट बौद्धिक पूँजीवादमा प्रवेश

३. सामाजिक सांस्कृतिक विशेषताहरू
- Universal culture system को विकास
- Universal value system को विकास

स्थानीयकरण

सूचना प्रविधिमा आएको क्रान्ति र नागरिकहरूको बढ्दो चेतनास्तरले राजनीतिमा सहभागिमूलक प्रजातन्त्र विकासमा Trickle up approach ले गहिरो प्रभाव पनि गर्यो। यी अवधारणाहरूले आज विकास तथा राजनीति दुवैलाई स्थानीयकरण गरिदिएका छन्। स्थानीयकरणले विकेन्द्रीकरणलाई राजनीति तथा विकास दुवैको आधारस्तम्भ हो भन्ने मान्यतालाई विस्तापित गरी स्थानीय स्वायत्र सरकारको अवधारणालाई जीवन्त वनाएको छ। राजनीतिमा नागरिकहरूले प्रत्यक्ष सहभागिता (People participation) स्थानीय तवरमा सेवा वितरण (Service delivery) र स्थानीय क्षेत्रको आर्थिक सामाजिक विकास (Local socio-economic development) जस्ता विकास प्रजातन्त्र (Development democracy) का आयामहरूका लागि विकास र राजनीतिको स्थानीयकरण महत्त्वपूर्ण मुद्दा भएका छन्। स्थानीयकरण मौलिकताको संरक्षण हो। मौलिकताको संरक्षणको अर्थ यथास्थितिमा रम्नु या संकीर्णतामा बाँधिनु होइनु। त्यसरी बाँधिएका भए अहिले पनि हामी जङ्गली अवस्थामै हुन्थ्यौ। आफ्नो पहिचान खोज्ने नाममा विखण्डन निम्तियाउने र एक हुने नाममा आफ्नो पहिचान गुमाउने दुवै खतरनाक कुराहरू हुन्। विवधता बीचको एकता सुन्दर 'इन्द्रेणी' भएझैं स्थानीयकरणको महत्त्व रहेको छ । विश्वव्यापिकरण र स्थानीयकरण बीच सामञ्जस्यता राखेर विकास प्रक्रियालाई निरन्तरता दिन तल उल्लेखित पक्षहरूलाई ध्यान दिन जरुरी छः

- मानव विकासलाई पहिलो प्राथमिकता दिनुपर्दछ। विश्वव्यापिकरणले वस्तु तथा सेवाहरूको छनौटको सभावनालाई वृद्धि गरी उपभोक्ताको प्राथमिकतालाई फरक पारिरहेको छ। भने मानव विकासले मानवीय क्षमता र अवसरलाई विस्तार गरी मानसिक छनौटलाई बढाउँदछ।
- बजारको तीव्रतर विस्तार भएको छ। यसले लाभ लागतका अनुपातमा व्यापार विस्तारमा योगदान गरिरहेको छ। यस अवसरलाई उपभोग गर्न 'ब्राण्डेड इमेज' कायम गर्न सक्ने वस्तु तथा सेवाहरूको पहिचान गरी उत्पादनमा जोड दिनुपर्दछ।
- कम लागतमा गुणस्तरीय वस्तु तथा सेवाहरूको उपलब्ध हुने प्रतिस्पर्धात्मक वातावरणका सृजना भएको छ। यसर्थ परम्परागत उत्पादनका वस्तु जस्तै धान, मकैको सट्टामा तुलनात्मक लाभ भएका वस्तुहरू जस्तै अदुवा, अलैंची आदिको उत्पादनमा जोड दिई निर्यातलाई प्रोत्साहन गर्नुपर्दछ।

- उपभोक्तालाई छनौटको अधिकार प्राप्त भएको छ। एउटै वस्तु तथा सेवा उत्पादन र वितरण गर्ने संयन्त्रहरूमा विविधता आएको छ। यस्तो संयन्त्रलाई अधिराज्यव्यापि बनाई स्थानीय स्तरमा समेत सुलभरूपमा वस्तु तथा सेवाहरूको विस्तार गरिनुपर्दछ।
- सूचना र प्रविधिमा आएको क्रान्तिकारी परिवर्तनले उत्पाकत्व बढाउनुका साथै सुचना माथिको पहुँचलाई सरल र सहज तुल्याई दिएको छ। यस्तो अवसर स्थानीय तहसम्म पुऱ्याई Knowledge based society र knowledge based industry को स्थापना र विकासमा जोड दिनुपर्दछ।
- संसार Borderless society को रूपमा रूपान्तरण हुँदा रोजगारीका अवसरहरू फराकिला भएका छन्। योग्यता र सीप हुनेहरूले संसारको जुनसुकै कुनामा गएर काम गर्न सक्ने वातावरणको सृजना भएको छ। यसका लागि युवाशक्तिलाई प्राविधिक ज्ञानले सुसज्जित बनाउनुपर्दछ।
- नवीन आविस्कारहरू सृजना हुने क्रम बढेको छ। यसले innovation लाई सहयोग मिलेको छ। Confortable वस्तुहरूको विश्व बजारमा सहज उपलब्धताले जीवनस्तरमा सुधार ल्याउन पुग्दछ। यसका लागि स्थानीय सीप र प्रविधिलाई आधुनिकीकरण र परिस्कृत गर्दै लैजानुपर्दछ।
- जनचेतना तथा उपभोक्ता चेतनामा वृद्धि भएको छ यसले स्थानीय पहिचानहरूको जगेर्ना र विकास गर्नमा ठोस योगदान पुऱ्याउन सक्दछ। तसर्थ स्थानीय स्तरका परम्परागत मूल्य, मान्यता र संस्कृतिहरूको पहिचान गर्नुपर्दछ।
- विचार, मूल्य, मान्यता र संस्कृतिको आदान प्रदान भएको छ। यसले विश्वजनमानसलाई भावनात्मक रूपमा निटक ल्याउन मद्दत गरिरहेको छ। स्थाीय तवरमा यस्ता कार्यक्रमहरूको आयोजना तथा प्रचारप्रसार हुन नितान्त जरुरी रहेको देखिन्छ।
- स्थानीय निकायहरू सशक्तिकरण र विकेन्द्रीकरण आज विकासको रणनीति बनेका छन्। यी निकायहरूले संसारमा के खोजिरहेका छन् ? तथा हामी के दिन सक्दछौं ? भन्ने प्रश्नको समाधान गर्न सक्छन्।

अन्त्यमा, आज युरोपियन युनियन स्थानीकरणको संरक्षण गर्दै विश्वव्यापीकरणलाई अङ्गाल्न पुगेको छ। संयुक्त राष्ट्रसङ्घले विश्वव्यापिकरण र स्थानीयकरण बीच सामाञ्जस्य कायम गर्न सहस्राब्दी विकास लक्ष्यहरू अगाडि सारेको छ यसर्थ यी दुवैको उचित संयोजनबाट मात्र संसारबाटै गरिबी निवारणझैँ एउटा सम्पन्न विश्वको निर्माण हुनेछ।

55. How is it possible to participate optimumly the local people in the context of rural development?

Development is impossible if it does not take place in the mind of men" आयोजना तर्जुमा, कार्यान्वयन, उपभोग एवम् मूल्याङ्कन समेतका प्रत्येक तह

र चरणका क्रियाकलापहरूमा जनताको सहभागिता हुने विकास प्रयास नै व्यावहारिक अर्थमा जनसहभागिता हो । तसर्थ आयोजना सफल बनाउने उल्लेखित सबै चरणहरूमा जनताको अर्थपूर्ण र सक्रिय सहभागिता (Meaningful and active participation of people) आवश्यक पर्दछ।

जनसहभागितालाई अधिकतम रूपमा परिचालन गर्न अपनाउनुपर्ने उपायहरू

- जनताको भौतिक, बौद्धिक र मनोवैज्ञानिक सामर्थ्यलाई विकास कार्यमा उपयोग गर्न नसकेसम्म विकास कार्य सम्भव छैन भन्ने तथ्य नेपालको विकास प्रयासले गरिसकेको छ । यसर्थ विकास क्रियाकलापका हरेक तह र चरणमा जनतानै निर्णायक शक्तिको रूपमा रहनुपर्दछ।
- विकासको सन्दर्भमा जनसहभागिताको अवधारणा सरकारी स्तरबाट गरिने विकास प्रयासको असफलतापछि मात्र अगाडि आएको छ। यसर्थ सरकारी क्षेत्र पूर्ण रूपमा विकास कार्यबाट अलग भई केवल सहजकर्ता र पहलकर्ताका रूपमा सीमित नहुन्जेलसम्म जनसहभागिता कोरा कल्पना मात्र हुन्छ भन्ने तथ्यलाई हामीले भुल्नु हुँदैन।
- विकास कार्यका लागि योजना तर्जुमा गर्दा जनआवाजलाई प्रमुख स्थान दिइनुपर्दछ। जनताले 'पानी' मागेका स्थानमा सरकारले 'खानी' लगेर जनताले सहयोग गरेनन् भन्न मिल्दैन।
- विकास आयोजनाहरू तत्काल प्रतिफल दिने, दीगो र स्थानीय प्रविधिमा आधारित हुनुपर्दछ।
- स्थानीय श्रोतको उपयोग तथा ग्रामीण जनतासँग भएको सीप उपयोग हुनसक्ने गरी विकासका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ।
- विकेन्द्रिकरणको मर्म अनुरूप स्थानीय इकाइहरूबाट योजनाको तर्जुमा तथा कार्यान्वयन गरिनु पर्दछ। सकेसम्म धेरै जनतालाई योजना तर्जूमा र कार्यान्वयनमा सहभागी गराइनुपर्दछ।
- अनुगमन, मूल्याङ्कन र उपयोगका चरणमा जनताहरूको उचित प्रतिनिधित्व गराइनुपर्दछ । सहभागिताका आधारमा प्रतिफलको उपभोग गर्ने व्यवस्था गरिनुपर्दछ।
- जनताको सार्वभौमसत्तालाई हरतरहने सम्मान गरिनुपर्दछ । सार्वजनिक स्थानमा जनताले आफ्नो सार्वमभौमसत्ताको महसुस गर्न पाउने कानुनी व्यवस्था गर्न नसकिन्जेल सम्म विकासमा जनताले सम्पूर्ण रूपमा आफ्नो शक्ति खन्याउने आशा गर्न सकिँदैन।
- शिक्षाको माध्यमबाट जनचेतनाको विस्तार गरिनुपर्दछ । यसले आम जनतामा विकासलाई अधिकारको रूपमा स्थापित गर्न मद्दत गर्नेछ।

कस्तो आयोजनामा जनता सहयोग गर्न उत्साहित हुन्छन् ?

- सरोकारपक्षबाट आवश्यकता महसुस गरिएको छ।

- स्थानीय स्रोत र साधनको प्रयोग हुन सक्ने।
- जोखिम र अनिश्चितताहरू ज्यादै न्यून रहेको ।
- सकेसम्म छिटो, दीगो र भरपर्दो रूपमा प्रतिफल दिन सक्ने।
- जनताले गर्ने सहयोग मौद्रिक भन्दापनि श्रममुलक भएको।
- सामाजिक सांस्कृतिक र वातारणीय पक्षहरूमाथि पर्याप्त ध्यान दिइएको।
- आयोजनाका लागतहरू सरोकार पक्षलाई पारदर्शी बनाइएको।
- मर्मत सम्भारको लागि लागत कम हुने तथा स्थानीय प्रविधिको उपयोग हुने।
- कार्यान्वयन समितिमा स्थानीय जनताको बाहुल्यता रहेको।
- निःशुल्क श्रमदानलाई भन्दा सशुल्क श्रमदानलाई बढी महत्त्व दिइएको।
- अनुगमन र मूल्याङ्कन पक्ष सशक्र र प्रमभावकारी भएको।
- जनलेखा परीक्षणको माध्यमद्वारा खर्चलाई व्यवस्था गरिएकोछ।
- जनगुनासाहरूको तत्काल सुनुवाई हुने व्यवस्था भएको।
- पुरस्कार र दण्ड प्रणालीलाई व्यवस्थित गरिएको।
- बाह्य आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने व्यवस्था सरल भएको।
- सरोकार पक्षलाई योगदानका आधारमा प्रतिफल उपलब्ध गराउने व्यवस्था भएको।

जनताले सहयोग गर्न उत्सुक हुने आयोजना कसरी छनोट गर्ने ?

- राष्ट्रिय नीति र आवधिक योजनाले परिलीक्ष्यत गरेका समष्टिगत आधारहरू।
- आयोजनाबाट लाभान्वित हुने जनताको सङ्ख्या तथा किसिमको व्यापक अध्ययन।
- तुलनात्मक लागत लाभका हिसाबले लाभकारी देखिएको।
- नीतिगत र संस्थागत आधारहरू सक्षम र प्रभावकारी रहेको।
- आयोजनाको आवश्यकताको संचार र त्यसप्रति सकारात्मक सोचाई भएको।
- स्थानीय जनताबाट नै आयोजना सञ्चालनका लागि दबाब परेको।
- समावेशी ढङ्गले समुदायका सबै पक्षको प्रतिनिधित्व हुन सक्ने प्रकृतिको।

56. Critically point out the negative factor of Marxian perspective?

विश्वमा स्थापित विचारहरूमध्ये सबैभन्दा सर्वकालिक तथा यथेष्ट मानिसहरूको माझमा चर्चामा भएको वाद/विचार मार्क्सवाद हो। यसले विश्व जगतमा एउटा हलचल पैदा गर्न सफल भयो र यसका आफ्नै सकारात्मक तथा नकारात्मक पक्षहरू छन्, जसलाई हामी तल उल्लेख गर्दछौं :

१. इतिहासको भौतिक व्याख्या एकपक्षीय

इतिहासको निर्माणमा आर्थिक तत्त्वको महत्त्वपूर्ण भूमिका रहेको बारेमा शंका छैन। तर इतिहासलाई विश्लेषण गर्दा आर्थिक तत्त्वमात्र नभएर मानवीय संवेग तथा धर्म आदिले पनि मानवका क्रियाकलापलाई प्रभावित गरेको छ। लास्कीले आर्थिक पृष्ठभूमिमा

ऐतिहासिक विकासको व्याख्या गर्नु त्रुटिपूर्ण भनेका छन्। वर्टन रसेलले इतिहास खाली आर्थिकमात्र नभएर राजनैतिक, नैतिक, धार्मिक, न्यायिक तथा कलात्मक पक्ष पनि रहेको भनी मार्क्सवादी व्याख्यालाई एकपक्षिया मानेका छन्।

२. अतिरिक्त मूल्यको सिद्धान्त भ्रमपूर्ण

मार्क्सवादी विचारधाराले अतिरिक्त मूल्यको सिद्धान्त अन्तर्गत श्रमिकको श्रमलाई मात्रै प्राथमिकतामा राखेको छ। मूल्य निर्धारण श्रमको मात्रै भूमिका रहन्छ भनेर भ्रमयुक्त विचार व्यक्त गरेर Confusion create गर्न खोजेका छन् तर मूल्य निर्धारण प्रक्रियामा अन्य पक्षहरू जस्तै मेसिनको मूल्यमा आउने परिवर्तन, लगानीको व्याज, लगानीको जोखिम, कारखानाको भाडा, कच्चा पदार्थको आपूर्तिमा हुने fluctuation आदिले पनि गम्भिर प्रभाव पारेका हुन्छन् तसर्थ त्यस्ता पक्षलाई ध्यान नदिई बनाएको सिद्धान्त अपूर्ण, अव्यावहारिक तथा भ्रमपूर्ण छ।

३. वर्ग सङ्घर्षको सिद्धान्त दोषपूर्ण

मार्क्सवादी विचारधाराको महत्त्वपूर्ण पक्ष वर्ग सङ्घर्ष भए तापनि आलोचकहरूले यसमाथि थुप्रै प्रश्नहरू सृजना गरेका छन् । मार्क्सवादी विचारका मुताविक समस्त इतिहासमा haves and haves not को विचारमा द्वन्द्व सृजना भएको पाइदैन। समाजमा आर्थिक वर्ग बाहेकका पनि अन्य वर्ग तथा उपवर्गहरू निहित छन्। भिठन संस्कृति, जात, धर्म आदिका आधारमा पनि समाजमा द्वन्द्व सृजना हुन्छ केवल शोषक र शोषित बीचमा मात्रै द्वन्द्व सीमित हुँदैन । त्यस्तै मार्क्सले श्रमिक आन्दोलन पूर्ण पूँजीवादी मुलुकहरूमा हुन्छ भनेका छन् तर त्यसमा सत्यता छैन किनकी अमेरिका एउटा पूर्ण पूँजीवादी मुलुक हो तर यहाँ त्यस्तो अवस्था देखिएका छैन।

४. अधियानकवादी विचार

यो अवधारणाले संक्रमणकालमा तानाशाही व्यवस्थाको वकालत गरेको तथा व्यक्तिगत अधिकार, स्वतन्त्रता तथा इच्छा जस्ता उदारवादी अवधारणालाई वर्जित गरेकाले यो एक निरंकुश तथा अधिनायवादी विचार हो। जसले मानवीय मूल्य, मान्यता, इच्छा र चाहनालाई शासन व्यवस्था सञ्चालनका क्रममा अंकुश लगाउन खोज्दछ।

५. हिंसात्मक क्रान्ति गलत बाटे

मार्क्सवादी अवधारणाले शोषित, पिछडिएको र तल्लो वर्गलाई आफ्नो हक र अधिकार स्थापनाका खातिर हतियार उठाउन प्रेरित गर्दछ तर त्यस्तो बाटे मानवीय विकासका दृष्टिकोणले सही होइन। त्यस्तो क्रान्तिले सामाजिक द्वन्द्व, विमेल र हिंसालाई प्रोत्साहित गर्दछ । साथै यसले ठूलो जनधनको क्षति गर्दछ । तसर्थ यो अवधारणा विकासप्रेमी (Devepment friendly) हुन सक्दैन।

६. अव्यावहारिक वितरण सिद्धान्त

साम्यवादी समाजमा व्यक्ति आफ्नो योग्यताअनुसार उत्पादन गर्दछ । आवश्यकताअनुसार प्राप्त गर्दछ भने सिद्धान्तलाई व्यावहारिक रूप दिन सकिएको छैन। आवश्यकतालाई ठीक ढङ्गले निश्चित गर्न सकिन्न।

यसरी मार्क्सवादी विचारका कतिपय सन्दर्भमा आलोचनाहरू भए तापनि यो एउटा गहन र प्रभावकारी विचार (ideology) हो जसले विश्वमा प्रभावकारी छाप छोड्न सफल देखिन्छ।

57. Explain the role of millennium development goals in the rural development process of Nepal?

वास्तवमा सहश्राब्दीलक्ष्य कुनै एक देशको विकास प्रक्रियालाई मात्रै मध्यनजर गरेर बनाइएको दस्तावेज वा घोषणापत्र होइन यो सन् २००० को संयुक्त राष्ट्रसङ्घीय सहश्राब्दी सम्मेलनमा १४७ राष्ट्रका सरकार प्रमुखहरूले संयुक्त रूपमा पारित विकास सम्बन्धी दस्तावेज हो । यो घोषणापत्रमा नेपालले समेत सहमित जनाइसकेको अवस्था हो । विशेषत उक्त घोषणापत्रले सन् २०१५ भित्र विकासका आठवटा लक्ष्यहरू जो यो घोषणापत्रमा उल्लेख गरिएका थिए । प्राप्त गर्नुपर्ने लक्ष्य निर्धारण गरेको थियो । यसै सन्दर्भमा नेपाल समेत विकासको हिसाबले अत्यन्तै पछाडी परेको, ग्रामीण क्षेत्रका जनताको जीवनस्तर अत्यन्तै कस्टकर रहेको र त्यस्तो अवस्थाबाट मुक्ति पाउनका लागि यो सहश्राब्दी विकास लक्ष्यको कार्यान्वयन हाम्रो सन्दर्भमा अत्यन्तै महत्त्व हुने भएकाले यसको प्रभावकारी कार्यान्वयन जरुरी देखिन्छ । यसै सन्दर्भमा Millenium development goals का मुख्य आठवटा लक्ष्इहरू र त्यसले हाम्रो ग्रामीण विकासका लागि पार्नसक्ने प्रभावलाई तल उल्लेख गरिन्छ :

१. गरिबी तथा भोक उन्मुलन

हुनतः यो लक्ष्य निर्धारण विश्वव्यापी रूपमा सबै मुलुकहरूका लागि गरिएको हो तर यस्तो लाग्छ कि यो लक्ष्य केवल हाम्रो स्थितिको विश्लेषण पश्चात राखिएको हो । अर्थात् हाम्रो देशको सामान्यतया र विशेषत ग्रामीण क्षेत्रको जनसङ्ख्याको ठूलो हिस्सा आजपनि गरिबीको चपेटाबाट पीडित छन् । बर्खाको समयमा अहिलेपनि हाम्रा ग्रामीण भेगका जनता भोकमरीको शिकार बनेका छन् त्यस्ता समाचारहरू यो प्रश्नको उत्तर लेखिरहँदा पनि सञ्चारमाध्यमबाट प्रसारित भइरहेका छन् । अतः यस्तो अवस्थामा सहश्राब्दी लक्ष्य अनुसार त्यसलाई समाधान गर्न सक्रिय रूपमा ध्यान दिन सकेमा हाम्रो ग्रामीण क्षेत्रको ठूलो र अधिकांश समस्याको समाधानमा सहयोग पुग्न सक्ने अवस्था थियो।

२. विश्वव्यापी रूपमा प्राथमिक शिक्षा प्राप्ति

ग्रामीण क्षेत्रमा जनताको चेतनास्तर न्यून रहनु र वैज्ञानिक विचारको अभावमा परम्परागत र पुरातनवादी अवधारणाको बाहुल्यता रहनुले त्यो क्षेत्र विकास प्रक्रियाबाट बाहिर रहन गएको छ। विद्यालय नजाने बच्चाहरूको दर अहिले समेत ग्रामीण क्षेत्रमा ४० प्रतिशत भन्दा बढी छ। त्यस्तो अवस्थाले भोलिको ग्रामीण क्षेत्रको स्थिति समेत काहाली लाग्दो देखिन्छ तसर्थ त्यस्तो अवस्थालाई समाप्त गर्न पनि Millennium development goals को प्राथमिक शिक्षा प्राप्तिमा जोड यो अवधारणाले धैरै हदसम्म

हाम्रा ग्रामीण क्षेत्रका जनताको चेनतास्तरलाई माथि पुऱ्याउन दुरगामी प्रभाव पार्ने निश्चित प्रायः छ।

३. लैङ्गिक समाना तथा महिला सशक्तिकरणको प्रवर्द्धन

मुख्यतया, गरिब मुलकुहरूको समस्या सामाजिक विभेद अर्थात् मानिसहरूकै बीचमा वैज्ञानिक कारण रहित विभेदपूर्णय व्यवहार हो । त्यसैले हाम्रो मुलुकमा समेत आजसम्म समेत लिङ्गका आधारमा समाजले, राज्यले महिलमाथि अन्यायपूर्ण र असमानपूर्ण व्यवहार गरिरहेको छ । विगतको तुलनामा नेपाली महिलाहरूले पछिल्लो दशकमा थुप्रै निर्णायकहरू प्राप्त गरेका छन् अर्थात् उपलब्धिहरू प्राप्त भएका छन् तर ग्रामीण महिलाहरूको अवस्थामा सहस्राब्दी विकास लक्ष्य अनुरूपको यो लक्ष्यले समेत त्यस्ता महिलाहरूको विकास, प्रबर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। त्यसै लक्ष्य अन्तर्गत रहेर विभिन्न नीति, रणनीति तथा कार्यक्रम सञ्चालन गरी उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउन खोजिएको छ। जसले हाम्रो विकास प्रक्रियालाई धैरै हदसम्म अगाडी बढाउन सहयोग पुऱ्याइएको छ।

४. बालमृत्युदर न्यूनीकरयण

उपयुक्त चेतनाको अभाव, गरिबी, उमेर नपुगी गरिने विवाह, सामाजिक कुसंस्कार तथा नजिकै स्वास्थ्य सेवाको सहज उपलब्धताको अभाव आदिजस्ता कारणहरूले हाम्रो ग्रामीण क्षेत्रमा हालसम्म समेत बालमृत्युदरको अवस्था निकै चुनौतीपूर्ण अवस्थामा छ। यस्तो चुनौतीलाई व्यवस्थापन गर्न राज्य, गैह्रसरकारी संस्थाहरू लगायत अन्य सम्पूर्ण Stakeholders हरूले सक्रिय भूमिका समेत निर्वाह गरिरहेका छन्। सहश्राब्दी लक्ष्यलाई प्राप्त गर्न अझ बढी र सक्रिय रूपले सम्बन्धित पक्षको परिचालन र योगदान जरुरी छ जुन ग्रामीण विकासको एउटा महत्त्वपूर्ण पाटो हो।

५. मातृस्वास्थ्यमा सुधार

ग्रामीण क्षेत्रमा आवश्यक पूर्वाधारहरूको अभाव, स्वास्थ्यसम्बन्धी जनचेतनाको अभाव, महिलालाई हेर्ने दृष्टिकोणमा विभेद जस्ता कारणहरूले अझै समेत हाम्रो ग्रामीण क्षेत्रमा मातृमृत्युदर अत्यन्तै ठूलो अजवस्थामा रहेको छ जसले ठूलो समस्या सृजना गरेको छ । अकालमै आमाले ज्यान गुमाउनु परेकाले थुप्रै सामाजिक समस्याहरूलाई सृजना गरिदिने गरेको छ। यस्तो परिप्रेक्षयमा मातृस्वास्थ्य सम्बन्धी, शिक्षाको व्यवस्था, आवश्यक सेवा सुविधाको व्यवस्था र महिला र आमालाई (गर्भवती) हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न सके ठूलो उपलब्धि प्राप्त गर्न सकिने थियो र त्यस्तो उपलब्धि हासिलगर्न Millennium developemnt goals को मातृस्वास्थ्यमा सुधार शीर्षकको लक्ष्यले हाम्रो सन्दर्भमा पनि सक्रिय र र महत्त्वपूर्ण भूमिका निर्वाह योजनाबद्ध रूपले गरिरहेको छ।

६. एच्.आई.भी/एड्स औलो तथा अन्य रोगविरुद्ध सङ्घर्ष

आयस्रोतको अभाव, चेतनाको कमी, बढ्दो बेरोजगारी समस्या तथा चरम गरिबीका कारण हाम्रो ग्रामीण क्षेत्रमा थुप्रै स्वास्थ्य सम्बन्धित समस्याहरू (Health related problems) देखिएका छन् । त्यसमा पनि विश्वव्यापि रूपमा चिन्ताको रूपमा बढ्दै

गएको HIV/AIDs मुख्य रूपमा हाम्रो ग्रामीण क्षेत्रमा पनि चिन्ताको विषय बनेको छ। बाध्यतावस गरिने यौनसम्पर्क (पैसाको लागि), ललाइफकाईमा गरिने यौनसम्पर्क तथा झुक्काएर विदेश लगेर चेलीवेटी बेचविखन गर्ने जस्ता कार्यहरू ग्रामीण क्षेत्रमा बढेको पाइएको छ। यौनशिक्षाको अभाव, खुला रूपमा गरिने यौनसम्पर्क आदिले गर्दा HIV को संक्रमण ग्रामीइण क्षेत्रमा बढ्नु ठूलो चुनौतीको रूपमा देखिन थालेको छ। यस्तो अवस्थामा यो विरुद्ध लड्नका लागि जुन मुख्य लक्ष्यका साथ सहस्राब्दी लक्ष्यले भूमिका निर्वाह गरेको छ त्यो अतुलनीय छ।

७. वातावरणीय दीगोपनको प्रत्याभूति

विकासका नाममा अन्य सबै सांस्कृतिक, सामाजिक, वातावरणीय पक्षहरूलाई वेवास्ता गरिने प्रणाली सोच, चिन्तन, सक्रियता र सहभागिता विश्वव्यापीरूपमा अहिले चिन्ताको विषय बनेको छ। त्यस्तो विकासले विश्वलाई नै घरायसी बनाउने कुरामा सबै सहमत भएका छन्। त्यसैले सबैको चासो विकास दीगोपनमा आधारित रहनुपर्दछ भन्ने हो यस्तो अवस्थामा हाम्रो ग्रामीण क्षेत्र पनि प्राकृतिक तथा वातावरणीय हिसाबले अनुपम छ हाम्रा आफ्नै सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता तथा पहिचानहरू छन्। अतः यस्तो अवस्थामा त्यस्ता सम्पूर्ण पक्षहरूलाई संरक्षण गर्नु विकासको एउटा प्रमुख पक्ष हुन जान्छ।

८. विकासका लागि विश्वव्यापी साझेदारीको विकास

विश्व एउटा गाउँका रूपमा अगाडी बढीरहेको अवस्था तथा उदारीकरण तथा विश्वव्यापीकरणको वर्तमान युगमा विकासलाई एक्लै र एकाङ्की ढङ्गबाट अगाडी बढाउँछु भन्नु त्यो मुर्खता शिवाय केही हुन सक्दैन। समाजवादी अवधारणाको वकालत गर्ने राज्यहरू जसले उदारीकरयणको चर्को विरोध गर्ने गर्दछन् समेत यो अभियानमा प्रवेश गरेका छन्। तसर्थ विकास प्रक्रियालाई सबैको सहकार्य, हातेमालोमा अगाडि बढाउनुपर्दछ भन्नेअवधारणाले मूर्त रूप पाएको छ र त्यसलाई सहश्राब्दी विकास लक्ष्यले निर्धारण समेत गरेको छ। यस्तो परिप्रेक्ष्यमा हाम्रो सन्दर्मा समेत हामी अहिले उदारीकृत अर्थप्रणालीलाई आत्मसाथ गरिरहेका छौ र विश्व जगतसँग हाम्रो सम्बन्ध स्थापित भइरहेको छ। त्यसैले हामीले विकास प्रक्रियालाई अगाडि बढाउँदा अन्य देश, संस्थाहरूको सहयोग पनि अनिवार्य देखिएको छ र त्यस्तो सहयोगले हाम्रो विकास प्रक्रियालाई धैरै हदसम्म माथि पुऱ्याउनु मद्दत समेत गरेको छ। यसै सन्दर्भमा सहश्राब्दी विकास लक्ष्यले विश्वव्यापी साझेदारी विकासका खातिर तल उल्लेखित सातवटा उद्देश्यहरूलाई उल्लेख गरेको छ जो निम्न बमोजिम छन्:

१. खुलारूपमा नियममा आधारित, अनुमान गर्न सकिने, नछुट्टिने र वित्तीय प्रणालीहरूको विकास गर्ने र अन्तर्राष्ट्रिय स्तरमा सुशासनमा प्रतिबद्धता, विकास र गरिबीलाई समाविष्ट गर्ने।
२. अति कम विकासित राष्ट्रहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने र कम विकसित राष्ट्रहरूको लागि आयातित र निर्यातित कोटा छुटको व्यवस्था गर्दै गरिब

ऋणी राष्ट्रहरूको लागि आयवृद्धि कार्यक्रम सञ्चालन गरी द्वैध सरकारी ऋणको अन्त्य गर्ने।

३. विकासशील टापु राष्ट्रहरूको र विकासशील भूपरिवेष्ठित राष्ट्रहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने।

४. राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मापनद्वारा विकासशील राष्ट्रहरूको ऋणसम्बन्धी समस्याको बोधगम्य व्याख्या गर्ने।

५. युवाहरूको लागि गुणात्मक र उत्पादनमूलक कार्यको लागि राष्ट्रहरूसँग सहकार्य गर्दै विकास रणनीतिको कार्यान्वयन गर्ने।

६. औषधी उत्पादन कम्पनिसँग सहकार्य गर्दै विकासिल राष्ट्रहरूमा सर्वसुलभ रूपमा अति आवश्यक औषधीको पहुँच पुऱ्याउने।

७. निजी क्षेत्रसँग सहकार्य गर्दै नयाँ नयाँ प्रविधि (विशेष गरी सूचना र संचार) बाट हुने फाइदाहरूको उपलब्धता हासिल गर्ने।

58. What are those health related goals according to MDG and explain its challanges too?

सन् २००० मा पारित सहश्राब्दी विकास लक्ष्यका ८ वटा मुख्य लक्ष्यहरूमध्ये निम्नलिखित लक्ष्यहरूलाई स्वास्थ्यसँग सम्बन्धित लष्क्यको रूपमा लिन सकिन्छ :

- बालमृत्युदर न्यूनीकरण
- मातृस्वास्थ्य सुधार
- एच्.आई.भी. एड्स. औलो तथा अन्य रोगविरुद्ध सङ्घर्ष

विशेषत अल्पविकसित मुलुकहरूको ग्रामीण क्षेत्रको समस्या स्वास्थ्यसँग पनि सम्बन्धित रहेको पनि तथा यो पक्ष मानवीय सम्वेदनसँग गाँसिएका कारण यसलाई MDG को विशेष ग्राह्यता सहीत प्रमुख लक्ष्यका रूपमा राखेको छ र हाम्रो देशको सन्दर्भमा समेत यसको सान्दर्भिकता देखिन्छ। तसर्थ यी तीनवटा स्वास्थ्यसँग सम्बन्धि लक्ष्यहरूको चुनौतीहरूलाई क्रमैसँग तल उल्लेख गरिन्छ :

क) बालमृत्युदर न्यूनीकरण

यस अन्तर्गत सन् २०१५ सम्म पाँच वर्षभन्दा मुनिका बालबालिकाको मृत्युदरमा दुईतिहाइको घटाउने उद्देश्य रहेको पाइन्छ।

चुनौतीहरू:

१. बालबालिकालाई पर्याप्त पोषणको प्रत्याभूती तथा स्थानीरूपमा संवेदनशील पोषण कार्यक्रमहरूको तर्जुमा गर्नु,

२. स्वास्थ्यका लागि सार्वजनिक खर्चको ठूलो अंश लगानी गर्नु तथा औषत बालमृत्युदरभन्दा बढी मृत्युदर भएका क्षेत्रमा बढी लगानी गर्नु।

३. स्वास्थ्य चौकीहरूमा सेवाको गुणस्तर वृद्धि गर्नु तथा सञ्चार सम्पर्कबाट वञ्चित रहेका भौतिक रूपमा दुर्गम क्षेत्रमा बस्दै आएका गरिब तथा निरक्षरहरूलाई स्वास्थ्यसम्बन्धी सूचनाहरू उपलब्ध गराउनु।
४. सामान्य औषधी प्रयोगबारे गाउँस्तरीय स्वास्थ्यकर्मीहरूलाई साधन प्रशिक्षण उपलब्ध गराई औषधी खर्चमा कटौती गर्नु।
५. स्वास्थ्य शिक्षा, खानेपानी तथा सरसफाईसम्बन्धी नीति तथा कार्यक्रम बीच समन्वय गर्नु।
६. स्वास्थ्य सेवा तथा सुविधाहरूसम्बन्धी उत्तरदायित्व तथा अधिकार स्थानीय सरकारहरूलाई सुम्पनु र नीतिहरूलाई दीगो रूपमा सहयोग पुऱ्याउनु।
७. पाँच वर्षमुनि बालबालिकाको मृत्युका कारणहरू तथा त्यसको समाधानमा जनताको भूमिकाबारे सूचना अभियानमार्फत जनचेतना अभिवृद्धि गर्नु।
८. प्राथमिक स्वास्थ्य बालबालिका हित सबैको आधारभुत अधिकार हो भन्ने कुरालाई मान्यता प्रदान गर्नु।
९. जन्मोत्तर मृत्युका उच्च समस्या सामना गर्नु उपयुक्त रणनीति तर्जूमा गर्नु।

ख) मातृस्वास्थ्य सुधार

चुनौतीहरू:

१. सार्वजनिक स्वास्थ्य सम्बन्धी स्वामित्वको मात्रामा बढोत्तरी गर्नु,
२. सार्वजनिक वित्तिय लगानीमा वृद्धि तथा कुशल जनशक्ति स्रोतको अभाव पूर्ति,
३. सार्वजनिक स्वास्थ्य सम्बन्धी सङ्गठनात्मक व्यवस्थालाई बढी प्रभावकारी तथा कार्यकुशल बनाउनु,
४. सार्वजनिक स्वास्थ्य सुविधा तथा सेवावहरको गुणस्तर उकास्नु,
५. ग्रामीण स्वास्थ्य कार्यकर्ता तथा गाउँ विकास समिति स्तरीय उपस्वास्थ्य चौकी जस्ता सबैभन्दा तल्ला स्वास्थ्य सेवा प्रणालीलाई सक्षम बनाउनु, क्षमता अभिवृद्धि गर्नु तथा साधन सम्पन्न बनाउनु।
६. प्रजनन स्वास्थ्यलाई प्राथमिकता राख्न लगाउनु तथा सबैभन्दा तल्लो तहको सुविधा तथा सेवाहरूको योजना बनाउनु।

ग) एच्.आई.भी/एड्स औलो तथा अन्य रोगविरुद्ध सङ्घर्ष

चुनौतीहरू:

१. उच्चतहका निर्णयकर्ताहरू तथा राजनीतिक नेतृत्वलाई सचेत संवेदनशीइल बनाउन थप सघन प्रयासहरू अपनाउने तथा उनीहरूलाई प्रभावकारी कदम चाल्न प्रतिबद्ध बनाउने । उनीहरू मध्ये धेरैमा यस सम्बन्धी प्रकोपिय प्रभावको आपतकालीन स्थितिको अनुभूति तथा स्पष्ट समझदारीको अभाव देखिन्छ। त्यस्तै किसिमको निरपेक्ष भावना सामुदायिक स्तरमा पनि रहेको देखिन्छ। यसको सामना प्रभावकारी किसिमाट गरिनुपर्दछ।
२. विशेषगरेर उच्च जोखिमयुक्त व्यवहारमा संलग्न समुहहरूमा हस्तक्षेपको मात्रा बढाउने।

३. सूचना संकलन, हस्तक्षेप, निगरानी तथा स्याहार व्यवस्थाका लागि दाताहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैह्रसरकारी संस्थाहरू एवम् नेपाल सरकारको एड्स तथा संक्रामक यौन रोग नियन्त्रण केन्द्र बीच समन्वय तथा सहयोग सुदृढ गर्ने।

४. कार्यगत योजना समयमै कार्यान्वयन, सुपरिवेक्षण, पर्यवेक्षण तथा मूल्याङ्कन जस्ता कुरालाई ध्यानमा राख्ने विभिन्न तहमा हस्तक्षेप कार्यक्रमहरूको व्यस्थापनमा सुधार गर्ने तथा सम्बन्धित क्षमता सुदृढ गर्ने।

५. यौन सुरक्षा, एच्आई.भी/एड्स सम्बन्धी चेतना, कन्डमको प्रयोग तथा सेवा एवम् स्याहारको अवसर प्रबर्द्धन गरी रोकथाममूलक कार्यक्रम एकीकृत एवम् सहयोगात्मक शैलीमा कार्यान्वयन गरिएको सुनिश्चित गर्ने।

६. एच.आई.भी./एड्स लिएर बाँचिरहेको मानिसहरूलाई सेवा तथा स्याहार उपलब्ध गराउनमा सामाजिक तथा मानवअधिकार परिप्रेक्ष्यबारे स्वास्थ्यकर्मीहरू, सामुदायिक नेताहरू तथा आम संचार माध्यमलाई परिचित गराउनु।

७. ह्रास परिक्षणको निम्न दरः औलो घटनाबारे जानकरीको अभाव, सहयोगात्मक सुपरिवेक्षणको अभाव।

८. औलो फर्काउ (आर.बी.एस.) रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि राजनीतिक प्रतिबद्धता कार्य गर्नु।

९. क्षयरोगका सन्दर्भमा सम्पर्क हुन नसकेकाहरूलाई लक्षित हुन नसकेकाहरूलाई लक्षित गरेर उनीहरूलाई डट्सको छाता मुनि ल्याउनु।

59. What kind of challenges should be face if the government will try to reform the land of Nepal in present context?

उत्तरः नेपालको विकास सन्दर्भमा भइरहेको लामो तथा घनीभूत बहसमा कृषि क्षेत्रको रूपान्तरण (Transformation of agriculture sector) को चर्चा चल्ने गरेको छ। यसका सन्दर्भमा विभिन्न विज्ञहरूको फरक फरक राय अर्थात विचारहरू समेत प्रस्तुत भएका छन्। कसैले विकासका खातिर कृषि क्षेत्रले नेतृत्वदायी तथा सक्रिय भूमिका (Leading and active role) खेल्नुपर्दछ भनेका छन् भने कसैले कृषि क्षेत्रले त्यस्तो Primary role गर्न नसक्ने भएकाले यसले केवल सहयोगी तथा Secondary role मात्र खेल्नुपर्दछ भनेका छन्। यस्तो सैद्धान्तिक विभाजन तथा अस्पष्टता जस्तो देखिए तापनि नेपालको सम्पूर्णपक्षहरूको विश्लेषण पश्चात् सबै मानिस के कुरामा सहमति भएका छन् भने कृषि क्षेत्रबाट मात्रै नेपालको ग्रामीण विकास प्रक्रिया सम्भव छ।

यसरी कृषि क्षेत्रको भूमिकाका सन्दर्भमा सैद्धान्तिक तथा वैचारिक रूपमा सहमति भएर यसका लागि व्यावहारिक कार्यान्वयन लाग्दा समेत यसले किन आशातीत सफलता प्राप्त गर्न सकेको छैन। यो एउटा यक्ष प्रश्न सबैको सामु तेर्सिएको छ। कृषि क्षेत्रको रूपान्तरणका लागि बहस भएका छन्, नीति तथा रणनीति सार्वजनिक भएका छन्, ठूलो मात्रामा सरोकारवालाहरूको लगानी भएको छ तर प्रतिफल हाम्रो कृषि उत्पादनको सन्दर्भमा बाह्य मुलुकसँग निर्भर बन्नु परेको छ। हामी हाम्रो उत्पादनहरूबाट आत्मनिर्भर

बन्न सकेको छैनौ। यस्तो अवस्था सृजना हुनका पछाडी अवश्य पनि हाम्रो सामु कृषि क्षेत्रको रूपान्तरणको सन्दर्भमा समस्याहरू छन्। त्यस्ता समस्या तथा चुनौतीहरूको राम्रो ढङ्गले व्यवस्थापन गर्न नसकेको अवस्थालाई हामीले स्विकार गर्दैपर्दछ।

यसै सन्दर्भमा कृषि क्षेत्रको रूपान्तरणको प्रसङ्गसँगै जोडिएर आएको मुख्य विषयवस्तु land reform को प्रसंग हो। वास्तवमा Land reform किन पनि मुख्य विषयवस्तु बनेको छ भने नेपालको भूमि प्रणालीलाई परिवर्तन गरेर वास्तविक, वैज्ञानिक, न्यायिक र यथार्थपरक बनाउन सकिदैन तबसम्म कृषि क्षेत्रको रूपान्तरणको प्रसँग दिवास्वपन मात्र हुन्छ। सामन्तवर्ग तथा समाजमा सिमित वर्गमा नाममा ठूलो मात्रामा जमिन छ तर वास्तविक किसानसँग जमिनको अत्यन्तै सानो अंश मात्र छ जसका कराण उत्पादन र उत्पाकत्व (production and productivity) दुवैमा गिरावट आएको छ। तसर्थ यस्तो भूमि व्यवस्थालाई परिवर्तन गरी वैज्ञानिक व्यवस्था कायम गर्नु हाम्रो ग्रामीण विकासका खातिर पहिलो प्राथमिकता रहेको छ र यसलाई परिवर्तन गर्नु आजको आवश्यकता बनेको छ। तर यस्तो ज्ञान रहँदारहँदै र यो तथ्यपरक यथार्थ तथा वास्तविकता भए तापनि यसलाई लागू गर्न किन राज्य सक्षम भएको छैन। विभिन्न समयमा भूमिसुधारका प्रयासहरू भए तापनि किन त्यसले सार्थकता हासिल गर्न सकेन त्यसको पछाडि कस्ता कस्ता चुनौतीहरू तथा समस्याहरू छन् त्यसको वस्तुनिष्ठ विश्लेषण गरी समाधान निकाल्न जरुरी छ। अन्यथा भूमिसुधार पनि केवल राजनीतिक नारा तथा भुल्याउने बाहना मात्र हुन्छ। तसर्थ त्यसका लागि वर्तमान अवस्थामा Land reform का सन्दर्भमा देखिएका चुनौतीलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

चुनौतीहरू

१. राष्ट्रिय सहमती कायम हुन नसक्नु

आजसम्मका Land reform सम्बन्धित गरिएका प्रयासहरू तथा घटनाहरूलाई विश्लेषण गर्दा के निष्कर्ष पाउन सकिन्छ भने यो agenda विलकुल स्वार्थरहित बन्न सकेन। अर्थात्, यसका अगाडी कुनै न कुनै रूपमा राजनीतिक स्वार्थ दलगत स्वार्थ हावि भएको पाइन्छ। कुनै एउटा दलले यस सम्बन्धी initiation लिन खोजेमा अन्य पक्षहरूले आफ्नो राजनीतिक Status खस्कने डरले त्यसको विपक्षमा lobbing गर्दछन् जसको कारण यो प्रयास तार्किक निष्कर्षमा पुग्न नसकेको देखिन्छ। यस्तो आम जनता तथा सम्पूर्ण राज्यका लागि आम सरोकार बनेको विषयमा सबै सरोकारवालाहरू विचमा राष्ट्रिय सहमति (National consensus) बन्नु पर्नेमा त्यस्तो हुन नसकेकाले यो प्रयासले हालसम्म मुर्तता प्राप्त गर्न सकेको छैन र वर्तमान सरकारका सामु पनि त्यहि चुनौती विद्यमान छ।

२. पूँजीवादी तथा जमिन्दार वर्गको दबाब

नेपाली राजनीतिमा हालसम्म पनि कुनै न कुनै रूपमा सामन्ती वर्ग तथा उपल्ला तहका मानिसहरूको हस्तक्षेप वा प्रभाव राजनीतिक दलहरूमा रहेकाले त्यस्तो प्रयास सफल नभएको पाइएको छ। सरकारको नेतृत्व गर्ने सबै दलहरू अझ अलि क्रान्तिकारी भूमिसुधारको वकालत गरेर सत्तामा आएको माओवादी दलभित्र त्यस्ता पक्षहरूको प्रभाव

पर्नसक्ने लक्षणहरू देखिन थालेकाले भूमिसुधारले मूर्तता पाउँदछ भन्ने कुरामा गम्भिर चुनौतीहरू सृजना भएको देखिन्छ।

३. वैज्ञानिक सर्वेक्षण तथा ज्ञान/तथ्याङ्कको अभाव

विगत लामो सयमबाट Land reform सम्बन्धी विविध कोण तथा निकायबाट बारम्बार चर्चा गरितापनि यसका सम्बन्धमा तथ्यपरक तथ्याङ्क आएको पाइदैन । हामीसँग वास्तविक किसान कति छन् ? कसलाई वास्तविक किसान मान्ने? कसलाई सामन्त तथा भूमिपति मान्ने? प्रतिव्यक्ति भूमि कति राख्न पाउने ? भूमि नै नभएका सुकुम्बासी कति छन् ? जस्ता गहन प्रश्नहरूको तथ्यपरक उत्तरको खाँचो देखिएको छ। जसले गर्दा यो प्रसंग राजनीतिक रूपमा ठगी गर्न साधन मात्र बनेको छ।

४. अधिग्रहण पश्चातको भूमि वितरणमा समस्या

यदि राज्यले निश्चित नियमका आधारमा भूमि प्राप्त गऱ्यो । त्यसपश्चात त्यो भूमिको वितरण कसरी गर्ने? कसलाई गर्ने? के का आधारमा गने? भन्ने प्रश्नहरूको उत्तर हामीसँग छैन । कि भौतिक योजना तथा निर्माण मन्त्रालय आफ्नो भागमा परेपछि माओवादीले YCL लाई, एमालेले Youth force लाई र कांग्रेसले तरुण दललाई सबै ठेक्कपट्टाको काम जिम्मा लगाए जस्तै प्राप्त भूमि पनि आफ्ना कार्यकर्ताहरूलाई प्राथमिकताका आधारमा विवरण गर्ने हो कि ? यस्ता प्रश्नहरूले land reform का सन्दर्भमा गम्भिर चुनौतीहरू सृजना गरेका छन्।

५. मुआब्जाका बारेमा स्पष्ट नीतिको अभाव

विगत लामो समयबाट आफ्नो अधिकारमा रहेका जमीनलाई राज्यले विना क्षतिपूर्ति खोस्यो भने के त्यस्ता जग्गधनीहरू चुप लागेर बस्लान् ? तिनीहरूको आफ्नो सम्पत्ति माथिको अधिकार खोसिएकोमा आवाज बुलन्द नगर्लान् ? अर्थात् संगठित रूपमा त्यस्तो नीतिको प्रतिकार नगर्लान्? अवश्य पनि गर्दछन्। त्यसैले उनीहरूलाई पनि सहमत गराएर ममात्र Land reform को प्रक्रियालाई अगाडि बढाउन सक्दछन् अन्यथा यसले अर्को सामाजिक द्वन्द्व सृजना गर्दछ। यस्तो अवस्थामा सबै पक्षलाई सही रूपमा व्यवस्था गर्दै उपयुक्त नीति र कार्यक्रम निर्माण गर्नु अर्को ठूलो चुनौतीका रूपमा रहेको छ।

अन्त्यमा, Land reform को नेपालका सन्दर्भमा ग्रामीण विकासका खातिर विकल्प छैन तर यसका अगाडि ठूलो चुनौतीहरू छन्। तसर्थ यसलाई दीर्घकालीन रूपले स्वास्थ्य गर्न राष्ट्रिय स्तरमा राजनीतिक दलहरूका बीचमा सहमति हुन जरुरी छ।

60. Explain the agriculture pattern and problem in Nepal.

नेपालको कृषिको ढाँचाका बारेमा चर्चा गर्दा यसको राष्ट्रिय अर्थतन्त्रमा हुने महत्त्वलाई आत्मसाथ गर्न जरुरी देखिन्छ । वास्तवमा नेपाली अर्थतन्त्रको मेरुदण्डको रूपमा कृषि क्षेत्र स्थापित भएको पाइन्छ जसको सही व्यवस्थापन विना ग्रामीण क्षेत्रको विकासको परिकल्पना पुरा हुन सक्दैन तसर्थ त्यस्तो क्षेत्रको ढाँचा (Pattern) तथा समस्याका बारेमा पूर्णतया जानकारी प्राप्त गर्न जरुरी भएकाले त्यसका बारेमा चर्चा गर्न जरुरी छ।

नेपालमा कृषिको ढाँचा (Agriculture Pattern in Nepal)

१. जीविकाको साधन

कृषि क्षेत्र नेपाली जनताको एउटा मुख्य जीविकाको साधन बनेको छ। लगभग ८० प्रतिशत नेपाली जनताको मुख्य आधार कृषि क्षेत्र हो। कृषि क्षेत्रले कुल श्रमशक्तिको लगभग दुइतिहाईलाई रोजगारी प्रदान गरेको अवस्था छ। अन्य उद्योग तथा सेवा र व्यापारका क्षेत्रमा रोजगारीका अवसर प्रदान गर्न नसिकएका कारण कृषिमा जनताको चाप उच्च रहेको छ।

२. खाद्यान्न वालीको प्रधानता

नेपालको कृषि उत्पादनको ढाँचालाई अध्ययन गर्ने अथवा विशलेषण गर्ने हो भने कृषि उत्पादनबाट हुने कुल आम्दानीको ६० प्रतिशत क्षेत्र खाद्यान्न वालीले ओगटेको देखिन्छ र बाँकी ४० प्रतिशत मात्र नगदेवालीले ओगटेको पाइन्छ। बाली लगाउने क्षेत्रमध्ये पनि अधिकांश भूभाग खाद्यान्न वालीले ओगटेको छ। हालका दिनहरूमा आएर नगदेबाली लगाउने प्रचलन केही मात्रामा बढेको देखिन्छ।

३. श्रममूलक प्रविधिको प्रयोग

कृषि व्यवसाय सञ्चालन गर्नका निम्ति विशेषतः श्रमलाई प्रधानता दिने गरिएको छ जुन परम्परागत रूपमा चलिरहेको छ। शारीरिक परिश्रम र मेहनतको आधारमा कृषि पेशालाई सञ्चालन गरिरहेको अवस्था छ जसका कारण यो क्षेत्रबाट आशा गरिए अनुरूपको उपलब्धी प्राप्त गर्न सकिएको अवस्था छ। सस्तो, सरल र आधुनिक प्रविधिको कृषि क्षेत्रमा पहुँच हुन सकेको देखिदैन।

४. मनसुनमा आधारित कृषि

वर्तमान आधनिक अवस्थामा आइपुग्दा समेत हाम्रो कृषि पेशा प्रकृतिको भरमा सञ्चालन हुने गरेको पाइन्छ। व्यवस्थित रूपमा र वैज्ञानिक रूपमा कृषि व्यवसायलाई आवश्यक पर्ने सिंचाई लगायतका अन्य व्यवस्था सञ्चालन गर्न सकिएको छैन। वर्षभरी सिंचाई सुविधा उपलब्ध हुने कृषि क्षेत्र अत्यन्तै न्यून देखिएको छ। कूल आवादी भूमिको आधार भूभागमा समेत पूर्ण रूपमा सिचाई सुविधा उपलब्ध गराउन सकिएको छैन। बाली सप्रने र विग्रने भन्ने सबै जिम्मा मनसुनमा भरपर्नुपर्ने अवस्था छ। त्यसैले अजैपनि नेपालको कृषिलाई मनसुनको जुवा भन्ने गरेको पाइन्छ।

५. निर्वाहमुखी खेती

कृषिप्रधान मुलुक भएपनि हालसम्म हामीले हाम्रो कृषि व्यवसायलाई व्यवसायिक बनाउन सकिएको छैन। हाम्रो कृषि उत्पादन केवल जीवननिर्वाहका लागि मात्रै सिमित हुने गरेको छ। अझ हालको अवस्थामा त हामी कृषि जन्य उत्पादन बाहिरबाट आयात गर्नुपर्ने अवस्थामा पुगेका छौं। कृषिमा व्यवसायीकरण, आधुनिकीरण र विशिष्टिकरण हुन नसक्दा त्यस्तो अवस्था सृजना भएको छ। भौगोलिक जटिलता, परम्परागत कृषि सामग्री, बीउबीजन र तालिमको अभाव, मल तथा औषधीको अभाव, पर्याप्त लगानी आदि कारणले कृषिलाई व्यापारिक एवम् व्यवसायिक बनाउन नसकिएको अवस्था छ

६. कृषि क्षेत्रमा अनुत्पादक श्रमशक्तिको बाहुल्यता

राज्यमा रोजगारीका खातिर वैकल्पिक व्यवस्थाहरू गर्न नसकिएकाले गर्दा जनसङ्ख्याको ठूलो हिस्सा कृषि क्षेत्रमा अनुत्पादक रूपमा बसिरहनु परेको अवस्था छ। कृषिभूमिमा दिनानुदिन विभाजन भैरहेको अवस्था छ, प्रतिव्यक्ति उत्पादन कम छ। अन्य पेशाको अभावले गर्दा जनता यो पेशामा रहन बाध्य भएको छ।

माथि उल्लेखित नेपाली कृषि व्यवसायको ढाँचाले नेपाली कृषि व्यवसायमा थुप्रै समस्याहरू समेत सृजना गरेको पाइन्छ। जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

- दोषपूर्ण भूमि व्यवस्था
- दोषपूर्ण सरकारी नीति
- परम्परागत पुराना प्रविधिको उपयोग गर्नु
- कृषिका लागि पर्याप्त सिंचाइको अभाव
- भूमीमा जनसङ्ख्याको चाप
- जमीनको खण्डिकरण
- पूँजीको अभाव
- अवैधानिक खेती प्रणाली
- यातायातको असुविधा
- मनसुनमा निर्भरता
- चर्को व्याज र ग्रामीण ऋणग्रस्तता
- अपर्याप्त कृषि ऋण
- फैलिएको गरिबी
- कृषि शिक्षा सुचना र तालिमको अभाव
- भूक्षय
- बजार सुविधाको अभाव
- मोहिहरूको असुरक्षा

61. Explain the land tenure system of Nepal.

नेपाल कृधि प्रधान मुलुक हो र यो परम्परागत प्रणालीमा आधारित छ। विगत धेरै समयबाट कृषि क्षेत्र नेपाली जनताको जनजीवनको आधारस्तम्भ बनेको छ। नेपालको सन्दर्भमा यसले आर्थिक, सांस्कृतिक, राजनीतिक तथा सामाजिक क्षेत्रलाई प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पार्दै आएको छ। संक्षेपमा भन्दा भूमी एउटा व्यवस्थाको रूपमा विकास भएर आएको छ। इतिहासका विभिन्न कालखण्डबाट वर्तमानसम्म विश्लेषण गर्दा नेपालमा विभिन्न प्रकारका भूमी व्यवस्था अस्तित्त्व रहे र रहँदै आएका पनि छन्। यसै सन्दर्भमा त्यस्ता भूमी व्यवस्थालाई तल उल्लेख गरिएको छ :

१. रैकर

विशेषत रैकर शब्द 'राज्य' र 'कर' भन्ने दुई भिन्न शब्दको संयोजनबाट उत्पत्ति भएको पाइन्छ । साधारणतया रैकर भन्नाले राज्यलाई कर तिरी उपभोग गर्ने जग्गाको रूपमा बुझ्न सकिन्छ । राज्यलाई कर बुझाई उपभोग गरिने जग्गा नै रैकर हो । यसप्रकारको जग्गामा जग्गा भोगचलन गर्न पाउने, बेचविखन आदि गर्ने पाउने अधिकार जनतालाई प्रदान गरिएको हुन्छ। सरकारले आवश्यक परेको बेलामा यसप्रकारको जग्गा अधिग्रहण गर्न सक्दछ। यसरी अधिग्रहण गर्दा राज्यले मुअब्जा तिर्न पनि सक्दछ नतिर्न पनि सक्दछ।

२. विर्ता

मुलुकमा कुनै राम्रो काम गरेवापत सरकारले कुनै पनि व्यक्तिलाई पुरस्कार स्वरूप दिएको जग्गालाई नै विर्ता जग्गा भनिन्छ। विशेषगरी लडाइँमा वीरता देखाएवापत्, कुनै विशेष काम गरेवापत्, राजामहाराजाको भक्तिभाव गरेवापत प्राप्त हुने जग्गा विर्ता हो । यस्तो जग्गाको स्वामित्व समेत सम्बन्धित जग्गा प्राप्त गर्ने व्यक्तिमा रहन्छ। साधारणतया विर्ता जग्गाको तिरो समेत सरकारले मिनाहा गरेको हुन्छ। विर्ताको साधारणतया एक पुस्ते तथा पुस्ता-पुस्ता प्रकृतिका हुन्छन् । सरकारी सेवामा राम्रो काम गरेबापत प्रदान गरिने विर्तालाई फिकदर विर्ता भनिनछ, मखत विर्ता लडाइँमा सैनिक मेरबापत उसको परिवारलाई प्रदान गर्ने विर्ता हो, कुश विर्ता साधराणतया बाहुनलाई प्रदान गरिने विर्ता हो भने सुन विर्ता सम्बन्धित व्यक्तिसँग सुन लिएर प्रदान गरिने विर्ता हो । समयको परिवर्तनसँगै यसको उपादेयतामा कमि आएकाले वि.सं. २०१६ सालमा यो भूमी व्यवस्थालाई रैकरमा परिवर्तन गरियो। हाल यो व्यवस्था कायम छैन।

३. गुठी

गुठी शब्द संस्कृतिको 'गोष्ठि' शब्दबाट आएको पाइन्छ । विशेष गरेर धार्मिक क्रियाकलाप, देवालय निर्माण, मठ मन्दिर निर्माण, अन्य देवालयहरूको पुनर्निर्माण तथा अन्य परोपकारी कामका निम्ति दिइएको जग्गालाई गुठि जग्गा भनिन्छ । नेपालमा गुठी संस्था ऐन २०२१ अनुसार गुठी भन्नाले कुनै मठ, मन्दिर, देवी देवताको पु चलाउन, जात्रा चलाउन, कुनै परोपकारी कामका लागि, कुनै मन्दिर देवालय, पाटीपौवा, पोखरी, तलाउ, धारा, बाटो, पुला, चौतारा, बगैंचा, पुस्तकालय, पाठशाला तथा विभिन्न संस्था बनाउन वा चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो हक छाडिराखेको गुठीलाई समेत बुझ्नुपर्दछ। संक्षेपमा कुनै धार्मिक, सामाजिक तथा सांस्कृतिक तथा परोपकारी उद्देश्यले छुट्याइएको जग्गालाई गुठी भनिन्छ। गुठि विभिन्न प्रकारका हुन्छन् जस्तै राजगुठी जुन सरकारी प्रशासनद्वारा संचालित हुन्छ । दर्ता गुठी जुन गैह्रसकारी संस्थाबाट सञ्चालन गरिएको हुन्छ साथै यो सरकारी कार्यालयमा दर्ता गरिएको हुने गर्दछ। दुनियाँ गुठी यो पनि गैह्रसरकारी संस्थाहरूबाट संचालित हुन्छ तर यो सरकारी कार्यालयमा दर्ता गरिएको हुँदैन। राज गुठीलाई साधारणतया छुट गुठी र अमानत गुठी गरी दुई भागमा विभाजन गरेको पाइन्छ।

४. जागिर

राष्ट्र सेवामा लागेका व्यक्ति वा कर्मचारीलाई उसले गरेको सेवाबापत नगद रकम प्रदान गर्नूको सट्टा जागिरको रूपमा राज्यलाई सेवा पुऱ्याएवापत प्रदान गरिने जमिनलाई जागिर भनिन्छ। यसतो भूमि वितरणको वैज्ञानिक तथ्य तथा आधार नभएकाले सन् १९५२ मा यसलाई उन्मुलन गरियो हाल यो भूमि प्रणाली कार्यान्वपयनमा छैन।

५. किपट

कुनै एक विशेष भौगोलिक क्षेत्रमा बसोवास गर्ने समुदायलाई प्रदान गरिएको जग्गालाई किपट भनिन्छ। यो जग्गा त्यस्ता निश्चित भौगोलिक क्षेत्रभित्रका निश्चित जात तथा समुदायलाई उसले राज्यलाई सहयोग पुऱ्याए वापत प्रदान गरेको पाइन्छ। यो जग्गा विशेषतः कुनै व्यक्ति विशेषको स्वामित्वमा नरहेर समुदायको स्वामित्वमा रहन्छ। नेपालको एकीकरणको अभियानका सन्दर्भमा पूर्वका लिम्बुहरूबाट आवश्यक समयमा सहयोगको अपेक्षा राखेर उनीहरूलाई किपटको रूपमा भूमि प्रदान गरिएको थियो। यसै सन्दर्भमा इतिहासविद् महेसचन्द्र रेग्मीको भनाईलाई मान्ने हो भने दैलेखका माझिहरूलाई पनि किपट जग्गा प्रदान गरिएको थियो। इतिहासकारका अनुसार यस्तो प्रकारको भूमिव्यवस्था पूर्वी पहाडको लिम्वुवान क्षेत्र बाहेक वैतडी, जुम्ला, डोटी आदि स्थानमा समेत प्रचलित थियो। साथै लिम्वु जाति वाहेक दनुवार, माझी, भोटे र तामाङलाई समेत यस प्रकारका जमिन उपलब्ध गराइएको थियो।

६. रकम

यो भूमि व्यवस्थामा समेत कुनै व्यक्तिले श्रम गरेवापत राज्यले प्रदान गरेको पाइन्छ। जस्तै राज्यका लागि ढुवानी गर्दा, दाउरा ओसारपसार गर्दा, हातहतियार निर्माण ग़र्दा, गोली गठ्ठा निर्माण गर्दा त्यस्तो शारीरिक श्रम गरेवापत सम्बन्धित व्यक्तिलाई जग्गा प्रदान गरिन्थ्यो, यसलाई रकम भनिन्छ। आधुनिक वर्तमान अवस्थामा यस्तो भूमि व्यवस्थाको प्रावधान छैन जुन उन्मुल भइसकेको छ।

७. राज्य

विशेषत यो जग्गा पृथ्वीनारायण शाहले राज्य एकीकरणका बेला हरेक राजा तथा रजौटाहरूलाई उपलब्ध गराएको भूमि व्यवस्था हो। हारेका राज्य रजौटाहरूले प्रतिशोधपूर्ण व्यवहार नगरुन् भन्नाका खातिर उनीहरूलाई रिझाउन यस्तो भूमि प्रदान गरेको पाइन्छ जसको कर तिर्नु पर्दैनथ्यो।

62. What are those challenges in gender equity in the context of Nepal?

नेपाल एक पुरुषप्रधान देश भएकाले स्वाभाविक रूपमा लैगिक समता कायम गर्नु हाम्रा लागि ठूलो चुनौतीको विषयवस्तु बनेको छ। समाजमा शक्ति प्रयोगको अधिकार अधिकांश रूपमा पुरुषमा भएको पाइन्छ। आर्थिक कार्यको सञ्चालन एवम् नियन्त्रण पनि महिलाको तुलनामा सयौगुणा बढी पुरुषहरूले गर्ने गरेका छन्। यस्तो परिस्थितिमा

समानता (Equality) को तुलनामा समता (Equity) ले मात्रै त्यस्तो विभेदपूर्ण अवस्थालार्य न्यूनिकरण गरी समतामूलक समाज निर्माणमा सहयोग पुऱ्यायउँदछ । नेपालमा २०६२/६३ को जनआन्दोलन पश्चात महिलालाई प्रत्येक नियकामा ३३ प्रतिशत स्थान दिइने र समानुपातिक तवरले सहभागिता प्रदान गर्ने सैद्धान्तिक सहमतिहरू भए तापनि अझै न्यायोचित एवम् निस्पक्षताको कमी जस्ता पक्षहरूले गर्दा त्यसको व्यावहारिक कार्यान्वयनमा चुनौतीहरू देखिएका छन् । विद्यमान आस्थामा समेत हाम्रो ग्रामीण समाजमा लैङ्गिक भेदभाव, असमानता, अन्याय, शोषण र अत्याचार जारी छ। यसर्थ यस्तो अवस्थालाई व्यवस्थापन गर्दै लैङ्गिक समता कायम गर्न जरुरी छ। यस्तो अवस्थामा लैङ्गिक समता कायम गर्न देखिएका चुनौतीहरूलाई उल्लेख गर्न जरुरी छ जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ।

१. पुरुषप्रधान मान्यताको प्रधानता

नेपालको राज्यसञ्चालन तथा शक्ति सञ्चालन सबै तह र निकायमा विगत लामो समयबाट पुरुषहरूले वर्चस्व जमाएको तथा त्यसै अनुरूपको संस्कार समेत विकास भएकाले गर्दा त्यसलाई तुरुन्त समाप्त गरी महिलाहरूलाई मूल प्रवाहित गर्नु चुनौतीको रूपमा रहेको देखिन्छ। नेपालको ग्रामीण समाजमा पूरुषहरूको सम्पूर्ण पक्षमा बाहुल्यता रहेको पाइन्छ। समानताको अवधारणा लागू गर्न कठिन अवस्थामा समता धारणा लागू गर्न झन् परको विषय बनेको छ।

२. सामाजिक तथा सांस्कृतिक चुनौती:

ग्रामीण समाजमा छोरालाई महत्त्व दिइने तर छोरीलाई विवाह गरी पराईघर सुम्पने कारण छोरा छोरीमा भेदभाव कायमै छ। छोरीलाई लगानी एवम् अवसर प्रदान गरे पराई घरले प्राप्त गर्ने कारण विविध अवसरहरूबाट बञ्चित गरिन्छ। महिलालाई सामाजिक तथा सांस्कृतिक रूपले विभेद गर्ने धेरै प्रयास गरिएको छ। त्यस्ता सयौं चलन र परम्परा हालपनि समाजमा विद्यमान भएकाले त्यस्ता चुनौतीलाई व्यवस्थापन गर्नु मुख्य चुनौतीको रूपमा देखिएको छ।

३. न्यून सहभागिता

विविध कारकत्वले गर्दा विद्यमान अवस्थामा पुरुषको तुलनामा महिलाको सहभागिता कमजोर रहेको पाइन्छ। पुरुषले महिलाको उपादेयता व्यक्तिगत र व्यावहारिक रूपमा बुझ्न नसक्ने कारणबाट पनि समताको अवधारणा स्थापित गर्न विविध अप्ठ्याराहरू देखिएका छन् । यसरी न्यून सहभागिताका कारणले न्यून अवसर, न्यून कार्यान्वयन र न्यून पहुँच कायम हुने देखिन्छ।

४. आर्थिक चुनौती

ग्रामीण समाजमा न्यून आर्थिक अवस्थाले गर्दा शिक्षा तथा सीप हासिल गर्ने कार्यमा पिछडिएको हुन्छ । यसलाई समाजको सिद्धान्त, मान्यता, व्यवहार र अवसरका बारेमा जानकारी हुँदैन । यसरी आर्थिक अवस्थाको कमजोरीका कारण चेतनास्तरको कमी रहने

तथा आत्मनिर्भर भएर निर्णय समेत गर्न नसकिने भएकाले यसले समतामूलक समाज निर्माणको अभियानमा ठेस पुऱ्याएको पाइन्छ।

५. राजनीतिक अस्थिरता

लैङ्गिक समता क्षमता विकासको एउटा मुख्य ऐजन्डा हो । तर राजनैतिक अस्थिरताले गर्दा बनेको सरकारले पारित गरेको नीति नियम एवम् कानुन लागू नहुने अवस्थामा छन् साथै बारम्वार परिवर्तन भइरहेको पनि पाइन्छ । यसबाट समतामूलक समाज निर्माणमा सृजना भएको छ।

६. महिलाको स्थिति

जनगणना बर्ष २०५८ का अनुसार करिब ४० प्रतिशत मात्र साक्षर छन् । त्यसमा पनि ग्रामीण क्षेत्रको महिलाको अवस्था अत्यन्तै कमजोर छ। यसरी महिलाको शिक्षाको नाजुक अवस्था र सामाजिक तथा आर्थिक विकासमा न्यून सहभागिताका कारणले गर्दा आफ्ना हक, अधिकार र अवसर बारेमा बुलन्द आवाज उठाउन नसकी यथास्थितिमा पिल्सिनु परेको छ।

63. What do you mean the term conflict management? How can it manage? Explain.

द्वन्द्वलाई सकारात्मक परिणामका लागि निकास दिने शैलीलाई द्वन्द्व व्यवस्थापन भनिन्छ । द्वन्द्वलाई व्यवस्थापन अन्तर्गत विषयवस्तुसँग सम्बन्धित विविध शूक्ष्म रणनीतिहरू र साझा धारणा जस्ता Technicalities आवश्यक पर्ला तर सामान्य हिसाबले हेर्दा यो एउटा चक्रिय प्रक्रिया हो जुन निरन्तर चलिरहन्छ। द्वन्द्व व्यवस्थापनको चक्रलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ।



द्वन्द्व व्यवस्थापनको शैलीका आधारमा द्वन्द्वका आयामहरू उल्लेख गरिउका पाइन्छ, जुन यसप्रकार छन्:

१. Win-lose strategy: आफू जितौं, अर्को पक्षलाई हराऔं भन्ने धारणा लिएर द्वन्द्व समाधानमा अगाडि बढ्ने।

२. Lose-win strategy: यस्तो Strategy विरलै देख्न सकिन्छ। आफू हारेर अर्कोलाई जिताउने शैली Lose win शैली हो।

३. Lose-lose Strategy: आफूले हारेर भए पनि अर्को पक्षलाई हराउने शैली। अति शत्रुतापूर्ण यो शैली अवलम्बन हुन्छ।

४. Win-win strategy: दुवै पक्षको हित चाहने र दुवै पक्षलाई लाभ दिने ढङ्गले द्वन्द्व व्यवस्थापन गर्ने उपयुक्त शैली।

सकारात्मक द्वन्द्व व्यवस्थापनको लागि win win result मा पुग्ने बाटो पहिल्याउनुपर्ने हुन्छ। यसका लागि विभिन्न विद्वानहरूले आ-आफ्नो शैलीले द्वन्द्व व्यवस्थापनको तरिका सुझाव गरको छन्। Black र Mouton ले द्वन्द्व व्यवस्थापनका पाँचवटा रणनीतिहरूको सुझाव गरेका छन्, जसलाई उनले 'Conflict Reslution Model' भनेका छन्। Thomas ले सन् १९७६ मा समायोजन सहीत विकास गरेका द्वन्द्व व्यवस्थापनका नौवटा रणनीतिहरूमा Denial, Avoidance, Containment, Capitualtion, Domination, Collabgoration, Accomodation, Compromise र confrontation हुन्। यी रणनीति परिस्थिति अनुसार गर्नुपर्ने उनको तर्क रहेको छ। Stephen P. Robbins ले द्वन्द्व व्यवस्थापन अन्तर्गत द्वन्द्व समाधान र द्वन्द्व उजागर दुवै पर्ने औंल्याउँदै ती अन्तर्गत रणनीतिहरू यसप्रकार उल्लेख गरेका छन् ?

द्वन्द्व समाधानका तरिकाहरू

१. समस्या पहिचान र समाधान

२. साझा लक्ष्य निर्धारण

३. श्रोतको विस्तृतीकण

४. दावीको परित्याग

५. विवादको कटौतीद्वारा साझा मिलनविन्दु कायम

६. सम्झौता

७. एकाधिकारी आदेश

८. मानवीय Variables मा परिवर्तन

९. Structural variables मा परिवर्तन

द्वन्द्व उजागरको तरिकाहरू

१. सञ्चार

२. बाहिरका सङ्गठन भित्र आमन्त्रण

३. सङ्गठन पुर्नसंरचना/यथास्थितिलाई तोड्ने

४. कट्टर आलोचकको प्रयोग गर्ने

यी बाहेक द्वन्द्व व्यवस्थापनका लागि अवलम्बन गरिनुपर्ने रणनीतिहरू यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. सङ्गठनलाई राम्ररी बुझ्ने :
   - Vision, mission, goal, values, norms etc. स्पष्ट गर्ने।

२. समझदारी सहीत सबैका कुरा सुन्ने

३. हतारमा मूल्याङ्कन नगर्ने र नबुझि प्रतिक्रिया पनि नदिने,

४. द्वन्द्वको प्रवृत्ति र स्वरूपलाई राम्ररी मनन गर्ने
   - कसरी सिर्जना भयो, के कस्ता तत्त्वहरू जिम्मेवार छन् भन्ने सम्बन्धमा Conflict history अध्ययन गर्ने।

५. अरूको भावनालाई बुझ्ने प्रयास गर्नेः
   - Empathetic view ले हेर्ने

६. द्वन्द्व समाधानको Roadmap स्पष्ट गर्ने :
   - Goal र Strategy तयार गर्ने,
   - Steps तय गरेर Action planning गर्ने,
   - Actors र role स्पष्ट गर्ने,

७. द्वन्द्वरत पक्षहरू बीच अनौपचारिक तथा औपचारिक सम्बन्ध कायम गर्ने,

८. संचार सुविधाको प्रयोग गर्ने Channel distortions छन् भने हटाउने,

९. खुला मनस्थितिले समाधान खोज्ने,

१० Agreed output का लागि input लाई निर्देशित गर्ने,

११. कार्यविवरण स्पष्ट गर्ने,

१२. सङ्गठन चार्ट, सूचना प्रवाह, उद्देश्य आदिको जानकारी सबैलाई गराउने र सहभागितात्मक शैली अवलम्बन गर्ने

१३. Management by objectives र OD techniques प्रयोग गर्ने।

---

64. How decentralization become the key factor to establish the good governance in the context to Nepal.

विकेन्द्रीकरणको जनताको विकास प्रक्रिया देखि शासन सञ्चालनमा व्यापक सहभागिता गराउन मद्दत गर्दछ। यसले विकास प्रक्रियालाई जवाफदेहि, पारदर्शी र उत्तरदायी बनाउने भएकाले यसको प्रयोग नेपालको सन्दर्भमा व्यापक देखिन्छ। वर्तमान शासन व्यवस्थामा देखिएका समस्याहरू जनताको सहभागिता नभएका कारण सृजना भएको जसले शक्ति सञ्चालनलाई सिमित व्यक्तिमा सीमित गरेकाले पनि शासन व्यवस्था अपरादर्शी तथा भ्रस्ट भयो जसका कारण सामाजिक द्वन्द्व स्थापित भएर विकास प्रक्रिया आशातित रूपमा अगाडि बढ्न सकने।

यस्तो परिप्रेक्ष्यमा विकेन्द्रीकरणको सुशासन गर्न तल उल्लेख गरे बमोजिम योगदान दिन सक्दछ :

१. कुनै पनि प्रजातान्त्रिक शासन प्रणालीमा राज्यका सबै कार्यहरू केन्द्रीय सरकारले मात्र गर्न सम्भव छैन। सार्वभौमसत्ता जनतामा निहित रहेको हाम्रो जस्तो मुलुकमा जनतानै देशको भाग्य निर्माता हुन्। शासनको प्रत्येक तहको कार्यमा जनताको सक्रिय सहभागिता हुने बन्दोवस्त गरी स्थानीय स्वशासनको जग मजबुत गर्ने विकेन्द्रिकरणबाट मात्र सम्भव हुनछ।

२. जनसहभागिताको आधारमा जनचाहनानुसार विकास प्रक्रियालाई अगाडि बढाउन विकेन्द्रीकरणको प्रजातन्त्र, स्वशासन, सुशासन र दीगो विकासको अपरिहार्य अस्त्र एवम् विकासको एक अति उपयुक्त रणनीतिको रूपमा स्वीकार गरिन्छ।

२. भू–भौगोलिक बनौट र भौगोलिक जटिलता भएको हाम्रो मुलुकमा विकेन्द्रीकरणको महत्त्व अधिक छ। केन्द्रले टाढा रहेर सर्वसाधारण जनताको आवश्यकताअनुसार स्थानीय विकास सम्बन्धी आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र समन्वय गर्न कार्यक्रमहरूको कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र समन्वय गर्न नसक्नुको कारण विकेन्द्रीकरण नेपालको अनिवार्य आवश्यकता हो भन्नुमा अतिशयक्ति नहोला।

४. नेपालको संविधानले मुलुकमा लोकल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु नै राज्यको प्रमुख उद्देश्य हो भनि निर्दिष्ट गरेको छ। तसर्थ विकेन्द्रीकरणाट स्थानीय जनता र जनप्रतिनिधि नै योजना सम्बन्धी कार्यमा निर्णायक भूमिका खेल्ने अवसर पाउँछन्।

५. वैदेशिक सहयोग उपलब्ध गर्ने प्रयोजनकालागि पनि विकेन्द्रीकरणको महत्त्व स्वीकार्ने पर्दछ। किनभने दातृराष्ट्र वा संस्थाले वैदेशिक सहयोग उपलब्ध गराउनु भन्दा अगाडि विकेन्द्रीकरण लागू भएको छ, छैन जनसहभागिता परिचालन हुन्छ कि हुँदैन, योजनालाई दिइने रकम के कति कसबाट उपयुक्त हुन्छ आदि विपषयमा जानकारी लिन चाहन्छन्। तुलनात्मक रूपमा विकेन्द्रिकरण अवलम्बन नगर्ने मुलकुहरूमा भन्दा विकेन्द्रीकरण अवलम्बन गर्ने मुलुकहरूले बढी वैदेशिक सहायता प्राप्त गरेका छन्।

६. विकेन्द्रीकरणबाट जनसहभागिता परिचालन हुन धेरै मद्दत मिल्छ। त्यस्तै गरी विकेन्द्रीकरण र जनसहभागितामा पनि नजिकको सम्बन्ध छ। जनसहभागिताबाट एकातर्फ जनश्रम लगायत अन्य स्रोतको अत्यधिक पहिचान हुन्छ भने अर्को तर्फ जनताबीच सहयोग, सदभावना र समभ्रुदारीको विकास हुन्छ।

७. जनउत्तरदायी राजनीतिक व्यवस्था अवलम्बन गर्न विकेन्द्रीकरणको अपरिहार्यलतालाई कसैले नकार्न सक्दैन। प्रजातान्त्रिक मुलुकको जनप्रतिनिधिहरू चुनावको समयमा जनताका सामु विभिन्न वाचा र आश्वासन दिएर विजय प्राप्त गरी सत्तामा पुग्दछन्। यसरी जनप्रतिनिधित्व गर्दा उनीहरूले जनताको सेवा,

सुविधा तथा विकास निर्माण सम्बन्धी विभिन्न कामगर्ने कुराको प्रतिबद्धता देखाउँछन् । तर विकेन्द्रीकरण नै त्यस्तो माध्यम हो जसले जनप्रतिनिधिहरूले सार्वभौमसत्ता जनताप्रति उत्तरदायी बनाउँदछ।

८. स्थानीय स्रोत, साधनको उपलब्धता र परिचालनबारे जुन रूपमा स्थानीय व्यक्ति र जनप्रतिनिधिहरूलाई अवगत हुन्छ, सोही अनुरूप केन्द्रमा बस्ने प्रशासक र राजनीतिज्ञहरूलाई जानकारी हुन सक्दैन । तसर्थ यो कार्य विकेन्द्रीकरणको माध्यमबाट स्थानीयस्तरका स्वशासित संस्थाहरूको सङ्गठन र सक्रियतामा मात्र सम्भव हुन्छ। यसबाट परनिर्भरतालाई क्रमिक रूपमा घटाउँदै जान सहयोग पुग्दछ।

९. विकेन्द्रिकरण र स्थानीय स्वायत्त पद्धतिको सिद्धान्तअनुसार स्थानीय जनप्रतिनि र उपभोक्ताबाट सञ्चालित आयोजन/कार्यक्रमहरूमा जनताको बढी मोह, माया र ममता हुन्छ। आफैले तर्जुमा र कार्यान्वयन गरेको योजना हुँदा प्रकृया, छिटो, छरितो हुन गई कार्यान्वयनमा शीघ्रता आउँदछ।

१०. एकातर्फ योजना तर्जुमाको सिलसिलामा आइपरेका समस्याहरू स्थानीय आवश्यकता र परिस्थिति अनुकूल समाधान गर्न सकिन्छ भने अर्कोतर्फ योजना तर्जुमा जनताको सहमभागिता वृद्धि भई दीगो विकास प्रवर्द्धनमा मद्दत मिल्दछ।

११. स्थानीय नेतृत्वले एकातर्फ स्थानीय आवश्यकताको सही पहिचान गरी सोको समाधान खोज्न सक्दछ भने अर्कोतर्फ स्थानीय नेतृत्वको अभ्यासबाट भविष्यमा राष्ट्रिय नेतृत्वको विकासमा टेवा पुग्दछ। तर यो कार्य स्थानीय सरकारको निर्माण गरी तिनीहरूलाई शक्ति विकेन्द्रीकरण गरेर मात्र सम्भव हुन्छ।

१२. हरेक कार्यमा केन्द्रको मुख ताक्नुपर्ने स्थिति र ढिलासुस्ती हुन गयो भने असल नीति र कार्यक्रम पनि कार्यान्वयन हुन नसकी निरर्थक हुन्छन् । तर विकेन्द्रीकरणले प्रशासनलाई जनताको घरदैलामा पुऱ्याउँछ । विकेन्द्रीकरण जनता र केन्द्रीय सरकारलाई एक–अर्कासँग जोड्ने र सञ्चारको महत्त्वपूर्ण कडी बन्ने हुँदा यसबाट प्रशासन प्रभावकारी भई सरकारको दक्षता अभिवृद्धि हुन्छ।

१३. जनतामा आधारभूत आवश्यकता पूरा गर्नको लागि स्रोत, साधन, सो, सुविधा संकलन गर्ने कार्य जति महत्त्वपूर्ण हुन्छ । सो भन्दा महत्त्वपूर्ण तिनीहरूलाई न्यायोचित तरिकाले जनताको सामु वितरण गर्नु हो । सुविधाभोगीको लागि अझ सुविधा थपिने र गरिब, पिछडिएका र निमुखा समुदायलाई सेवा, सुवधिा उपलब्ध हुन सकेन भने सरकारको कार्य निरर्थक हुन्छ । तसर्थ, विकेन्द्रिकरणको अवलम्बनबाट नै विकासको प्रतिफल अधिकाधिक जनतामा न्यायोचित तरिकाबाट वितरण गर्न सकिने हुँदा यसको महत्त्व अझै बढी छ।

१४. हाम्रो जस्तो भौगोलिक कठिनाई भएको देशमा विकेन्द्रिकरणको महत्त्व अझ बढी छ किंनभने सानोतिनो कामको लागि, पनि केन्द्रमा धाउनुपर्दा एक त समयको नोक्सान हुन्छ भने अर्कोतर्फ यातायात, खानेबस्ने र अन्य खर्चहरूले गर्दा सेवा ज्यादै महँगो हुन्छ । केन्द्रीयकरणबाट जनताले आवश्यक झन्झट र दुःख व्यहोर्नु पर्ने हुन्छ।

65. Explain the bases of good governance briefly?

सुशासनका आधारहरू	सुशासनका आधारले समेट्ने पक्षहरू
राजनीतिक	• प्रजातन्त्र • सहभागिता • बहुल्वाद • कानुनी शासन र मानव अधिकार • शान्ति सुरक्षा
सामाजिक	• नागरिक समाजको विकास • सामाजिक समस्यासँग साझेदारी • साझा स्वार्थको पहिचान • सामाजिक पूँजीको निर्माण
व्यवस्थापकीय	• लक्ष्योन्मुख प्रशासन • साधन स्रोतको तर्जुमा • स्रोत परिचालन • प्रविधिको प्रयोग • जनशक्ति विकास
नैतिक	• सदाचार • इमान्दारीता • सामाजिक उत्तरदायित्व • वैयक्तिक सरोकार

66. Explain the role of civil society for socio-economic and political development?

वास्तवमा नागरिक समाज भनेको गैह्रराज्यीय, गैह्रसरकारी, स्वेच्छिक, तलैबाट उठेका जनमञ्च, सङ्गठन र आन्दोलन हुन् जसले सामाजिक जीवनका हरेक पक्षहरूमा आवश्यकताअनुसार क्रियाशील रही जनतालाई विविधकोणबाट सहयोग पुऱ्याउँदछ । नागरिक समाज गैह्रसरकारी हुन्छ तर गैह्र राजनीतिक भने हुँदैन । यसले राज्यको सामाजिक, आर्थिक र राजनीतिक जीवनको विभिन्न पक्षमा महत्त्वपूर्ण भूमिका खेल्दछ । नागरिक समाजले खेल्ने भूमिकालाई बुँदागत रूपमा निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

- नागरिक समाजले राज्य र बजारको करकापपूर्ण क्षमतालाई मानवीकरण गर्न मद्दत गर्दछ ।

- यसले राजनीतिज्ञ, उद्योगपति, व्यापारीवर्ग र राज्यका पदाधिकारी वर्गलाई जनताप्रति जवाफदेही बनाउँदछ।
- समाजका अल्पसङ्ख्यक, किनार परेका र गरिब तप्काका हितहरूलाई एकत्रीत गर्ने भूमिका खेल्दछ।
- राजनीतिक र आर्थिक प्रक्रियाहरूबाट बाहिर परेकाहरूको हित र चासोहरूलाई अभिव्यक्त गर्दछ।
- विकास दुरदृष्टि, युक्ति र विकल्पका विषयमा चल्ने नीति सम्बन्धी वार्ता (Policy dialogue) मा संलग्न हुन नागरिक सङ्गठनहरूका लागि स्थान सृजना गर्न मद्दत गर्दछ।
- विकासका सरकारी प्रयत्नहरूमा मद्दत पुऱ्याउन नागरिकहरूलाई आवश्यक पर्ने कौशल, ज्ञान र स्रोत उपलब्ध गराउँदछ।
- निर्णय निर्माणमा पारदर्शी, विकेन्द्रीत र बहुलवादी दृष्टिकोण विकास गर्न मद्दत गर्दछ।
- सामाजिक एकता र सामाजिक पूँजीको विकासका चुनौतीहरूलाई मुकाविला गर्ने स्थान प्रदान गर्दछ।
- सामाजिक संस्थाहरूलाई राजनीतिक एवम् आर्थिक संस्थाहरूसँग सहाकार्यको प्रक्रियालाई मजवुत बनाउन सघाउँदछ।
- जनसशक्तिकरण र सहभागिताका लागि अनुकूल नियम कानुन सहमति र गठजोडका आधारमा फराकिला पार्न मद्दत गर्दछ।
- अर्थतन्त्रको सामाजिक आधार विस्तार गर्न सहयोग गर्दछ।
- आर्थिक सुरक्षा, भूमि सुधार, लैङ्गिक समानता र सामाजिक अधिकारका परम्परागत संरचनाहरूलाई अघि बढाई वैकल्पिक आर्थिक शासनको प्रत्याभूति गर्न सहयोग पुऱ्याउँदछ।
- राज्यको कठोर हस्तक्षेप र बजारको अदृश्य हातबाट उत्पन्न हुने आर्थिक विच्छशृङ्खलताका समाजलाई छुटकारा दिन नागरिक समाजले सामाजिक अर्थतन्त्रको वैकल्पिक कार्य योजना अघि सार्छ।
- समाजमा आ–आफ्ना आवश्यकताको पूर्ति आफैँ गर्न सक्ने सामाजिक क्षमता र दक्षतामा अभिवृद्धि ल्याउन सक्ने बनाउने।
- सामाजिक मूल्य, मान्यतामा समाजलाई अभिमुख बनाउने।
- बीसौँ शताब्दीका अन्त्यमा आएर रहेका राजनीतिक विकृतिका विद्यमान चुनौतीलाई अङ्गिकार गर्दै निराकरणमा आवाज उठाउने।

यसका अलावा नागरिक समाजले भूमण्डलीकरणका दृष्प्रभावलाई नियन्त्रण गरी राज्यलाई पुर्नसमायोजित गर्दछ। जनशक्तिकरणका लागि यसले नागरिकहरूलाई विकास परियोजनाहरूको निर्णय, निर्माण, नियन्त्रण र मूल्याङ्कनमा प्रत्यक्ष सहभागी गराउँछ।

त्यस्तै यसले नागरिकहरूलाई भूमि, ऋण, स्रोत र सूचना, संरचना र योजना, उत्पादन, विनिमय र वितरणमा प्रत्यक्ष रूपले पहुँच पुऱ्याउँछ।

नागरिक समाजको अवधाराणा भनेको राज्य नियन्त्रित शासन र बजार नियन्त्रित अनियोजित शासनका स्थानमा सामाजिक–व्यवसायिक जीवनका विविधतापूर्वक स्वतः स्फूर्त संस्थाहरूको प्रभाव विस्तार गर्ने विचारबाट प्रेरित छ। यसले आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा जनसशक्तिकरण र जनसवालीकरणमा बल प्रदान गर्दछ । प्रतिनिधिमूलक प्रजातन्त्रमा पनि बहुमतको क्रूरतापूर्ण शासनलाई मानवीकरण गर्न विभिन्न नागरिक समूहहरूको सक्रिय र जनहीतका लागि हस्तक्षेपकारी भूमिकालाई यसले बढावा दिन्छ। वस्तुत सबै ठाउँमा विभिन्न स्तर मात्रामा नागरिक समाजले अभ्युदाय भएको छ। साथै त्यसले राज्य सञ्चालनका विभिन्न पक्षहरूमा जनताका आवाजलाई जायज र सङ्गठित मुखरित पारेको छ। आउँदा दिनहरूमा नागरिक समाजले राजनीतिक आर्थिक प्रणालीलाई सन्तुलित र मानवीय बनाउन निर्णायक भूमिका खेल्ने कुरालाई स्वीकार गरिएको छ।

67. As being the basic component of political economy what is the role of political parties in social mobilization and rural development? Explain it.

राजनीतिक दलहरू समाज विकास तथा रूपान्तरणका आधारस्तम्भ हुन जसको माध्यमबाट समाजलाई रूपान्तरण गरी विकसित समाज निर्माण गर्न सकिन्छ। विशेष गरेर स्थानीय शासन व्यवस्था सञ्चालन गर्न तथा केन्द्रीय सरकारसँग स्थानीय तहको समन्वय गरी अगाडि बढ्न पनि यसको भूमिका अपरिहार्य हुन्छ । स्थानीय स्तरको शासन व्यवस्थालाई व्यवस्थित गर्नका लागि स्थानीय निकायहरूलाई सक्षम र प्रभावकारी बनाउनुपर्दछ। यसको लागि आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोतसाधनको निक्षेपण गर्न पनि संसद मार्फत राजनीतिक दलले भूमिका निर्वाह गरेका हुन्छन्। त्यसैगरी स्थानीय तहमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेही बहन गर्न सक्ने संयन्त्र र कार्यगत संरचना तयार गर्न पनि राजनैतिक दलहरूले निर्णायक एवम् दवावमूलक भूमिका निर्वाह गरेका हुन्छन् । स्थानीय निकायहरूलाई सुम्पिएका काम, कर्तव्य, जिम्मेवारीहरू र जवाफदेही वहन गर्नका लागि आवश्यक पर्ने स्रोत साधन सङ्कलन र परिचालन गर्ने अधिकार सुम्पने सम्बन्धमा कानुन तर्जुमा एवम् संसदबाट पारित गर्नका लागि समेत राजनीतिक दलको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

राजनीतिक दललाई आधुनिकताको प्रतिक मानिन्छ । उदार एवम् प्रजातान्त्रिक समाजमा यसले समाजका हरेक पक्षलाई प्रभावित गर्दछ। प्रजातन्त्रमा राजनीतिक दललाई राजनीतिक चेतना गृह (Power house) भनिन्छ । साधारणतया, सम्पूर्ण राजनीतिक प्रक्रिया राजनीतिक दललाई केन्द्रविन्दु मानेर सञ्चालन गरिन्छ। यसै सन्दर्भमा राजनीतिक दललाई परिभाषित गर्दै Burk भन्दछन्, "राजनीतिक दल मानिसहरूको त्यो समूह हो जसले कुनै निश्चित र विशेष सिद्धान्तको आधारमा संयुक्त प्रयत्नको माध्यमबाट

राष्ट्रियहित चाहन्छ ।" (Political party is a body of men united for promoting by their joint endeavour the public interest upon some principle in which they are all agreed.) त्यस्तै राजनीतिक दललाई परिभाषित गर्दै E. B. Schultz भन्दछन्, "राजनीतिक दललाई व्यक्तिहरू वा विशिष्ट व्यक्तिहरूको समूहको त्यस्तो सङ्गठित र सम्भवत टिकाउ सङ्गठनको रूपमा परिभाषित गर्न सकिन्छ जसले नीतिहरू अङ्गिकार गर्नका लागि आफ्ना सदस्यहरूलाई सरकारी निकायमा पुऱ्याउन मद्दत गर्दछ ।" (A political party may be defined as an organized and presumably durable association either of individuals or of distinguishable groups of individuals which endeavour to place its member in government offices for the purpose of brining about the adoption of faboured of policies.) माथि उल्लेख गरिएका परिभाषा र विचारका आधारमा राजनीति दल भन्नाले तल उल्लेखित कुराहरूलाई बुझ्न सकिन्छः

- व्यक्ति वा समूह मिलेर बनेको एउटा राजनीतिक सङ्गठन हो ।
- सङ्गठनमा निरन्तरता,
- निश्चित सङ्गठनात्मक पद्धति,
- सत्ता प्राप्त गर्ने लक्ष्य/उद्देश्य,
- आधार निश्चित विचारधारा अथवा राजनीतिक कार्यक्रम हुन्छ,
- यो सधैं सामान्य जनतालाई प्रभावित गर्न प्रतिबद्ध रहन्छ,
- राजनीतिक भर्तीमा महत्त्वपूर्ण भूमिका खेल्दछ,
- स्वेच्छिक कार्यक्रम,
- आर्थिक हितको प्रतिनिधि,
- शक्तिमा पुगेर मात्रै आफ्नो इच्छित नीतिहरूलाई कार्यान्वयन गर्न सकिने भएकाले एक्लै वा अन्य समूहसँग मिलेर सत्ता कब्जा गर्न वा शक्तिमा परिरहन प्रयत्नशील हुने गर्दछ।

समग्र रूपमा राजनीतिक पार्टीहरूको सामाजिक परिचालन (Social mobilization) र विकासमा तल उल्लेख गरिए बमोजिम भूमिका रहेको पाइन्छः

- स्थानीय स्तरमा देखिएका समस्याहरूलाई व्यवस्थापन गर्ने प्रयास गर्दछ,
- जनतालाई अभिमुखीकरण गराउँदछ,
- जनतालाई सक्रियातापूर्वक योजना निर्माण देखि अनुगमन सम्मको सबै तहहरूमा सहभागिता गराउँदछ,
- स्थानीय तथा केन्द्रीय तहमा आवश्यक पर्ने नीति तथा कार्यनीति निर्माण गर्दछ,
- सरकारको स्थापना तथा नियन्त्रण,
- आधुनिकीकरण स्थापना गर्नमा सहयोग गर्दछ,
- जनताको पक्षमा वकालत गर्दछ,

- सामूहिक लक्ष्य, उद्देश्य र कार्यक्रम निर्धारण गर्दछ,
- सामाजिक, आर्थिक अनुगमनका लागि पहल गर्दछ,
- जनता र सरकारबीच सम्बन्ध स्थापित गर्दछ,
- जनताका अधिकार स्थापित गर्ने सन्दर्भमा वकालत (Advocacy) गर्दछ,
- विद्यमान सामाजिक, आर्थिक, विभेदहरूको विरोध गर्दछ,
- सरकारलाई जनपक्षीय काम गराउन सहयोग, सल्लाह प्रदान गर्दछ,
- समाज रूपान्तरणको लागि महत्त्वपूर्ण भूमिका खेल्दछ,
- व्यक्तित्व विकासका लागि सहयोग पुऱ्याउँदछ,
- नेतृत्व क्षमताको विकास गर्दछ,
- परम्परागत मूल्य, मान्यताको ठाउँमा नयाँ मूल्य मान्यता स्थापित गरेर,
- जनतालाई प्रशिक्षित गरेर,
- आवश्यक विकासका पूर्वाधारहरू विकास गरेर,
- परिवर्तनकारी र अग्रगामी नीति तथा कार्यक्रम तयार पारेर।

---

68. What might be the role of gender equality in the context rural development process of Nepal?

महिला समाज विकास तथा रूपान्तरणका आधारहरू हुन् भन्ने तथ्यलाई आत्मसाथ गर्दा गर्दै पनि हाम्रो मुलुकको सन्दर्भमा आजसम्म पनि महिलामाथि हुने विभेद, दमन र अत्याचारलाई समाप्त पार्न सकिएको छैन । महिला भएर जन्मेकै कारण उनीहरू विकासको मूलप्रवाहबाट बाहिरिनु परेको अवस्था छ जो वैज्ञानिक, तथ्यपरक छैन । जबसम्म सम्पूर्ण महिलाहरूलाई पुरुष सो सरह विकास प्रक्रियामा समाहित गर्न सकिँदैन। हाम्रो सन्दर्भमा ग्रामीण विकासको प्रक्रियालाई त्यसले अवरुद्ध गर्दछ। विकास कार्यमा महिलाको सहभागिता अत्यन्त न्यून रहँदै आएकाले विकास कार्यक्रमले अपेक्षित सफलता प्राप्त गर्न सकेका छैनन्। विकासका आयोजना तथा परियोजनाले समान रूपमा स्थानीय स्तरमा सेवा सुविधा पुऱ्याउने सक्नुपर्दछ तर हाम्रो सन्दर्भमा महिला भएकै कारणले जनसङ्ख्याको ठूलो हिस्साले विकासको प्रतिफलबाट विमुख बन्नु परेको छ। जन्मदाको जैविक लिङ्गका आधारमा जुन ढङ्गले महिलामाथि विभेद गर्ने कार्य गरिएको छ। त्यस्तो समस्या विशेषतः अल्पविकसित राष्ट्रहरूमा धेरै देखिएको छ त्यस्तो सोच र परिपाटीलाई तुरुन्त बदली लैङ्गिक समानता कायम गर्न नसकिएमा ग्रामीण विकासको प्रक्रिया पूर्ण हुन सक्दैन। यसै सन्दर्भमा लैङ्गिक समताका कारणले ग्रामीण विकासमा पार्न सक्ने सकारात्मक प्रभावहरूलाई तल बुँदागत रूपमा उल्लेख गरिन्छः

१. महिला र पुरुषको शैक्षिक स्तर समान कायम राख्न सकेमा महिला समेत पुरुष सरह सक्षम र योगय हुन गएर रोजगारीका अवसरहरू प्राप्त गर्न सक्दछन् जसले गर्दा आत्मनिर्भर समुदाय तथा समाज निर्माण गर्नमा सहयोग मिल्दछ।

२. भनिन्छ, पुरुष साक्षर भएमा एकजनालाई हुन्छ तर महिला साक्षर भएमा सम्पूर्ण परिवारलाई हुन्छ, तसर्थ समान हिसाबले महिलालाई साक्षर बनाउन सकिएमा विस्तारै पुरै परिवार, समुदाय र गाउँलाई नै साक्षर बनाउन सकिन्छ।

३. पुरुष सरह समान सम्पत्तिको हकदार महिलालाई बनाउने सके महिलाले पुरुषले भन्दा बढी मितव्ययिता र लगतशीलता अपनाई पूँजीको परिचालन गर्दछ। विगतका ग्रामीण विकास बैङ्कको महिला लगानीले बंगलादेशमा पाएकी उदाहरणीय सफलताले भएको थप पुष्टि गर्दछ। पुरुषहरू जस्तो मोजमस्ती र खर्चिलो बानी महिलामा हुँदैन। यसले आर्थिक प्रगतिमा सहयोग पुऱ्याउँदछ।

४. सामाजिक जीवनका क्रियाकलापहरू जस्तै नेतृत्व गर्ने चेतना अभिवृद्धि गर्ने, सहभागीमूलक कार्यक्रमहरूमा अग्रसर हुने जस्ता क्षेत्रहरूमा महिलालाई अगाडि सारेको खण्डमा ती कार्यक्रम अझ बढी प्रभावकारी तथा सफल हुन सक्दछन्। किनकि महिलाहरूद्वारा महिलाहरूलाई समेत र जागरुक गराउनें प्रक्रिया बढी प्रभावकारी हुनछ। यसबाट ग्रामीण समाजको सामाजिकस्तर माथि उठ्न सक्दछ।

५. लैङ्गिक सशक्तिकरणले समाजमा महिला विरुद्ध हुने भेदभाव, अन्याय र दवावलाई निर्मुल पारी स्वच्छ र गतिशील आधुनिक सचेत समाज निर्माणमा सघाउ पुऱ्याउँछ।

६. लैङ्गिक सशक्तिकरणले विकास प्रक्रियामा तीव्रता मात्र आउने नभई दीगो पनि हुन्छ। जनसमूहको आधा भाग विकासमा निष्क्रिय रहेको अवस्थामा पूरै समूह सक्रिय भएर लागेपछि विकासको गति पहिलोको तुलनामा दोब्बर बढ्दछ। यसका अलावा सहभागिताद्वारा सञ्चालन गरिएका विभिन्न विकास क्रियाकलाप दीगो तथा चीरस्थायी पनि हुन्छन् किनकि सबैको काम प्रति चासो र जागरुकता रहन्छ।

७. लैङ्गिक समानताले प्राकृतिक स्रोत साधनको प्रयोग र उपयोगमा पनि सघाउ पुऱ्याउँछ। नेपालका ग्रामीण क्षेत्रहरू कुनै न कुनै स्रोत तथा साधनले धनी छन् तर त्यसको यथोचित उपयोग हुन नसकेर ग्रामीण विकासको प्रक्रियाले मूर्तता पाउन सकेको छैन। प्राकृतिक स्रोत तथा साधनको व्यवस्थापनमा महिलाको लगनशीलता र दक्षता पुरुषको दाँजोमा बढी नै हुन्छ। यदि उनीहरूले समान अवसर पाएका उचित व्यवस्थापन गर्न सक्दछन् भन्ने कुरा महिलाको सहभागिता रहेका सामुदायिक वनको सफलताको पुष्टि गरिसकेको छ।

८. लैङ्गिक सशक्तिकरणबाट समाजमा रहेकां रुढिवादी परम्परा, धार्मिक अन्धविश्वास र विभेदकारी सामाजिक नीति नियम र परिबन्धहरूको अन्त्य हुन्छ र प्रगतिशील समाजका निर्माण हुन जान्छ।

९. लैङ्गिक समानता नै सामाजिक परिवर्तनको एउटा अश्त्र हो। जब समाजमा लिङ्गको आधारमा सामाजिक विभेदीकरण गरिंदैन तब समाज आधुनिकतातर्फ स्वतः उन्मुख हुँदै जान्छ र आधुनिक मूल्य मान्यताहरूको विस्तारै सुत्रपात हुँदै जान्छ।

अन्त्यमा ग्रामीण विकासको प्रक्रियालाई व्यवस्थित, वैज्ञानिक, आधुनिक बनाउनका निम्ति महिलाको भूमिकालाई नजरअन्दाज गरेर अगाडि बढ्न सक्दैन। तसर्थ प्रभावकारी विकास प्रक्रिाय अगाडि बढाउन लैङ्गिग समानता प्रमुख सर्त हुन जान्छ। जब पूर्णरूपमा लैङ्गिक समानता रहन्छ ग्रामीण विकासको मुख्य आधारशीला त्यसले निर्माण गर्दछ। बाँकी प्रक्रिया त्यो आधारशीला टेकेर अगाडि बढाउन सकिन्छ।

69. Describe about the relationship between good governance and development process.

सुशासनको अवधारणा विकाससँग जोडिएर अगाडि आएको हो । अफ्रिकी महादेशमा स्रोत साधनको उपलब्धताका बावजुद विकास किन हुन सकेन ? भनी विश्व बैङ्कद्वारा गरिएको अध्ययनमा सुशासनको अभाव भनी सन् १९८९ मा प्रतिवेदन प्रकाशित भएपछि विश्वव्यापी रूपमा यो अवधारणा शासनको एक अनिवार्य शर्तका रूपमा स्थापित हुन पुगेको छ।

सुशासन एक व्यापक अवधारणा हो। यसले शासनका हरेक पक्षहरूलाई समेटेको छ । प्रजातान्त्रिक शासन व्यवस्था, वैधता माथिको जोड, पारदर्शिता, जवाफदेहिता, जनसहभागिता विकेन्द्रिकरण आर्थिक सुशासनका आधारभूत मान्यताहरू हुन्। विकास प्रशासन सन् १९५० को दशकमा प्रशासनको माध्यमद्वारा आर्थिक सामाजिक रूपान्तरण र राष्ट्र निर्माणका लागि अगाडि बढाइएको अवधारणा हो । उपनिवेशबाट मुक्त भएका मुलुहरूको शासन पद्धतिलाई सही मार्गनिर्देशन गरी विकास प्रक्रियालाई अगाडि बढाउन क्रममा यो अवधारणा अगाडि ल्याइएको पाइन्छ।

सीमित र असङ्गठिक स्रोत साधनको समुचित प्रयोग गर्ने तथा विकासको प्रतिफल सामाजिक न्यायमा आधारित भएर वितरण गर्ने मूल दृष्टिकोणमा आधारित विकास प्रशासनले कतिपय मुलुकहरूमा सफलता हासिल गर्न सफल भयो। तर बिडम्बना नेपाल जस्तो मुलुकले भने विकास प्रशासनको लामो अभ्यास गरेर पनि विकासलाई खासै गति दिन सकेनन् । यसो हुनुको मूल कारण सुशासनको अभाव हो भन्ने तथ्य हाल सबै पक्षहरूद्वारा स्वीकार गरिएको छ । सुशासनको अवधारणाले विकासमा पार्ने प्रभावका सन्दर्भमा निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

- विकास प्रयासमा जहसहभागिता जुटाउनु,
- सामाजिक न्यायमा आधारित विकास कार्यनीति तर्जुमा गर्नु,
- विकास प्रतिफलको सन्तुलित वितरण गर्नु,
- जनमुखी नागरिक प्रशासन सञ्चालन गर्ने,
- सार्वजनिक सेवा सुलभ गर्न,
- जवाफदेहिता र पारदर्शितालाई प्रवर्द्धन गर्न,
- प्रशासनलाई जनमुखी/ग्राहकमुखी बनाउन,
- नागरिक समाजको विकास गर्न,
- विकेन्द्रीकरणलाई व्यवहारमा उतार्न,

- जनताको सार्वभौमसत्ताको सम्मान गर्ने,

आधिकारिक रूपमा सुशासनको अवधारणा विकास प्रशासन भन्दा करिब तीन दशक पछि मात्र अगाडि आएको हो। यो तीन दशक १९६०-१९९० को अवधिमा विकास प्रशासनलाई अंगालेर विश्वका धेरै मुलुकहरूले विकासलाई गति प्रदान गरेका छन्। एसिया महादेशकै थाइल्याण्ड, सिंगापुर, भारत आदि यसका उदाहरणहरू हुन्। यसर्थ विकास प्रशासनको कार्यान्वयन गर्न सुशासन नै हुनुपर्दछ भन्ने छैन भनी तर्क गर्न नसकिने भने होइन। तर यी मुलुकहरू (जसले विकास प्रशासनको सफल कार्यान्वयन गरे) मा सुशासनका मूल्य, मान्यता र आदर्शहरूलाई भने व्यवहारमा लागू गरिएको थियो।

नेपाल जस्तो मुलुकहरूको उदाहरण लिने हो भने सुशासनका अभावमा विकास प्रशासनमा असफल भएको निष्कर्ष ठोकुवा गर्न सकिन्छ। सुशासनलाई सिद्धान्तमा बुझ्न जति सहज छ, व्यवहारमा उतार्न त्यत्तिनै कठिन भएकाले हालका दिनमा सुशासनको चर्चा परिचर्चा बढे तापनि विकासमा खासै सुधार हुन सकेको छैन। यसर्थ आजको युगको नारा सुशासन भएको र विकासका मुद्दाहरू समेत नवीन ढङ्गले समाधान गर्नुपर्ने भएकाले अबको समयमा सुशासनको अभावमा विकास कार्यान्वयन गर्न सम्भव देखिँदैन। आज विकासका लागि हरेक सहयोगका शर्तहरू सुशासन भएका छन्। नेपाल विकास मञ्च २००२ को बैठकले यस यस तथ्यलाई आधिकारिक रूपमा पुष्टि समेत गरिसकेको छ। हरेक सरकारी नीति तथा कार्यक्रमको प्रमुख उद्देश्य सुशासन कायम गर्नु रहेको छ। तसर्थ आगामी दिनमा सुशासन र विकास एक अर्कामा अलग भएर अगाडि बढ्न सक्दैनन् त्यसैले यिनीहरूको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ। यसर्थ विकासका आदर्श तथा सिद्धान्तहरूलाई सुशासनको अवधारणाले समर्थन गरेको छ। आज दुवै एकअर्काका पूरकको रूपमा रहेका छन्।

70. Discuss about the efforts of government of Nepal for agriculture development.

नेपालको सन्दर्भमा कृषिलाई गरिबी निवारणको प्रमुख आधार मानेर आएको हुँदा यसलाई व्यवस्थित बनाउन तथा अझ बढी प्रभावकारी र सशक्त बनाउन सबै क्षेत्रहरूबाट प्रयास हुँदै आएका छन्। यसै बीचमा नेपाल सरकारले समेत सरकारी तवरबाट कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्दै यसको विकासमा सैद्धान्तिक रूपमा ध्यान पुऱ्याएँको देखिन्छ। यद्यपि यसको व्यावहारिक तथा वैज्ञानिक कार्यान्वयनको अभावका कारण आशा गरे बमोजिमको सफलता प्राप्त गर्न सकिएको छैन। ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदै जाँदा कृषि तथा वन पैदावर क्षेत्र नेपालको अर्थ व्यवस्थाको प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ। जनघनत्व बढ्दै जाँदा वनफडानी चोरी निकासी तथा जमिन माथिको अत्यधिक चापका कारण कृषि तथा वन पैदावरको अर्थतन्त्रबाट आफ्नो प्रभुत्व गुमाउँदै गएका छन्। यसै सन्दर्भमा नेपाल सरकारका तर्फबाट प्रथम पञ्चवर्षीय योजनाबाट दशौं योजनासम्म सरकारले कृषिक्षेत्रमा गरेको बजेट विनियोजनलाई निम्न बमोजिम उल्लेख गरिन्छः

योजना काल	शीर्षक	विनियोजित रकम रु. करोडमा	कुल रकमको प्रतिशत
प्रथम पञ्च वर्षीय योजना	कृषि	१.२	३.६%
दोस्रो त्रीवर्षीय योजना	कृषि विकास	८.१७	१४.०%
तेस्रो पञ्च वर्षीय योजना	कृषि तथा ग्रामीण	९३.१०	३७.२%
चौथो पञ्च वर्षीय योजना	कृषि, भूमि सुधार सिँचाइ वन तथा वनस्पति	११७.१८	३३.१%
पाँचौं पञ्च वर्षीय योजना	कृषि, सिँचाइ, भूमि सुधार वन भूसंरक्षण पुनर्वास	३१६.७	३४.४%
छैठौं पञ्च वर्षीय योजना	कृषि, सिँचाइ तथा वन	१०५.७	३१.१%
सातौं पञ्च वर्षीय योजना	कृषि, सिँचाइ तथा वन	१७२.८	३४.३%
आठौं पञ्च वर्षीय योजना	कृषि, सिँचाइ तथा वन	२९१९.३	३४.३%
नवौं पञ्च वर्षीय योजना	कृषि, सिँचाइ तथा वन	५१२८.४	२७.०५%
दशौं पञ्च वर्षीय योजना	कृषि, सिँचाइ तथा वन	५६२१	२५.२%

माथिको तथ्याङ्कबाट हामी थाहा पाउन सक्दछौं कि सरकारले कृषि क्षेत्रलाई विकास गर्न विभिन्न योजनाहरूको माध्यमबाट लगानी गरिरहेको छ। सरकारी क्षेत्रबाट प्रयास हुँदै नभएको भन्न मिल्दैन तर त्यति हुँदाहुँदै पनि कृषि क्षेत्रको अवस्था सुधार हुन सकेको छैन । हाम्रो कृषि परम्परागत रूपबाट तथा अव्यवस्थित ढङ्गले सञ्चालन भइरहेको देखिएको छ । यसले के सङ्केत गर्दछ भने बजेट विनियोजन र राम्राराम्रा कागजी योजनाले मात्र कृषि क्षेत्रको रूपान्तरण सम्भव छैन। भण्डै एक चौथाइ भन्दा बढी बजेट सबै योजनाहरूमा कृषि क्षेत्रलाई छुट्याउँदा पनि कृषि क्षेत्र विकास हुन नसक्नुले हाम्रो समग्र दृष्टिकोण नै सन्तोषजनक रहने, कृषि क्षेत्रलाई आर्थिक विकास तथा गरिबी निवारणको प्रमुख आधारको रूपमा नहेरेर यसको भूमिकालाई नजरअन्दाज गरियो। अर्थात् कृषि क्षेत्रलाई primary क्षेत्रको रूपमा पहिचान गर्न सकिएन। वास्तवमा त्यो मान्यता तथा अवधारणा नै गलत थियो। कृषिलाई नै प्रमुख महत्त्वपूर्ण व्यवसायिक क्षेत्रको रूपमा विकास गरी परिमार्जन र आधुनिकीकरण गर्न सकेको भए आजसम्म आइपुग्दा विश्व

कृषि बजारमा नेपालको access हुन सक्थ्यो तर विडम्बना कृषि क्षेत्रको उत्पादकत्व हिजोको तुलनामा घट्दो अवस्थामा छ। हामी खाद्यान्नका लागि परनिर्भर बन्नु पर्ने अवस्थमा सृजना भएको छ जो दुःख लाग्दो पक्ष हो।

हुनतः यो बीचमा केही सकारात्मक सङ्केत पनि नदेखिएका होइनन् जस्तै हालैका समयहरूमा (नेपालले उदारीकरण नीतिलाई आत्मसाथ गरे पश्चात) विशेषगरी विश्वव्यापीकरणको लहरले विश्वव्यापी बजार कृषिको लागि खुला गरिदिएपछि भने कृषि क्षेत्रमा व्यवसायिकरण बद्दैछ। नेपालका उत्पादन तथा तरकारीहरू विश्व बजारमा पुगिरहेका छन्। चियाले विश्वबजारमा आफ्नो पहिचान र स्थान बनाइसकेको अवस्था छ। तुलनात्मक लाभका तथा भौगोलिक तथा वातावरणीय परिवेशले गर्दा बढी फाइदा दिन सक्ने उत्पादनको पहिचान, अनुसन्धान र विकास गरी व्यवसायिक कृषि क्षेत्रलाई अगाडि बढाउन सके नेपालमा कृषि क्षेत्रले समुन्नत भविष्य निर्माण गर्न सक्दछ।

71. Explain the concept of participation in development? What might be the problems arising by development and how it mitigate?

विकास भन्नु नै सकारात्मक परिवर्तन हो। विकासमा जनसहभागिता, दीगोपना, परिवर्तन, बढोत्तरी आवश्यक ठानिन्छ। जनसहभागिता विकासको मूलसर्त हो। दीगो विकासमा जनताको सहभागिता भएन भने विकास एकाङ्की हुन पुग्दछ भन्ने मान्यता छ। दीगो विकासका लागि जनसहभागितालाई प्रोत्साहित गरिने कुरा दशौँ योजना तथा अन्तरिम तीन वर्षीय योजनामा पनि छ। स्थानीय विकासको दीर्घकालनि अवधारणा अन्तर्गत स्थानीय साधन स्रोतको सङ्कलन र परिचालन जनसहभागितामा आधारित नागरिक समाजको स्थापनामार्फत गरिने कुरा समेत योजनामा उल्लेख छ। दीगो विकासका लागि स्थानीय विकास प्रक्रियामा व्यापक जनसहभागितामा अभिवृद्धि गर्ने रणनीति अन्तर्गत विकास प्रक्रियाको निर्णय र कार्यान्वयन प्रक्रियामा स्थानीय जनसमूहको सहभागिता वृद्धि गर्दै विकासमा महिलाको सहभागिता समेतलाई मुख्य प्राथमिकता दिने कुरा उल्लेख गरेबाट विकासमा जनसहभागिताको पक्षलाई प्रमुख प्राथमिकताको रूपमा लिइएको देखिन्छ।

विकासलाई दीगो विकासमा रूपान्तरण गर्न, निर्वाहमुखी विकासलाई व्यवसायमुखी विकासमा परिवर्तन गर्न, एकाङ्की विकासलाई सर्वाङ्गिण विकासमा स्थानान्तरण गर्न, केन्द्रित विकासलाई सन्तुलित विकासमा विस्तार गर्न, विकासलाई स्वामित्वयुक्त विकासमा लैजान जनसहभागितामा आधारित विकास जरुरी हुन्छ। अर्थात् विकासमा जहसहभागितामा वृद्धि गर्नाले विकास दीगो हुन्छ। विकासमा स्वामित्वभाव बढोत्तरी हुँदै जान्छ। विकासले सबै पक्षलाई समेट्न सक्दछ। विकासले सन्तुलित विकासको मर्म उजागर गर्दछ। विकासमा उत्तरदात्यिवको खोजी हुन्छ। विकासले यथार्थ विकासको अनुभूति गर्दै जान्छ र विकास दबिलो र सशक्त हुन पुग्दछ। जनताले रोजेको, खोजेको र बुझेको विकास नै जनसहभागितामा आधारित विकास हो। यसरी भएको विकास नै दीगो र भरपर्दो हुन्छ भन्ने मान्यता छ।

विकासमा जनसहभागिता भनेको यस्तो अवस्था होः

१. आफ्नो चाहना उजागर गर्ने अवस्था

२. आफ्नो आवश्यकता स्वतन्त्रापूर्वक देखाउने अवस्था

३. आफ्नो क्षमताको पूर्ण उपयोग गर्न पाउने अवस्था

४. आफूले प्रत्यक्ष फाइदा प्राप्त गर्न सक्ने अवस्था

५. आफूले स्वामित्व ग्रहण गर्न सक्ने अवस्था

६. विकास निर्माणका काममा आफ्नो सहज पहुँचको अवस्थाका

विकासबाट उत्पन्न हुने समस्याहरू

विकासलाई सकारात्मक परिवर्तनको रूपमा लिइने मान्यता रहेपनि यसका आफ्नो विसङ्गतिहरू पहिचान गरिएका छन् । विकासको मान्यताका नाममा हुने परिवर्तनले समाजका सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक पक्षमा नकारात्मक असरहरू देखिएको तथ्य विभिन्न अध्ययनहरूले प्रष्ट्याएको पाइन्छ । विकास गतिविधिले निम्त्याउन सक्ने समस्यालाई निम्नानुसार औँल्याउन सकिन्छ।

आर्थिक पक्षसँग सम्बन्धित समस्या

- प्रशस्त धनी व्यक्तिहरूको उदय हुन्छ तर सबै व्यक्ति धनी हुन सक्दैनन्।
- धनी र गरिब बीचको दुरी बढ्ने भएकाले समस्या सृजना गर्दछ।
- प्रशस्त धन भएकाहरूको जीवनशैली र रहनसहनले स्थानीय बजार महङ्गो हुन्छ।
- सहरीकरणले मुलुकको आर्थिक, गतिविधि, सहरकेन्द्रित हुन पुग्दछ, गाउँलाई हुँदैन।
- बढ्दो शहरीकरणको प्रभावका कारण ग्रामीण क्षेत्रका कृषकहरू सहरे मजदुरमा सीमित हुन पुग्दछन्।
- विकासका नाममा भएका परिवर्तनले कृषि व्यवसाय निष्क्रिय भई आर्थिक मेरुदण्डको रूपमा रहेका कृषि पेशा धरायसी हुने खतरा रहन्छ।
- विकासका नाममा ल्याइएका कार्यक्रमले देशको अर्थतन्त्रलाई एकाङ्की रूपमा सीमित गरी सर्वाङ्गीण विकासमा उभ्याउन कठिन देखिन्छ।

रोजगारी पक्षसँग सम्बन्धित समस्या

- विकासको नाममा निर्धारण भएको बाटोघाटोले स्थानीय पसलेहरूको उठीबास हुने अवस्था पैदा गर्दछ।
- विकासका नाममा निर्माण भएका ठूलाठूला भवन, डिपार्टमेन्टल पसल इत्यादीले श्रमजीवि कृषक समूहको कुनै समस्या हुल हुन सक्दैन ।.
- विकासको नाममा आएको विदेशी सहयोगमा भएको औद्योगिक विकासले मुलुकका सीमित व्यक्तिलाई दिइएको रोजगारीको अवसरले मुलुकको रोजगारीको समस्या ज्यूँका त्यूँ हुन पुग्दछ।

- विकासका नाममा भित्रिएको विदेशी शिक्षणको प्रभाव स्वदेशी माटोमा उपयोगी नहुन पनि सक्ने अवस्थाले शिक्षाको लगानी रोजगारीको प्रतिफलबाट सदैव टाढा रहने खतरा रहन्छ।

सामाजिक पक्षमा देखिने समस्या

- विकासको नाममा भित्रिने विदेशी संस्कारले स्थानीय संस्कारमा नकारात्मक असर पार्ने खतरा रहन्छ।
- विकासको कामले फाइदा पुग्ने पक्षले फाइदाबाट वञ्चित वर्गसँग सहकार्य गर्न रुचाउँदैन
- विकासको नाममा देखिएको संस्कृतिले गाउँले र शहरबीचको खाडल झन् गहिरो बनाउने अवस्था रहन्छ।
- विकास गतिविधिबाट प्राप्त प्रतिफलले हुने र नहुने बीच द्वन्द्वको अवस्था ल्याउँछ।
- विकासले दिने प्रतिफलले समानुपातिक अवसरभन्दा असुन्तलित फाइदाको प्रत्याभूति गरिदिन्छ।
- विकासको समतामूलक प्रभावका अभावमा गाउँ र शहरबीचको असन्तुलन र भेदभाव सामाजिक समस्याको चर्को रूप बन्न पुग्दछ।

वातावरणीय पक्षसँग सम्बन्धित समस्याहरू

- विकासले शहरीकरण बढाउँछ बढ्दो शहरीकरण वातावरण विकासको मूल कारण हो।
- विकासले ल्याएको बाटो निर्माणले ठूलो परिणाममा वन विनाश हुन्छ, वन विनास हुनु भनेको वातावरणमा प्रतिकुल असर पुग्नु हो।
- विकासको एउटा पाटो भनेको घनावस्ती, शहर निर्माण, असङ्ख्य सवारी साधनको आयात पनि हो, यस्ता गतिविधिले स्वच्छ वातावरणमा प्रतिकुल असर निम्त्याउँछ।
- विकासको नाममा भएको विदेशी उद्योग दर्ता र औद्योकिरणले नचाहिने विदेशी संस्कृति भित्र्याएर स्वास्थ्य सामाजिक संरचनामा वातावरणीय विकृति पनि आउन सक्ने अवस्था रहन्छ।

अतहः विकासका समेत समस्याहरू हुने भएकाले हामीले विकास प्रक्रियालाई अगाडि बढाउँदा त्यस्ता समस्याहरू कम सृजना होउन् अथवा सृजना नहुन् भन्ने तर्फ ध्यान केन्द्रित गर्नैपर्दछ। त्यसका लागि सर्वप्रथम विकासका सबै प्रक्रिया, तहमा स्थानीय तथा सम्बन्धित जनताको सक्रिय उपस्थिति, समर्थन र सहभागिता जरुरी पर्दछ त्यसले मात्र विकासलाई दीगो, मर्यादित र वातावरण मैत्री बढाउन पाइन्छ।

72. Critically evaluate the role of foreign aid in the context of Nepal?

एक आपसमा सहयोग र मैत्रीको अवधारणाले सुरु भएको वैदेशिक सहयोगले दोस्रो विश्व युद्धबाट क्षतविक्षत राष्ट्रहरूको आर्थिक, सामाजिक, औद्योगिक विकासका लागि

एउटा नयाँ कार्यक्रम र नयाँ वित्तीय सहयोगको रणनीतिको रूपमा काम गर्न थाल्यो। विश्वमा हुने र नहुने बीचको फरकलाई समाप्त गर्ने एउटा महत्त्वपूर्ण उपाय वैदेशिक सहयोग पनि हो भन्ने मान्यताले विश्वव्यापी रूप लिएपछि वैदेशिक सहयोगका लागि होडबाजी नै चल्ने गरेको अनुभव गर्न सकिन्छ। सुरुका दिनहरूमा राष्ट्र राष्ट्रबीच सीमित रहेका वैदेशिक सहयोगले एक्काइसौं शताब्दीमा आइपुग्दा संस्थागत एवम् सङ्गठित व्यवस्थापनको रूप धारण गरेको छ। सहायता समूहको अवधारणा आइसकेपछि सहयोगलाई दाताहरूले मिलेर नै दिने नीति लिएको बुझिन्छ। सहयोगका स्वरूपहरू, आधारहरू, संरचनाहरू, प्रतिवद्धता, सम्झौता र परिचालनका कुराहरूले दाताराष्ट्र एवम् सहयोग लिने राष्ट्र दुवैलाई वैदेशिक सहयोगको व्यवस्थापन एउटा दीर्घकालीन नीतिको आधारमा गर्नुपर्दछ भन्ने कुराको बोध गराइरहेको देखिन्छ। अहिलेको विश्व सामाजिक, राजनैतिक, आर्थिक सबै हिसाबले नै एकीकृत भएका हुनाले वैदेशिक सहयोग केवल अविकसित मुलुक,गरिब राष्ट्रले मात्रै लिने हो भन्ने धारणामा व्यापक परिवर्तन आएको छ। विकसित धनी राष्ट्रहरू बीच पनि सहयोगको आदानप्रदान भई नै रहेको छ र वैदेशिक सहयोगको आदानप्रदान पनि चली नै रहेको छ।

यसै सन्दर्भमा नेपालले पनि वर्षेनी ठूलो मात्रामा वैदेशिक सहयोग प्राप्त गर्दै आइरहेको छ। त्यसका आफ्नै योगदान तथा कमजोरी पक्षहरू छन् जसलाई तल उल्लेख गरिन्छ।

नेपालमा वैदेशिक सहायताको योगदान

साधनको कमी पुरागर्ने, आर्थिक वृद्धिदर बढाउने, नयाँ प्रविधि लागू गर्नमा सहयोग गर्ने, पूर्वाधार विकासमा सहयोग गर्ने, मानव संसाधन विकासमा जोड दिने, NGO तथा INGO को विकास तथा विस्तार गर्ने, गरिबी निवारणमा टेवा, रोजगारी सृजना एवम् कृषि तथा सामाजिक सेवामा विस्तार गर्ने, प्राकृतिक स्रोतको प्रभावकारी उपयोग गर्ने, आयोजना व्यवस्थापन क्षमतामा वृद्धिगर्ने, पूँजी निर्माण र विकासमा सहयोग गर्ने, सोधानान्तर सुधार गर्ने योगदानहरूको अलावा वैदेशिक सहायताले देहाय बमोजिमको सहयोग पुऱ्याएको छ र पुऱ्याउँदछः

१. नेपालको न्यून आन्तरिक बचतको पूर्तिमा टेवा दिई यसलाई बढाउन र गरिबी निवारणका लागि साधन परिचालन गर्न सहयोग पुऱ्याउँदछ।

२. विकासका क्रियाकलापहरूलाई द्रुत गति प्रदान गर्न प्राथमिकता प्राप्त क्षेत्रहरूमा सहायता प्रवाहित गर्ने।

३. प्रत्यक्ष वैदेशिक लगानी र निजी क्षेत्रको लगानी आकर्षण गर्न उपयुक्त वातावरण सृजना गर्दछ।

४. अर्थतन्त्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि प्रविधिको पहिचान, मूल्याङ्कन तथा अवलम्बन्न गर्न सकिने राष्ट्रिय क्षमता बढाउने।

नेपाल सन् १९५० मात्रै बाह्य संसारसँग खुला भएको हो। वैदेशिक सहयोगको ढोका खुला भएको यो पचासौं वर्षको लामो यात्रामा आर्थिक विकासको क्रममा वैदेशिक

सहायता एक प्रभावकारी संयन्त्रको रूपमा स्थापित भई प्रमुख भौतिक पूर्वाधारहरू जस्तैः सडक, सिँचाइ, जलविद्युत लगायत शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रको विकासमा यसले महत्त्वपूर्ण योगदान गरेको छ। यसबाहेक वैदेशिक सहायताले समय सापेक्ष नीतिको निर्माण लागि आवश्यक संवादको विकास गर्नु, आर्थिक सुधारलाई मार्गनिर्देशन गर्न, सार्वजनिक नीति निर्माणको क्षमता अभिवृद्धि गर्न र सार्वजनिक सेवाहरूको लागि वित्तीय सहयोग प्रदान गर्न समेत महत्त्वपूर्ण भूमिका खेलेको छ।

वैदेशिक सहयोगको कमजोर पक्षहरू

वैदेशिक सहयोग नेपालका लागि आवश्यकीय खराबी (Necessary evils) हो भन्ने आम जनधारणा रहिआएको पाइन्छ र यो यथार्थ पनि हो। वैदेशिक सहयोगले गर्दा नेपालको अर्थतन्त्र परामुखापेक्षी हुन पुगेको छ। नेपाली संस्कार मूल्य र मान्यतामा नकारात्मक असर परेको छ। Self sustained हुन चाहने, प्रतिबद्ध भएर आर्थक सक्षमताको लागि राष्ट्रिय एकता कायम गर्ने कुरामा कमी आएको छ। ऋणभार बढ्नुका साथै ऋण सङ्कटमा पर्न सक्ने खतरा देखिएको छ। स्वीकृत वैदेशिक सहायताको उपयोग गर्ने प्रक्रिया ज्यादै ढिलो छ। दाता निकाय बीचको संयोजन तथा सरकारी निकायहरू बीचको संयोजन तथा सरकारी निकायहरू बीचको संयोजन नभएकाले वैदेशिक सहयाताबाट सञ्चालित आयोजनाहरूबाट प्रतिफल तथा आर्जन प्रभावकारिता नदेखिएको गुनासो आइरहेको छ। विदेशी सहयोगमा पारदर्शिता र जवाफदेहिपनाको अभाव रहेको गुनासो आइरहेको छ। कतिपय वैदेशिक सहयोग अनुत्पादक क्षेत्रमा पनि आएको छ। दातृ निकायले जे भन्छन् र जे जस्तो शर्त र प्रतिबद्धता राख्दछन् सरकाले त्यसलाई नै सिरोधाकार्य गर्नुपर्ने अवस्थाको सृजना भएको छ। वैदेशिक सहयोगको दुरूपयोगको गुनासाहरू पनि देखिसकेका छन्।

नेपाली पक्षका आफ्ना प्राथमिकता र दातृपक्षका प्राथमिकताहरूका बीचमा तालमेल हुन नसक्दा पनि वैदेशिक सहयोग कमजोर हुन पुगेको छ। निरन्तर अनुगमन मूल्याङ्कन विश्लेषण गरी आफ्नो क्षमता सामर्थ्यतालाई अध्ययन गरेर मात्रै सहयोग भित्र्याउनु पर्नेमा त्यो हुन सकिरहेको छैन। सरकारले नीति तथा कार्यक्रम कार्यान्वयनमा सुधार ल्याउनु सकिरहेको छैन भने निजी क्षेत्र, गैहसरकारी क्षेत्र र नागरिक समाजले गर्ने वैदेशिक सहयोगलाई एकीकृत ढङ्गले परिचालन गर्ने रणनीति अवलम्बन गर्न सकिरहेका छैनन्।

वैदेशिक सहयोग प्रभावपूर्ण हुन नसक्नुका कारणहरू

आर्थिक स्रोत र साधनको परिचालन राज्यको क्षमता, दक्षता र प्रभावकारितातमा निर्भर गर्दछ। शासन सञ्चालनमा संलग्न निकायहरू, व्यवस्थापनकहरू नेतृत्व तहमा बस्नेहरूको दुरदृष्टि लामो सकारात्मक सोच र दृढ प्रतिबद्धताबाट मात्रै नतिजामुखी प्रतिफल र समन्वयात्मक ढङ्गले सहयोगको परिचालन हुन सक्दछ। तर हामीले यो प्रशासनिक र राजनैतिक वातावरणको निर्माण गर्न सकेका छैनौँ।

- वैदेशिक सहयोग के कस्ता क्षेत्रमा स्वीकार्ने, नेपालका प्राथमिकताहरू केके हुन् ? कस्तो वैदेशिक सहयोग नेपालले धान्न सक्दछ, वैदेशिक सहयोगको औचित्य के

हुने ? वैदेशिक सहयोगको नतिजा प्रक्षेपण कसरी गर्ने ? प्रभाव विश्लेषण केमा कसरी गर्ने र यसको चुक्ता कसरी गर्ने भन्ने एउटा दीर्घकालीन सोच वैदेशिक सहयोग नीति आजसम्म पनि स्पष्ट हुन सकेको छैन।

- वैदेशिक सहयोग नीति बने पनि त्यो नीतिले स्पष्ट प्रारूप विशेष गी financing investment र resource distribution का सवालमा बन्न सकेको छैन।
- नेपालको अल्पविकसित अवस्था आफ्नै प्रकारको भौगोलिक अवस्थिति, व्यापक गरिबी, राजनैतिक अस्थिरता प्रशासनमा व्यवसायिकताको अभाव जस्ता कुराहरूले पनि सहयोगको उपयोगमा कठिनाइहरू सृजना गराएका छन्।
- मुलुकमा विगतमा चलेको द्वन्द्व, आयोजनाहरूमा देखिने विवाद, सामाजिक परिचालन र व्यापक जनचासोको अभाव जस्ता कुराहरूले पनि वैदेशिक सहायताको प्रभावकारितामा कमी देखाएको छ। प्राथमिकताका आधारमा key result area हरूको पहिचान गरी concentrated area र subject मा वैदेशिक सहयोगको प्रवाह हुन नसक्दा पनि उपयोगमा कमजोरी देखिएको छ।



New Hira Books Enterprises
Kirtipur, Kathmandu
P.O. Box: 2680, Phone: 4330653, 4333920

Rs. 160/-